# बज्रयान नेपाल



डा. नरेश मान बज्राचार्य

# बज्रयान नेपाल

## (नेपाल मण्डलको बज्रयान बौद्ध धर्म र संस्कृति)

लेखक

डा. नरेश मान बज्राचार्य

*प्रकाशक*

**त्रिरत्न प्रकाशन**

काठमाडौं

२०६९ बैशाख

# प्रकाशकीय

नेपालमण्डलको प्राचीन बौद्ध धर्म-संस्कृति भनेको बज्रयान हो जुन विश्व बौद्ध जगत्का लागि नै महत्वपूर्ण बज्रयानको उद्गम स्थल प्राचीन भारतमा बौद्ध धर्मका कुनै पनि निकाय बाँकी रहेन, समूल विकास भए, तर बज्रयानको परम्पराले भने नेपालमण्डलमा निरन्तरता पाए । त्यसैले नेपालमण्डलको बौद्ध धर्म नेपालको लागि मात्रै होइन विश्व बौद्ध जगतका लागि नै महत्वपूर्ण हो ।

नेपालमण्डलको बौद्ध धर्म-संस्कृति सम्बन्धी थोरै मात्रै स्वदेशी तथा विदेशी विद्वान्हरूले अनुसन्धानका विषय बनाएको पाइन्छ । कतिले त आलोचनाको विषय मानेका छन् । यसो हुनुको कारण नेपालको बौद्ध धर्म-संस्कृतिसम्बन्धी पूर्वाग्रहरहित भएर अनुसन्धान गर्न नसक्नु, पर्याप्त स्रोत नपाउनु र आधाकारिक स्रोत व्यक्तिलाई फेला पार्न नसक्नु पनि हो भने उक्त संस्कृतिलाई सीमित व्यक्ति-समाजमा मात्रै बाँधिराख्नाले पनि हो ।

वर्तमान समयमा नेपाल बौद्ध धर्म-संस्कृतिसम्बन्धी चासो, जिज्ञासा, अध्ययन, अनुसन्धान कार्य पहिलेको अपेक्षा अली बढी हुन थालेको छ । विशेष गरेर, त्रिरत्न-कोष र त्रिरत्न प्रकाशनले नेपालको बौद्ध धर्म-संस्कृतिको संरक्षण, सम्वर्द्धन, अध्ययन, अनुसन्धानका लागि झण्डै एक दशक अगाडिदेखि छात्रवृत्ति तथा विद्वतवृत्ति प्रदान गर्दै आएको र अनुसन्धानमूलक ग्रन्थ प्रकाशन गर्दै आएको सर्वविदितै छ । यसै क्रममा नेपालको बौद्ध धर्म-संस्कृतिलाई समेटिएको ग्रन्थ "वज्रयान नेपाल" नामक यस ग्रन्थ त्रिरत्न प्रकाशनवाट प्रकाशन गरी यहाँहरूसमक्ष राख्न पाउँदा हामी अति हर्षित छौं ।

नेपालको बौद्ध धर्म-संस्कृतिको ठूलो रत्नकेतु महाविहार (झ्वाबहाल)मा जन्मनु भएका, गुरुकुलवाट शिक्षित-दीक्षित हुनुभएका प्राज्ञिकस्तर मै पनि बौद्ध अध्ययन विषय उच्च शिक्षा हासिल गरी नेपालमा बौद्ध अध्ययनको विषयको संस्थापक हुनु भएका वज्रयान बौद्ध अभ्यासरत, परम्परागतदेखि प्राज्ञिक रूपमा हजारौं शिष्यहरूलाई पनि शिक्षित-दीक्षित पार्दै आउनु भएका नेपालको बौद्ध धर्म-संस्कृति अर्थात् वज्रयानका श्रद्धेय धर्मगुरु एवं सह-प्राध्यापक डा. नरेशमान वज्राचार्यज्यूवाट प्रणीत यस ग्रन्थको आधिकारिकता र उपयोगितावारे उल्लेख गर्नु नपर्ला । उहाँले यस ग्रन्थ प्रकाशनार्थ त्रिरत्न प्रकाशनलाई प्रदान गर्नु भएकोमा त्रिरत्न प्रकाशन कृतज्ञता ज्ञापन गर्दछु । निकट भविष्यमा अन्य प्रकाशनका लागि पनि अपेक्षा गर्दै उहाँको सुस्वास्थ्य र जीवन सार्थकतालाई कामना गर्दछु ।

सचिव
**धर्मसुन्दर बज्राचार्य**
त्रिरत्न प्रकाशन

# विषय सूची


अध्याय

**एक नेपालमा बज्रयान १ - २८**

१.१ नेपालमण्डल उत्पत्ति र बौद्धधर्म प्रवेशसम्बन्धी पौराणिक विश्वास १

१.२ प्राचीनकालमा वज्रयान ८

१.३ मल्लकालमा वज्रयान १२

१.३.१ श्री स्वयम्भू धर्मधातु वागीश्वर (स्वयम्भू महाचैत्य) को प्रख्याति १३

१.३.२ अत्यधिक संख्यामा बौद्ध विहारको निर्माण १४

१.३.३ विहारमा धार्मिक क्रियाकलापको निरन्तरता १५

१.३.४ नेपालमण्डल बौद्ध अध्ययन केन्द्रको रूपमा निरन्तरता १६

१.३.५ वज्राचार्य गुरुहरू र जजमानहरूको सम्बन्ध १८

१.३.६ चर्यागीतिको प्रचुर मात्रामा प्रयोग १८

१.३.७ वज्रयानी मूर्तिहरू र मन्दिरको स्थापना १९

१.४ नेपाल वज्रयानको एक अध्ययन केन्द्र २०

१.५ मल्लकालमा बौद्धधर्मको उन्नतिमा आएका विध्वंसात्मक घटनाहरू २४

१.५.१ महाभूकम्प २४

१.५.२ शंकराचार्यको नेपाल आगमन २५

१.५.३ शमसुद्दीनको आक्रमण २६

अध्याय

**दुई नेपालको बज्रयानमा नेपालमण्डल २९ - ३८**

२.१ पृथ्वी मण्डल २९

२.२ जम्बुद्वीप ३०

२.३ नेपाल मण्डल ३२

२.४ ललितपुर मण्डल ३७

२.५ भक्तपुर मण्डल ३७

२.६ मध्यपुर (थिमि) मण्डल ३८

आस्था र विश्वासको आधारमा भन्नु पर्दा अतीतका बुद्धहरूको समय अर्थात् प्राग् ऐतिहासिक समयदेखि, ऐतिहासिक रूपमा भन्नु पर्दा शाक्यमुनि बुद्धको समयदेखि नै बौद्ध धर्मको जग भएको नेपालमा छैटौं शताब्दिभन्दा अगाडि लिच्छविकालदेखि वर्तमानसम्म अनवरत रूपले विद्यमान एकमात्र बौद्ध सम्प्रदाय "बज्रयान" हो । नेपालमा वज्रयानको इतिहास पुरानो छ । नेपालमा वज्रयानले जन्माएका बौद्ध संस्कृति अर्थात् कला-वास्तुकला, चाड-पर्व, जीवन पद्धति, बौद्ध अभ्यास, आदिमा एक त वज्रयानकै "मूल रुप" (Originality) छ अर्को नेपालको मौलिकपन पनि छ । नेपालको वज्रयानी संस्कृतिमा न त उत्तरको तिब्बत, चीन आदिका प्रभाव छ न दक्षिणको श्रीलंका, म्यान्मार, थाइलाण्ड आदिका प्रभाव छन् । त्यसर्थ नेपालको वज्रयान धर्म तथा संस्कृति नै नेपालको बौद्धधर्म (Buddhism of Nepal or Nepalese Buddhism) हो ।

विदेशी विद्वानहरू नेपालको बौद्ध धर्मलाई "नेवार बौद्धधर्म" (Newar Buddhism) भन्न रुचाउँछन् । कोही कोही विदेशी विद्वानहरूले नेपालको बौद्ध धर्मलाई "इन्दिक् बुद्धिज्म" (Indic Buddhism) को निरन्तरता भन्न थालेका छन् । कोही स्वदेशी विद्वानहरूले नेपालको बौद्धधर्मलाई "नेपाल मण्डलको बौद्ध धर्म" भन्ने गरेका छन् ।

नेपालको बौद्ध धर्म नेवार समुदायमा सीमित भएका सन्दर्भमा "नेवार बौद्ध धर्म" भन्नु उपयुक्त छ । ऐतिहासिक रूपमा वज्रयानको उद्गमस्थल प्राचीन भारतको धान्यकटक पर्वत हुन् । नालन्दा तथा विक्रमशील महाविहारमा वज्रयान परम्परा अध्ययन र अध्यापनका विषय हुन्थ्यो । उही वज्रयान परम्परा भारतमा लोप भयो तर नेपालमा निरन्तरता पाए आजसम्म । त्यसर्थ केही विदेशी विद्वानहरूले नेपालको बौद्धधर्मलाई इन्डिक बुद्धिज्म भन्न थालेका हुन् । इन्डिक बुद्धिज्म भनेको इन्डियन बुद्धिज्म (भारतीय बौद्ध धर्म) भन्दा फरक रहेको देखाउन खोजेका छन् । इन्डिक बुद्धिज्मले वज्रयानको प्राचीन स्वरूप अर्थात् मूल रूपको निरन्तरतालाई जनाउँदछ भने इन्डियन बुद्धिज्मले भारतमा वर्तमान समयमा अभ्यासरत बौद्ध धर्मलाई जनाउँदछन् । यी कुराहरूको आधारमा नेपालको बौद्ध धर्मलाई "इन्डिक बुद्धिज्म" भन्नु केही हदसम्म सान्दर्भिक छ होला । नेपालको बौद्ध धर्म नेपालमण्डल (उपत्यका) बाट सुरु भएको वा सीमित रहेकोले "नेपालमण्डलको बौद्ध धर्म" भन्नु पनि मनासिव छ, त्यस्तै स्वदेशको मौलिकपन भएको बौद्ध धर्म-संस्कृतिको माध्यमबाट नेपालको परिचय दिनु पर्दा स्वदेशको प्रतिनिधित्व गर्न सक्ने भएकाले "नेपालको बौद्ध धर्म" भन्नु सान्दर्भिक हुन्छ ।

नेवार वा नेपालमण्डलको बौद्ध धर्म हजारौं वर्षको आफ्नै इतिहास भएकोले, नेपालको विशुद्ध मौलिकपन भएकोले दाँया बाँयाका देशहरूको बौद्ध संस्कृतिबाट अप्रभावित भएकाले, अन्तर्राष्ट्रिय धार्मिक तथा सांस्कृतिक जगत्मा नेपालको प्रतिनिधित्व गर्न सक्ने भएकाले तथा अन्य विभिन्न कारणले त्यसलाई "नेपालको बौद्धधर्म" भनि परिचित गराउनु देशकै गौरवको कुरा हो ।

नेपाल राष्ट्रकै परिचय बोधक नेपाल वज्रयान संस्कृति सम्बन्धी अध्ययन, अनुसन्धान, दस्तावेज निर्माण (Documentation), तथा पाठ्य सामग्रीको निकै कमी महसुस भैरहेको समयमा "वज्रयान नेपाल" (नेपाल मण्डलको वज्रयान बौद्ध धर्म र संस्कृति) नामक यस ग्रन्थ प्रस्तुत गर्न पाउँदा हर्षित भएको छु ।

नेवार बौद्धधर्म, नेपाल मण्डलको बौद्धधर्म, नेपालको बौद्धधर्म एक अर्काको पर्यायवाची शब्द भए तापनि यस ग्रन्थमा अन्यथा अर्थ नलागोस् भन्ने अर्थमा "नेपाल मण्डलको वज्रयान" शब्दलाई एकरूपता साथ प्रयोग गरिएको छ ।

प्रथम अध्यायमा नेपाल मण्डलमा बौद्धधर्मको प्रवेश सम्बन्धी पौराणिक आस्था एवं विश्वासदेखि वज्रयानको इतिहास तथा अवस्थालाई दर्शाउने प्रयास गरिएको छ ।

दोस्रो अध्यायमा नेपाल मण्डलको वज्रयानमा "नेपाल मण्डल" सम्बन्धी अवधारणालाई प्रस्तुत गरिएको छ ।

तेस्रो अध्यायमा नेपालमण्डलमा वज्रयानी विहार तथा संघ संरचनालाई चित्रण गरिएको छ ।

चौठौं अध्यायमा नेपालमण्डलमा प्रचलित वज्रयान अभिषेक तथा पञ्चबुद्ध संस्कृतिलाई उद्घाटन गरिएको छ ।

पाँचौं अध्यायमा नेपालमण्डलको बौद्ध समाजको चिनारी, बौद्ध जीवन पद्धति, मरणोपरान्त गरिने धार्मिक तथा संस्कार कृत्यहरू उल्लेख गरिएका छन् ।

छैटौं अध्यायमा नेपालमण्डलको बौद्ध समाजमा प्रचलित धार्मिक अभ्यासहरूको विवरण समावेश गरिएको छ ।

सातौं अध्यायमा नेपाल मण्डलको बौद्ध समाजले मनाउँदै आएका सम्पूर्ण चाड पर्वहरूको छोटो विवरण उल्लेख छ । जसअन्तर्गत विशुद्ध बौद्ध चाडपर्वदेखि बौद्धेत्तर चाडपर्वहरू पनि समावेश छन् ।

एक छोटो उपसंहारले समाप्त गरिएको यस ग्रन्थ नेपालको वज्रयानसम्बन्धी सूचिनामूलक दस्तावेज भएकाले अध्येता तथा भावि अनुसन्धान कर्ताहरूलाई मार्ग निर्देशन गर्न सफल हुने विश्वास छ ।

यस ग्रन्थलाई प्राविधिक रूपमा प्रकाशन गर्न योग्य पारिदिनु हुने श्री पुष्परत्न शाक्य, धर्मसुन्दर वज्राचार्य, मणिप शाक्य र श्री अमररत्न वज्राचार्यलाई धन्यवाद दिदछु । त्यस्तै प्रकाशनको अभिभार वहन गर्ने त्रिरत्न प्रकाशनलाई धन्यवाद दिदछु । अन्तमा शंकटा प्रिटिङ्ग परिवारलाई पनि धन्यवाद छ ।

– लेखक

प्रकाशन मिति : वि.सं.२०६९ बैशाख
ने.सं. ११३२
इ.सं. २०१२

प्रथम संस्करण : ५०० प्रति

© सर्वाधिकार लेखकमा सुरक्षित

प्रकाशक त्रिरत्न प्रकाशन
काठमाडौं, नेपाल

मूल्य रु.

मुद्रण संकटा प्रिन्टिङ्ग प्रेस
टेवहाल, काठमाडौं ।
फोन: ४२३१११५

# भूमिका

बौद्ध धर्ममा विभिन्न सम्प्रदायहरुको उद्‌भव भए । ती सम्प्रदायहरूको उद्‌भवलाई बौद्ध धर्मकै विकासका चरणहरू भनेर मानिन्छन् । बौद्ध धर्मको प्रचार-प्रसारको सिलसिलामा जहाँ-जहाँ बौद्ध धर्म प्रवेश गर्‍यो त्यहाँ त्यहाँ "देशअनुसारको भेष भने" झैं तद् तद् देशको भौगोलिक वातावरण र संस्कृतिको अनुकूल बौद्ध संस्कृतिको विकास भए ।

देश अनुकूलको बौद्ध संस्कृतिको कारणले प्रत्येक देशले आ-आफ्ना बौद्ध संस्कृतिलाई आ-आफ्ना देशको नामसंग जोड्दै आइरहेका छन् जसले गर्दा चीनको बौद्ध धर्म, जापानको बौद्ध धर्म, थाइल्याण्डको बौद्ध धर्म, श्रीलंकाको बौद्ध धर्म, म्यान्मारकोको बौद्ध धर्म आदि देखापर्‍यो । ती प्रत्येक देशको बौद्ध धर्म संस्कृतिमा आ-आफ्ना देशका मौलिकपनहरू छन् । प्रत्येक देशको बौद्ध संस्कृति नै ती देशहरुको परिचय बोधक तत्त्व भएको छ । वर्तमान समयमा आ-आफ्ना देशका बौद्ध संस्कृतिको प्रचार-प्रसारको युग नै चलिरहेका छन् ।

नेपालको सन्दर्भमा भन्नु पर्दा वर्तमान समयमा नेपालमा तीन प्रकारका बौद्ध धर्म र संस्कृतिहरु देख्न सकिन्छ ।

१. नेपाल हिमाली बौद्ध धर्म-संस्कृति

२. नेपाल थेरवाद बौद्ध धर्म-संस्कृति

३. नेपाल मण्डलको बौद्ध धर्म-संस्कृति

नेपालको हिमाली तथा पहाडि भूभागमा विद्यमान बौद्ध धर्म-संस्कृति तिब्बतको बौद्ध धर्मबाट प्रभावित छ । धर्म अध्ययन तथा अभ्यासमा तिब्बति भाषा, लिपि र बौद्ध ग्रन्थको प्रयोग हुन्छ । गुम्बा आदिको भौतिक संरचनादेखि साँघिक संरचनामा पनि तिब्बति परम्पराको प्रभाव छ । ती हिमाली तथा पहाडि भूभागहरू, राजनैतिक दृष्टिकोणमा नेपालको मानचित्र भित्र पर्दछन् तापनि धर्म र संस्कृतिको दृष्टिकोणमा तिब्बति बौद्ध धर्म र संस्कृतिअन्तर्गत पर्दछ । नेपालमा हिमाली बौद्ध धर्म संस्कृतिको इतिहास हजार वर्षभन्दा पनि पुरानो छ । यो संस्कृतिले थुप्रै नेपाली मौलिकताहरु पनि जन्माइसकेका छन् होला त्यसको अध्ययन-अनुसन्धान गर्न जरुरी छ ।

काठमाडौं उपत्यकामा अत्यधिक र अन्यत्र धेरै-थोरै थेरवाद बौद्ध धर्म संस्कृति देख्न पाइन्छ । पहेंलो चीवर लगाएका भिक्षुहरु र अनागारिकाहरू थेरवादि परम्परका हुन् । वर्तमान नेपालमा भएका थेरवादिमध्ये कोही श्रीलंकाको, कोही म्यानमारको, कोही थाइल्याण्डको थेरवादि बौद्ध परम्पराबाट प्रभावित छन् । वर्तमान नेपालमा थेरवाद बौद्ध धर्म प्रवेशको इतिहासले एक शताब्दी पार गर्न लागेको छ । यो सुखद कुरा हो ।

| अध्याय | | |
|---|---|---|
| तीन | वर्तमान नेपालमण्डलका वज्रयानी विहार र संघ संरचना | ३९ - ६३ |
| ३.१ | कान्तिपुरका वज्रयानी विहार र संघ संरचना | ४० |
| ३.१.१ | अठ्ठार महाविहार र अठ्ठार महाविहार वज्राचार्य संघ तथा शाक्यभिक्षु संघ | ४० |
| ३.१.२ | दश महाविहार र शाक्यभिक्षु संघ | ४४ |
| ३.१.३ | सोह्र महाविहार र शाक्यभिक्षु संघ | ४५ |
| ३.२ | ललितपुरका वज्रयानी विहार र संघ संरचना | ४७ |
| ३.२.१ | पन्ध्रवटा वहाः विहार (मू वहाः) र वज्राचार्य संघ तथा शाक्य भिक्षु संघ | ४७ |
| ३.२.१.१ | वज्राचार्य संघ मात्र रहेका मूख्य विहारहरू | ४८ |
| ३.२.१.२ | वज्राचार्य र शाक्यहरूको संयुक्त संघ रहेका विहारहरू | ४८ |
| ३.२.१.३ | शाक्यसंघ मात्र रहेका विहारहरू | ४९ |
| ३.२.२ | पन्ध्रवटा विहार (वही) र वज्राचार्य संघ तथा शाक्यभिक्षु संघ | ५१ |
| ३.२.३ | पाँच विहार (कचा वहाः) र शाक्यभिक्षु संघ र वज्राचार्य संघ | ५३ |
| ३.२.४ | अन्य तीन विहार र चैलकभिक्षु संघ | ५३ |
| ३.२.५ | शाखा विहार (कचा वहाः र कचा वही) | ५४ |
| ३.३ | भक्तपुरका वज्रयानी महाविहार र संघ संरचना | ५४ |
| ३.३.१ | एघार वटा महाविहार (वाहाः) र वज्राचार्य संघ तथा शाक्यभिक्षु संघ | ५५ |
| ३.३.१.१ | वज्राचार्य संघ र वुद्धाचार्यहरू पनि सम्मिलित संघ भएको महाविहार (वाहाः) | ५५ |
| ३.३.१.२ | वज्राचार्य संघ मात्र भएको महाविहारहरू (वाहाःहरू) | ५५ |
| ३.३.१.३ | शाक्य संघ मात्र भएको महाविहारहरू (मूवाहाःहरू) | ५५ |
| ३.३.१.४ | वज्राचार्य संघ र वुद्धाचार्यहरू सम्मिलित संघ भएको प्रशन्नशील महाविहार | ५६ |
| ३.३.१.५ | वज्राचार्य संघ मात्र भएको महाविहारहरू (मूवाहाःहरू) | ५७ |

३.३.१.६ शाक्य संघ मात्र भएको महाविहारहरू (मूबाहा:हरू) ५८
३.३.२ छ वटा महाविहार (वही) र वज्राचार्य संघ तथा शाक्यभिक्षु संघ ५९
३.४ मध्यपुरका वज्रयानी महाविहार र संघ संरचना ५९

अध्याय

**चार नेपालमण्डलमा प्रचलित वज्रयान अभिषेकहरू ६४ - ७०**

४.१ आचालुयेगु र अन्य प्रमुख अभिषेकहरू ६४
४.२ अभिषेक प्रदानका प्रचलित विभिन्न प्रक्रियाहरू ६६
४.३ नेपाल मण्डलमा प्रचलित वज्रयान अभिषेक तथा पंचवुद्ध संस्कृति ६७
४.४ नेपालमण्डलका वज्रयानी समाजमा पञ्चवुद्ध एवं संस्कृति ६८
४.५ नेपाल मण्डलको वज्रयानी समाजमा पञ्चवुद्धको उपयोग ६९

अध्याय

**पाँच नेपालमण्डलको बौद्ध समाज तथा बौद्ध जीवन पद्धति ७१ - ८७**

५.१ नेपालमण्डलका वज्रयानी बौद्ध समाज ७१
५.२ नेपालमण्डलको वज्रयानी समाजको जीवनपद्धति ७३
५.२.१ गर्भाधान देखि मृत्युपूर्व सम्मका चरणहरू ७४
५.२.२.१ दशकर्म : गर्भाधान देखि पाणिग्रहणकर्म ७४
५.२.१.२ वृद्धोपनयनकर्म : भीम, देव तथा महारथारोहण कर्म ७७
५.२.२ मृत्यु देखि मृत्यु उपरान्तका चरणहरू ७९
५.२.२.१ कान्तिपुरका वज्रयानी समाजमा प्रचलित मृत्यु र मृत्युउपरान्त संस्कारगत पूजाहरू ८०
५.२.२.२ ललितपुरका वज्रयानी समाजमा प्रचलित मृत्यु र मृत्यु उपरान्त गरिने संस्कारगत पूजाहरू ८३
५.२.२.३ भक्तपुरका वज्रयानी समाजमा प्रचलित मृत्यु र मृत्युउपरान्त संस्कारगत पूजाहरू ८४
५.२.२.४ मध्यपुरका वज्रयानी समाजमा प्रचलित मृत्यु र मृत्यु उपरान्त संस्कारगत पूजाहरू ८६

अध्याय

## छ नेपालमण्डलको बज्रयानी समाजमा बौद्ध अभ्यास ८८ – ११०


| | | |
|---|---|---|
| ६.१ | न्हिकं | ८८ |
| | ६.१.१ सामान्य न्हिकं | ८९ |
| | ६.१.२ न्यास सहित न्हिकं | ८९ |
| | ६.१.३ गुरुमण्डलार्चन सहित न्हिक | ८९ |
| | ६.१.४ समाधि सहित न्हिकं | ९० |
| | ६.१.५ सिथार सहित न्हिकं | ९० |
| | ६.१.६ समाधि–योग सहित न्हिकं | ९१ |
| ६.२ | पूजा | ९१ |
| | ६.२.१ संस्कारसंग सम्बन्धित पूजा | ९२ |
| | ६.२.२ संस्कारसंग असम्बन्धित पूजा वा अन्य पूजा | ९२ |
| | ६.२.२.१ नित्यपूजा | ९२ |
| | ६.२.२.२ रक्षा वा शान्ति पूजा | ९२ |
| | ६.२.२.३ भाकलपूजा | ९३ |
| | ६.२.२.४ स्थापत्यपूजा | ९४ |
| | ६.२.२.५ जीर्णोद्धारपूजा | ९५ |
| | ६.२.२.६ वर्षवन्धन पूजा | ९६ |
| | ६.२.२.७ चाड पर्वपूजा | ९६ |
| | ६.२.२.८ धर्म पूजा | ९६ |
| | ६.२.२.८.१ प्रचलित वाह्यपूजाहरू | ९७ |
| | ६.२.२.८.१ अभ्यन्तरपूजा | १०१ |
| ६.३ | पाठ | १०२ |
| ६.४ | व्रत | १०३ |
| ६.५ | दान | १०५ |
| | ६.५.१ समान्यदान | १०५ |
| | ६.५.२ पञ्जरा 'पञ्चदान | १०५ |
| | ६.५.३ नरा पञ्जरा | १०६ |
| | ६.५.४ सम्यक् | १०६ |
| ६.६ | मिवा सेवा | १०७ |
| | ६.६.१ द्वादश तीर्थसिवा | १०७ |
| | ६.६.२ अप्टवैनराग तीर्थमिवा | १०८ |
| | ६.६.३ गफामिवा | १०८ |

६.६.४ पीठांमवा १०८
६.६.५ पर्वनागेहण १०८
६.७ धर्म श्रवण १०९

अध्याय

सात नेपालमण्डलको वज्रयानी समाजमा चाडपर्वहरु तथा अन्य क्रियाकलाप १११ - १२८

७.१ वैशाख महिना ११२
७.१.१ खाइं सन्हू ११२
७.१.२ बुंगद्यो न्हवं ११२
७.१.३ मांयागु ख्वा: स्वयेगु (आमाको मुख हेर्ने) ११३
७.१.४ अक्षय तृतीया ११३
७.१.५ स्वायाँपुन्हि ११३
७.२ जेष्ठ महिना ११४
७.२.१ थिमि करुणामय न्हवं ११४
७.२.२ सिथि नख ११४
७.३ असार महिना ११५
७.३.१ वर्षा दिशि ११५
७.३.२ गुरु पुन्हि ११५
७.४ श्रावण महिना ११५
७.४.१ गथां मुग चह्रे (घण्टाकर्ण) ११५
७.४.२ गुँला ११६
७.४.३ नागपञ्चमी ११६
७.४.४ यल पञ्चदान ११७
७.४.५ वहीद्यो व्वयगु ११७
७.४.६ बहिद्यो स्ववनेगु ११७
७.५ भाद्र महिना ११७
७.५.१ मत:या ११७
७.५.२ पञ्चदान ११८
७.५.३ बाबुको मुख हेर्ने ११९
७.५.४ गुँला धर्म क्वचाइगु ११९
७.५.५ चथा: ११९
७.५.६ उपाकु उवनेगु १२०
७.५.७ क्वने कुमारी मालिगु, डांगि वांनगु १२०

७.६ आश्विन महिना १२०

७.६.१ सोह्र श्राद्ध प्रारम्भ १२०

७.६.२ गातीला ब्रत दनेगु (वसुन्धरा व्रत) १२१

७.६.३ मोहनि (दशैं)नःख १२१

७.६.४ कतिपून्हि १२२

७.७ कार्तिक महिना १२२

७.७.१ स्वन्ति नखः १२२

७.७.२ मुखः अष्टमी १२३

७.७.३ सकिमिला पुन्हि १२३

७.८ मार्ग महिना १२४

७.८.१ योमरीपुन्हि १२४

७.९ पौष महिना १२४

७.९.१ दिशिपूजा १२४

७.९.२ जनवाद्यो न्हवं १२४

७.१० माघ महिना १२४

७.१०.१ घ्यो चाकु सन्हु १२४

७.१०.२ श्रीपञ्चमी १२५

७.१०.३ ख्वप दे आचार्य गुथि १२५

७.११ फागुन महिना १२६

७.११.१ कान्तिपुरको दथुर्प्वीं आचार्य गुथि १२६

७.१२ चैत्र महिना १२६

७.१२.१ नाला करुमामय न्हवं/चकं द्यो जात्रा १२६

७.१२.२ द्विदिवसिये दे आचार्य गुथि १२६

७.१२.३ थिमि दे आचार्य गुथि १२७

७.१२.४ चोवाहा करुणामय न्ह्वं १२७

७.१२.५ ल्हुतिपून्हि १२८

७.१३ दशमी, चह्रे, औंशी, पून्हि पूजा वा आगं पूजा (आगम पूजा) १२८

**उपसंहार** **१२९ - १३०**

**सन्दर्भ ग्रन्थहरू** **१३१ - १३२**

## अध्याय एक

# नेपालमा वज्रयान

### १.१ नेपालमण्डल उत्पत्ति र बौद्धधर्म प्रवेशसम्बन्धी पौराणिक विश्वास

नेपालमण्डल उत्पति र नेपालमण्डलमा बौद्धधर्म प्रवेशको श्रोत सम्वन्धमा एक स्थानीय बौद्ध विश्वास (Local Buddhist Belief) पाईन्छ । उक्त विश्वास सम्वन्धि जानकारी दिने एकमात्र पौराणिक ग्रन्थको नाम हो "स्वयम्भू पुराण" ।[1] स्वयम्भू पुराण नेवार बौद्ध समाजमा एक लोक प्रशिद्ध ग्रन्थ हो । स्थानीय वासिन्दाहरू स्वयम्भू पुराणलाई एक पवित्र बौद्धग्रन्थ (Buddhist Holy Text)को रूपमा पूजा गर्दछन् । स्वयम्भू पुराण ग्रन्थलाई आद्योपान्त वाचन गर्नु र सुन्नु सुनाउनु मात्र पनि धर्मको अभ्यास मान्दछन् । उनीहरू स्वयम्भू पुराणलाई एक आधिकारिक ग्रन्थको रूपमा मान्दछन् ।

स्वयम्भू पुराणमा वर्णन भए अनुसार नेपालमण्डलको नामकरण हुनु भन्दा पूर्व सुन्दर, मनोरम्य, गगनचुम्वि हिमाल र अग्ला पहाडहरूको काखमा हरियाली वृक्ष, लता–लहरा, फल र पुष्पहरूले सुशोभित एवं गुफा र झरणाहरूले युक्त डाँडाहरूका वीचमा एक ठूलो तलाउ थियो । उक्त तलाउ सातकोश लम्वाई र सातकोश चौडाईमा फैलिएको थियो । तलाउ अष्टगुणले युक्त जलले परिपूर्ण थियो । तलाउको गर्भमा रत्नका नीधि थिए । तलाउमा विभिन्न प्रकारका जलचर प्राणीहरू विचरण गर्दथे । विशेष गरेर नागहरूको वासस्थान भएकाले उक्त तलाउ नागवासदहको नामले प्रशिद्ध थियो ।

---

१ टिप्पणी : स्वयम्भू पुराणको पुरानो नाउँ स्वयम्भू भट्टारकोद्देश हो । वर्तमानमा उक्त ग्रन्थ स्वयम्भू पुराण नामले लोक प्रसिद्ध छ । सामान्य संस्कृत भाषामा लेखिएको स्वयम्भू पुराण विविध प्रकारको पाईन्छ । सानो-ठूलाको दृष्टिकोणले गद्यात्मक र पद्यात्मक दुवै किसिमको उपलब्ध छन् । गद्यात्मक शैलीको सवभन्दा सानो स्वयम्भू पुराण नै सवभन्दा पहिले लेखिएको र समय-समयमा महिमाहरू थप्दै जाँदा विभिन्न आकार प्रकारले सानो-ठूलो स्वयम्भू पुराणको रचना हुन्दै गएको हुन सक्ने अनुमान छ । अहिले सम्म उपलब्ध भएको स्वयम्भू पुराणका पाण्डुलिपि मध्ये सोह्रौं शताब्दीको सवभन्दा पुरानो प्रतिलिपि मानिन्छ ।
द्रष्टव्य: मीन वहादुर शाक्य, शान्तहर्ष वज्राचार्य (अनु.), स्वयम्भू पुराण, (ललितपुर: नागार्जुन बौद्ध अध्ययन संस्थान, नेसं ११२१), भूमिका ।

कर्कोटक नाउंको नागराजाले वास(राज्य) गर्दै आएको कारणले तलाउ कालिदह नामले पनि चिनिन्थ्यो ।

ऋषि मूनि तथा तपश्वीहरूका लागि उक्त नागवासदह एक पवित्र महान तीर्थस्थल थियो । अतीतका बुद्धहरूले अधिष्ठान गरिएको हुनाले नागवासदहको श्रीबृद्धि भएको थियो । वोधिसत्वहरूले जगतहित गर्ने मनोकामना सहित उक्त तलाउमा स्नान गरेमा बुद्धत्व समेत प्राप्त हुने दृढ विश्वास थियो ।

सत्ययुगको एक समयमा विपश्वि बुद्ध भिक्षुगणसहित वन्धुमति नगरवाट नागवास दहमा पाल्नु भयो । नागवासदहमा स्नान पश्चात् तलाउको वायुव्य कोणमा अवस्थित जामाचो पर्वत (नागार्जुन पर्वत) मा समाधिस्थ रहनु भयो । समाधिवाट उठ्नु भई नागवासदहमा कमलको वीउ फ्याक्नु भयो । तत्पश्चात् श्री विपश्वि बुद्धले भविष्यवाणी गर्नुभयो "यस नागवासदहमा सहश्रदलकमल उम्रिनेछ, कमलको माथि स्वयम्भू ज्योति उत्पन्न हुनेछ । ज्योतिको रश्मीले यस संसारमा उत्पात(संकट) नाश भई महामंगल हुनेछ।"

भविष्यवाणी भए झैं विपश्वी बुद्धको महापरिनिर्वाण पछि यस नागवासदहमा एक विशाल अलौकिक सहश्रदलकमल उम्रियो । कमल माथि पञ्चरश्मिले युक्त ज्योति स्वयं उत्पन्न भयो । स्वयंभू ज्योति (आफै उत्पन्न भएको ज्योति) ले चैत्याकार लियो । स्वयम्भू ज्योतिको प्रभावले यस धरतिमा विविध लौकिक तथा अलौकिक चमत्कार देखापरे ।

त्यसताका अरूणावति नगरमा शिखि बुद्धले भिक्षु र वोधिसत्वहरूलाई धर्मदेशना गर्दै हुनु हुन्थ्यो । स्वयम्भू ज्योतिवाट अरूणावति शहरपनि प्रभावित भयो । सो चमत्कारको विषयमा वहांका शिष्यहरूको जिज्ञासालाई लिएर शिखिबुद्धले यस नागवासदहमा सहश्रदलकमल माथि उत्पन्न भएको स्वयम्भू ज्योति को विषयमा सुनाउनु भयो । त्यो कुरा सुनेर शिष्यहरूले स्वयम्भू ज्योतिको दर्शन गर्ने अभिलाषा व्यक्त गरे । तदनुसार शिष्यहरू सहित शिखि बुद्धको नागवासदहमा आगमन भयो । स्वयम्भूज्योतिको दर्शन गरि नैऋत्यकोणमा अवस्थित डांडामा ध्यान गर्नु भयो । तत्पश्चात उक्त डांडा नै ध्यानगिरि नामले प्रशिद्ध भयो ।

त्रेतायुगको प्रथमचरणमा अनुपम नामक नगरमा विश्वभू बुद्धले शिष्यहरूलाई धर्मदेशना दिंदै रहनु भएको थियो । धर्मदेशना कै क्रममा विश्वभू बुद्धले नागवासदहमा स्वयम्भू ज्योतिको उत्पतिको विषयमा वताउनु भयो । सो कुरावाट प्रभावित भई शिष्यहरूले स्वयम्भू ज्योति दर्शन गर्ने इच्छा निवेदन गरे । त्यसपछि विश्वभू बुद्ध शिष्यगण सहित नागवासदहको तिरमा आई पुग्नुभयो । स्वयम्भू ज्योतिको दर्शन गरिसकेपछि आग्नेय कोणमा अवस्थित धकमक्क फुल फुलिरहेको डांडामाथि वस्नु भयो । त्यहांवाट स्वयम्भू

ज्योतिलाई फुल चढाउनु भयो । त्यसैले उसबेलादेखि सो डाँडा फुल्लचो (फुलचोकी) नामले प्रसिद्ध भए ।

महामञ्जुश्रीको निर्माणकार्य (अवतार) मञ्जुदेवाचार्य महाचीनको पञ्चशीर्ष पर्वतमा विराजित हुनु हुन्थ्यो । उहाँले पनि नागवासदहमा स्वयम्भू ज्योतिको विषयमा थाहा पाउनु भयो । आफ्नो पत्नीद्वय केशनी र उपकेशनी, महाचीन देशका तत्कालीन राजकुमार धर्माकरका र केहि जनता सहित मञ्जुदेवाचार्य स्वयम्भू ज्योतिको दर्शनार्थ नागवासदहको इशानकोणमा अवस्थित एक पर्वत (शिवपुरी)मा आईपुग्नु भयो । सबैले त्यस पर्वतबाटै स्वयम्भू ज्योतिको दर्शन गरे । त्यसपछि मञ्जुदेवाचार्यले त्यहाँबाट चारैतिरका दृश्यहरू अवलोकन गर्नु भई सो नागवासदहको पानी सुकाउन सकेमा यस स्थान मानव वस्तीका लागि अति उपयोगी हुने सोचेर होला मञ्जुदेवाचार्यले दायाँ हातमा चन्द्रहास खड्ग र बायाँ हातमा प्रज्ञा पुस्तक समाति नागवासदहको पानी बाहिर पठाउने निकास खोज्न भनी एक्लै हिंड्न थाल्नु भयो । त्यसबेला वहाँको दुवै पत्नी पनि आफ्नो श्रीमान्‌को पछि पछि लागिन् । फुल्लचो डाँडामा आईपुगे, जेठी पत्नी केशनीलाई थकाई लाग्यो । विश्राम गर्न लागेकी पत्नीलाई त्यहिं छोडेर मञ्जुदेवाचार्य कान्छी पत्नी उपकेशनीलाई मात्रै लिएर अगाडि बढ्नु भयो । ध्यानच्व डाँडामा आईपुग्नु भयो । त्यहाँपुग्दा पत्नी उपकेशनीलाई पनि थकाई लाग्यो र सोहि पर्वतमा बसिन् । त्यसपछि मञ्जुदेवाचार्य एक्लै दक्षिण तर्फ हिंड्दै जाँदा आखिरमा सबभन्दा होचो काँपोतल डाँडा (दक्षिणकालीको पछाडिको डाँडा) फेला पार्नु भयो । सो डाँडा काटेर पानी बाहिर पठाउन सबभन्दा उपयुक्त हुने देखेर वहाँले आफ्नो खड्गले उक्त काँपोतल डाँडा काट्नु भयो । नागवासदहको पानी त्यहाँबाट बाहिर बग्न थाल्यो । पानी संग संगै जलचर प्राणीहरूपनि बाहिर जान लागे । नागहरू पनि सोहि पानीको धारसंगै पछि पछि लाग्न थालेको देखेपछि मञ्जुदेवाचार्यले नागहरूलाई वास बसाउन आफ्नो खड्गले एउटा पोखरी बनाउनु भएपछि नागहरू त्यहिं वास बस्न थाले । उक्त पोखरी "त:दह" (ठूलो पोखरी) नामले प्रसिद्ध छ ।

नागवासदहको पानी बाहिर पठाउनु भए तापनि विभिन्न ठाउं ठाउंमा रहेको साना साना ढिस्कोले पानी छेकिएर सबै पानी बग्न पाएका थिएनन् । त्यसैले मञ्जुदेवाचार्यले पुन: कच्छोद्र डाँडा (कछुवाकारको डाँडा चोभार डाँडा), सूर्यधार (गुह्येश्वरी जाने पुलको दायाँतिर) र गोकर्ण (गाईको कान आकारको) डाँडापनि काट्नु भयो । त्यसपछि मात्रै सबै पानी बगे र पानी सुके । यसरी पानी सुकेपछि "गोश्रृंग पर्वत" (गाईको सिंग आकारको) डाँडाको रूपमा रहेको (स्वयम्भू डाँडा) देखापरे । पानीको अभावमा स्वयम्भू ज्योति

सहितको कमलको फुल ढलेर गोश्रृंग पर्वतमाथि परे । सो गोश्रृंग पर्वत नै वर्तमान समयमा स्वयम्भू डांडाको नामले परिचित छ ।

त्यसपछि मञ्जुदेवाचार्यले उक्त कमलको मूल (जरा) खोज्न थाल्नुभयो, फेला पनि परे । त्यसबेला सम्ममा पनि उक्त जराबाट मूल फूटेर पानी उम्री रहेको वहाले देख्नु भयो । यसरी नै पानी उम्रीने क्रम जारी रहेमा पुन: पानी जमेर वस्तीयोग्य भईसकेको जमीन फेरी दहको रूपमै परिणत हुने देखेर उक्त पानीको मूललाइ रोक्नको लागि "जलस्तम्भन योग"मा वस्नुभयो । योगमा वस्दा मूलवाट पानीका छिट्का निस्केर (छरेर) त्यसैवाट श्री नैरात्मादेवी लगायत आदि वीर–वीरेश्वरी (देव– देवी) हरूको दर्शन प्राप्त भयो । यसरी वहाले श्री नैरात्मादेवीको दर्शन प्राप्त गर्नु भएको दिन मार्गशीर्ष (कृष्ण) नवमि तिथिको दिन थियो भनेर मानिन्छ । भोलिपल्ट दशमिका दिन विशेष पूजा गर्नुभयो । त्यसपछि मञ्जुदेवाचार्य पुन: आफ्नो पत्नीद्वय केशनी र उपकेशनी सहित गोपुच्छाग्र पर्वत अर्थात् स्वयम्भू डांडाको पश्चिम भागमा रहेको डांडामा विराजमान हुनु भयो ।

उपरोक्त कमलको जरा रहेको ठाउं, पानीको मूल फूटेर पानी उम्रीरहेको र नैरात्मादेवी प्रत्यक्ष भएको ठाउं वर्तमानमा गुह्येश्वरी देवीको नामले प्रशिद्ध छ ।

नागवासदहको पानी सुकेर पूर्णरूपमा उपत्यकामा परिणत भई मानव वस्ती योग्य उर्वराभूमि भईसकेको थियो । त्यसैले मञ्जुदेवाचार्यसंगै आएका महाचीनका जनताहरू त्यहिं घरजम र खेतीपाती गरि वसोवास गर्न थाले । मञ्जुदेवाचार्यवाट निर्माण भएको उपत्यका (देश) भएकोले मञ्जुपट्टन नामाकरण गरियो । साथै वहांसंगै आएका महाचीनका राजकुमार धर्माकरलाई मञ्जुपट्टन देशको राज्याभिषेक दिईयो । यसरी मञ्जुदेवाचार्यवाट मञ्जुपट्टन देश निर्माण भयो । महाचीनका राजकुमार यस मञ्जुपट्टन देशका प्रथम राजा वने भने महाचीन कै जनताहरू यहांका मूल आदिवासी भए ।

क्रकुच्छन्द बुद्ध भिक्षुसंघ एवं उपासक उपासिका सहित क्षमावती नगरवाट विभिन्न देशमा धर्मोपदेश दिदै मञ्जुपट्टन आईपुग्नु भयो । गोश्रृंग पर्वतमा विराजित स्वयम्भू ज्योति दर्शन गर्नुभयो । त्यसपछि क्रकुच्छन्द बुद्ध अन्य चार वर्णका लोकजन सहित शंखोदक पर्वतमा पुग्नु भयो । क्रकुच्छन्द बुद्धले यस स्वयम्भू ज्योति विराजित मञ्जुपट्टनको महत्वलाइ दर्शाउदै यस पुण्यभूमिमा प्रव्रज्या (भिक्षुत्व) ग्रहण गरेमा सम्यकसम्बुद्धत्व लाभ हुने कुरा पनि वताउनु भयो । त्यस कुरावाट प्रभावित भई गुणध्वज नामक ब्राह्मण सहित चारसय ब्राह्मणहरू, अभयानन्द नामक क्षत्री सहित तीनसय क्षत्रीहरू र धेरै वैश्य तथा शूद्रहरूले क्रकुच्छन्द बुद्ध समक्ष भिक्षु वन्ने इच्छा प्रकट गरि

प्रव्रज्या प्रदानका लागि अनुरोध गरे । ककुच्छन्द बुद्ध स्वयंले ती सबैको कपाल काटि भिक्षु बनाई दिनु भयो । प्रव्राजित भएका ती भिक्षुहरूलाई स्नान गराउनका लागि त्यस पर्वतमा पानीको अभाव देखेर ककुच्छन्द बुद्धले "स्नानवाक्य" उच्चारण गर्नु हुना साथ पर्वतबाट पानीको मूल फुटि पानी निस्कन थाल्यो । ककुच्छन्द बुद्धको वाक(बोलि) बाट पानीको मूल फुटेको हुनाले सो मूल वाक्‌मति(वागमति) नामले प्रख्यात भए । ती प्रव्राजित भएका भिक्षुहरूको काटिएको कपालहरूको तीन भागमध्ये एकभाग आकाशमा उडाएर लगे । अर्को एक भाग सोहि पर्वतमा सिद्ध(विलुप्त) भए । त्यसरी कपाल सिद्ध भएको पर्वत भएको सो पर्वतलाई सिद्धपूचो भनि भन्न थालियो । उत्त पर्वत वर्तमानमा शिवपुरि डांडाको नामले प्रचलित छ । अन्तिम एकभाग कपाल भिक्षुहरूले बोकि पानीमा बगाउन पानी खोज्दै हिंडे । कतै पानी नभेटेपछि ककुच्छन्द बुद्धले पुनः आफ्नो वीर्य पराक्रमले पर्वत फुटालि पानी निकाल्नु भयो । उक्त पानीमा भिक्षुहरूले कपाल बगाए । ककुच्छन्द बुद्धको वीर्य पराक्रमले निर्माण भएको पानीको सो मूल वीर्यमती नामले प्रशिद्ध भए भने उहि पानीमा कपाल बगाएका हुनाले सो मूल केशावतीको नामले पनि प्रसिद्ध भए ।

ककुच्छन्द बुद्धले सबै भिक्षुहरूलाई सप्तत्रिंशत बोधिपाक्षिक धर्मको विषयमा धर्मोपदेश पनि दिनु भयो । त्यस समय सम्ममा मञ्जुपट्टनमा वाग्मती र वीर्यमती सहित "द्वादशतीर्थ" (बाह्रवटा तीर्थ ) र अष्टवैतराग तीर्थको निर्माण एवं व्यवस्था भैसकेको थियो । भिक्षुहरूलाई ती द्वादशतीर्थ र अष्टवैतराग तीर्थमा भ्रमण गराई सकेपछि धेरै भिक्षुहरूलाई मञ्जुपट्टनमै छोडेर ककुच्छन्द बुद्ध क्षमावती नगर फर्कनु भयो ।

कुनै समयमा कनकमूनि बुद्ध हुनुहुन्थ्यो । त्यसै समयमा वाराणसी सहरमा अवस्थित विक्रमशील महाविहारका महापण्डित धर्मश्रीमित्रले "नामसंगीति"को विषयमा व्याख्या गर्दै राखेका थिए । व्याख्या गर्ने क्रममा उक्त नामसंगीतिको "अ आ इ ई उ ऊ ए ऐ ओ औ अं अः" यति द्वादशाक्षर (बाह्रखरी अक्षर) को अर्थ एवं व्याख्या गर्न नसक्दा महाचीनको पञ्चशीर्ष पर्वतमा विराजमान हुनु भएका मञ्जुदेवाचार्यबाट सो सम्बन्धि ज्ञान हासिल गर्न धर्मश्रीमित्र वाराणसीबाट हिंडे । मञ्जुदेवाचार्यले यो कुरा थाहापाई धर्मश्रीमित्रलाई मञ्जुपट्टन मै दर्शन दिनुभयो । शिष्य धर्मश्रीमित्रको सदिच्छा अनुसार गुरु मञ्जु देवाचार्यले माघ शुक्ल पञ्चमीका दिन श्री धर्मधातुमण्डल निर्माण गरि विधिवत् श्री धर्मधातुमण्डलको अभिषेक(दीक्षा) दिनुभयो र द्वादशाक्षरको वाह्यार्थ र गुह्यार्थ पनि बताउनु भयो । त्यहि दिन देखि मञ्जुपट्टनको गोशृंग पर्वतमा कमलको फूल माथि अवस्थित "स्वयम्भू ज्योतिरूप" श्री धर्मधातु वागीश्वर नामले प्रशिद्ध भए ।

कनकमूनि बुद्धको निर्वाणपछि यस क्षेत्रमा काश्यप बुद्धको आगमन भयो। त्यसपछि एक समयमा गोपुच्छाग्र पर्वतमा मञ्जुदेवाचार्य र वहांको पत्नीद्वय केशनी र उपकेशनी समाधि–योगद्वारा आ–आफ्नो देहलाई प्रज्वलित गराई अन्तरध्यान (विलुप्त) हुनुभयो। यसरी वहांहरू अन्तरध्यान हुनु भएपछि वहांहरूका बाँकि रहेका अस्थिधातुलाई गर्भमा राखेर एक चैत्य निर्माण गरे। उक्त चैत्यलाई मञ्जुपट्टन चैत्य (मञ्जुश्री चैत्य) भनी पुजा गर्न थालियो।

केहि समय पछि गौड देशका धार्मिक राजा प्रचण्ड देव र महारानी शक्ति देवी आफ्नो राज्य त्यागी तीर्थयात्रा गर्दै मञ्जुपट्टन आइपुगे। श्री स्वयम्भूज्योति धर्मधातु वागीश्वरको दर्शन एवं पूजा गरे। त्यस समय सम्म पनि स्वयम्भूज्योति धर्मधातु वागीश्वरको दर्शन गर्न सकिने खुल्ला रूपमा थियो। कलियुगमा स्वयम्भूज्योति धर्मधातु वागीश्वरमा क्षति पुग्न सक्ने विचार गरि त्यसलाई सुरक्षित पार्ने हेतुले त्यसमाथि राजा प्रचण्ड देवले चैत्य निर्माण गर्ने मनसायले मञ्जुपट्टनका तत्कालीन बौद्ध आचार्य श्री गुणाकर वज्राचार्य समक्ष स्विकृति मागे। सो कार्य गर्नका लागि सर्वप्रथम भिक्षु बन्नु पर्ने, आचार्याभिषेक प्राप्त गर्नुपर्ने जस्ता धार्मिक प्रकृयागत कुरा गुणाकर वज्राचार्यले राजा प्रचण्डदेवलाई अवगत गराए। यो कुरा सुनि राजा प्रचण्डदेवले गुणाकर वज्राचार्य समक्ष भिक्षुत्व मागे। गुणाकर वज्राचार्यले पनि वहांको सदिच्छालाई स्वीकार गरेर सोहि गोपुच्छाग्र डांडामा एक चैत्य निर्माण गरे, उहि चैत्य समीपमा राजा प्रचण्डदेवलाई भिक्षु बनाए। भिक्षु बनिसकेपछि राजा प्रचण्डदेवलाई भिक्षु शान्तश्री नामाकरण गरियो। भिक्षु शान्तश्रीले अतिशीघ्र भिक्षुचर्यामा पूर्णता हासिल गरि गुरु श्री गुणाकर वज्राचार्यबाट वज्राचार्याभिषेक प्राप्त गरि श्री शान्तिकर वज्राचार्य (छोटकरीमा शान्तिकराचार्य) को नाम पाए। शान्तिकराचार्यले विभिन्न क्षेत्रमा पूर्वसेवा (त्रिसमाधि, योगाभ्यास साधना आदि) पूर्ण गरे। त्यसपछि स्वयम्भूज्योति धर्मधातुवागीश्वर माथि चैत्य निर्माण कार्यको शुभारम्भ गरे।

सर्वप्रथम स्वयम्भू ज्योति सहितको कमलको फुल वरिपरि जलपूर्ण पोखरी बनाइ कमलको फूललाई रत्नशीलाले छोपे। उक्त रत्नशीलामाथि सूत्रपाटन गरि पादस्थापन गरे। त्यसमाथि (घोप्टिएको) पात्राकार निर्माण गरे। त्यसमाथि "यष्ठि" उठाए। यष्ठिको तलतिर (तल्लो) चारै दिशामा "गल" अकनिष्ठ भूवन निर्माण गरि प्रत्येकमा नेत्रयुगल लेखाए। त्यसमाथि "हलंपौ" राखे। त्यसमाथि क्रमश ठूलो सानो गरि तेह्रवटा चक्रावलीहरू (त्रयोदशभूवन) थप्दै लगे। सबभन्दा माथि गजुर राखे। धर्मधातु चैत्य लक्षणले युक्तगरि निर्माण गरी उक्त चैत्यलाई छत्र र ध्वज आदिले सुशोभित गरे। अन्तमा शान्तिकर आचार्य स्वयंले अहोरात्र यज्ञ आदि दशकर्म गरि विधिवत् उक्त "धर्मधातु चैत्य" (स्वयम्भू धर्मधातु वागीस्वर चैत्य) प्रतिष्ठा गर्नुभयो।

त्यसपछि धर्मधातु वागीश्वर चैत्यको वरिपरि वसुपुर, वायुपुर, अग्निपुर र नागपुर निर्माण गरे । अन्तमा मत्ताईस कोठाले युक्त तीन तल्ले शान्तिपुर नामक गुफा वनाई त्यहाँ विभिन्न देवदेवीहरू स्थापना गरि "मख विवरण" नामक एक कोठामा शान्तिकराचार्य समाधियोगमा वस्नु भयो । अद्यापि उहाँ उक्त गुफामा समाधिस्थ हुनु हुन्छ भन्ने स्थानीय वौद्ध जनआस्था रहेको छ ।

कलियुगको प्रथम चरणमा जम्वुद्वीपमा शाक्यमुनि वुद्धको आगमन भयो । शाक्यमुनि वुद्ध श्रावस्ति नगरको जेतवन अनाथपिण्डकारामामा धर्मोपदेश दिदै रहनु भएको थियो । एकदिन स्वयम्भूज्योति धर्मधातु वागीश्वर चैत्यको दर्शनका लागि भिक्षुगण र वोधिसत्वहरू महित माँहि गोपुच्छ पर्वतमा पाल्नुभयो । त्यस गोपुच्छ पर्वतमा रत्नसिंहासनमा विराजमान हुनुभई चूण्डा नामक (सम्भवत: शुद्र जातिको) स्त्रीवाट पानी पिउनु भयो । फेरि माँहि चूण्डालाई भिक्षुणी पनि वनाउनु भयो । त्यसपछि उपरोक्त स्वयम्भू ज्योति उत्पति वृतान्त सवैलाई सुनाउनु भयो ।

उपरोक्त कुरा उपगुप्त भिक्षुले सम्राट अशोकलाई सुनाउनु भएको थियो । यो कुरा पनि वोधिमण्डपमा जयश्री भिक्षुले जिनश्रीराज वोधिमन्त्वलाई वताएका थिए भनेर स्वयम्भू पूराणमा उल्लेख गरिएको छ ।

निर्माणकाय (भौतिक काय) वुद्धलाई भन्दा धर्मकाय वुद्ध अर्थात् वुद्धत्वलाई वढि महत्व दिनु वज्रयानको विशेषता हो । वुद्धत्व शाश्वत छ भने निर्माणकाय वुद्धदेह अनित्य छ । त्यहि शाश्वत वुद्धत्वलाई नै "आदिवुद्ध" भनिन्छ । आदिवुद्ध अर्थात् वुद्धत्व स्वयम्भू (अर्थात् आफ्से आप उत्पन्न हुने) ज्ञान हो न की कसैवाट प्राप्त हुने हो । आदिवुद्धलाई "प्रभास्वर" अर्थात् अज्ञानरूपी अन्धकारलाई नाश गर्ने प्रकाशको रूपमा लिइन्छ । त्यसैले नागवासदहको स्वयम्भू ज्योतिलाई स्वयम्भू पूराणमा वुद्धत्व अर्थात् "आदिवुद्ध" को संज्ञाले अभिधान गरिएको वुझ्न सकिन्छ ।

स्वयम्भू पुराणमा आधारित नेपालको वज्रयानी जन विश्वास एव आस्था अनुसार एक वौद्ध व्यक्तित्व मञ्जुदेवाचार्य नेपालमण्डल देशको निर्माता हुन् । महाचीनका जनता नेपालमण्डलको आदिवासी हुन् भने महाचीनका राजकुमार धर्माकर नेपालमण्डलका प्रथम राजा थिए । शाक्यमुनि वुद्धको आगमन भन्दा पहिले देखि नै नेपालमण्डलमा वुद्धधर्म थियो । ककुच्छन्द वुद्ध स्वयले समय मै नेपालमण्डलमा भिक्षुहरू छाडेर गएका थिए । नैरात्मा देवी (श्री हेवज्र नैरात्मा देवी) नै नेपालमण्डलको प्रथम र सवभन्दा पुरानो प्राचीन वज्रयानी देवी थिइन । चैत्य निर्माण नेपालको प्राचीन वास्तुकला हो । नेपालको वौद्धधर्मको विभिन्न स्वरूप मध्ये चैत्यवादि निकाय एक प्राचीन स्वरूप हो । धर्मधातुमण्डल दीक्षा परंपरा नेपालको प्राचीन वज्रयानी परपरा थियो ।

वज्रयानका आचार्य वज्राचार्य नेपालको प्राचीन गुरु परंपरा हो । मञ्जुपट्टनको (नेपालण्डलको) निर्माता मञ्जुदेवाचार्य पछि गुणाकर आचार्य (वज्राचार्य) नेपालमण्डलको प्रथम गुरु भएकोले वहाँ आद्यबौद्धगुरु हुन् ।

## १.२ प्राचीनकालमा वज्रयान

नयाँ विषयले समाजमा प्रवेश पाउन धेरै समय लिन्छ, स्थायित्व तथा प्रशिद्धि पाउन अझ वढि समय लिन्छ भने त्यो वस्तु राजकीय अभिलेखमा स्थान पाउन झन समय लिन्छ । लिच्छविकालीन नेपालको राजा अंशुवर्माको (इ.सं.६०६–६२२)[२] शिलालेखमा "(व)ज्रयान" शव्द र "(स्वय)भू" शव्द कोरिएका हुनाले नेपालमा वज्रयानको प्रवेश कम से कम छैठौं शताव्दी अगाडि नै हुन सक्ने अनुमान भएको कुरा अगाडि उल्लेख भइसकेको छ । उक्त अनुमानलाई प्रमाणित गर्न वन्धुदत्तलाई पनि आधार वनाउन सकिन्छ । वज्रयानको आचार्यलाई वज्राचार्य भनिन्छ । वन्धुदत्त वज्रयानका आचार्य अर्थात् वज्राचार्य थिए । वहाँको गुरु शान्तिकर वज्राचार्य थिए । शान्तिकर वज्राचार्यका गुरु गुणाकर वज्राचार्य थिए भन्ने कुरा पौराणिक आख्यान तथा लोकोक्ति मात्रै भएता पनि वहाँको शिष्य वन्धुदत्त वज्राचार्य भने राजा नरेन्द्र देव (ई.सं.६४१/६४३-६७९) का[३] समकालीन थिए भन्ने ऐतिहासिक पुष्टि भएको आधारमा शान्तिकर र गुणाकरको पनि ऐतिहासिकता पुष्टि हुन आउंछ । उहाँहरूको निश्चित समयमात्रै अनुसन्धानका विषय वनेको छ ।

गुणाकर वज्राचार्यले प्रचण्ड देव (शान्तिकर वज्राचार्यको गृहस्थिको नाउं) लाई भिक्षु वनाउनका लागि स्वयम्भू पर्वतको पश्चिम भागमा एक चैत्यको निर्माण गरेका थिए । चैत्य निर्माण वज्रयानी विधि अनुसार नै वनाएको हुन सक्ने विश्वास गर्न सकिन्छ । शान्तिकर वज्राचार्यले पनि स्वयम्भू ज्योतिलाई गर्भमा राखि स्वयम्भू चैत्य निर्माण गरे । उक्त स्वयम्भू चैत्य त्रयोदश भूवन हुनेगरि वनाए भन्ने उल्लेख छ ।[४] दशभूमिको अवधारणा पारमिता प्रधान महायानसूत्र दशभूमिकसूत्र[५]मा उल्लेख छ भो त्रयोदश भूवनको नाउं

---

२ नेरशमान वज्राचार्य, बुद्धिज्म इन नेपाल, (दिल्ली : इष्टर्न वुक डिट्रिव्युटर्स, १९९८), पृ. २६ ।

३ ऐजन , पृ. ७० ।

४ द्रष्टव्य : वद्री रत्न वज्राचार्य, स्वयम्भू पुराण, (ये : सानुमाया तुलाधर, नेस. ११०३) ।

५ पि.एल वैद्य, दशभूमिक सूत्रम् (दरभगा: मिथिला विद्यापीठ, १९६७) ।
दशभूमि- प्रमुदिता, विमला, प्रभाकरी, अर्चीष्मति, सुदुर्जया, अभिमुखि, दूरगमा, अचला, साधुमति र धर्ममेघा ।

एकलवीरतन्त्र[६]मा उल्लेख भएको पाइन्छ । यस कुराले स्वयम्भु चैत्य शुरूदेखि नै वज्रयानी विधि अनुसार निर्माण गरिएको पुष्टि हुन आउंछ । स्वयम्भू चैत्यलाई धर्मधातु वागीश्वर चैत्य पनि भनिन्छ । धर्मधातु वागीश्वरको मण्डल पनि पाइन्छ । धर्मधातु वागीश्वरको मण्डल वज्रयानको श्रृजना हो । त्यसैले पनि स्वयम्भू चैत्य वज्रयानसग सम्वन्ध छ भन्ने पुष्टि हुन्छ ।

लिच्छवि राजा वृषदेव (विश्वदेव) जो "सुगतशासनपक्षपाती"[७] ले प्रशिद्ध छ । उहाँले "सिनगु विहार चैत्य" अर्थात् स्वयम्भू महाचैत्यको प्रतिष्ठा सम्पूर्ण गरेको गोपालराज वंशावलीमा उल्लेख छ । [८] यस कुरावाट राजा वृषदेव कै पालामा नेपालमा वज्रयान थियो भन्ने देखिन्छ । तर एकातिर राजा मानदेव र राजा नरेन्द्रदेवको वीचमा लगभग १७५ वर्षको अन्तराल छ , राजा वृषदेव राजा मानदेवको पनि जिजुवुवा थिए भने अर्कोतिर राजा नरेन्द्रदेवको समकालिन वन्धुदत्त वज्राचार्यको गुरु शान्तिकर वज्राचार्य थिए भन्ने पनि छ । यहाँनिर शान्तिकर वज्राचार्यले वनाएको भनिएको स्वयम्भू चैत्यको प्रतिष्ठा राजा वृषदेवले सम्पन्न गरे भन्ने विषयमा एउटा त वृषदेवले स्वयम्भू चैत्य नव निर्माण गरेको हो की जीर्णोद्धार गरेको हो यकिन गर्न गाह्रो छ , अर्को शान्तिकर वज्राचार्य भन्दा वृषदेव निकै जेठो देखिन्छ । यस विषयमा अनुसन्धानको आवश्यकता छ ।

लिच्छविकालमा ठुल-ठुला चैत्य देखि साना-साना चैत्यहरू निर्माण भएका छन् । ठूलोमा स्वयम्भू चैत्य , खास्ति (वौद्ध) चैत्य, चावहिलको धनदो चैत्य, श्रीघ (शान्तीघट) चैत्य, टेवहालको चैत्य आदि पर्दछन् भने सानामा काठमाडौंको ढोका वहालको चैत्य टेवहालको स-साना चैत्यहरू र मूर्ति नभएका गवाक्ष मात्रै भएका अन्यत्र छरिएका चैत्यहरू पर्दछन् । वन्धुदत्त वज्राचार्यले टेवहालको पूर्वपट्टि वाहिर-भित्र, पकनाजोल, चोभारको पूर्वको दायाँ, चोभारको मूनि क्वयना गणेश (जलविनायक) मन्दिरको परिसरमा रहेको

---

६ करवीर तन्त्रम्, (पाण्डुलिपि) पृ. १४३ ।

*सप्तयोदशभूमिशोभवतेवनसंशय: ॥*
*भूमि स्तुमिदिताज्ञेया विमलाचार्चिष्मती तथा ॥*
*प्रभाकरीसुदुर्जया|भिमुखीदूरंगमाचला ॥*
*साधुमति धर्ममेघासासमन्तप्रभातथा ॥*
*निरूपमाज्ञानवतीत्यवंप्तयोदशसंज्ञक:: ॥*

७. धनवज्र वज्राचार्य, लिच्छविकालका अभिलेख, (काठमाडौं : नेपाल एशियाली अनुसन्धान केन्द्र, २०५३), पृ.५७

८ धनवज्र वज्राचार्य, कमलप्रकाशमल्ल, गोपालराज वंशावली, (काठमाडौं : नेपाल रिसर्च सेन्टर, १९८५), पृ. २८ ।

चैत्य स्थापना गरेको जनश्रुति छ ।[९] बन्धुदत्त बज्राचार्य एक ऐतिहासिक पुरूषका रूपमा सिद्ध भैसकेकाले उहाँसग सम्बन्धित अन्य कुराहरूको लिखित प्रमाण नभेटिएको र जनश्रुति मै सिमित भएपनि यथार्थ नै हुन सक्ने अनुमान लगाउन सकिन्छ ।

चैत्यमा पञ्चबुद्ध अन्तर्निहित हुन्छन् । पञ्चबुद्धपनि वज्रयानको मुख्य विषय हुन् । पञ्चबुद्धका मण्डल लगायत अन्य विस्तृत विवरण उल्लेख भएका अहिले सम्म उपलब्ध भएका ग्रन्थहरू मध्ये सबैभन्दा प्राचीन ग्रन्थ गुह्यसमाजतन्त्र हो ।[१०] जसमा वज्रयान कै परिभाषा समेत उल्लेख छन् ।

लिच्छवि राजा शिवदेव प्रथम (ई.सं.५९०-६०४) नाका अवलोकितेश्वरका केहि मूर्तिहरू स्थापना भएको अभिलेखमा कुँदिएका छन् ।[११] राजा नरेन्द्रदेव (ई.सं.६४३-६७९) मा त बन्धुदत्त बज्राचार्यले बुंगमलोकेश्वर र जात्रा चलाएको लोक प्रशिद्ध छ । यी कुराले लिच्छविकालमा अवलोकितेश्वरहरूको प्रतिमा स्थापना गर्ने प्रचलन व्यापक भएको पुष्टि हुन्छ । हुनत बोधिसत्व–महासत्व–अवलोकितेश्वरको अवधारणा पारमितायान प्रधान महायानको श्रृजना हुन् । तर उनीहरूको प्रतिमा निर्माण, चित्र लेखन र शाधनामा मन्त्रयानको भूमिका रहेको छ । पारमितायान र मन्त्रयानको एकिकृत रूप नै वज्रयान भएकोले नेपालको ती बोधिसत्व–अवलोकितेश्वरहरूको प्रतिमा स्थापना वज्रयान पद्धति अनुसार भएका हुन् ।

बुंगमलोकेश्वरको शाधना पछि बन्धुदत्त बज्राचार्यले पद्मान्तक साधना गरेर स्थापना गरेको भन्ने लोकोक्ति छ ।[१२] काठमाण्डौंको टेबहालमा स्थित उक्त पद्मान्तकलाई नेपालभाषामा "पालाद्यो" र वर्तमान समयमा "शंकटा" नामले लोक प्रशिद्ध छ । वज्रयानको दशक्रोध देवता पद्मान्तक पनि एक हो । पद्मान्तकको उल्लेख गुह्यसमाजतन्त्रमा छ ।[१३]

गोरखाको गोरखनाथ गुफामा अवस्थित राजा शिवदेव द्वितीय (ई.सं. ६८०-७०६) को अभिलेखमा वज्रभैरव पूजाको व्यवस्था गरिएको उल्लेख छ । वज्रयानमा वज्रभैरवको स्थान हुनु र नेपालमा अंशुवर्माको समय मै

---

९. बद्री रत्न बज्राचार्य, प्रसिद्ध बज्राचार्यहरूको संक्षिप्त परिचय, (काठमाडौं: हिरा शोभा तुलाधर, नेसं ११०९) पृ ८-९ ।

१०.

१० द्वारिकादास शास्त्री (स), श्रीगुह्यसमाजतन्त्रम्, (वाराणसी : बौद्ध भारती, १९६४), पृ २४ पञ्चबुद्धका विस्तृत विवरणका लागि द्रष्टव्य अध्याय १-४

११ नरेशमान बज्राचार्य, बुद्धिज्म इन नेपाल, (दिल्ली : इष्टर्न बुक डिष्ट्रिब्युटर्स, १९९८), पृ २४

१२ पूर्ववत् सङ्ख्या ९,पृ ८, ९ र ११

१३ पूर्ववत् सङ्ख्या १०,पृ १२५

द्रष्टव्य पूर्ववत सङ्ख्या १०, पृ १२५

वज्रयानको उन्नत अवस्था रहेकोले उक्त वज्रभैरव पनि वज्रयानसंग सम्वन्धित हुन सक्छ ।[१४] पञ्चवुद्ध वज्रयानका सौम्यवर्गका देवताहरू हुन् भने पद्मान्तक र वज्रभैरव रौद्रवर्गका देवताहरू हुन् ।

गोकर्णको अंशुवर्मा (ई.स. ६०६-६२१) को अभिलेखमा "[व] ज्रयान" र "[स्वयं]भू" चैत्य कुँदिएका छन् । अंशुवर्माले[१५] केहि विहारहरूलाई आर्थिक अनुदान दिएको पनि अभिलेखमा उल्लेख छ । अंशुवर्मा कै ताका मानिने ललितपुरको चपलटोलमा अवस्थित अभिलेखमा महायान भिक्षुणी संघ शब्द कुँदिएको छ ।[१६] त्यसपछि नरेन्द्रदेव (ई.स. ६४३-६७०) ताकाको मानिने साँखुको अभिलेखमा (महा)सांघिक भिक्षु संघ कुँदिएको छ ।[१७] नरेन्द्रदेव कै ताकाको अनुमान गरिएको काठमाण्डौंको मुसुं वहालमा अवस्थित अभिलेखमा भिक्षुणी संघ उल्लेख छ ।[१८] जयदेव द्वितीयको पालाको भक्तपुरको वाचुहिनिमा अवस्थित अभिलेखमा पनि भिक्षुणी संघ कुँदिएको छ ।[१९] यी कुराहरूको अध्ययन गर्दा कालक्रमको दृष्टिले नेपालमा वज्रयान नै अग्रपंक्तिमा रहेको वा व्यापक रहेको प्रतीत हुन्छ । साँखुको अभिलेखमा कुँदिएको [महा]सांघिक शब्दको अर्थ स्थविरवादको परवर्ती महासांघिकवाद नभईकन संख्यात्मक दृष्टिकोणले वढि भएको महायान हो कि भन्ने पनि लाग्दछ ।

लिच्छविकालमा राजाहरूद्वारा निर्मित र अन्य विहारहरू गरि कम्तिमा १७ वटा विहारहरू छन् ।[२०] राजा अंशुवर्मा र नरेन्द्रदेवले दिने गरेका आर्थिक अनुदानका आधारमा भन्नुपर्दा ठूला विहार, मध्यम विहार र सामान्य विहार गरि तीन थरिका विहारहरू थिए । तर ती विहारहरू मध्ये कुन विहार कुन निकायका विहार थिए भन्ने यकिन गर्न गाह्रो छ । वन्धुदत्त वज्राचार्य

काठमाण्डौंको तीर्थ वहाल अर्थात् तेवहालका हुन् भन्ने लोकोक्ति छ ।[२१] वुंगमलोकेश्वरको शाधना पछि राजा नरेन्द्रदेवले तीर्थ वहालसगै एक विहार निर्माण गर्न लगाई सो विहार वन्धुदत्त वज्राचार्यलाई अर्पण गरे भन्ने पनि

---

१४ पूर्ववत संख्या ६ पृ. ५२५- ५२६ ।

१५ पूर्ववत संख्या ६ पृ. ३२० ।

१६ पूर्ववत संख्या ६ पृ. ३८२ ।

१७ पूर्ववत संख्या ६ पृ. ५०८ ।

१८ पूर्ववत संख्या ६ पृ. ५०७ ।

१९ पाशुका, वर्ष-२ अंक - ११ ।

२० पूर्ववत संख्या ११ पृ. ८९ ।

२१ पूर्ववत संख्या ९ पृ ८९ ।

लोकोक्ति रहेको छ । उक्त विहारलाई राजकीर्ति विहार भन्ने गरेको छ जुन वर्तमानमा तेबहाल भित्रै पर्दछ ।[22] तेबहालस्थित बन्धुदत्तसंग सम्बन्धित उपरोक्त दुई विहारहरू बज्रयानसंग सम्बन्धित छ भन्ने पुष्टि हुन आउँछ । तेबहालभित्र अद्यापि दुईवटा विहारको प्रमुख "यवापाद्यो" विद्यमान छ ।

तिब्बती श्रोतका अनुसार लिच्छवि राजा अंशुवर्माले आफ्ना छोरी भृकुटि तिब्बतका सम्राट स्रङ चङ गम्पो (ई.सं ६१७ - ६५०) लाई विवाहमा दिएका थिए । भृकुटिले आफ्नो साथमा अक्षोभ्यवज्र, मैत्रेय र ताराका मूर्तिपनि लगेकी थिइन् ।[23] ती मूर्तिहरू मध्ये अक्षोभ्यवज्र र तारा वज्रयानसंग सम्बन्ध छ ।

नेपालमण्डलको प्राचीनकालका प्रशिद्ध बज्राचार्यहरू मध्ये शाश्वत बज्र बज्राचार्य पनि एक हुन् । नेपालमण्डलको प्रशिद्ध बज्राचार्यहरू ओंकार बज्र, हूंकार बज्र जन्म भएको मन्त्रसिद्धि महाविहार (सवलबहाल) मा उहाँको जन्म भएको थियो ।

शाश्वत बज्रले कलिगत वर्ष ३८२२ (ई.सं. ७२१) मा आकाश मार्गबाट आएका श्री बज्रवीर महाकाललाई साधना गरी टुँडिखेलको पश्चिम भागमा स्थापना गरे भनेर स्थानीय विश्वास छ । यसरी नै उहाँले कलिगत वर्ष ३८२५ (ई.सं. ७२४) मा कामरू कामाक्षेबाट भद्रकालीलाई साधना गरी टुँडिखेलको पूर्व-दक्षिण भागमा स्थापना गरे । यहि भद्रकाली देवीलाई यहाँका बासिन्दाहरूले "लुं मधि अजिमा" भनिन्छ ।

शाश्वत बज्रले धेरै बज्रयानी देवदेवीहरूको साधना तथा पूजा विधि सम्बन्धि ग्रन्थहरू पनि लेखेका थिए । त्यस्तै चर्यागीतको पनि रचना गरेका थिए । उहाँले रचना गरेका चर्यागीतिहरू अहिलेसम्म पनि गाउने गरिएका छन् ।

## १.३ मल्लकालमा बज्रयान

नेपालको ईतिहासमा लिच्छविकाल पछि मल्लकाल बाह्रौ शताब्दि शुरू हुन्छ । लिच्छविकालमा उन्नत अवस्थामा रहेको बज्रयान बौद्धधर्म मल्लकालमा आएर व्यापक रूपमा जनमानसले अंगालेको देखिन्छ । मल्लकालको धार्मिक स्थितिको अध्ययन बाट यस काललाई बज्रयानको "स्वर्णकाल" मान्न सकिन्छ । मल्लकालमा बज्रयानको अवस्था बारे संक्षिप्त रूपमा यहाँ चर्चा गरिन्छ ।

---

[22] ऐजन ।

[23] पूर्ववत सख्या 2, पृ २७-२८ ।

### १.३.१ श्री स्वयम्भू धर्मधातु वागीश्वरको (स्वयम्भू महाचैत्य) प्रख्याति

नेपालमण्डलको स्थापना नै श्री स्वयम्भू धर्मधातु वागीश्वरसँग जोडिएको छ । यहाँको बौद्ध धर्मको आधारको मूल पनि श्री स्वयम्भू धर्मधातु वागीश्वर मण्डलको पञ्चबुद्धको परम्परामा आधारित छन् । यसले गर्दा नेपालमण्डलका बौद्ध अनुयायीहरूको आस्थाको केन्द्र बिन्दु नै श्री स्वयम्भू धर्मधातु वागीश्वर हुन् ।

मल्लकालमा श्री स्वयम्भू महाचैत्यको संरक्षण तथा सम्बर्द्धन कार्य राजा र जनता दुवैको तर्फबाट भएको देखिन्छ । मल्ल राजाहरूले स्वयम्भू महाचैत्यको जीर्णोद्धार गर्ने कार्यका साथै सुवर्ण छत्रारोहण (गजुर) राख्नुका साथै स्वयम्भुको चारैतिर हर्त पनि राख्ने महामेघ साधन गमसमे आदि कार्य गरेका छन् । जीर्णोद्धार गर्ने मल्लराजाहरू – ज्योतिर्मल्ल, महारानी गंगा देवी, राजा लक्ष्मीनरसिंह मल्ल, भास्कर मल्ल , जयप्रकाश मल्ल आदि हुन् । यसरी नै महापात्र राजहर्ष भल्लोक, महामन्त्री भवनरामबर्द्धन, शाक्यभिक्षु मैत्रीचन्द्र, शाक्यभिक्षु मञ्जुदेव आदिले पनि जीर्णोद्धार गरेका थिए ।

स्वयम्भू महाचैत्यमा प्रताप मल्लले पनि धेरै कार्यहरू गरेको देखिन्छ । स्वयम्भू महाचैत्यको उत्तर र दक्षिणतिर वहाँले आफू र आफ्नो महारानी अनन्तप्रभा देवीको नाममा गंधकूट शैलीको दुई मन्दिरहरू बनाई ने.सं. ७७५ आषाढ शुक्ल नवमी शिवयोग शुक्रवारका दिन प्रतिष्ठा गरेका थिए । यसरी नै स्वयम्भू महाचैत्यको अगाडि सुवर्ण पातामा धर्मधातु मण्डल बनाई त्यसको माथि सुवर्ण लेपन गरेको कलात्मक वज्र ने.सं. ७७८ आषाढ शुक्ल षष्ठी हस्तानक्षत्र शिवयोग आइतवारका दिन स्थापना गरेको थियो । त्यस्तै नै ने.सं.७७९ जेष्ठ शुक्ल पूर्णिमाको दिन स्वयम्भू महाचैत्यमा सुवर्ण गजूर चढाएको थियो भने स्वयम्भू चैत्यको आरम्भाको निमित्त ने.सं. ७८६ साल सूर्य ग्रहणका दिन जग्गा प्रदान गरेको थियो ।

श्री स्वयम्भू धर्मधातु वागीश्वरलाई नेपालीहरूले मात्र होईन विश्वका अन्य बौद्ध अनुयायीहरूले पनि उत्तिकै श्रद्धा गरेको देखिन्छ । मल्लकालको इतिहासलाई अध्ययन गर्दा विभिन्न स्थानबाट आएका बौद्ध आचार्यहरू र राजाहरूले श्री स्वयम्भू महाचैत्यमा गई श्रद्धापूर्वक पूजा गरेको देखिन्छ ।

भारतीय बौद्ध आचार्यहरू शान्तरक्षित[२२], गुरु पद्मसम्भव[२३], अतिशा दीपंकर[२४], बौद्ध भिक्षु धनरत्न[२५] आदिले स्वयम्भू महाचैत्यको दर्शन गर्न

---

[२४] हेमराज शाक्य, स्वयम्भू महाचैत्य, (स्वयम्भू : स्वयम्भू विकास मण्डल, ने.सं. ११०८), पृ ११०।

[२५] ऐजन, पृ १२१।

आएको उल्लेख छ । यसरी नै तिब्बति भिक्षु धर्मस्वामी आठवर्ष सम्म विद्याध्ययनको उद्देश्यले स्वयम्भूका वसेको थियो भन्ने कुरा माथि चर्चा भैसकेको छ । यसरी नै सुदूर पश्चिम कर्णाली प्रदेशका खस राजा जितारि मल्लले ने.सं. ४१० फागुण कृष्ण प्रतिपदाको दिन स्वयम्भू महाचैत्यको दर्शन गरी आफ्नो राज्यमा फर्किएका थिए ।[२८] त्यस्तै कर्णालि कै खस राजा रिपु मल्लले पनि शाक्यमुनि बुद्धको जन्मस्थल लुम्विनी र कनकमुनि तथागतको जन्मस्थल निग्लिहवा दर्शन गरी नेपालमण्डल आई स्वयम्भू महाचैत्यको दर्शन गरी आफ्नो राज्य फर्केको उल्लेख छ ।[२९]

माथि उल्लेखित घटनाहरूको आधारले मल्लकालमा श्री स्वयम्भू महाचैत्यको महिमा ज्यादै नै उच्च स्थानमा रहेको पुष्टि हुन्छ ।

लिच्छविकालमा स्थापना भएको श्री स्वयम्भू महाचैत्यको प्रख्याति मल्लकालमा झन वढि भएको देखिन्छ । यी कारणले विभिन्न स्थानवाट वौद्ध आचार्यहरू आई दर्शन गर्ने र राजा तथा प्रजा मिलि जीर्णोद्धार समेत भई आएको हो ।

### १.३.२ अत्यधिक संख्यामा बौद्ध विहारको निर्माण

जहां वौद्धधर्म हुन्छ त्यहां वौद्ध विहार हुनु निश्चित छ । त्यस्तै हालसम्म वौद्धधर्म सम्वन्धित लगभग ३५ वटा जटि लिच्छविकालिन अभिलेखहरूको अध्ययन भैसकेको छ, जसमा एक्काईस वटा भन्दा वढि वौद्ध विहारहरूको नाम उल्लेख छ । तर ती विहारहरूको स्थितिवारे हालसम्म केहि जानकारी प्राप्त भएको छैन ।

वर्तमान समयमा नेपालमण्डल भित्र अस्तित्वमा रहेका पांच सय भन्दा वढि वौद्ध विहारहरू मल्लकालमा निर्माण भएका देखिन्छन् । यी विहारहरूको वास्तु शैली झण्डै (लगभग) एकै प्रकारको रहेको छ । महापण्डित कुलदत्तले लेखेको "क्रियासंग्रह पञ्जिका" नामक ग्रन्थमा विहारको निर्माण विधि उल्लेख छ । यस ग्रन्थमा उल्लेख भए अनुरूप ती विहारहरूको निर्माण हुवहु मिल्दछ । त्यस्तै यी विहार भित्र र परिसरमा प्राप्त अभिलेखमा विहार निर्माणको मिति उल्लेख भएको आधारमा पनि यी विहारहरू मल्लकालमा निर्माण भएको पुष्टि हुन्छ ।

---

[२६] रंजन, पृ. १२२ ।

[२७] रंजन, पृ. १२३ ।

[२८] रंजन, पृ. १३२ ।

[२९] रंजन, पृ. १३३ ।

### १.३.३ विहारमा धार्मिक क्रियाकलापको निरन्तरता

नेपालमण्डलको सम्पूर्ण विहारहरूमा मूल देवताको रूपमा क्वापाद्यो (क्वचपाल देवता) र आगंद्यो (आगम देवता) रहेको हुन्छ । विहारको मूल ढोकाको सिधा जमिन तल्लामा क्वापाद्यो देवताको रूपमा अक्षोभ्य तथागत वा शाक्यमुनि बुद्धको मूर्ति राखिएको हुन्छ भने त्यसको माथिल्लो तल्लामा आग कोठा रहेको हुन्छ । आग कोठामा वज्रयानी देवताहरू राखिएका हुन्छन् । अक्षोभ्य देवता पनि वज्यानी देवता हुन् ।

वर्तमान समयमा पनि नेपालमण्डल भित्र अस्तित्वमा रहेका विहारहरूमा सम्वन्धित संघ सदस्यहरूले नियमित रूपमा धार्मिक क्रियाकलाप गर्दै आईरहेका छन् । विहारमा गर्ने धार्मिक क्रियाकलापहरूमा दैनिकरूपमा विहान देखि वेलुकासम्म विभिन्न प्रहरमा विभिन्न कार्यहरू गरीन्छ । विहान विहारको मूलदेवता र अन्य देवताहरूलाई स्नान गराउने, धर्मगण्डी वजाउने (सवा त्यायगु), नित्य पूजा गर्ने चलन छ । साथै आ-आफ्नो विहारको रित अनुसार साप्ताहिक, पाक्षिक, मासिक, वार्षिक कार्यक्रम पनि सम्पन्न गरीन्छ ।

यसरी नै विहारको आगंद्यो कोठामा दीक्षा प्राप्त विहारको स्थविरबाट विशेष अवसरमा विभिन्न विशेष प्रकारको वज्रयानी पूजाहरू गरीन्छ । यी पूजाहरू सम्पन्न गर्दा दीक्षा प्राप्त व्यक्तिहरूमात्र बसेर सम्पन्न गरीन्छ । दीक्षा प्राप्त नभएका संघका सदस्यहरूलाई पूजा गरिरहेको वेलामा त्यहां निषेधित गरिराखेका हुन्छन् । यस्तो पूजा विशेष दिनमा गरीन्छ । नेपालमण्डलमा हालसम्म निरन्तर रूपमा चलिरहेको विशेष पूजाहरू - दशमि पूजा, चहंपूजा, औंशीपूजा, पुन्हिपूजा आदि हुन् । ने.सं. २१८ मा आचार्य अनुपम बज्रले गृहस्थ वोधिसत्वहरूले गर्नु पर्ने दिनचर्याको विषयमा आफ्नो "आदिकर्मप्रदीप" नामक ग्रन्थमा उल्लेख गरेको छ । सो ग्रन्थमा उल्लेख गरिएका दिनचर्याहरू संक्षिप्तमा निम्न अनुसार रहेका छन् :-

क) सवेरै ध्यान जप गरी, नामसंगीति पाठ गर्ने ।
ख) भद्रचर्या आदि प्रणिधान गाथा पढ्ने ।
ग) प्रेतवलि दिने ।
घ) चैत्य, वुद्ध प्रतिमामा वन्दना गर्ने ।
ङ) गुरुमण्डलपूजा गर्ने ।
च) इष्ट देवताको ध्यान गर्ने ।
छ) प्रज्ञापारमिता पाठ गर्ने ।
ज) दानगाथादि पढ्ने ।
झ) वोधिसत्व क्रियामा वस्ने ।
ञ) सद्धर्म अध्ययन गर्ने ।

यी धार्मिक क्रियाकलापहरू मल्लकालमा स्थापित भई निरन्तर रूपमा वर्तमान समयसम्म पनि परम्पराको रूपमा चल्दै आइरहेको छ । यो परम्पराको मूल आधार नै वज्रयान हो ।

### १.३.४ नेपालमण्डल बौद्ध अध्ययन केन्द्रको रूपमा निरन्तरता

मल्लकालमा नेपालमण्डल एक बौद्ध अध्ययन केन्द्रको रूपमा रहेको देखिन्छ । त्यसवेला नेपालमण्डलमा वज्रयानको उच्चतम दीक्षाहरू-चक्रसम्वर, हेवज्र, कालचक्र, वज्रवाराहि, वज्रावली र त्यस्तै गुह्यसमाजतन्त्र, कालचक्रतन्त्र, अभिधानोत्तर तन्त्र (संवर मूल तन्त्र), डाकार्णव महायोगिनी तन्त्र आदिको परम्पराका विज्ञ गुरुहरू थिए । ती दीक्षाहरू प्राप्त गर्नको लागि नेपालमण्डलमा तिव्वत र भारतका वौद्ध शिष्यहरू आउंथे । नेपाली आचार्यहरू पनि तिव्वतमा गई वज्रयानको दीक्षा दिएको वर्णन तिव्वति ग्रन्थमा उल्लेख भएको छ । (माथि चर्चा भई सकेको छ)

तेह्रौं शताव्दीको तिव्वति आचार्य धर्मस्वामी (ई.सं.११९७-१२६४) पनि वज्रयानको उच्च शिक्षा प्राप्त गर्नको लागि नेपालमण्डलको स्वयम्भू चैत्यको आसपास र धर्मधातु विहार (थँ वहि) मा आठ वर्ष विताएका थिए । उनले नेपालमण्डलमा आचार्य रत्नरक्षितसंग मण्डलशाधना, वज्रावली र गुह्यसमाजको दीक्षा लिएका थिए । यसरी नै आचार्य रवीन्द्रसंग पनि ज्ञान लिएका थिए ।[३०]

मल्लकालका केहि प्रख्यात आचार्यहरू निम्न अनुसार रहेका छन् । गुइत विहार पाटनको ने.सं.१४४को एक शिलालेखमा आचार्य गौतमश्रीको नाम उल्लेख भएको छ । उक्त शिलालेखमा उनलाई महापण्डित भनिएको छ र उनले सप्तपुर महाविहार वनाएको उल्लेख छ । त्यसरी नै ने.सं. २०४ मा सारिएको "सेकनिर्देशपञ्जिका"को पुष्पिकावाक्यमा आचार्य वज्राकरजीवलाई सौगततत्ववेदी (बौद्धदर्शनको विज्ञ) भनि उल्लेख गरिएको छ । पाटनको गुंइत विहारको एक अर्को ने.सं. ३६८ को अभिलेखमा महापण्डित विभ्रत चन्द्रपालको परिचय दिएको छ । यसरी नै ने.सं. ३५० को पाटनको गुइत विहारको दीपंकर वुद्धको पादपीठमा कुंदिएको अभिलेखले पनि ललितापुरी नगरमा विद्याभ्यास भनि कुंडिएकाले तत्कालीन नेपालमण्डल वौद्ध अध्ययन केन्द्र रहेको हुन्छ ।[३१]

---

[३०] द्रष्टव्य: जर्ज रोरिक, धर्म स्वामिको जीवनी, प्रकाश भण्डारी (अनु), (काठमाडौ लुम्विनी फाउन्डेशन, २००४) ।

[३१] डिल्ली रमण रग्मी, मेडियभल नेपाल भाग३ , (कलकत्ता: फिर्मा के एल मुखोपाध्याय, १९९६) पृ ११ ।

मल्लकालका प्रसिद्ध वज्राचार्यहरू मध्ये सुरत वज्र वज्राचार्य पनि एक हुन् । उहाँको जन्म कान्तिपुरको सुरतश्री महाविहार (तक्षवाहा) मा भएको थियो । सुरतवज्रले श्री गुह्यश्वरी देवीको साधना गरी ऋद्धि सिद्धी प्राप्त गरे ।

सुरतवज्रको विद्वताले गर्दा उनी तिब्बतको पोताला लामाज्यूको दरवार सम्म पुग्नु भयो । पोताला लामाज्युको दरवारमा बस्दा एक दिन उनले आफ्नो नेपालमा रहेको घरमा आगो लागेको ऋद्धि वलद्वारा थाहा पाई त्यहिबाट नै ऋदिवलद्वारा नै आगो निभाई दिए । सुरतवज्रको ऋद्धिवलको कारणले गर्दा पोताला लामाजुले उहाँलाई तिब्बतमा नै राख्ने प्रयास गरे । तर उहाँ आफ्नो ऋद्धिवलद्वारा आफ्नो "कसाय् गा:" अर्थात् कापायवस्त्रमा वसी "जयवाच्छली" नामको चर्यागीत गाई ब्रम्हपुत्र नदि पार गरी नेपाल आई पुगे भन्ने विश्वास गरिन्छ ।

सुरतवज्रले कान्तिपुरको मूलश्री महाविहार (मूवाहा) मा चैत्य स्थापना गर्नुको साथै "आर्य मञ्जुश्रीनाममङ्गीत्यार्थालोककरनाम" नामक ग्रन्थ पनि रचना गर्नु भएको थियो । यसरी नै उनले दर्जनौं चर्यागीतहरू पनि रचना गरेका थिए । जुन अद्यपि सम्म पनि नेपालमण्डलका वज्राचार्यहरूले प्रयोग गर्दै आएको छ ।

सुरतवज्रको समयको वारेमा विचार गर्दा उहाँको छोरा जीवचन्द्र वज्राचार्य उल्लेख भएको पुष्पिका वाक्यलाई आधार मान्न सकिन्छ । उक्त पुष्पिका वाक्यमा ने.सं. ६११ मा भक्तपुरका राजा राय मल्लले कुमारी कोठा सहितको चतुब्रम्ह महाविहार वनाई प्रदान गरेको उल्लेख छ ।[१२] जीवचन्द्र वज्राचार्य सुरतवज्रको माहिला छोरा थिए । सुरतवज्रको जन्म ने.स. ६११ भन्दा लगभग पचास वर्ष अगाडि भएको मान्न सकिन्छ ।

मल्लकालका प्रसिद्ध वज्राचार्यहरूमा जीवचन्द्र वज्राचार्य पनि एक हुन् । उनी कान्तिपुरको तक्षवाहाका वज्राचार्य थिए । जीवचन्द्र सुरतवज्रका माहिला छोरा हुन् । ने.सं. ६११ तिर भक्तपुरका राजा रायमल्लको निमन्त्रणामा कुमारी स्थापना गर्न जीवचन्द्र भक्तपुर गएका थिए । उनका वाकी जीवन पनि

---

*विख्याता ललितपुरी नगरी*
*दिक्षु सर्व्वास्वपि विद्याभ्यास*
............*कृतयुग*........
*सत्ययुग*

[१२] सुरेशज्योति शाक्य, स्वयंदेगा वाहावहीया जात:, (स्वप कुत पिकाक, ने.स. ११२०), पृ ४० ।

भक्तपुरमा नै बिताए । जीवचन्द्र बज्राचार्य तीनवटा चर्यागीतिहरू रचना गरेको उल्लेख छ ।

मल्लकालको अभिलेख र त्यतिबेला लेखिएका बौद्ध ग्रन्थको पुष्पिका बाक्यमा उल्लेखित वर्णन र तिब्वतको ऐतिहासिक श्रोतको आधारमा नेपालमण्डलमा रहेका बौद्ध विहारहरू त्यतिबेला पनि बौद्ध अध्ययन केन्द्रको रूपमा नै स्थापित रहि निरन्तररूपमा बज्रयानको शिक्षा दिइरहेको देखिन्छ ।

**१.३.५ बज्राचार्य गुरुहरू र जजमानहरूको सम्बन्ध**

बज्राचार्य गुरुहरूको सम्वन्धमा माथिको पाठमा पनि चर्चा भैसकेको छ । बज्राचार्य गुरुहरूले संधै "सर्वप्रकारं जगतो हिताय" भन्ने मुलमन्त्रलाई ध्यानमा राखि तथागत चर्या गरिरहेका हुन्छन् । बज्राचार्य गुरुहरू वहुआयामिक गुणवाट सम्पन्न हुन्छन्, बज्राचार्य गुरुहरू पूजापाठ गर्ने, शान्ति स्वस्ति कार्य गर्ने, धर्मदेशना गर्ने, मूर्तिकला, सिकर्मि, डकर्मि, चित्रकारी, गायन, नृत्य, ज्योतिषि, पाक शिक्षा आदिमा पनि निपुण हुन्छन् ।

नेपालमण्डलका बज्रयानी बौद्ध अनुयायीहरूले आफ्नो संस्कार कर्म लगायत विभिन्न पूजाहरू बज्राचार्य गुरुद्वारा नै सम्पन्न गराउंदछन् । त्यति मात्रै होईन , आफ्नो घर व्यवहार, औषधिमूलो, विधि व्यवहार, रिति थिति बारे पनि आवश्यक परामर्श बज्राचार्य गुरुसंगै नै लिंदै आईरहेको छ । यसरी बज्राचार्य गुरुजुले आफ्नो जजमानको संधै नै सुख र शान्तिको कामना गरी एक अभिभावकको भूमिका निभाउंदै आएको देखिन्छ । यी तथ्यहरूको आधारमा बज्राचार्य गुरु र जजमानहरू बीच अन्योन्याश्रित सम्वन्ध रहेको देखिन्छ ।

वर्तमान समयमा बज्राचार्य एक जातिवाचक भैसकेको छ । तर मल्लकालको पूर्वार्द्ध सम्म पनि बज्राचार्य एक उपाधि रहेको इतिहासबाट पुष्टि हुन्छ ।

लिच्छविकालको अभिलेखमा शाक्यभिक्षुले संघभोजन आदिको लागि आयस्ता प्रदान गरेको उल्लेख छ । यसबाट उनीहरू गृहत्यागी नभई गृहस्थ-भिक्षु रहेको पुष्टि हुन्छ । मल्लकालमा आएर गृहस्थ भिक्षुहरू धर्मगुरुको रूपमा स्थापित भएको देखिन्छ । यसरी नेपाली बौद्ध समाजमा धर्मगुरुको रूपमा आदर सत्कार गर्ने परम्परा अहिले सम्म पनि निरन्तर रूपमा चल्दै आएको छ ।

**१.३.६ चर्यागीतिको प्रचुर मात्रामा प्रयोग**

नेपालमण्डलमा बज्रयान बौद्ध परम्पराको महत्वपुर्ण पूजा गर्दा चर्यागीति अनिवार्य रूपमा गाईन्छ । चर्यागीति यहां बौद्ध परम्पराको एक मूल्य अंगको

रूपमा लिइन्छ । चर्यागीतिको मूल उद्देश्य बौद्धधर्म बुझाउने रहेको देखिन्छ । यसको मूल विषयवस्तु भनेको नै "तथागत चर्या" हुन् । पूर्व बौद्धाचार्यहरूले निश्चित मात्रा, ताल, राग, ध्वनि, छन्द आदिमा ती चर्यागीतिको रचना गरेका हुन्छन् । हरेक चर्यागीतिको आ-आफ्नै अर्थ, भाव, दर्शन, निबन्ध रहेका हुन्छन् ।[33]

चर्यागीतिका प्रवर्तक सिद्धाहरूलाई मानिन्छ । सिद्धाहरूको प्रभावबाट नेपालमण्डलमा मल्लकालमा आएर चर्यागीतिले ठूलो प्रश्रय पाएको थियो । यी चर्यागीति वर्तमान समय सम्म पनि निरन्तर रूपमा नेपालमण्डलमा प्रयोग भैरहेको छ ।

### १.३.७ वज्रयानी मूर्तिहरू र मन्दिरको स्थापना

नेपालमण्डलमा बौद्ध मूर्तिहरू लिच्छविकालमा नै बनिसकेका थियो । मल्लकालमा आएर प्रचुर मात्रामा बौद्ध मूर्तिहरू बन्यो । मल्लकालमा बनेका मूर्तिहरूमा वज्रयानको प्रभाव परेको देखिन्छ । नवौं शताब्दीतिर बनाएको बांगेमुढा[34] र पाटनको गुइत विहारमा[35] रहेको पद्मपाणी बोधिसत्वको मुकुटमा अमिताभ तथागतको मूर्ति कुँदिएका छन् । वज्रयानको प्रभावबाट नै यी मूर्तिहरूको मुकुटमा अमिताभ तथागतको मूर्ति कुँदिएका हुन् । यति मात्रै होइन नेपालमण्डलको विभिन्न स्थानहरूमा रहेका मल्लकालीन मूर्तिहरूको अध्ययन गर्दा वज्रयानको प्रत्यक्ष प्रभाव रहेको देखिन्छ । यस्तो मूर्तिहरूमा स्वयम्भू महाचैत्यको परिसर भित्र प्रतापपुर , अनन्तपुर , तथा शान्तिपुरमा रहेका काकाश्या, उलुकाश्या, स्वानाश्या र शुकराश्याको मूर्तिहरूलाई लिन सकिन्छ । यी मात्र होइन अरू पनि धेरै वज्रयानका मूर्तिहरू यस क्षेत्रमा देख्न सकिन्छ । यस्ता मूर्तिहरू नेपालमण्डल भित्रका अन्य बौद्धस्थल र विहारहरूमा पनि प्रशस्तरूपमा भेटिन्छन् । त्यस्तै नेपालमण्डलमा असंख्य संख्यामा चैत्यहरू, स्तूपहरू पनि मल्लकालमा बनेको देखिन्छ । यी चैत्यहरू र स्तूपहरू वज्रयान दर्शनबाट प्रभावित छन् । यी चैत्य र स्तूप बनाउन गरिने वास्तुपूजा देखि चैत्य र स्तूपको बनावट, त्यसको माथिल्लो भाग त्रयोदश भुवन आदि वज्रयान दर्शनको आधारमा बनाइएका छन् ।

---

[33] नरेश मान बज्राचार्य, *बढीरत्नकृत चर्यागीतिविशुद्धिसंग्रह*, काठमाडौं: रम कुमारी बज्राचार्य, ने.सं. ११२३, पूर्ववाक ।

[34] नैरसिंह बाङ्देल, *इन्भेन्टोरी अफ स्टोन स्कल्पचर अफ द काठमाडौं भ्याली*, काठमाडौं: रोयल नेपाल एकेडेमी, १९९५, पृ. १३५ ।

[35] नैरसिंह बाङ्देल, *स्टोलन इमेजेज अफ नेपाल*, काठमाडौं: रोयल नेपाल एकेडेमी, १९८९, पृ. १६५ ।

मल्लकालमा धेरै वज्रयानका बौद्ध मन्दिरहरू पनि बनेका छन् । यी वज्रयानी मन्दिरहरूमा प्रमुख रूपमा नैरात्मा देवी(गुह्येश्वरी), वज्रयोगीनी–फर्पिंग, खड्गयोगीनी–साँखु र विद्याधरी–विजेश्वरीलाई लिन सकिन्छ । यसरी नै विहारको आगंछो भएको घरलाई पनि लिन सकिन्छ ।

नेपालमण्डलमा हालसम्म अस्तित्वमा रहेका मल्लकालीन कला तथा वास्तुकलाको अध्ययनबाट तत्कालिन समाजमा वज्रयानको प्रचुर मात्रामा प्रभाव रहेको पुष्टि हुन्छ ।

## १.४ नेपाल वज्रयानको एक अध्ययन केन्द्र

लिच्छविकालमा नेपालमा वज्रयानको उन्नत अवस्था रहेको कुरा तत्कालीन वज्रयानी आचार्यहरू, साधना विषयक विभिन्न तन्त्रहरू, वज्रयान अध्ययनका लागि भोटबाट नेपाल आउने तिब्बतिहरूबाट अझ पुष्टि हुन्छ । यस सम्बन्धमा स्थानीय श्रोत थोरै छन् भने तिब्बति श्रोत धेरै छन् । स्थानीय श्रोत, जनश्रुति र पुराणमा आधारित छन् भने तिब्बति श्रोत घटनाक्रमको लिखित दस्तावेज जसलाई इतिहास सरह मान्यता प्रदान गरेको छ वा इतिहास लेख्न सहायक सिद्ध छ ।

नेपालका गुणाकर वज्राचार्य, शान्तिकर वज्राचार्य र बन्धुदत्त वज्राचार्य जनश्रुति र पुराणमा वर्णित व्यक्तित्वहरू हुन् भने बन्धुदत्त राजा नरेन्द्रदेवको समकालीन सिद्ध भएबाट बन्धुदत्तका गुरु गुणाकर र शान्तिकरको ऐतिहासिकता पुष्टि हुन आउने कुरा अगाडि चर्चा भैसकेको छन् ।

उपरोक्त आचार्यहरूका अतिरिक्त बन्धुदत्त भन्दा अगाडिका आचार्य शीलमञ्जुको नाउं आउंदछ । तिब्बति श्रोतका अनुसार भृकुटिको विवाह सम्राट स्रङ्चङ्गम्पो (६१७–६५०) संग भएको केहि समयपछि तिब्बतको निमन्त्रणामा शीलमञ्जु तिब्बत पुगे र त्यहां बौद्ध ग्रन्थहरू तिब्बति भाषामा अनुवाद गरिदिए ।

भृकुटिले वज्रयानी मूर्तिहरू तिब्बत लगेको र तत्पश्चात् शीलमञ्जुलाई तिब्बतमा निमन्त्रणा गरेको र त्यहां शीलमञ्जुलाई भिक्षु शब्द प्रयोग नगरिएको र नेवारी गुरु मात्र (आचार्य) भनिएकोले उहां गृहस्थ बौद्ध र वज्रयानी आचार्य हुन् भन्ने देखिन्छ । त्यसपछि नवौं शताब्दीको अन्तिर तिब्बतमा दुई नेवारी विद्वानहरू था-ला-रिन्-वा स्मृति लाई सिम्याईए । फर्पिङको वागीश्वरकीर्ति जो तिब्बतमा "फाम्-थिन्-पा" को नामले प्रसिद्ध छ, उनको एक दाजु र दुई भाईहरू पनि थिए । उनीहरू चारैजना नारोपा ई.स. ९७८-१०३६) का शिष्य थिए । वागीश्वरले नारोपासग नौवर्ष बिताए । नारोपाबाट चक्रसम्बर र हेरुकको दीक्षा प्राप्त गरे । वागीश्वरकीर्ति

गुह्यसमाजतन्त्र, कालचक्रतन्त्र, अभिधानोत्तरतन्त्र (संवर मूलतन्त्र) आदि विभिन्न तन्त्रका ज्ञाता थिए । उनी विक्रमशील महाविहारका दक्षिणद्वार पण्डित पनि थिए । उहाँले नेपाल र तिब्बत दुवै देशमा थुप्रै शिष्यहरूलाई चक्रसम्वर र हेवज्रको दीक्षा दिए भने वहाँले थुप्रै तन्त्रका ज्ञान पनि दिए । वागीश्वरकीर्तिले चीनको पञ्चशीर्ष पर्वतको पनि यात्रा गरे, अन्तमा चीनको लो-चीन-तुन् नामक स्थानमा देहान्त भयो । वागीश्वरकीर्ति र उहाँको मुद्रा (धर्मपत्नि) को अस्थिधातु राखि चक्रसम्वरको मन्दिर स्थापना गरे , जुन तिब्बति र चीनीयाहरूका लागि पूज्य छ । वागीश्वरकीर्तिको तिब्बति शिष्यहरू त थिए भने नेपाली शिष्यहरू पनि थिए भन्न सकिन्छ । नारोपाको परम्परा र चक्रसम्वर, हेवज्र, कालचक्र, आदिको परम्पराहरू नेपाल भित्र्याउनेहरूमा वागीश्वरकीर्ति पनि एक प्रमुख आचार्य हुन् । भनिन्छ, काठमाण्डौको कुनै एक मन्दिरमा नारोपाको महाशंख अद्यापि सुरक्षित छ । *(सुरक्षाको दृष्टिकोणले मन्दिरको नाउँ यहाँ उल्लेख गरिएन ।)*

कनकश्री पनि नारोपाको योगधर्म संग परिचित थिए । वहाँको पनि महाकरूणा नामको सिद्ध एक नेपाली शिष्य थिए, जो तिब्बतका एक प्रसिद्ध विद्वान मा-र-पा-दो-पा को पनि शिष्य थिए । महाकरूणाले गुह्यसमाज लगायत थुप्रै तन्त्रका शिक्षा दिएका थिए । उनी शिष्यको निमन्त्रणामा तिव्वतमा पनि पुगे । अरू तिव्वतिहरूलाई पनि चक्रसम्वर र गुह्यसमाजमा दीक्षित बनाए ।

पि-थेर-पा पनि नेपाली बौद्ध आचार्य थिए जसले तिब्बति शिष्य मार-ल्हो-रा-पा लाई महायोगिनी तन्त्र र अन्य तन्त्रका दीक्षा दिए । उक्त तिब्बति शिष्य पछि तिव्वतमा प्रसिद्ध भए ।

पं.शान्तिभद्रको पनि थुप्रै तिब्बति र नेपाली शिष्यहरू थिए । उनि चौरासि सिद्धाहरूमध्ये एक सिद्धा शान्तिपाका शिष्य थिए । उनले तिब्बति र नेपाली शिष्यहरूलाई विभिन्न अभिषेकहरूको बारेमा ज्ञान दिएका थिए । आन्ध्र र कृष्णपाद यी मध्ये दुई नेपाली शिष्यहरू हुन् । उनीहरू दशौं र एघारौं शताब्दी तिरका थिए ।

समन्तश्री कालचक्र परम्पराका आचार्य थिए । उनले मञ्जुश्रीकीर्तिबाट कालचक्रको दीक्षा प्राप्त गरेका थिए । उनले तिब्बति शिष्य वा-छो-रावलाई कालचक्रको दीक्षा प्रदान गरेका थिए । अद्यापि तिब्बतमा कालचक्रको परम्परा वा-छो-रावको परम्पराको नामले चिनिन्छ । समन्तश्री आफ्नो शिष्यको निमन्त्रणामा तिब्बतमा पनि गए । शिष्यले गुरुलाई फेरि नेपालसम्म पुऱ्याउन पनि आए । गुरु प्रसन्न भएर शिष्यलाई एउटा टोपी दिएर पठाए । उक्त टोपी

तिब्बतमा बुम-फ्रा-सुम्-पा नामले चिनिन्छ । समन्तश्री दशौं शताव्दीको अन्त देखि एघारौं शताव्दीको पूर्वार्द्धका थिए ।

ये-रान्-वा को पूर्खा वागीश्वरकीर्ति भनिन्छ । तर उनी मैत्रिपाको परम्पराका हुन् । उनको एकजना मा-गा नामका तिव्वति शिष्या (योगिनी) थिए, जसको जन्म इशाको १०६९ मा भएको मानिन्छ ।

जयसेन डाकार्णवमहायोगिनी तन्त्रमा निपुण थिए । उनले डाकार्णव महायोगिनी साधना नामक ग्रन्थ पनि रचेका छन् । उनको तिव्वति शिष्यहरू पनि थिए । उनले लेखेका क्रियातन्त्र डाकार्णव तन्त्रका अभिषेक विधि र साधना तिव्वत सम्म प्रचार थियो ।

केहि तिव्वतिहरू नेपालसम्म आएर जयसेनवाट दिवंगत भएकाहरूको नाउँमा पूजा गर्न लगाउन आउने गरेको उल्लेख छ । उहां एघारौं शताव्दीका थिए ।

वैरोचन दीपंकर श्रीज्ञान (इ.सं.९८२-१०५४) का शिष्य थिए । वैरोचन विभिन्न तन्त्रका ज्ञाता थिए । उनले तिव्वति शिष्य जुन-पो-नाल-यो लाई तन्त्र सम्वन्धि ज्ञान दिएका थिए । तिव्वतमा वैरोचनले तिव्वति शिष्य दाम्-पा-कोर लाई योग सम्वन्धि शिक्षा दिए र योगिनी श्यामावाट सिद्धि लाभ गर्ने पनि भविष्यवाणी गरेका थिए ।

दिवाकरचन्द्र नेपालको या-गाल (यंगाल) भन्ने ठाउंका थिए । उनी शून्यता समाधिवज्रको नामले पनि चिनिन्छ । आठ वर्षको उमेरमा विवाह वन्धनमा वाँधिएका, उनी घर छोडी अध्ययनार्थ नेपाल र तिव्वतको सिमाना आर्य जमली-क्यी रान् तर्फ लागे । त्यसपछि विक्रमशिल तर्फ लागे । त्यहाँ उनले प्रवेश पाएन । तर वाहिरै अध्ययन गरेर संस्कृत र न्यायशास्त्रमा निपुण भए । उनले नेपाली आचार्य रत्नश्रीवाट सम्पुट र हेवज्र तन्त्रको अध्ययन गरे । वीस वर्षको उमेरमा एक प्रतिष्ठित आचार्य वने र घर फर्के । उनले नेपालमा पनि वेताल (प्राचीन भारतको एक ठाउं) वाट आएका जिनदत्तवाट वज्रवाराहीको दीक्षा प्राप्त गरे । उनले ६ वर्षसम्म वज्रवाराहीको योगाभ्यास गरि सिद्धि लाभ गरे ।

दिवाकरचन्द्र मैत्रीपा (ई.सं.१००७/१०१०-१०९०) को शिष्य थियो । उनले धेरै नेपाली र तिव्वति शिष्यहरूलाई वज्रवाराही साधना सिकाइ दिएका थिए ।

पुण्याकरभद्रलाई नेपालको वौद्ध इतिहासमा एक प्रतिष्ठित आचार्यको रूपमा मानिएको छ । उनी वज्रवाराही परम्पराका विज्ञ थिए । नेपालमा आएर उनीसंग वज्रवाराहीको दीक्षा लिएका तिव्वति शिष्यहरूले तिव्वतमा यो परम्परा व्यापक प्रचार गरे । पुण्याकरभद्रलाई तिव्वति भाषामा सोद्-नाम्स-

व्यून-ग्नास्-ब्जान्पो भनिन्छ र उनी तिब्बतमा हा-मु-द्कार-पो नामले पनि प्रसिद्ध छन् । साथै उनी वारेन्द्ररूची नामले पनि चिनिन्छ ।

पुण्याकरभद्रले जिनदत्तसंग दीक्षा प्राप्त गरि, गुरुसंगै बोधगया गए । केहि समयपछि नेपाल फर्कि, दिवाकरचन्द्रसंग बज्रबाराही परम्पराको विस्तृत रूपमा अध्ययन गरे । पुण्याकरभद्रले शुरूमा वज्रवाराहीको ६ वटा मात्र शिक्षा तिब्बति शिष्य द्प्यल-कुन्-द्गा-र्दो-र्जेलाई दिएका थिए । तिब्बति शिष्यले गुरु पुण्याकरभद्र र गुरुमालाई खुशी पारेर वज्रवाराहीको विशेष प्रकारको १३ वटा शिक्षा प्राप्त गरि बज्रबाराहीको दीक्षा सम्म प्राप्त गर्न सफल भए ।

पुण्याकरभद्रले वज्रबाराहीको दीक्षा तिब्बति शिष्यहरू स्न्ब्-स्टोन र खु-ने-त्सो लाई दिएका थिए । पुण्याकरभद्रको प्रमुख शिष्य द्प्याल-कुन्-द्गा-र्दो-र्जे ले सन् ११०८मा जन्मेका कोग्-रो-चोस्-क्यी-र्ग्याल-म्तशान् र स्टोंद्-स्टाग-रिस्-पा लाई वज्रबाराहीको दीक्षा दिएका थिए । स्टोंद्-स्टाग-रिस्-पा ले वज्रबाराही परम्परा तिब्बतमा प्रचार गरे । हालसम्म यो परम्परा नेपाल र तिब्बतमा जीवितै छ ।

जिनदत्त दक्षिण भारतका बेताल राज्यको राजा थियो । उनले राजपाट त्यागी, बौद्ध भिक्षु भई, आफ्नो भान्जा बोधिभद्रसंग नेपाल आई, लामो समयसम्म महाभारो कहाँ बसे । महाभारोले जिनदत्तलाई धर्मगुरुको रूपमा मानेका थिए । जिनदत्तले एक नेपालीसंग विवाह पनि गरे । जिनदत्तले आफ्नो श्रीमती र छोरालाई महाभारोको जिम्मामा छोडेर आफ्नो मातृभूमि फर्केको अनुमान गरिन्छ । जिनदत्तको छोराले पनि नेपाली केटीसंग विवाह गरि महाभारो कहाँ एक कारीन्दाको रूपमा बसेको भन्ने तिब्बति श्रोतमा उल्लेख छ । जिनदत्तको छोराले केहि समय पछि छोरा पायो । उनको नाम आन्शु थियो । आन्शु बच्चा बेलादेखि नै तीक्ष्ण वुद्धिका थिए । आन्शु देखि प्रभावित भई महाभारोले उनलाई एक घर दिने इच्छा गरेको थियो । तर आन्शुले धर्ममा प्रवेश गर्ने इच्छा जाहेर गरे मुताविक महाभारोले अध्ययनको व्यवस्था पनि गरिदिए ।

सर्वप्रथम आन्शुले पण्डित शान्तिभद्रसंग विभिन्न प्रकारको अभिषेक र तन्त्रको भाष्यको ज्ञानका साथै गुह्यशिक्षा हासिल गरे । पछि उनले फेरि गुह्यशिक्षा वज्रपाणीसंग प्राप्त गरि , सत्यको साक्षात्कार गरि मुनि (भिक्षु) भए । चीन जाने उद्देश्यले नेपाल छोडेका आन्शुले तिब्बतमा लामो समय विताई, त्यहिं विवाह गरि चार छोराहरू र तीन छोरीहरूको पिता भए ।

आन्शुले दशहजार भिक्षुहरूलाई वज्रबाराही परम्पराको विषयमा आफ्नो मौलिक उपदेश, चर्यागीति तथा महामुद्राको देशना गरे । आन्शुको समय लगभग ई.सं. १०६५-११६५ मान्न सकिन्छ ।

रत्नरक्षित एक भिक्षु थिए । "महापण्डित" उपाधिबाट विभूषित उनलाई एक ठूलो विद्वानको रूपमा तिब्बति इतिहासमा वर्णन गरिएको छ । उनी संस्कृत भाषा र न्यायशास्त्र तथा बौद्धतन्त्रका प्रशिद्ध विद्वान थिए । उनले तिब्बति विद्वान को-व्राग-पा-त्सोद्-नाम्स्-ग्याल-म्त्शान (इ.सं.११८२-१२६१) लाई चक्रसम्वरको दीक्षा दिएका थिए । खाम्-पा-स्लोन- ग्राग्स्ले रत्नरक्षितलाई स्वयम्भूमा भेटेका थिए । महापण्डित रत्नरक्षितले अध्यापन गराउनुका साथै श्री सम्वरोदयतन्त्रराज (स्टोम्-पा-च्यून-वा) को भाष्य पनि लेखेका थिए । रत्नरक्षितको समय ११६०-१२३० समम मान्न सकिन्छ ।

बौद्ध आचार्य वुद्धश्री शिष्यहरूको निमन्त्रणामा तिव्वत गएका थिए । उहाँलाई तिव्वतमा महापण्डितको रूपमा मान-सत्कार गरेको थियो । उनले बौद्ध तन्त्र र सूत्रको वारेमा विस्तृत रूपमा शिष्यहरूलाई देशना गरेका थिए । चाग्-द्ग्रा-व्कोम् ले वुद्धश्रीको मार्ग निर्देशनमा जीनमार्गावतार र अन्य ग्रन्थहरू पनि अनुवाद गरेका थिए । वुद्धश्रीको समय ई.सं. १२२५ मान्न सकिन्छ ।

रवीन्द्र गुह्यसमाज सम्वन्धि नागार्जुनको परम्पराका एक अनुयायी थिए । उनी वज्रावली विषयका विद्वान पनि थिए । उनलाई "महापण्डित" उपाधिबाट विभूषित गरिएको थियो । रवीन्द्र एक सिद्ध आचार्य पनि थिए । ई.सं. १२२६मा दिवंगत भएका आदरणीय ग्रागस्-ग्याल को अस्थि राखेर तिव्वतको तेउरा भन्ने स्थानमा चैत्य वनाएको थियो । महापण्डित रवीन्द्रले नेपालमा नै वसेर उक्त चैत्यको प्रतिस्थापन विधि सम्पन्न गरेका थिए । उहाँले प्रतिस्थापन विधि पूजा गरिरहेको वेलामा आश्चर्यजनक रूपमा चैत्यमा अन्न वृष्टि भएको थियो । रवीन्द्रले ई.सं. ११९७मा जन्मेका तिव्वति विद्वान चाग्-ग्रे-द्पाल लाई पनि पढाएका थिए । उनी महापण्डित वुद्धश्रीको समकालिन मानिन्छ ।

## १.५ मल्लकालमा बौद्धधर्मको उन्नतिमा आएका विध्वंसात्मक घटनाहरू

मल्लकालमा नेपालमण्डलको बौद्धधर्म वा वज्रयान बौद्धधर्म प्रचुर मात्रामा उन्नति भई उच्च स्थानमा पुगेको चर्चा माथि भईसकेको छ । यस्तो अवस्थामा पनि दैवी प्रकोप, मानवीय हमला तथा अरू धर्मको दमको कारणले गर्दा मल्लकालमा वज्रयान बौद्धधर्ममा केहि विध्वंसात्मक घटनाहरू भएको थियो । त्यसवेला भएका प्रमुख विध्वंसात्मक घटनाहरू यी हुन् ।

### १.५.१ महाभूकम्प

नेपालमण्डलको भू–वनावट भूकम्पीय क्षेत्रमा रहेका छन् भनेर भूगर्भ शास्त्रीहरूले प्रमाणित गरीसकेको छ । यहाँ लगभग सय वर्षको अन्तरालमा

महाभूकम्प आइरहेको पनि इतिहासमा उल्लेख छ । मल्लकालमा पनि यस्तो महाभूकम्पले ठूलो धनजनको क्षति भएको वंशावलीमा उल्लेख छ । वि.सं. १३१२ आषाढ शुदी ३ सोमवारका दिन (ई.स. १२५५) महाभूकम्प आयो र सारा मन्दिर, विहार, घरहरू भत्कियो । यस्तो भयंकर महाभूकम्पले देशको तीन भागको एक भागमात्र जनताहरू बाँचे । यो महाभूकम्पमा परी राजा अभयमल्ल समेतको मृत्यु भयो ।[३५] यस महाभूकम्पले धेरै बौद्ध विहारहरू, स्मारकहरू ध्वस्त भएको थियो । यस्तो दैवी प्रकोपको बावजुद पनि नेपालमण्डलका बौद्धहरूले यहाँका वज्रयान धर्मलाई निरन्तर रूपमा संरक्षण तथा सम्वर्द्धन गर्दै आईरहेको पुष्टि हुन्छ ।

### १.५.२ शंकराचार्यको नेपाल आगमन

मल्लकालमा नेपालको बौद्धधर्मलाई शंकराचार्यको नेपाल आगमनले पनि प्रभाव पारेको देखिन्छ । नेपालमा आएका आद्यशंकराचार्य (ई.स. ७८८–८२०) नभई उनका शिष्य रहेको देखिन्छ । नवौं शताब्दीको आद्यशंकराचार्य भन्दा अघि उहि नामका वैदिक धर्मप्रचारक जसले बौद्धधर्म प्रति द्वेषराखी दमन गर्ने व्यक्ति इतिहासमा देखिएको छैन ।[३६] ने.सं. २६२ (ई.स.११४२) को हाल नेपाल संग्रहालय, छाउनीमा रहेको अभिलेखबाट नेपाल आउने आद्यशंकराचार्य नभई "आमर्दक" मठपरम्पराका शंकराचार्य रहेको पुष्टि भैसकेको छ । उनी प्रयाग र काशीमा बस्दथे । पहिलो पटकको नेपाल आगमनमा यहाँ आफ्नो शैवमत निकै प्रचार गरे, अरू धर्मका गुरुहरू सँग शास्त्रार्थ गरी, निकै आफ्नो मतको अनुयायी बनाई, प्रशस्त मात्रामा दानदक्षिणा प्राप्त गरी काशीमा दुईवटा मन्दिर निर्माण गरे । दोश्रो पल्टको नेपाल आगमनमा तत्कालीन राजा शिवदेवका छोरा राजकुमार आननद देव र अरू राजकुमारहरूलाई समेत दीक्षा दिन सफल भए ।[३८] यसरी शंकराचार्य नेपालका राजगुरु बन्न सफल भए । शंकराचार्यको नेपाल आगमनले गर्दा नेपालको वज्रयान धर्मलाई प्रत्यक्ष प्रभाव परेको देखिन्छ । तर पनि नेपाली बौद्ध धर्मगुरुहरू तथा अनुयायीहरूले निकै परिश्रम गरी आफ्नो धर्म र परम्परालाई जोगाई राखेको देखिन्छ । यसको

---

[३६] ज्ञान मणि नेपाल, नेपालको पूर्वमध्यकालको इतिहास, (कीर्तिपुर : नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रि.वि.वि. २०५४), पृ.१२२ ।

[३७] भूवनलाल प्रधान, "भिन्छेबाहाःया इतिहास : जिगु मिखाय्" मयूरवर्ण महाविहार ज्ञानमाला संघ स्वर्ण जयन्ती विशेषाङ्क, (ललितपुर : मयूरवर्ण महाविहार ज्ञानमाला संघ, २०५५), पृ. ३१ ।

[३८] भद्ररत्न बज्राचार्य (सं.), धनवज्र बज्राचार्यको ऐतिहासिक लेखसंग्रह भाग १, (नेपाल ललित रिसर्च सेन्टर, २०५६), पृ. १३८ ।

फलस्वरूप यो धर्म निरन्तर रूपमा वर्तमान समय सम्म हाम्रो सामु रहेको हुन् भनि मान्न सकिन्छ ।

### १.५.३ शमसुद्दीनको आक्रमण

नेपालमण्डलको तीनै शहर काठमाण्डौ, ललितपुर र भक्तपुरको धार्मिक स्थलहरूमा वर्तमान समय सम्ममा पनि अंगभंग भएका प्राचीन मूर्तिहरू धेरै नै देखिन्छन् । यी प्राचीन मूर्तिहरूको यस्तो दशा बंगालका सुल्तान शमसुद्दिनको आक्रमणले भएको थियो । ने.सं. ४७० (ई.सं.१३४९) मार्ग शुक्ल नवमीको दिन सुल्तान शमसुद्दिन आई आक्रमण गरेर यहाँका सम्पदाहरू जलाई दिएको थियो जुन सात दिन सम्म जलिरहेको थियो ।[39] नेपालमण्डलको पूर्वतिरबाट पसी तीनै शहरको प्रमुख धार्मिक स्थलहरूका साथै जनताको निवासमा समेत आगो लगाई धेरै धनसम्पत्ति लुटेर लगे । यो विध्वंशकारी कार्यमा स्वयम्भू महाचैत्यलाई भत्काई, गर्भमा रहेको धनसम्पत्ति लुटि आगो लगाई दिएको थियो । त्यस्तै ललितपुरको पिम्बहालमा रहेको ठूलो चैत्य पनि भत्काएको थियो । यही क्रममा पशुपति महादेवको लिंगलाई पनि तीन टुक्रा पारेको थियो । यसरी शमसुद्दिनको आक्रमणले नेपालमण्डलमा धेरै नै बौद्ध र शैवमतका देवालय, चैत्य, मूर्तिहरू ध्वस्त भएका थिए ।

यस्तो विध्वंशकारी घटनाबाट विनाश भएको चैत्य, मन्दिर, देवालय आदिलाई नेपाली जनताहरूले पुन: जीर्णोद्धार गरे । स्वयम्भू चैत्यलाई २३ वर्ष पछि वि.सं. १४२९(ई.सं.१३७२) मा कानितपुरका एकजना महापात्र राजहर्ष भल्लोकले जीर्णोद्धार गरिएको थियो ।[40] त्यसतै ललितपुरको पिम्बहालमा रहेको चैत्यलाई ने.सं. ४७७ (ई.सं.१३५७) चैत्र शुक्ल नवमी तिष्य नक्षत्र शूलयोग वालवरण बृहस्पतिवारका दिन मेघपालले भगवान बुद्धको मूर्ति र चैत्य प्रतिष्ठा गरेका थिए ।[41]

नेपालमण्डलका यस्तो विध्वंशकारी घटनाले धेरै धार्मिक स्थल तथा मूर्तिहरू ध्वस्त भएता पनि केहि समय पछि क्रमश: धेरैजसो धार्मिक स्थल र मूर्तिहरूको जीर्णोद्धार स्वयम् नेपाली जनताहरूले नै गरे । यसको मूलकारण आफ्नो धर्मप्रति अटल विश्वास र श्रद्धाको कारणले नेपालको बौद्धधर्म पुन: निरन्तर रूपमा उन्नति हुदै आएको देखिन्छ । यस कुराको पुष्टि तत्कालीन इतिहासको अध्ययनबाट हुन्छ ।

---

[39] पूर्ववत सङ्ख्या ८, पृ १०८ (५२ पत्र ) ।

[40] पूर्ववत सङ्ख्या ९८, पृ १४४ ।

[41] ऐजन ।

मल्लकालमा स्वर्णयुगको रूपमा रहेको नेपालको वज्रयान बौद्धधर्म उत्तरार्द्धतिर आउँदा अलि खस्केको देखिन्छ । मल्लकालको उत्तरार्द्धतिर आउँदा नेपालको वज्रयान धर्ममा भौतिक दृष्टिकोणबाट उन्नति भएता पनि दार्शनिक रूपमा वज्रयानको सिद्धान्त विपरीत कार्यहरू भएको देखिन्छ ।

बौद्ध धर्म संघ प्रधान धर्म हो । यहां कुनै जातिभेदको गन्ध हुँदैन । तर मल्लकालको उत्तरार्द्धतिर आउंदा नेपाली बौद्ध समाजमा जातिभेदको बीज अंकुर भयो । यसले गर्दा नेपाली बौद्ध समाजमा बौद्ध सिद्धान्त विपरीत जातिभेदले व्यापकता लियो । यति मात्र होइन यी समय देखि वज्रयानी पूजामा अनिवार्य रूपमा मद्य र मांसको प्रयोग हुन्दै आयो । वज्रयान दर्शनमा मद्य र मांसको उल्लेख नभएका होइनन् । वज्रयानमा मद्य र मासलाई सन्ध्या भाषामा उल्लेख गरेको छ । जसको अर्थ वाह्यार्थ र गुह्यार्थ गरी दुई प्रकारका हुन्छन् । तर मल्लकालमा गुह्यार्थलाई गौण गरी वाह्यार्थ अनुरूप व्याख्या गरी व्यक्तिगत अनुकूलतालाई ध्यानमा राखि व्यापक रूपमा यसलाई प्रयोगमा ल्याएको देखिन्छ । यस सम्वन्धि अध्ययनबाट वज्रयानी पूजामा मद्य र मांसको प्रयोग अनजानमा नभई जानी जानी अभिप्राययुक्त भै प्रयोगमा ल्याएको देखिन्छ । पछि यसैलाई परम्परा मानी निरन्तर रूपमा प्रयोग हुन्दै आएको देखिन्छ ।

नेपालको वज्रयान बौद्ध धर्मको मूल स्थल स्वयम्भू महाचैत्य हुन् । प्राचीन कालदेखि निरन्तर रूपमा स्वयम्भू महाचैत्यको जीर्णोद्धार कार्यपनि हुन्दै आएको छ । मल्लकालको उत्तरार्द्ध पछि स्वयम्भू महाचैत्यको जीर्णोद्धार गर्दा वज्रयानको सिद्धान्त विपरीत दर्जनौं पशुवली पनि दिने कार्यभएको कुरा जीर्णोद्धार पद्धतिमा उल्लेख छ ।[४२] यी कारणहरूले गर्दा नेपालमा वज्रयान धर्म मल्लकालको उत्तरार्द्ध पछि दार्शनिक रूपमा खस्किन्दै गएको देखिन्छ ।

लिच्छविकाल र मल्लकालको ऐतिहासिक श्रोतको आधारमा त्यतिबेला वज्रयानका आचार्यहरू प्रवजित वज्रयानी आचार्यको रूपमा रहेको देखिन्छ । उदाहरणको निम्ति तिब्बति परम्परामा वर्तमान समयसम्म पनि प्रवजित वज्रयानी आचार्यहरू छन् । तीब्बति परम्पराका श्रद्धेय दलाइ लामा लगायत अरू अरू आदरणीय रिम्पोछे गुरुहरूलाई लिन सकिन्छ । तर लिच्छविकालको उत्तरार्द्ध देखि नेपालका प्रवजित वज्रयानी आचार्य परम्परा लोप हुँदै गयो । यसको सत्तामा गृहस्थ वज्रयानी आचार्यको रूपमा विकाश भएको देखिन्छ । मल्लकालमा आएर व्यापक रूपमा गृहस्थ वज्रयानी आचार्यहरू रहेको तत्कालिन ऐतिहासिक श्रोतहरूबाट पुष्टि हुन्छन् । मल्लकालमा गृहस्थ वज्रयानी आचार्यहरूले आफूले पनि चैत्य, मूर्ति स्थापना गरी , त्यसको

---

[४२] लेखकसग सुरक्षित स्वयम्भू महाचैत्य जिर्णोद्धारको वंशावलीबाट ।

सञ्चालन गर्न आयस्ताहरू राखिएको धेरै नै शिलापत्रहरू भेटिएका छन् । यी गृहस्थ बज्रयानी आचार्यहरूले नै नेपालको बज्रयान धर्मलाई वर्तमान समयसम्म निरन्तरता दिंदै आएको देखिन्छ । यदि गृहस्थ बज्रयानी आचार्यहरू नभएको भए नेपालबाट बज्रयान संप्रदाय त के बौद्धधर्म नै लोप भइसक्थ्यो भनि अनुमान गर्न सकिन्छ ।

●

अध्याय दुई

# नेपालको बज्रयानमा नेपालमण्डल[1]

"मण्डल" एक संस्कृत शब्द हो। सन्दर्भ अनुसार मण्डल शब्दको विविध अर्थ लाग्दछ। नेपाल मण्डलको सन्दर्भमा मण्डलको अर्थ सिमाना हो। नेपालमण्डलले नेपाल राष्ट्रलाई जनाउँछ।

विशाल पृथ्वीको मान चित्रमा एशिया महादेश भित्र मानो नेपाल पर्दछ भन्ने विषयमा आधुनिक वैज्ञानिक व्याख्या त छदैछ। यसगै आधुनिक वैज्ञानिक व्याख्या आउनुभन्दा पहिले पनि पुरातन दृष्टिकोणले पृथ्वीको र पृथ्वीमा नेपालको मानचित्र विषयमा व्याख्या गरिएको पनि पाइन्छ। धार्मिक दृष्टिकोणले पनि पृथ्वीको र नेपालको मान चित्र विषयमा उल्लेख गरेको पाइन्छ ।

## २.१ पृथ्वी मण्डल

बौद्ध ग्रन्थमा पृथ्वीको मानचित्रलाई पृथ्वीमण्डल शब्द प्रयोग भएको छ। पृथ्वीमण्डल भित्र मूलरूपमा चार महाद्वीपहरू र चार उपद्वीपहरू छन्। पृथ्वीमण्डलको पूर्वभागमा धनुपाकारको नीलवर्णको पूर्वविदेह नामक महाद्वीप छ। दक्षिण भागमा त्रिकोणाकारको रक्तवर्णको जम्बु नामक महाद्वीप छ, पश्चिम भागमा शुक्लवर्णको वर्तुलाकारको अपरगोडायनी नामक महाद्विप छ र उत्तर भागमा पीतवर्णको वर्गाकार वा आयताकारको उत्तर कुरू नामक महाद्वीप छ।

पृथ्वीको अग्नेय भागमा पुनः धनुपाकारकै नीलवर्णकै "या" नामक उपद्वीप पर्दछ, नैऋत्य भागमा त्रिकोणाकार कै रक्तवर्णकै "रा" नामक उपद्वीप पर्दछ। वायुव्य भागमा वुर्तलकारकै शुक्लवर्णकै "ला" नामक उपद्वीप पर्दछ र ईशान भागमा वर्गाकार वा आयताकार कै पीतवर्णकै "वा" उपद्वीप पर्दछ।


---

[1] यस अध्याय नेपालको बौद्ध वा नेपालमण्डल नामक कार्यपत्रमा आधारित छ। सो कार्यपत्र नेपालमण्डलया बौद्ध सस्कृति सम्मेलन - ११११ मा प्रस्तुत गरिएको थियो। द्रष्टव्यः नेपालमण्डलया बौद्ध सस्कृति सम्मेलन-११११ छगू प्रतिवेदन (ललितपुर, लोटस रिसर्च सेन्टर, २०५६)।

पृथ्वीमण्डलको मेरुदण्ड सुमेरु पर्वत हुन् ।[२] उपरोक्त वर्ण अनुसार पृथ्वी मण्डलको मानचित्र निम्नानुसार कोर्न सकिन्छ ।

चित्र नं १

पृथ्वीमण्डल




## २.२ जम्बुद्वीप

पृथ्वीको मानचित्र भित्रको दक्षिण भागमा अवस्थित त्रिकोणाकारको जम्वु नामक महाद्वीपमा चौविस वटा भूखण्डमा विभाजित गरिएका छन् । ती चौविस वटा भूखण्डका नाम यस प्रकारका छन् :

१. पुर्लीमलय (पूर्णागिरी)
२. जालंधर
३. ओडियान
४. अर्वुद
५. गोडावरी
६. गमेश्वरी
७. देवीकोट
८. मालव
९. कामरुप
१०. ओद्र
११. त्रिशकुनी
१२. कोशल
१३. कलिंग
१४. लंपाक
१५. कांची
१६. हिमालय
१७. प्रेतधिवासीनी
१८. गृहदेवता
१९. सौराष्ट्र
२०. सुवर्णद्वीप
२१. नगर (पाटलिपुत्र)
२२. सिंधु
२३. मरु
२४. कुलता

---

२ द्रष्टव्य रत्नमण्डलपूजा (पाण्डुलिपि) ।

उपरोक्त २४ भूखण्डहरूलाई तीन वटा चक्रमा वर्गीकरण गरिएका छन् । पुल्लीलमलय देखि मालव सम्मको आठ भूखण्डलाई चित्तचक्र भनिन्छ । कामरूप देखि हिमालय आदि आठ भूखण्डलाई कायचक्र भनिन्छ । त्यस्तै प्रेताधिवासीनी देखि कुलता सम्मको आठ भूखण्डलाई चित्त चक्र भनिन्छ ।

उपरोक्त २४ भूखण्डलाई पुनः दशवटा इलाका पनि वर्गीकरण गरिएका छन् । पुल्लीलमलय, जालन्धर, ओडियान र अर्बुद यी चार भूखण्डलाई "पीठ" नामकरण गरिएको छ । गोडावरी, रामेश्वरी, देवीकोट र मालव यी चार भूखण्डलाई "उपपीठ" नामाकरण गरिएको छ । कामरूप र ओद्र यी दुई भूखण्डलाई "क्षेत्र" नामकरण गरिएको छ । त्रिशकुनी र कोशल यी दुई भूखण्डलाई "छन्दोह" नामकरण गरिएको छ । कांचि र हिमालय यी दुई भूखण्डलाई "उपछन्दोह" नामकरण गरिएको छ । प्रेतपुरी र गृहदेवता यी दुई भुखण्डलाई "मेलापक" नामकरण गरिएको छ. सौराष्ट्र र सुवर्णद्वीप यी दुई भूखण्डलाई "उपमेलापक" नामकरण गरिएको छ । नगर र सिंधु यी दुई भुखण्डलाई "श्मशान" नामकरण गरिएको छ ।[३]

उपरोक्त विवरणको आधारमा जम्बु महाद्वीपलाई एउटा मण्डलको रूपमा कोर्न सकिन्छ :

---

[३] *पीठोपपीठक्षेत्रोपक्षेत्रछन्दोपछन्दमेलापकोपमेलापकं ।*
*श्मशानं चोपश्मशानं च जम्बुद्वीपेव्यवस्थित ॥*
*पीठं पूर्ण गिरौ स्यातं पीठं जालंद्धरं तथा ।*
*ओडियानं तथा पीठं अर्वदुमेवच ॥*


*गोडावर्योपपठिं स्यात्तथा रामेश्वराहृवयं ।*
*देविकोट्टाभिधानञ्चमालवं चोपपीठकं ॥*

*कामरुपाहृवयं क्षेत्रं क्षेत्रमोद्राभिधानकं ।*
*त्रिशकुनि उपक्षेत्रंस्यात्कोशलं चोपक्षेत्रकं ॥*
*कलिंगलंपाकयो श्चछन्दोहं च तथैवच ।*
*कांचिकांचोपछन्दोह हिमालय विशेषतः ॥*

*प्रेताधिवासिनीमेलायं गृहदेवतामेवचा*
*सौराष्ट्रेसुवर्णद्वीपे च उपमेलापकद्वयं ॥*

*श्मशानं पाटलिपुत्रं श्मशानं सिन्धुमेवच ।*
*मरुकुलताद्वयस्थाने उपश्मशान कथ्यते ॥*
*(पाण्डुलिपिः संवरोदयतन्त्र, पटलःनवमः)*

चित्र नं :
जम्बूद्वीप




## २.३ नेपाल मण्डल

पृथ्वीमण्डलको उपरोक्त मानचित्र भित्र जम्वु "महाद्वीपको वाक्चक अन्तंत उपछन्दोह भित्र हिमालय भूखण्ड पर्दछ । उक्त हिमाल भूखण्डमा नेपाल मण्डल पर्दछ ।[४]

नेपालमण्डललाई पनि नेपालका वज्रयानीहरूले पुनः २४ भूखण्डमा विभाजन गरेका छन् । ती २४ वटा भूखण्डहरू निम्नानूसारका छन् :-

१. व्रह्मायणी-चन्द्रलखु - नारायणहिती राजदरवारभित्र
२. माहेश्वरी-पासिक्वो - तिनधारापाठशालको पूर्वपट्टि
३. कौमारी-कमलाती - कमलादी गणेशस्थान
४. वैष्णवी-लुमधि - तुंडिखेलछेउ

---

[४] पि एल वैद्य, महायान सूत्र सग्रह–द्वितीय खण्ड , (दरभगा : मिथिला इन्स्टिच्यूट, १९६४), पृ ४८५ ।

*भविष्यति तदा काले उत्तरां दिशिमाश्रृतः ।*
*नेपालमण्डले ख्याते हिमाद्रेः कुक्षिमाश्रिते ॥५०२॥*


| | | |
|---|---|---|
| ५. | वाराही फिवो | - आर्मि हेड क्वाटर संगै |
| ६. | इन्द्रायणीपचुलि नैअजिमा | - पर्चलिभैरव संगै |
| ७. | चामुण्डा-कंग | - कंगेश्वरी |
| ८. | महालक्ष्मी-लुति | - इन्द्रायणी |
| ९. | ब्रह्मायणी-तनजु | - फैखा, हरिसिद्धि, स्वयम्भूको पछाडि |
| १०. | माहेश्वरी-म्हसपि | - म्हेपि, नयाँबजार |
| ११. | कौमारी-तोदन | - नर, नूनालदेवी |
| १२. | वैष्णवी-कति | - दाछि, चागु डाडाको मूनि |
| १३. | वाराही-मिसिदो | - भक्तपूरको महाकाली |
| १४. | इन्द्रायणी-सोरूथी | - शंखमोल, पाटन |
| १५. | चामुण्डा-जालंधर | - पांगा,चारखला, चारघर |
| १६. | महालक्ष्मी-वखु | - मच्छेनारयण जाने वाटो । बः खु सम्माजु जानेवाटोमा |
| १७. | ब्रह्मायणी-ग्वखु | - भिंदुगा, क्षेत्रपाटी, नदीको तीरमा, काठमाडौं र धाडिङ्गको सिमाना |
| १८. | माहेश्वरी-गदेभेरु | - देवीघाट, त्रिशुलि |
| १९. | कौमारी-तप्या | - नवलिंग, (भद्रकाली) बुढानीलकण्ठ जानेवाटोको दायां पट्टी |
| २०. | वैष्णवी-सादुकुना | - सादुकोला, साँखु |
| २१. | वाराही-समेदा | - दोलालघाट |
| २२. | इन्द्रायणी-ओतीर्थ | - कोशीक्षेत्र, दुम्जाघाट । |
| २३. | चामुण्डा-त्यांगा | - बादेत्यांगा, टीकाभैरव |
| २४. | महालक्ष्मी-झंग | - झंगु, कोदुवाल |

ती २४ भूखण्डमध्ये पहिलो चन्द्रलखु देखि आठौं लुति समको आठ भूखण्डलाइं चित्तचक्र भनियो । त्यसपछि नवौ तनजु देखि सोह्रौ वखु जम्मा आठ भूखण्डलाई वाक्‌चक्र भनियो । त्यसपछि सतरौ ग्वखु देखि चौविसौ झग सम्मको आठ भूखण्डलाई काय चक्र भनियो । उक्त चित्त चक्र, वाक् चक्र र कायचक्रलाई समष्टिगत रूपमा त्रिचक्र पनि भनिन्छ । उपरोक्त वर्णन अनुसार नेपाल मण्डलको मान चित्र निम्नानुसारको हुन आउंदछ ।

नेपालमण्डललाइं चौविस भूखण्ड र त्रिचक्रमा विभाजन गरिनुका मूल आधार चक्रसंवर मण्डल हो । चक्र संवरमण्डलको मानचित्र संक्षिप्तरूपमा यस प्रकारका हुन् :


चित्र न ३ क

नेपालमण्डल





चित्र न ३ ख

नेपालमण्डल



चित्र नं ३ ग

**नेपालमण्डल**




चक्रसंवरको दीक्षाप्राप्त शाधकले साधनाको क्रममा उपरोक्त २४ भूखण्डलाई मानेर मन्त्रलाभ, योगाभ्यास आदि शाधन गर्नु पर्दछ । एवंरितले नेपालमा पनि चक्रसंवरको दीक्षाप्राप्त शाधकले नेपालमण्डलका उक्त २४ भूखण्डको परिक्रमा गर्ने परम्परा अद्यापि छ । उक्त परिक्रमा कार्यलाई पूर्वसेवा तथा पीठसेवा भनिन्छ ।

जसरि चक्रसम्बरको मण्डलको आधारमा नेपालमण्डलको कल्पना गरेर पूर्वसेवा जाने परम्परा छ त्यस्तै स्वयम्भूपुराणको आधारमा पनि नेपाललाई एउटा भिन्नै मण्डलको परिकल्पना गरि पूर्वसेवा जाने परम्परा भएको सुन्न पाईन्छ ।यस सम्वन्धमा स्मरण योग्य कुरा एउटा यो छ, कि "मञ्जुदेवाचार्यले कापोतलपर्वत छेदन गरिसकेपछि पानी सबै उपत्यका वाहिर वहन थाले । तर पनि उपत्यकामा पानी सुक्न सकेन । सहस्रदलको कमलको फुलको जरावाट पानी उम्रन्दै थिए । त्यो पानीको मूललाई रोक्न मञ्जुदेवाचार्यले "जलस्तम्भनयोग" गरे । त्यो योगको फलस्वरूप त्यो मूलवाट पानीका छित्का

वाहिर निस्केर तितरवितर हुनथाले । त्यस समयमा मञ्जुदेवाचार्यले योगको माध्यमबाट तितरवितर भएको पानीमा श्रीनैरात्मादेवी (हेवज्रनैरात्मा) र अन्य वीर-वीरेश्वरीहरू (वज्रयानकादेवदेवीहरू)को उत्पत्ति र दर्शन प्राप्त गरे ।[५] यहां श्रीनैरात्मादेवी र अन्य वीर-वीरेश्वरीहरूको अर्थ श्रीहेवज्रनैरात्मा र उहांको मण्डल (श्रीहेवज्रनैरात्मामण्डल[६] भन्न खोजेको हुनुपर्छ । स्वयम्भूपुराणमा नेपालको उत्पत्तिको विवरण साथसाथै श्रीहेवज्रनैरात्माको र अन्य वीर-वीरेश्वरीहरू (श्रीहेवज्रनैरात्मामण्डल) उल्लेख भएवाट नेपालमण्डल र श्रीहेवज्रनैरात्मामण्डलको पारस्परिक सम्वन्ध हुन सक्ने अनुमान गर्न सकिन्छ । यसै सन्दर्भमा श्रीहेवज्रनैरात्मामण्डलको आधारमा पनि नेपालमण्डलको परिकल्पना गरि पूर्वसेवा जाने परम्परा हुन सक्ने अनुमान गर्न सकिन्छ ।

स्वयम्भूपुराणको विवरणमा मञ्जुदेवाचार्यवाट श्रीहेवज्रनैरात्मा र कालान्तरमा शान्तीकराचार्यवाट शान्तिपुर स्थापना भएको घटना पढ्न पाइन्छ । शान्तीकराचार्यवाट निर्मित शान्तिपुरमा मूलदेवता "महासम्वर" हो भन्ने परम्परागत विश्वास छ । "महासम्वर भन्नासाथ "महासम्वरमण्डल" पनि संगसंगै आउनु स्वभाविक छ । यसै सन्दर्भमा महासम्वरमण्डल परम्परा अनुसार पनि नेपालमण्डलको परिकल्पना हुन सक्ने धेरै संभावनालाई नकार्न सकिन्न ।

स्वयम्भू पुराणमा उल्लेख भए अनुसार नेपालमा मञ्जुदेवाचार्यले विक्रमशीलमहाविहारका आचार्य धर्मश्रीमित्रलाई धर्मधातुवागीश्वरको मण्डल लेखी, मण्डल दर्शन दिई अभिषेक दिई द्वादशाक्षरको गुह्यार्थ एवं वाह्यार्थ वताए पछि स्वयम्भूज्योति धर्मधातुवागीश्वरचैत्यको नामले प्रसिद्ध भए भन्ने कुरा पनि स्मरणीय छ । धर्मधातुवागिश्वरचैत्यको मूलआधार धर्मधातुमण्डल हो ।[७] वास्तविक कुरा के हो भने एक कुशल आचार्य (वज्राचार्य)ले वज्रयानमा जति मण्डलहरू छन् ती मध्ये धेरै जसो मण्डलहरूको छुट्टाछुट्टै आधारमा "नेपालमण्डल"को परिकल्पना गर्न सक्दछ, ती मण्डलसंग "नेपालमण्डल" मिलाउन सक्दछ ।

"नेपालमण्डल" भित्र पनि "ललितपुरमण्डल", "भक्तपुरमण्डल", "मध्यपुरमण्डल (थिमि)"का परिकल्पना गरिएको छ । वज्राचार्य तथा शाक्यहरू ललितपुर (देश)को छुट्टै आठवटा स्थान (पीठ)हरूमा मात्रै पनि पूर्वसेवा(

५ वद्रीरत्न वज्राचार्य, स्वयम्भू पुराण, (यें : मानमाया तुलाधर, ने.स. ११०३) पृ.३२

६ विनयतोष भट्टाचार्य(स), निष्पन्नयोगावली, (बरोदा : ओरियन्टल इन्स्टिच्युट, १९७२), पृ.१६-१७

७ एजन पृ. ५८-६५

पीठसेवा) जाने परम्परा छ । ती आठवटा स्थान (पीठ)हरूको एक चकलाई चित्तचक भनिन्छ । त्यो चित्तचक, चक्रसम्वरमण्डलको चित्तचक्र संग मिल्छ ।

ललितपुरमा झैं भक्तपुरमण्डल(देश)को छुट्टै आठवटा स्थानहरू( पीठ)हरूमा पनि पुर्वसेवा (पीठसेवा) जाने परम्परा अद्यापि छँदै छ । ती आठवटा स्थानको एकचक जमलाइं चित्तचक्र भनिन्छ, त्यो पनि चकसम्वरमण्डलको चित्तचकसंग तुलनीय छ । ललितपुर र भक्तपुरमा मात्रै होइन मध्यपुरमण्डल(थिमि)मा पनि आठवटा स्थान(पीठ)हरूको एक चक-चित्तचकमा पूर्वसेवा (पीठसेवा) जाने परम्परा जीवितै छ । त्यस्तै कीर्तिपुरमण्डलको परिकल्पना भएको पनि हुनसक्ने देखिन्छ । ललितपुरमण्डल: भक्तपुरमण्डल र मध्यपुरमण्डल(थिमि)का आठ-आठवटा स्थानहरू यस प्रकारका छन् :

## २.४ ललितपुर मण्डल

| | मण्डल | | चित्तचक्र |
|---|---|---|---|
| १. | व्रह्मायणी | - | नेखुहं (वुंगमति जाने वाटोमा) |
| २. | रूद्रायणी | - | पलिंगा, नेखु (वुंगमति जाने वाटोमा) |
| ३. | कुमारी | - | वालकुमारी |
| ४. | वैष्णवी | - | थेप्पा, नेखु, (वुंगमति जाने वाटोमा) |
| ५. | वाराही | - | धंचूली |
| ६. | इन्द्रायणी | - | ल्वहमा (वल्खु) |
| ७. | चामुण्डा | - | शिकुवही |
| ८. | महालक्ष्मी | - | थछें (लगनखेल) |

## २.५ भक्तपुर मण्डल

| | मण्डल | | चित्तचक |
|---|---|---|---|
| ०. | केन्द्र | - | भैरव-तमधिटोल |
| १. | व्रह्मायणी | - | सूर्य मधिटोलवाट माथि पूर्वतिर |
| २. | माहेश्वरी | - | वचूटोलवाट तल |
| ३. | कौमारी | - | यसिख्यलमा |
| ४. | वैष्णवी | - | चुपिंगाल |
| ५. | वाराही | - | वंशगोपालवाटोवाट उत्तर |
| ६. | इन्द्रायणी | - | खमावाट तल |

७ चामुण्डा - महाकालीस्थान, ब्यासी संगै
८ महालक्ष्मी - थालाछें टोल

## २.६ मध्यपुर (थिमि) मण्डल

| मण्डल | - | चित्तचक |
|---|---|---|
| १ ब्रम्हायणी | - | परसिक्व: |
| २ माहेश्वरी | - | जंलाटोल |
| ३ कौमारी | - | क्वालखुटोल |
| ४ वैष्णवी | - | सुंगाटोल |
| ५ इन्द्रायणी | - | स्युचाक्व: |
| ६ वाराही | - | क्वाछें |
| ७ चामुण्डा | - | इनाक्व: |
| ८ महालक्ष्मी | - | चोडेटोल |

अन्तमा 'वज्राचार्य प्रवेश' विषयमा अध्ययन तथा अनुसन्धान हुन सकेमा नेपालको वौद्ध धर्म वा परम्परामा 'नेपालमण्डल' अझ वढी स्पष्ट हुन सक्नेछ ।

●

अध्याय तीन

# वर्तमान नेपालमण्डलका बज्रयानी विहार र संघ संरचना

वज्रयानी परम्पराका विभिन्न संघ र ती संग सम्बन्धित अर्थमहत्वको हाराहारीमा विहारहरू अद्यापि नेपालमण्डलमा विद्यमान छन् । नेपालमण्डलको वज्रयानी संघ भन्नाले यहांका वज्राचार्यहरूको संघ र शाक्यहरूको संघलाई जनाउंदछ । वज्राचार्य र शाक्यहरूका कुलपुत्रहरूलाई बालक अवस्थामै प्रव्रजित गरी भिक्षु बनाइन्छ । प्रव्रजित पश्चात् उनीहरूलाई आ-आफ्नो स्थानीय विहारको संघमा प्रवेश गराइन्छन् । वज्राचार्यका कुलपुत्रहरूलाई संघ प्रवेश पछि पुनः आचार्य अभिषेकको प्रक्रिया पुऱ्याइन्छ । तत्पश्चात् उनीहरू वज्राचार्य कहलिन्छन् । प्रव्रजित गर्ने र आचार्य अभिषेक प्रदान दिने कार्य विहारमा हुने गर्दछ । त्यस्ता विहारहरूलाई याहां वज्रयानी विहार भनिएको हो । सामान्यतया आ-आफ्ना पुर्खौलि विहारमा प्रव्रजित गर्ने परम्परा छ । जुन विहारमा प्रव्रजित गरायो उ उहि विहार कै संघको सदस्यमा गणिन्छ । कतै कतै आफ्नो पुर्खौलिको विहारको साथ साथै अन्य विहारमा पनि प्रव्रजित गराउन सक्ने पनि परम्परा छ । तर उनीहरूको संघको सदस्यता भने पुर्खौलि विहारमै मात्र कायम रहन्छ ।

सामान्यतया प्रव्रजित पछि चारदिन सम्म भिक्षुको अवस्थामै रहन्छ । पाचौं दिनमा गृहस्थिमा प्रवेश हुन्छ । त्यसपछि वज्राचार्यका कुलपुत्रहरूलाई आचार्य अभिषेक प्रदान गर्दछ । कतै कतै एकदिने भिक्षु बनाइन्छ र उहि दिनमै आचार्य अभिषेक पनि दिइन्छ । कतै कतै गृहस्थि प्रवेशको केहि कालान्तरमा मात्रै इच्छाएको समयमा आचार्य अभिषेक दिइन्छ ।

नेपालमण्डलमा एउटै वज्रयान सम्प्रदायको पनि संघ र विहारको भिन्न भिन्न परम्परा भएकाले क्षेत्रिय आधारमा ती संघ र विहारको परम्परालाई अध्ययन गर्नुपर्ने हुन्छ । नेपालमण्डलका वज्रयानी संघ र विहारहरूलाई परम्परागत रूपमा कान्तिपुर, ललितपुर, भक्तपुर र मध्यपुर गरी चार क्षेत्रमा विभाजन गरिन्छ । ललितपुर वरीपरीका स-साना वस्ती लगाएत कीर्तिपुरलाई पनि ललितपुर अन्तर्गत गणना गर्ने प्रचलन छ ।

## ३.१ कान्तिपुरका बज्रयानी विहार र संघ संरचना

सामान्यतया विहारलाई महाविहार भनेर लेख्ने गर्दछ । उक्त लेखाइको कारणले ती सबै विहारहरू एकै थरिका हुन् कि भन्ने लाग्न सक्दछ । तर महाविहार लेख्ने गरेतापनि ती विहारहरूको भिन्नता ती विहारहरूमा भएका संघले छुट्टिन्छ । कान्तिपुरमै सयौंको संख्यामा महाविहारहरू छन् । ती विहारहरूलाई र त्यहाँका संघलाई सांघिक दृष्टिकोणले तीन थरिका विहार र संघमा विभाजन गरेको पाइन्छ ।

१) अठार महाविहार र अठार महाविहार वज्राचार्य संघ तथा शाक्यभिक्षु संघ

२) दश महाविहार र शाक्यभिक्षु संघ

३) सोन्ह महाविहार र शाक्यभिक्षु संघ

### ३.१.१ अठार महाविहार र अठार महाविहार बज्राचार्य संघ तथा शाक्यभिक्षु संघ

कान्तिपुरमा "झिं च्यागुवाहा" को नामले प्रसिद्ध अठार वटा महाविहारहरू छन् । नेपालभाषाको शव्द "झिं च्यागु"को अर्थ अठार हो । उक्त अठार महाविहारलाई "झिं च्यागु मू वाहा" (अठार मुख्य विहार) पनि भन्ने गरिन्छन् । ती अठारवटा विहारको प्रत्येक विहारमा एउटा एउटा संघ पनि छ । त्यसकारण अठार विहार अनुरूप अठारवटै संघहरू छन् । ती अठार विहारको संघमध्ये कुनै कुनै विहारमा वज्राचार्यहरू मात्रै छन् भने कुनै कुनै संघमा वज्राचार्य र शाक्यभिक्षुहरूको सहवास छन् । भनिन्छ शुरूदेखि ती अठार वटै विहारमा प्रव्रजित अर्थात् शाक्यभिक्षु भइसकेपछि आचार्य अभिषेक लिइन्थ्यो र संघमा वज्राचार्यहरू मात्रै हुन्थ्यो । त्यसैले ती अठार महाविहारलाई अठार मुख्य विहार भन्ने गरेका हुन् । कालान्तरमा समयमै आचार्य अभिषेक प्रक्रिया पूरा गर्न नसकेकाहरू शाक्यभिक्षु मै सिमित हुन पुगे । यसरी केहि विहारहरूमा वज्राचार्य र शाक्यभिक्षुहरूको संयुक्त संघ पनि देखा परे भने त्यसको निरन्तरता अद्यापि छ ।

ती अठार महाविहारहरू कान्तिपुरको उत्तरदेखि दक्षिणतीर फैलिएका छन् । उत्तरमा ठमेलको मुनि देखि दक्षिणमा टेकुभित्र ती अठार विहारहरू विद्यमान छन् । उत्तर दिशालाई उपल्लो र दक्षिण दिशालाई तल्लो मान्ने प्रचलन छ । त्यसैले ती अठार महाविहारलाई गणना गर्दा उत्तर दिशाबाट दक्षिण दिशातिर क्रमानुसार गणना गर्ने परम्परा छ ।

ती अठार महाविहारका प्रत्येक विहारको संघमा प्रव्रजित भइसकेका सबै व्यक्तिहरू सदस्यमा गणिन्छन् भने ती मध्ये प्रव्रजित भएको जेष्ठताका क्रमले सबैभन्दा जेष्ठ सदस्यलाई "चक्रेश्वर" तथा "स्थविर" भनिन्छ । संघका

सदस्यहरूको समूहलाई चक्र शब्द प्रयोग भएको हो । त्यसैले यो संघ वा चक्रको नायकलाई चक्रेश्वर भनिएको हो । यो चक्रेश्वर शब्द स्थविरवादको "संघनायक" शब्दको समकक्षमा तुलना गर्न सकिन्छ । सबैभन्दा जेष्ठ भएकाले नै चक्रेश्वरलाई स्थविर पनि भनेको हो । स्थविरलाई नेपालभाषामा "थाय्पा" भनिन्छ । एउटा विहारको जेष्ठ स्थविरलाई स्थविरवादको महास्थविरसंग तुलना गर्न सकिन्छ । चक्रेश्वरको मुनि जेष्ठता कै क्रमले अन्य चारजना स्थविरहरू पनि रहेका हुन्छन् । ती पाँचजनाको समूहलाई "पञ्चस्थविर" भनिन्छ । ती पञ्चस्थविर नेपालभाषामा "न्याम्ह थाय्पा" ले प्रसिद्ध छ । ती पञ्चस्थविरमै संघको कार्यकारिणी अधिकार निहित रहेका हुन्छन् ।

वज्राचार्य र शाक्यभिक्षुहरूको संयुक्त संघ भएको विहारमा वज्राचार्य मात्रै चक्रेश्वर हुन पाउने व्यवस्था छ । प्रव्रजित भएको जेष्ठताको क्रममा शाक्यभिक्षु जेष्ठ भएतापनि कनिष्ठ वज्राचार्य नै उक्त विहारको चक्रेश्वरको पदमा वहालि हुन्छ । विहारको संघको सदस्यको देहान्त भएमा प्रव्रजित भएको जेष्ठताको क्रमले स्वत: सदस्यको पदोन्नति हुन्छ । पञ्चस्थविर मध्ये कसैको देहान्त भएमा मुनिका सदस्यको स्वत: स्थविर पदमा पदोन्नति हुन्छ । स्वेच्छाले पनि संघको सदस्य छोडन वा स्थविर पदमा वहालि नहुन सक्ने पनि व्यवस्था छ ।

ती अट्ठार विहारका प्रत्येकका एक संस्कृत नाउं र अर्को नेपालभाषा नाउं गरी दुईवटा नाउंहरू छन् । नेपालभाषामा दिइएका नाउं भने संस्कृत नाउंको अनुवाद होइन । उदाहरण लागि "मैत्रीपुर महाविहार" लाई "क्वावाहा" नामले वढि चिनिन्छ । वाहा भनेको महाविहार शब्दको अनुवाद हो तर "क्वा" शब्द "मैत्रीपुर"को अनुवाद होइन ।[१] ती अट्ठार महाविहारका शाखा विहारहरू पनि छन् । ती सबै शाखा विहारहरूलाई संस्कृतमा महाविहार नै भन्ने गरेतापनि नेपालभाषामा "कचावाहा" (शाखा विहार) भनिन्छ । ती विहारका पनि संस्कृत नाम र नेपालभाषाका नाम गरी प्रत्येकको दुईवटा नाउं छन् ।

उपरोक्त अट्ठार महाविहारहरूलाई क्षेत्रीय आधारमा चार खण्डमा पनि विभाजन गर्ने परम्परा छ । उत्तरमा ठमेलदेखि असनको टूहे माछा सम्मलाई उत्तरि भेग अर्थात् उपल्लो क्षेत्र मानिन्छ । त्यस क्षेत्र भित्रका विहारहरूलाई नेपालभाषामा "थथुपुइंया वाहा" भन्ने चलन छ । "थथु" को अर्थ उपल्लो, पुइंको अर्थ क्षेत्र वा खण्ड हो । उक्त क्षेत्रभित्र पर्ने निम्न लिखित चारवटा विहारहरू पर्दछन् ।

---

१ कान्तिपुरका अट्ठार महाविहारका संस्कृत नाम, नेपालभाषा नाम, संघ र स्थान विषयमा परिशिष्टमा हेर्नु होला ।

१. क्वा बाहा:  २. न्हु बाहा:

३. ध्वाका बाहा:  ४. गं बाहा:

ती चारैवटा विहारका संघका सम्पूर्ण सदस्यहरू वर्षेनि एक पटक भेला हुन्छन् । प्रत्येक विहारमा नव प्रव्रजित सदस्यहरूको नाम उक्त भेलामा नामाङ्न (पंजीकरण) गरिन्छन् र उक्त क्षेत्रिय भेलामा प्रवेश दिइन्छ । उक्त भेलालाई नेपालभाषामा "थथुपुईंया आचागु" भनिन्छ । यसको अर्थ नेपालीमा उपल्लो क्षेत्रका आचार्य (वज्राचार्य) हरूको भेला भन्ने हुन आउँदछ । प्रत्येक वर्ष फाल्गुण शुक्ल द्वादशीका दिन उक्त भेला हुने परम्परा छ ।

असनको ढुङ्गे माछा देखि मल्लकालीन राजदरवारको क्षेत्रको उत्तर सिमाना सिहंदुवात (मखनटोल) सम्म लाई मध्यभेग मानिन्छ । त्यस क्षेत्र भित्रका विहारहरूलाई "दथुपुईंया वाहा" भन्ने चलन छ । दथुको अर्थ विच भाग हो । उक्त क्षेत्रभित्र निम्नलिखित सात वटा विहारहरू पर्दछन् ।

१. तक्षे बाहा:  २. जन वाहा:

३. इटुं बाहा:  ४. मु बाहा:

५. सवल वाहा:  ६. मखं वाहा:

७. ते वाहा:

ती सातैवटा विहारका संघका सम्पूर्ण वज्राचार्य सदस्यहरूको वर्षेनी एक पटक भेला हुन्छ । प्रत्येक विहारका नव प्रव्रजित सदस्यहरूको नामाङ्न गरिन्छन् र उक्त भेलामा प्रवेश दिइन्छ । उक्त भेलालाई नेपालभाषामा "दथुपुईंया आचागु" भनिन्छ । यसको अर्थ मध्य क्षेत्रका आचार्य (वज्राचार्य) हरूको भेला हो । प्रत्येक वर्ष चैत्र पूर्णिमाका दिन उक्त भेला हुने परम्परा छ । दथुपुइंका उपरोक्त सात विहारहरू मध्ये तीन वटा विहारहरू जनवाहा:, इटुं वाहा: र मखं वाहा:मा शाक्यभिक्षु र वज्राचार्यहरूका संयुक्त संघ हुन् । तर "पुइं आचागु" मा शाक्यभिक्षुहरूको सहभागिता हुँदैन ।

मल्लकालीन दरवारको नजिक एक मात्र महाविहार श्रीखण्डतरूमूलमहाविहार छ । अन्य विहारका सदस्य संख्याको तुलनामा त्यस विहारका संघका संख्या धेरै छ । एक्लो विहार भए तापनि उक्त विहारलाई एक छुट्टै क्षेत्रको रूपमा मान्यता प्रदान गरिएको छ । नेपालभाषामा उक्त क्षेत्रलाई "लायकुपुइं" भनिन्छ । यसको अर्थ "राजकुल क्षेत्र" हो । उक्त विहारमा पनि शाक्यभिक्षुहरू र वज्राचार्यहरूको संयुक्त संघ परम्परा छ । उक्त विहारका वा क्षेत्रका सम्पूर्ण शाक्यभिक्षु र वज्राचार्यहरूको वर्षेनी एकपल्ट भेला हुन्छ । नव प्रव्रजितहरूलाई उक्त दिन नामाङ्न गरी संघमा प्रवेश गराइन्छ । उक्त भेला माघ कृष्ण प्रतिपदाका दिन हुन्छ । उक्त भेला "पोहेंला भ्वय्" नामले प्रसिद्ध

छ। पोहेंलाको अर्थ माघ कृष्णपक्ष हो भने भ्वय्को अर्थ भोज हो। माघ कृष्ण प्रतिपदाका दिन भेला भई भोज पनि खाने भएकोले "पोहेला भ्वय्" भनिएको हो। उक्त भेलालाई अन्यत्र भैं "पुई आचागु" नभने तापनि एक प्रकारले संघको भेला नै हो। उक्त भेलामा शाक्यभिक्षु र वज्राचार्यहरू दुवै संयुक्त संघको सहभागिता एक विशेषता मान्नु पर्दछ।

मल्लकालीन राजदरवार परिसरको दक्षिणको मिमानादेखि टेकु वरपर सम्मको क्षेत्रलाई नेपालभाषामा "कोने" भन्ने चलन छ। कोनेको अर्थ तल्लो क्षेत्र हो। कोने क्षेत्रभित्र छ वटा विहारहरू पर्दछन्। ती विहारहरूलाई समग्रमा "कोनेपुईंया वाहा" भन्ने चलन छ। कोने पुइंका विहारहरूका नाम यस प्रकारका छन् :-

| | |
|---|---|
| १. ओं बाहा: | २. इकू बाहा: |
| ३. मिखा बाहा: | ४. लगं बाहा: |
| ५. मुसुं बाहा:(जापातुं) | ६. मुसुं बाहा:(पिनेया) |

ती छ वटा विहारहरूका वज्राचार्य संघको पनि वर्षेनी "आचागु" चलाइन्थ्यो होला। कालान्तरमा उक्त भेला असाध्यै सिमित संख्यामा हुन थाल्यो। सो भेला अर्थात् "कोनेपुईंया आचागु" प्रत्येक वर्ष वैशाख कृष्ण चतुर्दशीका दिन हुने परम्परा छ। वर्तमान समयमा उक्त आचागु सम्वन्धि सम्वन्धित समाजमा जन चेतना जगाउने, उल्लेखनीय संख्यामा सहभागिता गराउने र परम्परालाई निरन्तरता दिने नयाँ शोच र जोशका साथ कार्य भइरहेको पनि छ। उपरोक्त विहारहरू मध्ये ओंवाहा र लगंवाहामा शाक्यभिक्षु र वज्राचार्यहरूको संयुक्त संघ छन्।

उपरोक्त चार क्षेत्रका विहारहरूका संघका सभालाई क्षेत्रीय बौद्ध अधिवेशन (Regional Buddhist Council) भन्न सकिन्छ। ती चारै क्षेत्रका अर्थात् अठ्ठार वटै विहारका सम्पूर्ण वज्राचार्यहरूको फेरी एउटा छुट्टै वृहत् भेला हुने परम्परा छ। उक्त भेला "दे आचागु" नामले प्रसिद्ध छ। दे को अर्थ देश हो भने आचागुको अर्थ वज्रयानी आचार्य (वज्राचार्य) हरूको अधिवेशन हो। यस अधिवेशनलाई कान्तिपुरको राष्ट्रिय वज्रयानी बौद्ध अधिवेशन (National Buddhist Council of Nepalese Vajrayana) तथा बौद्ध महासंघको भेला भन्न सकिन्छ।

अठ्ठार जना स्थविर मध्ये पनि जेष्ठ स्थविरलाई मूल चक्रेश्वर एवं "दे थाय्पा" भनिन्छ। मूल चक्रेश्वरको अर्थ चक्रेश्वरहरू मध्ये पनि मुख्य व्यक्ति हो भने मूल चक्रेश्वरलाई स्थविरवादको महासंघनायक समकक्षमा तुलना गर्न सकिन्छ। दे थाय्पाको अर्थ देश भरिका आचार्य (वज्राचार्य) मध्ये जेष्ठ स्थविर

हो । मूलचक्रेश्वर एवं दे थायपा कान्तिपुरको वज्रयानी परम्पराको सर्वश्रेष्ठ ओहदा हो ।

सर्वप्रथम स्वयम्भु चैत्यको पश्चिम भागमा अट्ठारवटै विहारका चक्रेश्वरहरूको भेला हुन्छ । मूलचक्रेश्वरको प्रमुखत्वमा उपस्थित भएका अन्य चक्रेश्वरहरूको सन्मुख अट्ठारवटै विहारका नव प्रव्रजित वज्राचार्य एवं आचार्य अभिषेक प्राप्त गरेका सम्पूर्ण वज्राचार्यहरूले आफ्नो नामाङ्कन विधिवत गर्दछन् । तत्पश्चात् उक्त दे आचागुका अन्य कार्यक्रमहरू अगाडि बढ्छन् । "दे आचागु" दुई दिनमा सम्पन्न हुन्छ । पहिलो दिन चैत्र कृष्ण अष्टमीका दिन स्वयम्भुमा हुन्छ । त्यसको भोलिपल्ट "कोनेपुई" का क्षेत्रभित्र हुन्छ ।

जनश्रुति अनुसार उक्त आचागुमा पहिले पहिले नेपालमण्डल भित्र कै सम्पूर्ण मुख्य विहार (मू वाहा) का वज्राचार्यहरू सहभागिता हुन्थ्यो । कालान्तरमा कान्तिपुरका बाहेक अन्य क्षेत्रका वज्राचार्यहरूले उक्त दे आचागुमा सहभागि हुन छोड्दै गए । आ-आफ्नो क्षेत्र मै "आचागु" चलाउन थाले । उदाहरणका लागि भक्तपुरकाले भक्तपुरमै, ललितपुरकाले ललितपुरमै, मध्यपुरकाले मध्यपुरमै आचागु चलाउन थाले ।

### ३.१.२ दश महाविहार र शाक्यभिक्षु संघ

कान्तिपुरमा माथि उल्लेखीत अट्ठार महाविहार र संघसंग सम्वन्ध नभएका भिन्नै संघ भएका छुट्टै विशेषता वोकेका दश महाविहारहरू पनि छन् । ती दश महाविहारका प्रत्येकमा संघको पनि व्यवस्था छ । यसरी आठ महाविहार अनुरूप आठै वटा संघ छ । ती विहारहरूका नाम निम्नानुसारका छन् :

| | |
|---|---|
| १. श्रीघः वहा | ६. विकमा वहा |
| २. नघः वहा | ७. कोहिटी वहा |
| ३. असं वहा | ८. यः वहा |
| ४. माबु वहा | ९. तमु वहा |
| ५. तधं वहा | १०. सो वहा |

ती प्रत्येक संघमा शाक्यभिक्षुहरू मात्रै छन् । ती संघका कुलपुत्रहरूलाई वालक अवस्थामै आ-आफ्नो विहारमा प्रव्रजित गरी भिक्षु वनाइन्छन् र चार दिन पछि गृहस्थिमा प्रवेश गराइन्छ । प्रव्रजित भइसकेका सवै आ-आफ्नो विहारको संघमा प्रवेश पाएको मानिन्छ । आ-आफ्नो विहारमा कुलपुत्रहरूलाई प्रव्राजित गराउंदा वज्राचार्य गुरुको गुरुत्वमा गर्ने गर्दछ । संघ विना विहारको औचित्य छैन । जहां विहार छ त्यहां संघ छ । जहां संघ छ त्यहां संघ भेला

पनि हुनु स्वाभाविक छ । तर उपरोक्त विहारहरूमा छुट्टाछुट्टै संघ भेला वा छ वटा विहार कै एकै ठाउँमा महासंघ भेला वर्तमान समयमा हुने गरेको छैन ।

### ३.१.३ सोह्र महाविहार र शाक्यभिक्षु संघ

कान्तिपुरमा माथि उल्लेख गरेका दुई थरिका महाविहार र संघ अतिरिक्त पनि एक छुट्टै विशेपता बोकेको विहार र त्यस विहारको संघ छ । नेपालभाषामा उक्त विहारलाई "वही" भनिन्छ भने विहारका संघलाई "वही संघ" भन्ने चलन छ । वर्तमानमा त्यस्ता सोह्रवटा विहारहरू अस्तित्वमा छन् जुन "भिंखुगु वही" तथा "भिंखुगु वहीसंघ" ले प्रसिद्ध छ । "भिंखुगु"को अर्थ सोह्र हो । वही शब्दले पनि विहारलाई जनाउँदछ । माथि उल्लेख भइसकेको छ की विहारलाई नेपालभाषामा "वाहा" भनिन्छ भनेर तर यहाँ सोह्रवटा महाविहारको सन्दर्भमा विहारलाई "वाहा" नभनिकन "वही" भन्ने गरेको छ । ती विहारका संघलाई "वही संघ" भन्ने प्रचलन छ । सामान्यतया वाहा र वहीले विहारलाई नै जनाएतापनि शुक्ष्म रूपमा हेर्दा यी दुई शब्दले दुई भिन्न खालको परम्परालाई बोकेको छुट्टाछुट्टै विहारलाई जनाउँदछ । त्यसैले नेपालको वज्रयानी परम्परामा सोह्र वही वा वही संघको छुट्टै अस्तित्व छ । ती सोह्र वहीका संघलाई संस्कृतमा शाक्यभिक्षु, श्रीभिक्षु तथा व्रम्हचर्य भिक्षु भन्ने चलन छ भने नेपालभाषामा "विखु वरे संघ" भन्ने प्रचलन छ । यहाँ "वरे" को अर्थ भिक्षु भइसकेका वन्दनीय हो भने "वरे" को पनि विशेपण "विखु" हो । "विखु" शब्दको अर्थमा अनुसन्धान गर्नु जरूरी देखिन्छ ।

ती सोह्र महाविहार उत्तरमा चावहिल देखि दक्षिणमा टेकुसम्म फैलिएका छन् । ती प्रत्येक विहारमा संघ भएतापनि प्रत्येक विहारमै प्रव्रज्यासम्वर प्रदान दिने कार्य हुँदैन । ती सोह्र महाविहारहरू पनि विभिन्न खण्डमा बाँडिएका छन् । जुन यस प्रकारका छन् :

क) १. स्वयम्भु वही

स वहीका कुलपुत्रहरूलाई हाल छुटुंवहालमा प्रवजित गरिन्छन ।

ख) २. त्रेश वही ३. मांका वही ४. अटक्ख् वही

उपरोक्त तीन वहीका कुलपुत्रहरूलाई अटक्ख् वहीमा प्रवजित गरिन्छन ।

ग) ५. मुकु वही

यस वहीका कुलपुत्रहरूलाई मोही वहीमा प्रवजित गरिन्छन ।

घ) ६. गण वही ७. मरु वही ८. खुसी वही

उपरोक्त तीन वहीका कुलपुत्रहरूलाई मरु वहीमा प्रवजित गरिन्छन ।

ङ) ९. क्वथु दुगं वही १० दुगं वही

उपरोक्त दुई वहीका कुलपुत्रहरूलाई दुगं वहीमा प्रवजित गरिन्छन ।

घ) ११ मख बही

यस बहीका कुलपुत्रहरुलाई मोही बहीमा प्रव्रजित गरिन्छन ।

ङ) १२ ञायक बही १३ ञ्वाक बही  १४ न: बही

उपरोक्त तीन बहीका कुलपुत्रहरूलाई न: बहीमा प्रव्रजित गरिन्छन् ।

च) १५ चा: बही  १६ क्वथु चा: बही[२]

उपरोक्त दुवै बहीका कुलपुत्रहरूलाई आ-आफ्नै बहीमा प्रव्रजित गरिन्छन् ।

ती सोह्र महाविहारका संघका पञ्चस्थविर र प्रत्येक विहारबाट एक एक जना गरी जम्मा एक्काईस जना वर्षेनी दुईपटक भेला हुने परम्परा जीवितै छ। उक्त भेलालाई "चमेला गुठि" भन्ने गर्दछ । प्रत्येक वर्षको माघ संक्रान्तिका दिन र वैशाख पूर्णिमाका दिन भेला हुने गर्दछ। माघ संक्रान्तिका दिन आलोपालो गरी सोह्र महाविहार मध्ये कुनै एक विहारमा भेला हुने गर्दछन् भने वैशाख पूर्णिमाका दिन विक्रमशील महाविहार (थंवहिल) मा भेला हुने गर्दछ।

विक्रमशील महाविहार माथि उल्लेखित अठार आदि विहार संघ संरचना भित्र नपर्ने भिन्दै विहार हुन् । तर सो विहारलाई "वहि" वर्गमा राखिएको छ। त्यसैले उक्त विहार विक्रमशील महाविहारले भन्दा "थंवहि" ले पनि लोक प्रसिद्ध छ। कान्तिपुरको सव भन्दा माथिल्लो भागमा पर्ने वहि भएकोले थंवहि भनिएको हो । थंवहिलाई भगवान वहाल पनि भनिन्छ । यो विहार लिच्छविकालिन मानिन्छ । यहाँ तत्कालिन भारतीय पण्डित अतिसा दीपंकर पनि वसेर गएको थियो भनिन्छ।

थंवहिका धेरै विशेषताहरू छन् । उक्त विहार शाक्य वा वज्राचार्य संघको निवाश स्थान नभईकन "प्रधान" थरका एक समूहको निवाश स्थान हो । ती प्रधान समूहले व्यवस्था गरिराखेको "सुवाजु" थरका कुल पुत्रलाई उक्त विहारमा प्रव्रजित गराइन्छन् र प्रव्रजित भएका व्यक्तिवाट उक्त विहारका नित्य पूजा आदि गराइन्छन्। प्रव्रज्या दिने कार्य माथि उल्लेखित सोह्र वहिलका शाक्यहरूवाट हुन्थ्यो भने आजकाल अठार महाविहारका मध्ये मैत्रिपुर महाविहारका वज्राचार्यहरूवाट सो कार्य हुँदै आईरहेका छन् ।

---

२ पं वद्रीरत्न वज्राचार्यको भनाइ अनुसार कान्तिपुरको वर्तमान रानीपोखरीको उत्तरभागमा अवस्थित जमोमाद्यो (जमल महादेव) मन्दिरको अगाडि पहिले "ध्याचालखु वहि" नामक एक वहि थिए । उक्त वहिलाइ विगारेर चावहिलमा एक नयाँ वहि वनाइ दिए अर्थात् उक्त वहिलाइ मारेर चावहिलमा पुऱ्याइ दिए । सोहि नयाँ वनाईएको वहिललाइ नै आजकल "क्वथु चा:वहि" भनेर भनिन्छ ।

थवहिलको अर्को विशेषता भनेको त्यहाँ व्यवस्थित गरिएको प्रज्ञापारमिता ग्रन्थ हो । नीलपत्रमा स्वर्णाक्षर र रजताक्षरले लेखिएको उक्त प्रज्ञापारमिता ग्रन्थ अठार महाविहार मध्ये "थनेपुई" माथिल्लो खण्डका विहारहरू र "लायेकुपुई" का केहि "कवल" (परिवार) का वज्राचार्यहरूबाट प्रत्येक वर्ष वाचन गर्न लगाइन्छन् । निर्वाति बौद्धधर्म अनुयायीहरू उहिले देखि अहिले सम्म उक्त ग्रन्थ दर्शनका लागि थवहिलमा आउँरहेका छन् ।

प्रत्येक वर्ष फाल्गुण कृष्ण प्रतिपदाका दिन थवहिलका चक द्यो (चंक्रमण देवता-दीपंकर तथागत)को पनि जात्रा हुन्छ । [३]

## ३.२ ललितपुरका बज्रयानी विहार र संघ संरचना

ललितपुरका बौद्ध विहारमा हुने क्रियाकलाप र साँघिक सरचनाको आधारमा यहाँका बौद्ध विहारहरूलाई यसरी वर्गीकरण गर्न सकिन्छ ।

१) पन्ध्रवटा विहार (मूवहाः) र वज्राचार्य संघ तथा शाक्य भिक्षु संघ
२) पन्ध्रवटा विहार (बही) र वज्राचार्य संघ तथा शाक्यभिक्षु संघ
३) पाँच विहार (कचा वहाः) र वज्राचार्य तथा शाक्यभिक्षु संघ
४) तीन अन्य विहार र चैलकभिक्षु संघ
५) शाखा विहार (कचा वहाः र कचा वही)

### ३.२.१ पन्ध्रवटा बहाः विहार (मू बहाः) र बज्राचार्य संघ तथा शाक्य भिक्षु संघ

ललितपुर नगरमा विभिन्न प्रकारका विहारहरू रहेपनि "फिन्यावाहा:"को नामले प्रसिद्ध पन्ध्रवटा महाविहारहरू छन् । नेपालभाषाको फिन्यावाहाः को अर्थ पन्ध वटा वहाः हो । उक्त १५ वटा विहारहरूलाई मूख्यविहार(मू वहाः)को रूपमा लिइएको छ । व्यवहारमा पन्ध्रवटा विहार भनिएता पनि पछि त्यसमा तीन वटा विहारहरू थपिएको देखिन्छ जसकारण पन्ध्रवटा विहार भनिएता पनि अठारवटा विहारहरू रहेका छन् । जुन विहारहरूलाई मूलविहारको रूपमा ललितपुरमा हुने सम्यक् महादान पर्वमा निमन्त्रणा गर्नु पर्दछ । यसरी थपिएका विहारहरूमा कीर्तिपुरको जगतपाल महाविहार, चोभारको कच्छपाल तथा सूवर्णगिरि महाविहार र ललितपुरकै श्रीवच्छमहाविहार (मिवहाः) हो । पन्ध्रवटा विहारहरूमा थपिएका तीन विहारहरू मध्ये दुइ विहारहरू हाल ललितपुर जिल्ला बाहिर रहेकोले ललितपुर नगरमा मात्र सोह्र विहारहरू रहेका छन् । अत आजकल ललितपुर नगरमा वहाःपूजा जाने क्रममा पन्ध्रवटा विहार

---

३

भनिएतापनि १६ वटा विहारहरूलाई लिने गरिन्छ । तर वास्तवमा १८ वटा विहारहरू छन् ।

तो १८ वटा विहारको प्रत्येक विहारमा एउटा एउटा संघ छ । ती १८ विहारको संघमध्ये कुनै कुनै विहारमा वज्राचार्यहरू मात्रै छन् भने कुनै विहारमा शाक्यहरूमात्र छन् त्यसरी नै कुनै कुनैमा वज्राचार्य र शाक्यभिक्षुहरूको संयुक्त संघ छन् । जुन यस प्रकार रहेको छ ।

### *३.२.१.१ वज्राचार्य संघ मात्र रहेका मुख्य विहारहरू*

| | स्थानीय नाम | संस्कृत नाम |
|---|---|---|
| १. | धुम्वहा: | गुणलक्ष्मी महाविहार |
| २. | दौवहा: | दत्तनाम महाविहार |
| ३. | त:वहा: | धर्मकीर्ति महाविहार |
| ४. | ह:वहा: | रत्नाकर महाविहार |
| ५. | चुक:वहा: | चक्रवर्ण महाविहार ' |
| ६. | क्यपू वहा | पद्मकाष्ठगिरि महाविहार तथा जगतपाल महाविहार |

### *३.२.१.२ वज्राचार्य र शाक्यहरूको संयुक्त संघ रहेका विहारहरू*

| | स्थानीय नाम | संस्कृत नाम |
|---|---|---|
| १. | क्वावहा: | हिरण्यवर्ण महाविहार |
| २. | वुवहा: | यशोधर महाविहार |
| ३. | वंवहा: | वज्रकीर्ति महाविहार |
| ४. | भिंछेवहा: | मयूरवर्ण महाविहार |

' हाल यस विहारमा प्रवज्यासम्वर कार्य गरिन्दैन, हिरण्यवर्ण महाविहारको संघमा रहेका वज्राचार्यहरूबाट यस विहारका क्रियाकलापहरू संचालन भैरहेको छ । यस विहारमा किन प्रवज्यासम्वर गरिन्दैन भन्ने सदर्भ बुझ्न यस विहारको इतिहासलाई उल्लेख गर्नु आवश्यक छ । वंशावलीमा उल्लेख भए अनुसार राजा सिद्धिनरसिंह मल्लको समयमा यस विहारका एक तान्त्रिक आचार्य शान्तिस्वस्ति कार्य गर्न भक्तपुरमा गएका थिए । तर उनले तत्कालीन ललितपुरका राजा संग अनुमति नलिइकन भक्तपुरमा शान्ति स्वस्ति गर्न गएकोले यस विहारका सम्पूर्ण सदस्यहरूलाई राजाले देश निकाला गरिदिए । तत्पश्चात यस विहारको संरक्षण क्वावहाका वज्राचार्यहरूले गरेका थिए ।

### ३.२.१.३ शाक्यसंघ मात्र रहेका विहारहरू

| | स्थानीय नाम | संस्कृत नाम |
|---|---|---|
| १. | ज्योवहा: | ज्योनिवर्ण महाविहार |
| २. | यछुवहा: | वलाधरगुप्त महाविहार |
| ३. | सौवहा: | जयमनोहर महाविहार |
| ४. | उकुवहा: | रूद्रवर्ण महाविहार |
| ५. | गुजिवहा: | वैश्रवर्ण महाविहार |
| ६. | तंगवहा: | जेष्ठवर्ण महाविहार |
| ७. | सिवहा: | श्रीवच्छ महाविहार |
| ८. | चोवहा: | कच्छपाल महाविहार तथा सूवर्णगिरि महाविहार |

ती अट्ठार महाविहारका प्रत्येक विहारको संघमा प्रव्रजित भइसकेका सबै जीवित व्यक्तिहरू सदस्यमा गणना गरिन्छन् भने ती मध्ये प्रव्रजित भएको जेष्ठताको क्रमले सवैभन्दा जेष्ठ सदस्यलाइ "चक्रेश्वर" तथा "स्थविर" भनिन्छ। चक्रेश्वरको मूनि जेष्ठता कै क्रमले कुनै विहारमा चक्रेश्वर सहित गरी १० स्थविरहरू रहेका छन् भने कुनैमा ५ स्थविरहरू रहेका छन्। ती पाँचजनाको समूहलाइ "पञ्चस्थविर" भनिन्छ। पञ्चस्थविर नेपालभाषामा "न्याम्ह थाय्पा" ले प्रसिद्ध छ त्यसरी नै १० स्थविर झिम्ह थाय्पाको नामले प्रसिद्ध छ। १० स्थविरलाइ दशपारमिताको प्रतीक स्वरूप पनि लिने गरिन्छ।

वज्राचार्य संघमात्र रहेको विहारमा जेष्ठ वज्राचार्य चक्रेश्वर हुन्छ भने वज्राचार्य र शाक्यभिक्षुहरूको संयुक्त संघ भएको विहारमा वज्राचार्य मात्रै चक्रेश्वर हुन पाउने व्यवस्था छ। प्रव्रजित भएको जेष्ठताको क्रममा शाक्यभिक्षु जेष्ठ भएतापनि कनिष्ठ वज्राचार्य नै उक्त विहारको चक्रेश्वरको पदमा वहालि हुन्छ। तर जेष्ठ शाक्यभिक्षुलाइ चक्रेश्वरको पद नदिइएतापनि "थपाजु"को पद भने दिइन्छ। यदि ज्येष्ठ वज्राचार्य भएको खण्डमा चक्रेश्वर र थपाजु दुवैको पद वज्राचार्यले नै पाउने गर्दछ। नेपालभाषाको थपाजुको अर्थ थाय्पाहरू मध्ये पनि सवभन्दा ज्येष्ठ हो। सम्यक्पर्व वा अन्य धार्मिक क्रियाकलापहरूमा १० जना स्थविरहरू क्रमवद्ध जाने क्रममा थपाजु नै प्रथम स्थानमा रही जेष्ठताको क्रममा जाने गरिन्छ।

शाक्यभिक्षुहरू मात्र रहेको विहारमा चक्रेश्वरको व्यवस्था छैन् त्यहाँको जेष्ठस्थविरलाइ थपाजु मात्र भनिन्छ । दश स्थविर मध्ये कुनै एक स्थविरको देहान्त भएमा प्रव्रजित भएको जेष्ठताको क्रमले स्वत: सदस्यको पदोन्नति हुन्छ। दशस्थविर मध्ये कसैको देहान्त भएमा मुनिका सदस्यको स्वत: स्थविर

पदमा पदोन्नति हुन्छ । स्वेच्छाले पनि संघको सदस्य छोडन वा स्थविर पदमा बहालि नहुन सक्ने पनि व्यवस्था छ ।

ललितपुरमा हुने सम्यक् महादान पर्वमा विभिन्न विहारहरूवाट एक एक दीपंकर वुद्धहरू ल्याइन्छ ती वुद्धहरू क्रमवद्ध रूपमा सजाइन्छ । त्यसलाई पनि एक प्रकारको क्रमताको रूपमा लिन सकिन्छ । जुन राजा सिद्धिनरसिंह मल्लको पाला देखि चलिआएको भनि भन्दछन् तर यस किंवदन्तीमा सवैको एकमत देखिन्दैन । वहा: पूजा जाने क्रममा जुन विहारवाट वहा: पूजाको आयोजना गरिएको हो त्यस लाई पहिलो मानी घडीको सुल्टो दिशामा नगर परिक्रमा गरी जुन जुन स्थानमा वहाहरू रहेको हुन्छ तिनीहरूलाई लिनं गरिन्छ । यहां ललितपुरमा हुने सम्यक् पर्वमा दीपंकर वुद्धहरू सजाइएको आधारमा ललितपुरका अठार वहाहरूको क्रमता यस प्रकारको छ ।

| | **स्थानीय नाम** | **संस्कृत नाम** |
|---|---|---|
| १. | तंगवहा: | जेष्ठवर्ण महाविहार |
| २. | क्वावहा: | हिरण्यवर्ण महाविहार |
| ३. | धुम्वहा: | गुणलक्ष्मी महाविहार |
| ४. | वंवहा: | वज्रकीर्ति महाविहार |
| ५. | दौवहा: | दत्तनाम महाविहार |
| ६. | त:वहा: | धर्मकीर्ति महाविहार |
| ७. | वुवहा: | यशोधर महाविहार |
| ८. | ह:वहा: | रत्नाकर महाविहार |
| ९. | ज्योवहा: | ज्योतिवर्ण महाविहार |
| १० | गुजिवहा: | वैश्रवर्ण महाविहार |
| ११ | भिंछेवहा: | मयूरवर्ण महाविहार |
| १२ | उकुवहा: | रूद्रवर्ण महाविहार |
| १३ | सौवहा: | जयमनोहर महाविहार |
| १४ | क्यपू वहा | पद्मकाष्ठगिरि महाविहार |
| १५ | चोवहा: | आसनलोकेश्वर महाविहार |
| १६ | सिवहा: | श्रीवच्छ महाविहार |
| १७ | चुक:वहा: | चक्रवर्ण महाविहार |
| १८ | यछुवहा: | वलाधरगुप्त महाविहार |

### ३.२.२ पन्ध्रवटा विहार (बही) र बज्राचार्य संघ तथा शाक्यभिक्षु संघ

ललितपुर नगरमा झिंन्याबाहा जस्तै झिंन्यावहीको नाम पनि प्रसिद्ध छ। नेपालभाषाको झिंन्यावहीको अर्थ पन्ध्र वटा वही हो। व्यवहारमा पन्ध्रवटा वही भनिएता पनि वही सघभोजनमा सम्मिलित हुने वहीहरूको आधारमा हेर्दा जम्मा १९ वटा वहीहरू रहेका छन्। त्यस अन्तर्गत बुग वही, किपू वही र लुभूको वा वही पर्दछन्। यी वहीहरू वर्तमानमा ललितपुर नगर भन्दा वाहिर पर्दछन् १९ वही मध्ये १६ वटा वहीहरू मात्र ललितपुर नगरमा पर्दछन्। समस्तिगत रूपमा भन्दा ललितपुरमा १५ वही भनिएतापनि वास्तवमा वहीको संख्या १९ रहेको छ। कसै कसैले पूचो वही, गुइतवही र ख्वाय्वही मा भएका एक भन्दा वढी वहीहरूलाई छुट्टाछुट्टै गणना गरी ललितपुरमा वहीको संख्या २४ भएको मानिन्छ। त्यस मध्ये १९ वटा वहिहरू क्रमानुसार यस प्रकार रहेको छ।

**स्थानीय नाम** | **संस्कृत नाम**

१. **पूचो बही**

यस अन्तर्गत दुई वटा विहारहरू रहेका छन्।

पूचो थथुवही — अक्षयेश्वर महाविहार

अक्षेश्वर महाविहारमा पहिले प्रवज्यासम्वर गरिन्थ्यो पछि यस विहारको संघसदस्यहरू लोप भए जसकारण यस विहारमा हाल प्रवज्यासम्वर गरिन्दैन। यस विहारमा प्रवज्यासम्वर कार्य वन्द भएको लगभग ८० वर्ष भैसकेको छ।

पूचो क्वथू वही — रक्षेश्वर महाविहार

२ **ख्वाय् बही**

यस अन्तर्गत पनि दुई वटा विहारहरू रहेका छन्। यस महाविहारमा पहिले प्रवज्यासम्वर गरिन्थ्यो पछि यस विहारको संघसदस्यहरू लोप भए जसकारण यस विहारमा हाल प्रवज्यासम्वर गरिन्दैन्।

त:धंगु ख्वाय्वही, — कामुकनाम महाविहार,

चिइधंगु ख्वाय्वही, — कामुकनाम महाविहार,

३. **इखाछें बही,**

यस अन्तर्गत पनि दुइवटा विहारहरू रहेका छन्।

पिन्तुवही — गोपिचन्द्र महाविहार

दुन्तुवही — नापिचन्द्र महाविहार

४ **गुईत बही,**

यस अन्तर्गत तीन वटा विहारहरू रहेका छन्।

| | |
|---|---|
| मूल गुइत वही | गुस्तल महाविहार |
| त:धगु गुइत वही | प्रथमश्री महाविहार |
| चीधगु गुइतवही | वसुच्चशील महाविहार |

| | |
|---|---|
| **५ न:बही** | लोकाकीर्ति महाविहार |
| **६. कोन्तिबही** | ललितवर्ण महाविहार |
| **७. इं बही,** | यम्पि महाविहार |
| **८. इलाय् बही** | इतिराज महाविहार |

इतिराज महाविहारमा पहिले प्रवज्यासम्वर गरिन्थ्यो पछि यस विहारको संघसदस्यहरू लोप भए जमकारण यस विहारमा हाल प्रवज्यासम्वर गरिन्दैन ।

| | |
|---|---|
| ९. उवा: वही | जयश्री महाविहार |
| १०. थपा:वही | स्थविरपात्र महाविहार |
| ११. ज्यावावही | ज्येष्ठवर्ण महाविहार |
| १२. इंवावही | राजश्री महाविहार |
| १३. किनुवही | लोककीर्ति महाविहार |
| १४. न्हायकंवही | सुरश्चन्द्र महाविहार |
| १५. धौगा वही | मणिमण्डप महाविहार |
| १६. चिकं वही | सप्तपुर महाविहार |
| १७ वा वही | पेरखा महाविहार[५] |
| १८ वुंग वही | अमरावतीनाम महाविहार |
| १९ क्यपू वही-चिथू वही | काश्मीरकान्ति महाविहार तथा पद्मकीर्ति महाविहार |

ललितपुरमा रहेका सवै वहीहरूहरू मध्ये न:वहीमा मात्र वज्राचार्यहरू रहेका छन् । यहांका वज्राचार्यहरूलाई आचार्यभिषेक दिने कार्य गरिन्छ । सवै वहीहरूमा प्रवज्यासम्वर गर्दा न:वहीका वज्राचार्यहरूको समुपस्थितिमा गरिन्थ्यो । प्राप्त जानकारी अनुसार ५० वर्ष पहिले यो प्रकिया कायम थियो । तर पछि आएर दशवटा विहारहरूमा र हाल तीन वटा विहारहरूमा मात्र न:वहीका वज्राचार्यहरूले प्रवज्यासम्वर कार्य गरिआएको छ । अन्य विहारहरू आफ्नै पुरोहित राखी प्रवज्यासम्वर कार्य गरिआएको छ ।

वर्तमानमा न:वहीका वज्राचार्यहरू वाट प्रवज्यासम्वर हुने वहीहरू यसप्रकारका छन् ।

---

[५] हेराकाजी वज्राचार्य, गुइन:या वहि विहार संघ, (ललितपुर : दीपावती पुस्तकालय, २०५६), पृ ३ ।

१. न्हायकंबही मुरुचन्द्र महाविहार

२. धौगा बही मणिमण्डप महाविहार

३. चिकं बही मप्नपुर महाविहार

पहिले उपरोक्त १६ वटै बहीहरूमा प्रवज्यासम्वर गरिन्थ्यो तर हाल कुनै कुनै विहारमा संघ सदस्य नै नभएकोले प्रवज्यासम्वर कार्य गर्ने प्रक्रिया बन्द भैसकेको छ ।

प्राप्त जानकारी अनुसार लगभग ५० वर्ष पहिले सम्म ललितपुरमा बही संघका सदस्यहरू मिलि संघ भोजन गरिन्थ्यो । यसरी संघ भोजन गर्दा बुंगमति, कीर्तिपुर र लुभुका बहीका संघ सदस्यहरू पनि आउँदथे । त्यस्तै प्रवज्यासम्वर गर्दा पनि सवै बहीका जेष्ठ स्थविरहरूलाई पनि निमन्त्रणा गरी पञ्चदान दिनु पर्दथ्यो । हाल यो परम्परा लोप भैसकेको छ ।

### ३.२.३ पाँच विहार ( कचा वहाः ) र शाक्यभिक्षु संघ र वज्राचार्य संघ

ललितपुरमा पाँच वटा यस्ता विहारहरू पनि छन् ती विहारहरूमा मूल विहारमा जस्तै प्रवज्यासम्वर दिने, पञ्चस्थविरको व्यवस्था, संघभोजन आदि गरिन्छ । यी विहारहरूमा गरिने क्रियाकलापहरू हेर्दा मूल विहार र यी विहारहरूमा फरक देखिन्दैन । यी पाँच वटै विहारहरू हिरण्यवर्ण महाविहारका शाखा विहार हुन् । यी शाखा विहारहरूमा प्रवज्यासम्वर दिंदा चार दिन सम्म हिरण्यवर्ण महाविहारमा गई कोष्ठपाल देवताकहाँ प्रवेश गराई वन्दना गर्न लगाउनु पर्दछ । यी पाँच शाखाविहारहरू मध्ये कुनैमा शाक्यभिक्षु र कुनैमा वज्राचार्य तथा शाक्यभिक्षु संघ रहेको छ ।

| स्थानीय नाम | संस्कृत नाम | संघ |
|---|---|---|
| इखाछे वहाः | सुवर्ण विहार | ( शाक्यभिक्षु र वज्राचार्य) |
| मूवहाः | गवर्मपिन्थ महाविहार | (शाक्यभिक्षु ) |
| अथःवहाः | श्रीवत्स महाविहार | (शाक्यभिक्षु ) |
| मिच्छुवहाः | चैत्यवर्ण विहार | (चैलकभिक्षु) |
| द्वारिकावहाः | द्वारिका महाविहार | (शाक्यभिक्षु ) |

### ३.२.४ अन्य तीन विहार र चैलकभिक्षु संघ

ललितपुरमा पन्ध्र विहार अन्तर्गत नपर्ने तर पञ्चस्थविरहरूको समेत व्यवस्था भएका तीन विहारहरू पनि छन् ती विहारहरू कुनै विहारका शाखा विहार होइनन् तर तिनीहरूको स्वतन्त्र अस्तित्व रहेको छ । ती विहारका संघ सदस्यहरूलाई आआफ्नो विहारको चैत्यमा प्रवज्यासम्वर गरिन्छ त्यसैले

यिनीहरूलाई चैलक भिक्षु पनि भनिन्छ तर उनीहरू आफूलाई शाक्यभिक्षु नै भन्ने गरिन्छ । यी तीन विहारहरू यस प्रकारका छन् ।

| **स्थानीय नाम** | **संस्कृत नाम** |
|---|---|
| हेनुवहा: | लयनचैत्यविम्व महाविहार |
| योकुवहा: | योकुलि महाविहार |
| ख्वाख: न:वहा: | चक्रवर्ति महाविहार |

### ३.२.५ शाखा विहार (कचा बहा: र कचा बही)

शाखा विहारलाई नेपालभाषामा कचा वहा वा वही भनिन्छ । शाखा विहार भन्नाले मूल विहारको अन्तर्गत रही क्रियाकलाप चलाउने विहार वा मूलविहारकै कुनै एक सदस्यले निर्माण गरेको विहार वा कुनै एक कव:को विहार जस्तो देखिन्छ । यहाँ शाखा विहारको अर्थ वर्तमानमा चलिआएका कार्यालयहरूको शाखा कार्यालय जस्तो होइन । ललितपुर नगरमा माथि उल्लेखित विहारहरू बाहेक अन्य विहारहरू सबै शाखा विहार अन्तर्गत पर्दछन् ।

ललितपुर नगरमा रहेका पन्ध विहार (वहा:) मध्ये धेरैजसो विहारहरूको शाखा विहार रहेको पाइन्छ । कुनै विहारको २२ कुनैविहारको ३५वटा सम्म पनि शाखा विहारहरू रहेका छन् भने पन्ध वही विहारहरू मध्ये केही विहारको मात्र शाखा वही रहेका छन् ।

## ३.३ भक्तपुरका वज्रयानी महाविहार र संघ संरचना

भक्तपुरमा पनि सामान्यतया सबै वाहा: र वहीलाई विहार एवं महाविहार भन्ने गर्दछ । यहाँ त्यस्ता विहारहरूको संख्या २५ वटा भन्दा पनि बढिको संख्यामा छन् । कतिपय विहारहरू लोप भई सकेको छ भने केहि लोप हुने अवस्थामा छन् । यहाँ "वाहा:पुजा" गर्दा वाहा:हरूको परिक्रमा गर्ने चलन अनुसार वर्तमान अवस्थामा बाकी भएका महाविहारहरू निम्नानुसारका छन् ।

| **स्थानीय नाम** | **संस्कृत नाम** |
|---|---|
| १. पशुवाहा: | – प्रमन्नशिल महाविहार |
| २. विकुवाहा: | – कुलरत्न महाविहार |
| ३. यांवाहा: | – धर्मकीर्ति महाविहार |
| ४. नौवाहा: | – आदिपद्म महाविहार |
| ५. इंनावाहा: | – इन्द्रवर्ण महाविहार |
| ६. मुनिवाहा: | – मुनि महाविहार |

७) भौर वहि – मंगलधर्मद्वीप महाविहार

८) लुं वहि – सुवर्ण महाविहार

९) अखवाहा: – अखण्डशिल महाविहार

१०) निवावाहा: – जेनवर्ण महाविहार

११) क्वथु वहि – बौद्धसमकृत महाविहार

१२) थथु वहि – जयकीर्ति महाविहार

१३) तंचाकोनेवाहा: –जेष्ठवर्ण महाविहार

१४) लश्कच्चोवाहा: – लोकेश्वर महाविहार

१५) वाहा:छेँ तथा तधिछेँ वाहा: – चतुर्ब्रह्म महाविहार

१६) वाउँवाहा: – मञ्जुवर्ण महाविहार

उपरोक्त महाविहारहरूमा हुने क्रियाकलाप र साँघिक संरचनाको आधारमा यहाँका बौद्ध महाविहारहरूलाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ ।

### ३.३.१ एघार वटा महाविहार (बाहा:) र बज्राचार्य संघ तथा शाक्यभिक्षु संघ

भक्तपुरमा मूवाहा:को रूपमा एघार वटा महाविहारहरू छन् । ती महाविहारहरू मध्ये नौ वटा महाविहारहरमा संघ छन् । ती नौ वटा महाविहारहरूमा कुनै कुनै महाविहारहरूमा बज्राचार्यहरूको मात्रै संघ छन् . कुनै महाविहारमा बज्राचार्य र शाक्यहरू पनि सम्मिलित संघ छन् भने कुनै कनै महाविहारहरूमा शाक्यहरूको मात्रै संघ छन् । त्यसैले संघको संरचनाको आधारमा निम्न तीन वर्गमा वर्गीकरण गर्न सकिन्छ जुन् निम्न अनुसारका हुन् :

#### *३.३.१.१ बज्राचार्य संघ र बुद्धाचार्यहरू पनि सम्मिलित संघ भएको महाविहार (बाहा:)*

१) पशुवाहा: – प्रशन्नशील महाविहार

#### *३.३.१.२ बज्राचार्य संघ मात्र भएको महाविहारहरू (बाहा:हरू)*

१) वाहा:छेँ – चतुर्ब्रह्म महाविहार

२) लश्कच्चोवाहा:– लोकेश्वर महाविहार

३) अखवाहा: – अखण्डशिल महाविहार

४) वाउँवाहा: – मञ्जुवर्ण महाविहार

#### *३.३.१..३ शाक्य संघ मात्र भएको महाविहारहरू (मूबाहा:हरू)*

१) तोवाहा: – आदिपद्म महाविहार

२) ईनाबाहा: – इंन्द्रवर्ण महाविहार

३) बिकुबाहा: – कुलरत्न महाविहार

४) निवाबाहा: – जेतवर्ण महाविहार

५) तँचाकोनेबाहा:–जेष्ठवर्ण महाविहार

६) मुनिबाहा: – धर्मोत्तर महाविहार

उपरोक्त सबै महाविहारहरूका कुलपुत्रहरूलाई आ-आफ्ना महाविहारमा प्रव्रजित गरिसके पछि उनीहरू उक्त महाविहारको स्वत: सदस्य भएको मानिन्छन् । त्यहाँ कुलपुत्रहरूलाई बालक अवस्थामै आ-आफ्नो महाविहारमा प्रव्रजित गरी भिक्षु बनाइन्छन् र सोहि दिनमा चीवर फुकालि गृहस्थिमा प्रवेश गराइने चलन छ । प्रव्रजित भएका जेष्ठताको क्रमले सबैभन्दा जेष्ठ सदस्य सो महाविहारको स्थविरको रूपमा मानिने परम्परा भएतापनि चतुरब्रह्म महाविहारमा यो नियम लागू भएको देखिन्दैन । त्यहाँ नाताको हिसाबले सबभन्दा जेष्ठ सदस्य नै सो महाविहारमा स्थविर वा चक्रेश्वरमा छानिन्छ । यसरी स्थविरको अवधारणाबाट संघ संरचना भएतापनि यहाँका सबै महाविहारहरू मध्ये प्रशन्नशील महाविहार एउटा बाहेक अरू महाविहारका जेष्ठ सदस्यलाई स्थविर भन्ने चलन छैन । स्थविरको ठाउँमा "नायो" भनिन्छ । नेवारी भाषामा नायोको अर्थ जेष्ठ व्यक्ति हो । यस अर्थमा नायो शव्दले सो महाविहारको जेष्ठ सदस्य भन्ने अर्थ हुन्छ ।

### *३.३.१.४ बज्राचार्य संघ र बुद्धाचार्यहरू सम्मिलित संघ भएको प्रशन्नशील महाविहार*

प्रशन्नशील महाविहारमा वज्राचार्य संघ र बुद्धाचार्य (शाक्य)संघ सम्मिलित छन् । यो महाविहारको संघमा नाम दर्ता भएको आधारमा जेष्ठता क्रम हुन्छ । सो अनुसार जेष्ठताक्रममा यो महाविहारमा दश स्थविरको व्यवस्था भएको छ जो भक्तपुरको महाविहारहरूको मूल विशेषता नै हो । त्यसमध्ये पनि सबभन्दा जेष्ठ स्थविरलाई "थायपाजु" भनिन्छ । थायपाजुको अर्थ स्थविर आजु हो । यो पद भक्तपुरमा एक उच्च सम्माननिय पद मानिन्छ । उदाहरणको रूपमा यहाँको आचार्य गुथिमा सर्वोच्च पदको रूपमा रहेको मूल चक्रेश्वरको स्थान यहि महाविहारको थायपाजु मात्रै रहनु पर्ने व्यवस्था भए बाट ज्ञात हुन्छ । यो थायपाजु पदमा पहिले वज्राचार्यहरू मात्रै रहनु पर्ने पररम्परा रहेको भएतापनि सो महाविहारका संघहरू बीच समझदारी भए अनुसार अव उप्रान्त बुद्धाचार्यहरूपनि यो पदमा रहन सक्ने व्यवस्था भएको बुझिएको छ । यो महाविहारमा प्रत्येक वर्षमा एकचोटि सत्रै संघ भेला हुने गर्दछ ।

यो महाविहारमा अर्को एक आगन्तुक शाक्यसंघ छ । उनीहरू ललितपुरको हिरण्यवर्ण महाविहारका शाक्यहरू हुन् । उनीहरू यो महाविहारमा प्रव्रजित हुने कार्यका अलावा प्रशन्नशील महाविहारको कुनैपनि सांघिक कार्यमा वहांहरूको सहभागिता छैन । तर वर्षको एकचोटि वहांहरू पनि आफ्ना सम्पूर्ण सदस्यहरू भेला हुनु पर्ने एक गुठि रहेको छ । सो गुठिलाई "विश्वकर्मा गुथि" भनिन्छ ।

*३.३.१.५ वज्राचार्य संघ मात्र भएको महाविहारहरू (मूबाहा:हरू)*

वज्राचार्य संघ भएर आचागुसंग सम्बन्ध भएका भक्तपुरका वज्रयानी परम्परा अनुसारका महाविहारहरू चारवटा र वज्राचार्य र शाक्यभिक्षुहरूको संयुक्त संघ भएको एकवटा गरेर जम्मा पांचवटा महाविहारहरू आचागुसंग सम्बन्ध भएका छन् । ती निम्नानुसारका हुन् :-

१) वाहा:छें तथा नधिछें वाहा:–चतुर्ब्रह्म महाविहार

२) लश्कधोवाहा:–लोकेश्वर महाविहार

३) अखवाहा: – अखण्डशिल महाविहार

४) वाउँवाहा: – मञ्जुवर्ण महाविहार

५) पशु वाहा: – प्रशन्नशील महाविहार

वज्राचार्य संघ मात्रै भएको महाविहारमा वज्राचार्यका कुलपुत्रहरूलाई प्रव्रजित गरेर पुन: आचार्य अभिषेक पनि गरेर आ-आफ्नो महाविहारको संघमा प्रवेश गराईन्छ । तर प्रवज्या गरिसके पछि तुरुन्तै आचार्याभिषेक गर्नुपर्ने बाध्यता छैन इच्छाएको समयमा गर्न सकिन्छ । ती महाविहारहरूमा चतुर्ब्रह्म महाविहार बाहेक अन्य महाविहारहरूमा प्रव्रज्या गरेको जेष्ठताक्रम अनुसार स्थविर अर्थात् "नायो" हुने गरिन्छ ।

उपरोक्त वज्राचार्य संघ मात्र भएका क्रमश: चार महाविहारहरू र बाकि संयुक्त संघ भएका एक महाविहार गरेर जम्मा पांच महाविहारहरूका वज्राचार्यहरू प्रत्येक वर्षको एकपल्ट माघ पूर्णिमाको दिनमा भेला हुन्छन् । उक्त भेलालाई "आचागु" भनिन्छ । आचागुको अर्थ आचार्य गुठि हो । यो आचागुमा दश स्थविरको व्यवस्था भएको छ । संघका सबै सदस्यहरूको समूहलाई चक्र शब्द प्रयोग गरिने हुनाले सो संघ वा चक्रको जेष्ठ सदस्य लाई "चक्रेश्वर" वा "मूल स्थविर" भनिन्छ । सो मूल चक्रेश्वर पदमा सधैं नै प्रशन्नशील महाविहारका मूल स्थविर मात्रै रहने व्यवस्था छ । वज्राचार्य संघ मात्रै भएका माथि उल्लेखित पांच महाविहारहरूका कुलपुत्रहरूलाई आचार्याभिषेक दिदा वाहांहरूको नाम यो आचागुमा दर्ता गरिन्छ । यस हिसाबले ती पांच महाविहारका प्रव्रजित सबै वज्राचार्यहरू यो गुठिका सदस्य

हुन् । आचागुमा नाम दर्ता भएर सदस्यता रहेको देखिएतापनि वहाँहरू सदस्य भई यो आचागुमा भाग लिनु अनिवार्य छैन । त्यसैले आचागुमा नाम दर्ताको आधारमा होईन सहभागिताको आधारमा पांच महाविहारहरू मध्ये प्रसन्नशिल महाविहार, चतुर्ब्रह्म महाविहार र लोकेश्वर महाविहारका सदस्यहरू मात्रै संलग्न भई रहेकोमा पनि वर्तमान अवस्थामा प्रसन्नशिल महाविहार र चतुर्ब्रह्म महाविहारको ईच्छित सदस्यहरूको मात्र संलग्नता भई रहेको छ ।

### *३.३.१.६ शाक्य संघ मात्र भएको महाविहारहरू (मूबाहा:हरू)*

शाक्य संघ मात्रै भएका र आचागुसंग सम्वन्ध नभएका भक्तपुरका वज्रयानी परम्परा अनुसारका महाविहारहरू छवटा छन् । ती निम्नानुसारका हुन् :

१) तोबाहा: – आदिपद्म महाविहार

२) ईनाबाहा: – ईन्द्रवर्ण महाविहार

३) विकुवाहा: – कुलरत्न महाविहार

४) निवावाहा: – जेतवर्ण महाविहार

५) तंचाकोनेवाहा:–जेष्ठवर्ण महाविहार

६) मुनिवाहा:–धर्मोत्तर महाविहार(मुनि विहार)

उपरोक्त छवटा महाविहारहरू मध्ये आदिपद्म महाविहार, ईन्द्रवर्ण महाविहार, जेतवर्ण महाविहार र जेष्ठवर्ण महाविहार चारवटा महाविहारमा संघ छन् । वाकि दुईवटा महाविहारहरू मध्ये मुनि विहारका संघ सदस्यहरू आफ्नै पुरानो इन्द्रवर्ण महाविहारमा धेरै पहिले नै सम्मिलित हुन गए भने कुलरत्न महाविहारमा संघ टुटि सकेको छ । ती दुई महाविहारहरूमा वाहेक अन्य प्रत्येक महाविहारमा आ-आफ्ना शाक्यसंघ छन् । ती संघका सदस्यहरूका कुलपुत्रहरूलाई आ-आफ्नो महाविहारमा प्रव्रजित गरेपछि सवै नै आ-आफ्ना महाविहारमा स्वत: सदस्य हुन्छन् । ती प्रत्येक महाविहारका संघ सदस्यहरू वर्षको एकचोटि भेला हुन्छन् । त्यसमध्ये आदिपद्म महाविहारका वुद्धाचार्य (शाक्यभिक्षुहरू) भने प्रशन्नसिल महाविहारको संघमा पनि आवद्ध छन् । उपरोक्त महाविहारमा शाक्यहरूलाई प्रव्रजित गराउंदा वज्राचार्य गुरुको गुरुत्वमा गर्ने गर्दछ । तर उपरोक्त महाविहारहरूका सदस्यहरू एकै ठाउंमा महासंघ भेला हुने गरेको छैन । ती महाविहारमा प्रव्रजित गर्दा पूर्व प्रवर्जित गरेका सदस्यहरू मध्ये कुनै पांचजनाको समूहले "पञ्चस्थविर" को रूपमा रही संघले गर्नु पर्ने कर्तव्य पुरा गरिन्छ । ती पञ्चस्थविरलाई नेपालभाषामा "न्याम्ह थाय्पा" ले प्रसिद्ध भएतापनि यहां "पायथखल:" पनि भन्ने चलन छ ।

### ३.३.२ छ वटा महाविहार (बही) र बज्राचार्य संघ तथा शाक्यभिक्षु संघ

भक्तपुरमा माथि उल्लेखीत महाविहारहरूमा जम्नै प्रव्रजित गर्न नपर्ने महाविहारको रूपमा छ वटा महाविहारहरूको एक समूह रहेका छन् । ती महाविहारहरू निम्नानुसारका हुन् :–

| स्थानीय नाम | संस्कृत नाम |
|---|---|
| १) थथु वहि – | जयकीर्ति विहार |
| २) क्वथु वहि – | वौद्ध समकृत विहार |
| ३) भ्कौर वहि – | मंगलधर्मद्वीप विहार |
| ४) सुकुध्वाका वहि – | सुवर्ण विहार |
| ५) याला वहि – | |
| ६) यॉ वहि – | धर्मकीर्ति विहार |

उपरोक्त छ वटा विहारहरूमध्ये "याला वहि"को अस्तित्व पूर्ण रूपमा नष्ट भईसकेको छ भने "यॉ वहि"को संघपनि पूर्ण रूपमा निश्क्रिय भई सकेको छ । "सुकुध्वाका वहि"मा अन्य जातिले सञ्चालन गर्दैछ । वाकि रहेका तीन वहिहरूमध्ये "चतुर्ब्रह्म महाविहार"का संघका वज्राचार्यहरूको पूर्ण रेखदेखमा "भ्कौर वहि" को सम्पूर्ण वार्षिक कार्य सञ्चालन हुन्छ । चतुर्ब्रह्म महाविहारकै संघका वज्राचार्यहरू र अन्य दुई शाक्य संघ भएका महाविहारहरू "जेष्ठवर्ण महाविहार" र "जेतवर्ण महाविहार"का संघ सम्मिलित भएर क्रमश "थथु वहि" र "क्वथु वहि" को सांघिक कार्यहरू सञ्चालन हुन्छ । ती विहारहरूमा वर्तमानमा प्रव्रजित गर्ने परम्परा नभएतापनि "थथु वहि" का संघसित आवद्ध वर्तमान शाक्यहरू पहिले त्यहिं प्रव्रजित गर्ने हुनाले तिनीहरूलाई "विखु वरे" भनिन्छ भन्ने कुरा त्यहांका वुढापाकाहरूवाट आजपनि सुन्न पाईन्छ ।

## ३.४ मध्यपुरका बज्रयानी महाविहार र संघ संरचना

नेपालमण्डलको तीन प्रमुख शहरहरू कान्तिपुर, ललितपुर र भक्तपुर पछिको ठूलो शहरमा मध्यपुर पर्दछ । सामान्यत मध्यपुरमा "गुगू वाहा:" को नामले प्रशिद्ध नौवटा महाविहार रहेको विश्वास गरिन्छ ।[६] तर वर्तमान

---

[६] मध्यपुरमा गुपुन्हि अर्थात् जनै पूर्णिमा को दिनमा "गुधा हितिइं मोल्हुया, गुगू वाहालय् वहियो स्ववनेगु " अर्थात् नौवटा धारामा नुहाइं नौवटा विहारहरूमा वहियो हेर्न जाने भन्ने परम्परागत लोकोक्ति अनुसारको चलन यद्यपिसम्म चलिरहेको छ । त्यसैले यो लोकोक्ति अनुसार यहां नौवटा विहार रहेको पुष्टि हुन्छ ।

समयमा आठवटा महाविहारहरू मात्र अस्तित्वमा रहेको छ । [७] नवौं विहारको नाम समेत अज्ञात छ । उपलब्ध ती महाविहारहरू क्रमशः निम्न अनुसार रहेका छन् ।

| | | |
|---|---|---|
| १) तःबाहाः | हिरण्य(हेम)वर्ण महाविहार | मरू टोल |
| २) दिगु वाहाः | गुणकीर्ति महाविहार | दिगु टोल |
| ३) याचिं वाहाः | धर्मकीर्ति महाविहार | कतं चिवाःटोल |
| ४) वाकु वाहाः | गुणवाक्य महाविहार | चपाचो टोल |
| ५) न्हू वाहाः | हेरम्भुवर्ण महाविहार | चपाचो टोल |
| ६) दथु वाहाः | जेतवर्ण महाविहार | कममांतुन्थी टोल |
| ७) जिस्वां वाहाः | पूर्वस्थित महाविहार | गार्चा टोल |
| ८) पाटी वाहाः | पाटी विहार | वाहाःखा टोल |

उपरोक्त आठवटा विहारहरूमध्ये जिस्वां वाहाः वाहेक तःवाहाः सवैभन्दा प्राचीन र एकमात्र मूल संघ रहेको विहार भएको देखिन्छ । तः वाहाःको संघ सदस्यहरूलाई निम्नानुसार क्रमशः चार कवल (समूह)मा विभाजन गरिउका छन् ।

१) वाहाः कवः  २) इना कवः

३) मादु कवः  ४) क्वा कवः

ती चार कवलहरू मध्ये वाहाः कवलले कालान्तरमा छुट्टै माथि उल्लेखित ६वटा विहारहरू दिगु वाहाः, याचिं वाहाः, वाकु वाहाः, न्हू वाहाः, दथु वाहाः र पाटी वाहाः निर्माण गरेका हुन् भन्ने त्यहांका जनविश्वास छ ।

वाहाः कवलवाट निर्माण भएको अनुमान गरिएका ती विहारहरूमध्ये वाकुवाहाः, न्हूवाहाः, दथुवाहाः र पाटीवाहाः जीर्ण भई लुप्त हुने अवस्थामा छ र ती विहारहरका हकदारहरू पनि नासिंदै गएको देखिन्छ । दिगुवाहाः र याचिवाहाः दुवैमा आ–आफ्नो कुलपुत्रहरूलाई मात्रै प्रवज्या कार्यपनि हुन्छ ।

---

[७] जोन के लक र रत्नकाजी,विजय रत्न वज्राचार्यहरूले आ-आफ्नो ग्रन्थमा नौवटा चैत्य (गुग चिभा) भएको स्थानलाई नवचैत्य विहार नामाकरण गरि मध्यपुमा नौवटा विहार अस्तित्वमा रहेको चर्चा गरिएको छ । तर यो नौवटा चैत्य भएको स्थान विहार होइन । यहां विहार संघ र विहारहरूमा हुने क्रियाकलापहरू केहि हुदैन । यो स्थान परिसरमा भक्तपुरको अखण्डशिल महाविहारका उक वज्राचार्य परिवार वस्दै आएको छ र उहि परिवारका सदस्य आशवज्र वज्राचार्यले वि.सं. २०१९ माघ पञ्चमीका दिन उत्तराभिमुख गरेर शाक्यमुनिको मूर्ति स्थापना गरेका थिए । यसरी शाक्यमुनिवुद्धको मूर्ति भएको कारणले गर्दा उहांहरूले यस स्थानलाई विहारको सूचिमा राख्नु भएको हुन सक्छ ।

प्रव्रजित भईसकेपछिनितीहरू आ–आफ्नो विहारको संघ सदश्य हुन्छन् र त:वाहा:का मूल संघ सदस्यमा पनि स्वत: गणिन्छ । ती दिगु वाहा: र याचिं वाहा:मा प्रव्रजित नगराइकन सोझै त:वाहा:मा पनि प्रव्रजित गर्न सकिन्छ ।

वाकु वाहा:, न्हूवाहा:, दथुवाहा: र पाटीवाहा: जीर्ण भई लुप्त हुने अवस्थामा छ र ती विहारका संघ (हकदार)हरु पनि स्थानिय गइसकेको छ । तर दिगुवाहा: र याचिंवाहा:मा आ–आफ्ना कुलपुत्रहरूलाई प्रव्रजित गर्ने, सम्वन्धित विहारका संघसदस्य हुने एवं त:वाहाःको मूल संघ सदस्यमा प्रवेश पाउने परम्पराबाट म्हासिदै गएका माथि उल्लेखित चार विहारहरूमा पनि प्रवज्या कार्य हुन्थ्यो र छुट्टै संघपनि हुन्थ्यो,तिनीहरू पनि त:वाहा:को मूल संघमा प्रवेश पाउँथ्यो भन्ने अनुमान लगाउन सकिन्छ ।

इनाकवल, मादुकवल र क्वाकवलका छुट्टै आफ्नो विहार छैनन् । तिनीहरूको कुलपुत्रहरूलाई त:वाहा:मा मात्रै प्रव्रजित गरिन्छन् । प्रव्रजित भएका चारै कवलका कुलपुत्रहरूले भोलिपल्ट चीवर फुकालि आचार्य अभिषेक प्राप्त गरि "वज्राचार्य" हुन्छन् । जिस्वांवाहा:का कुलपुत्रहरूलाई जिम्वांवाहा:मै प्रवजित गर्दछन् । त्यहांपनि प्रवजित भएको भोलिपल्ट चिवर फुकालि आचार्य अभिषेक प्राप्त गरि "वज्राचार्य" हुन्छन् । चारै कवलका र जिम्वांवाहा:का कुलपुत्रहरूलाई आचार्याभिषेक दिएको दिनमा नै मध्यपुरको दक्षिण दिशामा रहेको पीठ दक्षिण वाराहीमा "होमपी लुयंगु" अर्थात् होम गर्ने क्रिया पनि सम्पन्न गर्दछ ।

मध्यपुरको वज्राचार्य संघका सदस्यहरूलाई तिनीहरू बसोवास गर्दै आएको स्थान विशेषको नामवाट कवलको नाम राखिएको अनुमान गर्न सकिन्छ । माथि उल्लेखित चार कवलका सदस्यहरूवाट नै त:वाहा: अर्थात् हिरण्यवर्ण महाविहारमा सम्पन्न हुने सम्पूर्ण सांघिक कार्यको आलो पालो गरि जिम्मेवारी लिई कार्य सम्पन्न गरिन्छन् । प्रत्येक कवलमा चारवर्षको एकचोटि पालो आउँछ । यसरी पालो आउँदा वाहा: कवलभित्र वत्तिसवर्षको एकचोटि पालो लिने सदस्यहरू पनि छन् भने इना कवल भित्रका सदस्यहरूले चार-चार वर्षमा नै पालो लिइ आएका छन् । यसवाट वाहा: कवल भित्र धेरै संघ सदस्यहरू भएको र इना कवल भित्र थोरै (दुइ परिवारमात्र) सदस्यहरू भएको देखिन्छ ।

चार कवलमा प्रत्येक कवल भित्रका वर्षले जेष्ठ सदस्यलाई थकालि मानिन्छ । चार कवलका थकालिहरूको समूहलाई "प्यम्ह थकालि" अर्थात् चार थकालि भनिन्छ । चारजना थकालि मध्ये पनि जेष्ठ थकालिलाई "दे थकालि" अर्थात् देशको थकालि भनिन्छ । दे थकालिलाई कान्तिपुरको मूलचक्रेश्वरको समकक्ष मान्न सकिन्छ । हिरण्यवर्ण महाविहारमा सम्पन्न हुने सम्पूर्ण सांघिक

कार्यमा चार थकालिहरूको प्रमुख भूमिका अर्थात् कार्यकारिणी अधिकार रहेका हुन्छन् ।

हिरण्यवर्ण महाविहार बाहेक बाहा: कवलका गुणकीर्ति महाविहार र हेरनीलवर्ण महाविहार एवं पूर्वस्थित महाविहारमा अद्यापि सम्म प्रवज्या कार्य गरिन्दै आएका छन् । यी विहारहरूमा आ-आफ्नो छुट्टै संघ पनि रहेका छन् र यी संघ सदस्यहरूले नै विहारको सांघिक कार्यहरू गर्दै आएका छन् ।

दिगुबाहा: (गुणकीर्ति महाविहार) मा बाहा: कवलको एक समूह वा परिवारका दाजुभाई बीचका कुलपुत्रहरूलाई प्रवजित गर्ने कार्य गरिन्छ । तर यस विहारमा प्रवजित गर्ने सम्पूर्ण संघ सदस्यहरूलाई सांघिक कार्यमा संलग्न गरिएको छैन । मध्यपुरको क्वनेचुक भन्ने ठाउंमा बस्ने यस विहारका संघ सदस्यहरूले मात्र विहारको सांघिक कार्य गर्दै आएका छन् । यसै विहारका अन्य सदस्यहरूलाई प्रवजित गर्न मात्र दिएको छ । यिनीहरूले विहारका सांघिक कार्यहरू नगरेता पनि हिरण्यवर्ण महाविहारका स्वत: सदस्यमा गनिन्छन् र त्यहांको सांघिक कार्यमा संलग्न पनि हुन पाईन्छन् । यस विहारमा काठमाण्डौंको सुन्ता गाउँका एक खलक वज्राचार्यहरू पनि प्रवजित कार्यमा संलग्न हुन्छन् । तर तिनीहरूलाई सो विहारका सांघिक कार्यमा र हिरण्यवर्ण महाविहारका कुनैपनि सांघिक कार्यमा संलग्न गराएको देखिन्दैन ।

याचिंबाहा:(हेरनीलवर्ण महाविहार)मा सातघरका लगभग ५० जना सदस्यहरू रहेका छन् । यी सदस्यहरूको प्रवज्या कार्य यसै विहारमा सम्पन्न हुन्छन् । यो विहारमा वर्षको आधारमा जेष्ठ संघ सदस्यलाई बाहा:को थकालिको रूपमा मानिन्छ । बाहा: थकालिको प्रमुख संयोजकत्वमा नै विहारको सबै सांघिक कार्यहरू संचालन हुन्छन् । यस विहारको पालो संघ सदस्यहरूको गणनाबाट नभई घरमुलिको जेष्ठताक्रम अनुसार यी सातघर परिवारहरूमा आउँछ । वर्षको एकचोटि दशैंमा महानवमिका दिन यी सातै परिवारका प्रवजित सदस्यहरू विहारको आगममा जम्मा हुन्छन् । प्रत्येक घरबाट आगममा पुजा ल्याउंछन् र थकालिले पुजा गरि भोलिपल्ट महादशमिको दिनमा प्रत्येक सदस्यहरूमा जेष्ठताक्रम अनुसार पात्र दिने पनि कार्य पनि गरिन्छ । अन्तमा "खां पिहांवयगु" क्रिया गरेर पूजा समापन गरिन्छ ।

जिम्बांबाहा:का वज्राचार्यहरू मध्यपुरका चार खलकका वज्राचार्यहरूको पुरोहित हुन् । हिरण्यवर्ण महाविहारमा सम्पन्न हुने करूणामय न्हवं र न्यम सम्बन्धि सम्पूर्ण कार्यहरू पनि यसै विहारका वज्राचार्यहरूले गर्दछन् । जिम्बांबाहा:का वज्राचार्यहरूलाई सोहि विहारमा मात्र प्रवज्या कार्य गरिन्छ । मध्यपुरको मूल संघमा यस विहारका वज्राचार्यहरूलाई समावेश गरिएको

देखिन्दैन । तर मध्यपुरको "द आचार्य गुठि"मा भने समावेश गरिएको पाईन्छ। अहिले यहाँ प्रवज्या कार्य बाहेक अरू सांघिक कार्यहरू हुने गरेको छैन ।

मध्यपुरका सम्पूर्ण वज्राचार्यहरू (चारकवलका सम्पूर्ण सदस्यहरू र जिस्वाँ बाहाःका वज्राचार्यहरू समेत)को एउटा "आचार्य गुठि" रहेको छ । प्रत्येक वर्षको पाहाँचह्रे अर्थात् चैत्र कृष्ण चतुर्दशीका दिन यो आचार्य गुठि सम्पन्न हुन्छ । यो गुठिमा "दशनायो" अर्थात् दशनायकको व्यवस्था गरिएको छ । प्रवज्या कार्य सम्पन्न भएका कुलपुत्रहरूले दशनायोलाई "स्वयर्दा" अर्थात् चामल, सुपारी र पैसा राखिएको माटोको पाला राखेर आचार्य गुठिमा प्रवेश हुन्छन् । आचार्य गुठिमा जेष्ठताक्रम (वर्षको आधारमा) अनुसार प्रत्येक सदस्यहरूलाई पालो आउँछ । तर केहि समयदेखि आचार्य गुठिमा नयाँ सदस्यहरू प्रवेश भएको देखिन्दैन र भएका सदस्यहरू पनि विस्तारै स्वेच्छाले गुठि त्यागेर जाने क्रम बढ्दै छ ।

मध्यपुरमा एक शाक्य खलक पनि बसोबास गर्दै आइ रहेका छन् । यहाँको "सी गुठि" अर्थात् मुर्दा गुठिमा यिनीहरू सदस्य रहेका छन् । तर यहाँ यिनीहरूको कुनै पनि सांघिक कार्य भएको देखिन्दैन । यिनीहरू पाटनको हिरणवर्ण महाविहारका हुन् । त्यसैले यिनीहरू उहि विहारमा गइ प्रवज्या कार्य गर्ने गर्दछन् ।

२०५५ सालमा "मध्यपुर थिमि वज्राचार्य संघ"को स्थापना भयो । यस संघको स्थापना पछि वर्तमान समयसम्म प्रवज्या कार्य भइरहेका बाहाःहरू – तःबाहाः, दिगुबाहाः र यांचिंबाहाःमा यहाँका चारकवलका सम्पूर्ण वज्राचार्यहरूको कुलपुत्रहरूलाई पाँच पाँच वर्षमा "संघ प्रवज्या ग्रहण" अर्थात् सामुहिक प्रवज्या ग्रहणको व्यवस्था गरिएको छ । यहि व्यवस्था अनुरूप २०५५ सालमा प्रथम पटक तःबाहाःमा र २०६० सालमा दोश्रो पटक दिगुबाहाःमा संघ प्रवज्या कार्य सम्पन्न भैसकेको छ । संघ प्रवज्या कार्यमा पहिले देखि गर्दै आएको पीठमा बोका बलि दिने कार्य नगरिकन नै होम क्रिया सम्पन्न गर्ने जस्ता सुधारात्मक कार्य भए ।

अन्तमा 'वज्राचार्य प्रवेश' विषयमा अध्ययन तथा अनुसन्धान हुन सकेमा नेपालको बौद्ध धर्म वा परम्परामा 'नेपालमण्डल' अझ बढी स्पष्ट हुन सक्नेछ ।

●

अध्याय चार

# नेपालमण्डलमा प्रचलित बज्रयान अभिषेकहरू

## ४.१ आचालुयेगु र अन्य प्रमुख अभिषेकहरु

नेपालमा वौद्ध र गैर वौद्ध समाजमा पनि सजातीय विवाहको प्रचलन छ। जीवित वौद्ध परम्परा अनुसार शाक्य तथा वज्राचार्यको सजातीय विवाहवाट जन्म भएका कुलपुत्रहरूलाई सम्बन्धित विहारमा अनिवार्य रूपमा प्रव्रजित गराउनु पर्ने प्रावधान छ। वज्राचार्यका कुलपुत्रहरूको हकमा प्रव्रजित पछि गृहस्थिमा प्रवेश गराइन्छन् र तिनीहरूलाई आचार्य अभिषेक दिईन्छन्। आचार्य अभिषेक पछि तिनीहरू "वज्राचार्य" कहलिन्छन्। उक्त आचार्य आभिषेक प्रदान गर्ने कार्यलाई नेपाल भाषामा "आचालुयेगु" भनिन्छ।

आचार्य अभिषेक प्रदान गर्ने क्रममा विधिका केहि चरण पछि पञ्चाभिषेक दिईन्छ। पञ्चाभिषेक भनेको पञ्चवुद्धका अभिषेकहरू हुन्। उक्त पञ्चाभिषेक पछि आचार्य अभिषेक दिईन्छ। त्यसपछि मन्त्राभिषेक दिईन्छ। पञ्चाभिषेक एवं मन्त्राभिषेक दिने कार्यलाई नेपाल भाषामा "न्हिकं विये" भनिन्छ जुन संस्कृत शव्द पञ्चाभिषेक एवं मन्त्राभिषेकको नेपाल भाषामा अनुवाद भने होईन। संस्कृत भाषाको नित्य (दैनिक) लाई नेपाल भाषामा न्हिं न्हिं वा न्हिथं भनिन्छ। पञ्चाभिषेक एवं मन्त्राभिषेक पश्चात् सो मन्त्रलाई नित्य जप्नु पर्ने भएकोले उक्त पञ्चाभिषेक तथा मन्त्राभिषेक दिने कार्यलाई "न्हिकं विये" (नित्य जप्नुपर्ने मन्त्र अभिषेक दिने) भन्न थालिएको हो। यनि आचार्य अभिषेक, पञ्चाभिषेक तथा मन्त्राभिषेक प्राप्त वज्राचार्यलाई होम विधि सिकाईन्छ। तदनन्तर विहारमा र पीठमा मांसाहुति गर्न लगाउन्छ। आचार्य अभिषेक प्राप्त व्यक्ति मात्रै होमकर्मको अधिकारी हुने मान्यता छ।

वज्राचार्य कूलपुत्रीहरूको हकमा गर्भाधानकर्म (गुफाराख्ने) संस्कार सम्पन्न भएकाहरूलाई मात्र कुनै अनुकूल दिनमा न्हिकं अर्थात् पञ्चाभिषेक तथा मन्त्राभिषेक दिईन्छ। वज्राचार्य कूलमा जन्म भएवाटै वा विवाह भएवाटै उनीहरू वज्राचार्य भईन्छन्।

शाक्यकूलपुत्रहरूलाई प्रव्रजित पछि गृहस्थिमा भित्र्याईन्छ। कान्तिपुरमा अनुकूल समयमा न्हिकं अर्थात् पञ्चाभिषेक एवं मन्त्राभिषेक दिईन्छ। शाक्यकूलपुत्रीहरूको लागि पनि गर्भाधानकर्म संस्कार पछि मात्रै उनीहरूलाई

पञ्चाभिषेक एवं मन्त्राभिषेक दिइन्छन् । ललितपुरमा अष्टमिव्रत क्रममा षडक्षरी मन्त्र प्रदान गरिन्छ । कान्तिपुरमा सजातीय विवाहबाट जन्म भएका उराय् (तुलाधर, कंसाकार, ताम्राकार आदि समकक्ष) समाजका कुलपुत्र एवं कूलपुत्रीहरू विना प्रवज्या न्हिकं अर्थात् पञ्चाभिषेक एवं मन्त्राभिषेकका योग्य पात्र मानिन्छ । उराय् समाजमा विवाह पूर्व अनिवार्य रूपमा न्हिकं लिनु पर्ने परम्परा छ ।

इच्छित वज्राचार्य र शाक्य कूलपुत्र एवं कुलपुत्रीहरूलाई चक्रसंवर, वज्रावाराही, चण्डमहारोषण, योगाम्वरका छुट्टा छुट्टै अभिषेकहरू पनि दिइन्छन् । यी अभिषेकहरू निकै गुह्य र उच्चस्तरका मानिन्छन् । यस किसिमका गुह्य एवं उच्चस्तरका अभिषेकलाई नेपालभाषामा "देखा" भनिन्छ । "देखा" संस्कृत शव्द "दीक्षा" को अपभ्रंश हो । चक्रसंवर र वज्रवाराहीको अभिषेक छुट्टा छुट्टै क्रमशः एक पछि अर्को एउटै "देखा" कार्यक्रममा दिइन्छ । चक्रसंवर पछि वज्रवाराहीको अभिषेक अनिवार्य रूपमा दिइन्छ । यी दुई अभिषेकलाई एक प्रकारले युगल अभिषेकको रूपमा लिइन्छ । उक्त अभिषेक पूर्व सर्वप्रथम अमोघपाश लोकेश्वरको अभिषेक दिइन्छ । यो पनि अभिषेकको अनिवार्य एक प्रमुख अंग हो । यी अभिषेकको क्रममा चरणवद्धरूपमा थुप्रै अभिषेकहरू प्रदान गर्दै सम्वन्धित देव-देवीहरूको मन्त्रहरू सुनाउँछन् । ती अभिषेकहरूको विधि लामो प्रकृया पारगर्दै लामो दिन (लगभग १५ दिन )सम्म अभिषेक प्रदान गर्ने काम सम्पन्न हुन्छ । वाहाः र वहीको संघमा थायपा (चक्रेश्वर तथा स्थविर) हुनलाई यी अभिषेकहरू अनिवार्य छ । संघका अन्य सदस्यहरूका लागि वाहाः र वहीको "आगम"(गुह्यकोष्ठ)मा प्रवेशका लागि पनि ती अभिषेकहरू अनिवार्य छ ।

चण्डमहारोषणको अभिषेक पनि नेपालमण्डलमा प्रसिद्ध छ । यो एक छुट्टै प्रकारको अभिषेक हो र छुट्टै समयमा अभिषेक दिइन्थ्यो । तर आजकल कान्तिपुमा चक्रसंवर, वज्रवाराहीको अभिषेक प्रदान लगत्तै चण्डमहारोषणको अभिषेक दिने नयाँ परम्पराको थालनि भएको छ ।

उपरोक्त अभिषेकहरू भक्तपुर, मध्यपुर र ललितपुरमा वज्राचार्य र शाक्यहरूमा मात्रै सिमित छ भने कान्तिपुरमा उराय् (तुलाधर आदि) लाई पनि दिने प्रचलन छ । ती उरायहरूको लागि आ-आफ्नो आगममा प्रवेशको लागि पनि चक्रसंवर र वज्रवाराही वा आगमसंग सम्वन्धित अभिषेकहरू अनिवार्य छ । चित्रकार समाजमा पनि "देखा" (आगमसंग सम्वन्धित अभिषेक) लिने परम्परा छ ।

विक्रमशिल महाविहार (थंवहिल) का प्रधानहरूमा पनि उक्त विहारको आगमसंग सम्वन्धित अभिषेक लिने परम्परा छ । ललितपुरमा केहि

श्रेष्ठहरूलाई पनि "देखा" दिने भनेर उनीहरूको आगमसंग सम्वन्धित अभिषेक दिने परम्परा छ । केहि महर्जनहरूलाई महांकालको अभिषेक दिने परम्परा छ ।

उपरोक्त विषयका अभिषेक अतिरिक्त यदा-कदा मात्रै भएपनि वज्रधातु, धर्मधातु, षडक्षरी, मामकी आदि थुप्रै वाह्य एवं गुह्य देव-देवीहरूको अभिषेक दिने प्रचलन आएको छ ।

## ४.२ अभिषेक प्रदानका प्रचलित विभिन्न प्रकियाहरू

(क) चक्रसंवर, वज्रवाराही चण्डमहारोषण जस्ता गुह्य देव–देवीहरूको अभिषेक निश्चित विधि (पूर्ण औपचारिक प्रकृया) अपनाई विभिन्न अभिषेकका साथ सम्पन्न गरिन्छ । यी विशेष गरेर चक्रसंवर र वज्रवाराहीको अभिषेक प्राप्त व्यक्तिहरूलाई सम्वन्धित विभिन्न देवस्थल, पीठ आदि स्थानमा लगि सामान्य पूजा गरि गुह्य देव-देवीको मन्त्राभिषेक दिईन्छ ।

(ख) सामान्य मण्डलपूजा अर्थात् अभिषेक संग सम्वन्धित देव-देवीको रजमण्डल निर्माण गरि, पूजा गरि कलशाभिषेक सहितले मन्त्राभिषेक दिने चलन पनि छ ।

(ग) सामान्य पूजा अर्थात् कलशार्चन एवं मामकी पूजाको औपचारिकता पुऱ्याएर पनि मन्त्राभिषेक दिने चलन पनि छ ।

(घ) वाह्य देव-देवीहरूको मन्त्राभिषेक इच्छुक व्यक्तिहरूलाई विना पूजा पनि अति सामान्य औपचारिकता पुऱ्याई मन्त्राभिषेक दिने प्रचलन पनि छ ।

सिमित क्षेत्र तथा केहि वर्गमा संकुचित रहेको अभिषेक परम्परालाई तोडी राष्ट्र भित्र मात्रै होईन अन्तरराष्ट्रिय क्षेत्रमा समेत स्वदेशको अन्तर जातीमा मात्रै होईन अन्तरराष्ट्रका अन्तर जातीमा समेत, यथा सम्भव नेपालको वज्रयानी अभिषेक परम्परा प्रदान गर्ने जस्ता सुधारात्मक एव व्यापक कार्यहरू पनि हुँदै आएको छ । यस सन्दर्भमा नेपालको परम्परागत वौद्ध धर्म संघको आयोजनामा सन् २००० मा अमेरिकाको कार्ठन्नि म्युजियमको लस् एञ्जेल्समा प्रवासी नेपाली एवं विदेशीहरूलाई समेत वज्रधातु अभिषेक प्रदान गरिएको र "नेपाल परम्परागत वौद्धधर्म संघ" ललितपुको आयोजनामा वि.सं ई.सं. २००५ मा ललितपुरको अशोक पालेसमा भएको नेवार, गैर नेवार, वौद्ध, गैर वौद्ध आदि सबैलाई समूहगत रूपम (Mass Level) षडक्षरीको अभिषेक प्रदान गरिएको उल्लेखनीय छ ।

## ४.३ नेपाल मण्डलमा प्रचलित वज्रयान अभिषेक तथा पंचबुद्ध[१] संस्कृति

नेपालमण्डलको वज्रयानी समाजमा पञ्चबुद्ध एक अभिन्न अङ्ग हुन् । जीवनका हरेक चरणहरूमा पञ्चबुद्धको अवधारणको गहिरो प्रभाव छ । पञ्चबुद्धको पूजा एक सामान्य (Common) पूजा भैसकेको छ । प्रत्येक साना-ठूला अभिषेकमा सर्वप्रथम पञ्चबुद्धको अभिषेक प्रदान गरिन्छ भन्ने कुरा पूर्व उल्लेखित भैसकेको छ । जीवनका केहि महत्वपूर्ण चरणमा पञ्चबुद्धको मुर्ति तथा चित्र लेख्नु अनिवार्य छ । पञ्चबुद्ध सम्बन्धि अवधारणा, पूजा, अभिषेकहरूमा आदि पञ्चबुद्धको संस्कृतिको रूपमा स्थापित भैसकेको छ । पञ्चबुद्धको संस्कृति नेपालको वज्रयानी समाजको एक विशेषता भैसकेको छ । निम्न लिखित कुराहरूले पनि नेपालमण्डलका वज्रयानी समाजमा पञ्चबुद्धको संस्कृति स्थापित भएको पुष्टि हुन्छ ।

वज्रयानमा प्रवेशको लागि उपोषढ, दशशिक्षापद ग्रहण, सौत्रान्तिक, वैभाषिक, योगाचार, माध्यमिक दर्शनको ज्ञान र मन्त्रनयको ज्ञान हुनुपर्ने न्यूनतम योग्यता हो । उपोषढ र दशशिक्षापद ग्रहण भएको हुनुपर्नेको अर्थ भिक्षु जीवनका अनुभवी अर्थात् शील-सदाचार पालन गरेको हुनुपर्ने भनेको हो । सौत्रान्तिक देखि माध्यमिक दर्शनको ज्ञान हुनुपर्नेको अर्थ प्राथमिक बौद्धदर्शनका समाधि र प्रज्ञाको ज्ञान देखि लिएर उच्चतम बौद्ध दर्शनका समाधि र प्रज्ञाका ज्ञान हुनुपर्ने भन्ने हो । मन्त्रनयको ज्ञान हुनुपर्नेको अर्थ थप उपाय कौशल्य स्वरूप मन्त्र सिद्धान्त र मन्त्र विद्याको ज्ञान हुनुपर्ने भनेको हो । यति योग्यताले पूर्ण व्यक्तिलाई मात्रै वज्रयानमा प्रवेश दिन सक्ने प्रावधान छ ।

नेपालको लिच्छविकालीन इतिहास र वर्तमानमा विद्यमान वज्रयानी ग्रन्थ, विहार, विहारमा भएका गुह्य देव-देवी, अन्यत्र रहेका गुह्य देव-देवीहरूको मन्दिर, अन्य मूर्तिहरू र वज्रयानी विभिन्न अभिषेक परम्पराले अतीतको नेपालमण्डलमा वज्रयानका लगभग सम्पूर्ण अभिषेक परम्परा रहेको थियो भन्न सकिन्छ । तिब्वतिहरूका लागि लिच्छविकालीन नेपालमण्डल एक बौद्ध शैक्षिक केन्द्र थियो । नेपालमण्डलमा नेपालका गुरुहरूबाट पाएका विभिन्न वज्रयानी अभिषेकलाई ती तिब्वति शिष्यहरूले अद्यापि निरन्तरता दिँदै आइ राखेका छन् । विभिन्न प्रतिकूल काल-परिस्थिती बावजुद नेपालमण्डलमा

---

१ पञ्चबुद्धसम्बन्धी विस्तृत विवरण एवं मूल सम्कृत स्रोतको लागि द्रष्टव्य: लेखकको पञ्चबुद्ध ग्रन्थ हेर्नुहोला ।

वर्तमान सम्म पनि केहि अभिषेक परम्पराले निरन्तरता पाई राखेका छन् । प्रचलित केहि अभिषेक परम्परालाइं प्रस्तुत गरिन्छ ।

## ४.४ नेपालमण्डलका बज्रयानी समाजमा पञ्चबुद्ध एवं संस्कृति

नेवार बौद्ध परम्परा अनुसार बौद्ध संस्कार विधि गर्दा पञ्चबुद्धका अभिषेक दिइंने गरिन्छ । जन्मदेखि मरणोपरान्तसम्ममा पनि पञ्चबुद्धको ज्ञानको कुरा राम्ररी बुझाइं उक्त ज्ञान लाभको निमित्त दशकर्ममा पञ्चबुद्धको अभिषेक दिने परम्परा बसाइं राखेको हुनु पर्दछ ।

बालक जन्म भएपछि उसको जातकर्म (जुठो बार्ने) विधि गर्दा अमिताभ बुद्धको चिन्ह रातो कमलको चिन्ह भएको कलशपानीले स्नान गराईन्छ । त्यसपछि नाभिछेदन (नाभि काट्ने) विधि गर्दा अक्षोभ्य बुद्धको चिन्ह नीलोवज्र चिन्ह अंकित गरिएको कलशपानीले स्नान गराईन्छ । त्यसपछि नामाकर्म (नाम राखिदिने) विधि गर्दा वैरोचनको चिन्ह सेतोचक्र चिन्ह अंकित कलशपानीले स्नान गराईन्छ । यसरी नै फलप्राशन विधि गर्ने वेलामा अमोघसिद्धिको चिन्ह विश्ववज्र वा खड्ग चिन्ह अंकित कलशपानीले स्नान गराईन्छ । त्यसपछि कर्णभेद विधि गर्ने वेलामा रत्नसम्भव बुद्धको चिन्ह रत्नशाखाको चिन्ह अंकित कलशपानीले स्नान गराईने परम्परा रहि आएको छ । यस्तो विधिलाइं प्रतिष्ठाकर्ममा दशकर्म विधिपूर्ण गर्ने भनेर भनिन्छ ।

नेपालमण्डलको बौद्ध परम्परामा यसरी विधि गर्दा पञ्चबुद्धको अभिषेक दिइन्छ भने बौद्धचर्या गर्ने वेलामा आचार्याभिषेक विधि, दीक्षाकर्म विधि आदि गर्दापनि पञ्चबुद्ध अर्थात् पांचजना बुद्धको नै अभिषेकको (पञ्चाभिषेक) दिइंने परम्परा छ ।

यसरी पञ्चाभिषेक दिंदा क्रमश अक्षोभ्यबुद्ध, रत्नम्भवबुद्ध, अमिताभबुद्ध, अमोघसिद्धिबुद्ध र वैरोचनबुद्धको अभिषेक दिइंने हो । भन्नुको अर्थ अभिषेक लिने शिष्यलाइं पहिले अक्षोभ्य ठानेर नीलोवज्र चिन्ह भएको कलशपानीले स्नान गराइं उदकाभिषेक दिईन्छ । त्यसपछि उक्त शिष्यलाई रत्नसंम्भव ठानेर रत्नशाखा चिन्ह भएको कलश पानीले स्नान गराइं मुकुटाभिषेक दिइंन्छ । त्यसपश्चात अमिताभ ठानेर रातो कमलको फूल चिन्ह भएको कलश पानीले स्नान गराइं वज्राभिषेक दिइंन्छ । त्यसपछि अमोघसिद्धि ठानेर विश्ववज्र वा खड्ग चिन्ह भएको कलश पानीले स्नान गराइं घण्टाभिषेक दिइंन्छ । अन्तमा मो शिष्यलाइं वैरोचन ठानेर सेतोचक्र चिन्ह अंकित कलश पानीले स्नान गराइं नामाभिषेक दिइंने परम्परा रहि आएको छ । यस्तो अभिषेक मर्न्तविधानुत्तर पूजामा अष्टमंगल स्थापना गरेर पूजा गर्दापनि अष्टमंगल गाथा पढेर अष्टमंगलको अभिषेक दिइंने चलन छ । उक्त अष्टमंगलाभिषेकमा पञ्चबुद्धको अभिषेकपनि गाभिइं राखेको छ ।

यसरी नै कुनै पनि प्राणि जन्म भएपछि मर्नुपर्छ । त्यसरी मर्दा उक्त मृतकलाई अग्निसंस्कार गर्नुभन्दा पहिले पनि विशेष अवस्थामा पञ्चाभिषेक दिने विधि छन् । त्यस्तै नै मरेपछि उसको नाममा श्राद्धकर्म गर्दाखेरी पनि उसको नाममा पिण्ड राखेर मो पिण्डलाई पनि पञ्चाभिषेक दिने चलन गरि आएको छ ।

## ४.५ नेपाल मण्डलको वज्रयानी समाजमा पञ्चवुद्धको उपयोग

नेपालमण्डलको वौद्ध परम्परा अनुसार जन्म भए देखि मरणोपरान्त सम्म पञ्चवुद्ध र पञ्चज्ञानको आधारमा संस्कारकर्म गरि आएको मात्रै होइन वौद्ध धर्म अनुसार गर्ने धार्मिक कार्यक्रम गर्दापनि पञ्चवुद्धको चिन्ह राखेर पूजादि गर्दै आएको छ । यस्तो पूजामा पूजा गर्ने वज्राचार्यले पञ्चवुद्धको मूर्ति अंकित गरिएको मुकुट लाएर पूजा गर्ने चलन चलि आएको छ । यस्तै प्रकारले चैत्य स्थापना गर्नको लागि पनि पञ्चवुद्धको मण्डलको आधारमा पादस्थापना गरेर मात्रै चैत्य वनाईन्छ ।

नेपालमण्डलमा लख चैत्य व्रत गुंला महिनाभरि गर्ने गरिन्छ वा अरू अवसरमा पनि उक्त व्रत गर्दा कालो माटोको सानो सानो चैत्य वनाई सकेमा सवालाखको संख्यामा जम्मा गरेर ती सवै एक ठूलो ढुंगाको चैत्य वनाई त्यसको गर्भमा राख्ने चलन छ । त्यसरी ढुंगाको चैत्यको गर्भमा नराखि नदिमा बगाईने चलन पनि छ । वालुवाको चैत्यपनि वनाउने चलन पनि रहेको छ र चामलको पिठोवाट पनि चैत्य वनाउने चलन छ । जे होस् त्यसरी चैत्य वनाउनु अगाडि वैरोचन वुद्धको धारणी पढेर माटोलाई शोधन गर्नु पर्दछ । महायान बौद्ध धर्म अनुसार चैत्यमा पञ्चवुद्धको मूर्ति कुँदिएको होस वा नहोस, त्यो चैत्य ढुंगा, माटो र चामलको पिठोको जेवाट वनेको भएपनि आखिर उक्त चैत्य पञ्चवुद्धको एकात्मक रूप हो भनेर मानिन्छ । चैत्यको पूर्व भागमा अक्षोभ्य वुद्ध, दक्षिण भागमा रत्नसम्भव वुद्ध, पश्चिम भागमा अमिताभ वुद्ध, उत्तर भागमा अमोघसिद्धि वुद्ध र मध्ये भागमा वैरोचन वुद्ध अवस्थित भई रहेको छ भन्ने भाव गरिन्छ । त्यसैले चैत्यको पूजा प्रतिष्ठा र जुनसुकै पूजा गर्दा पञ्चवुद्धको चिन्ह राखेर पञ्चवुद्धमण्डल अर्थात् गण कलशादि स्थापना गरेर पूजा पूजा एवं स्नान गर्नु पर्दछ ।

नेपालमण्डलको वौद्धहरू मध्ये पनि नेवार वौद्धहरूले ठूल्ठूला वौद्धपूजा गर्दा र खुशीयालीको अवसरमा गर्ने कर्मविधि गर्दा आफ्नो घरको मुलद्वारमाथि पञ्चवुद्धको चित्र लेख्ने परम्परा रहि आएको छ । विशेष गरेर यस्तो पञ्चवुद्धको चित्र लेखाउने कार्य सम्यक्दान, नवदान, पञ्चदान, विवाह र भीमरथारोहण आदि खुशीयालीको अवसरमा लेखाउने चलन छ । तर आजकल यसको चलन धेरै नै कम हुँदै गएको पाइन्छ । तैपनि आजकल

विवाह कार्यमा चित्र लेखाउनुको सत्ता त्यस्तै पञ्चबुद्धको चित्र लेखिएको कागज मात्रै भएपनि टाँस्ने चलन रहेको छ। यसरी भलै पक्का चित्र नलेखाए पनि कागजमा लेखिएको पञ्चबुद्धको चित्र मात्रै भएपनि त्यसरी मूल ढोकामा टाँस्ने चलन अद्यापि बाकि भईरहेको नै नेवार बौद्ध समाजमा पञ्चवुद्धप्रतिको आस्थालाई उजागर गरि राखेको छ। साथै यसबाट पञ्चबुद्धको अवधारणाको ठूलो प्रभाव नेवार बौद्ध समाजमा कसरी परेको छ भनेर राम्ररी वुझ्न सकिन्छ। नेपालमण्डलको वज्रयानी समाजमा पञ्चवुद्ध एक संस्कृतिको रूपमा स्थापित भएको पुष्टि हुन्छ।

●

# अध्याय पाँच
# नेपालमण्डलको बौद्ध समाज तथा बौद्ध जीवन पद्धति

## ५.१ नेपालमण्डलका वज्रयानी बौद्ध समाज

बौद्ध विनय अनुसार प्रवजित भई बसेका पुरूषलाई भिक्षु र स्त्रीलाई भिक्षुणी भनिन्छ । बौद्धधर्ममा आस्थाराखी सामान्य बौद्ध विनय पालन गरि बसेका गृहस्थ बौद्ध पुरूषलाई उपासक र स्त्रीलाई उपासिका भनिन्छ ।

बुद्धधर्म एक प्रकारले रथ हो भने भिक्षु, भिक्षुणी, उपासक र उपासिका यी चार समूहहरू उक्त रथका समान महत्व बोकेका चार पाङ्ग्रा हुन् भन्ने शाक्यमुनि बुद्ध स्वयंको महावाणी छ । प्रवजित गृहस्थहरूको दृष्टिकोणले ती चार समूहहरूलाई दुई वर्गमा विभाजन गर्न सकिन्छ । भिक्षु र भिक्षुणीको एक वर्ग र उपासक र उपासिकाहरूको अर्को वर्ग । प्रवजित वर्ग बौद्धधर्मका धर्मगुरु हुन् भने गृहस्थवर्ग बौद्धधर्मका अनुयायी हुन् । धर्मगुरु र अनुयायीहरू बाटै धर्मले निरन्तरता पाई राखेका छन् ।

प्रवजित वर्ग मानवीय मूल्य-मान्यता र बौद्ध धार्मिक विनयले बाँधि बाँधिएका हुन्छन् भने सामाजिक नियम भन्दा परै रहेका हुन्छन् । त्यसैले प्रवजित वर्गलाई एक सामाजको रूपमा कमै मात्रामा चिनाईन्छ । गृहस्थवर्ग भने बौद्ध विनयका साथै सामाजिक नियमले बाँधिएका हुन्छन् । त्यसैले गृहस्थवर्ग नै वास्तविक बौद्ध समाजको रूपमा चिनिन्छ । नेपालमण्डलको वज्रयानी समाजमा धर्मगुरु र अनुयायी दुवै बौद्ध समाज भित्र पर्दछन् । यी दुवै वर्गको संगठित रूप नै नेपालमण्डलको वज्रयानी बौद्ध समाज हो । वज्रयानमा शाक्य र वज्राचार्यका कूलपुत्रहरू प्रवजित पछि गृहस्थ मै प्रवेश हुन्छन् । प्रवजित भईसकेका कारणले तिनीहरू सबै समाजबाट वन्दनीय हुन्छन् । तिनीहरूमध्ये वज्राचार्यका कूलपुत्रहरू आचार्य अभिषेक प्राप्त भएका वज्राचार्यहरू वन्दनीय शाक्यहरू भन्दा एकतह माथी स्थापित छ ।

यी दुवै वर्ग सामान्य बोलीचालीमा "गुरूजु" शब्दले सम्मानीत छन् । बौद्ध संघ तथा समाजमा शाक्य र वज्राचार्यको काम, कर्तव्य र अधिकारको दृष्टिकोणले वज्राचार्य पूर्णकालिन धर्मगुरु full- fledged Buddhist priest हुन्

भने शाक्य आंशिक धर्मगुरु (Semi Buddhist priest) हुन् । त्यसर्थ नेपालमण्डलमा "गुरुजु" अर्थात् वज्राचार्य र शाक्य बौद्धधर्म र वज्रयान बौद्धसमाजको एक अभिन्न अङ्ग हो । बौद्धधर्मको अर्को अभिन्न अंङ्ग उपासक-उपासिकालाई समूहगतरूपमा नेपालमण्डलको वज्रयानी समाजमा "जजमान वा यजमान"ले प्रसिद्ध छ । यजमानहरूले "सिकेवुके" (मर्दापर्दा) अर्थात्तिनीहरूको घरमा कसैको जन्मदेखि लिएर मृत्यु हुँदा, मृत्यु पश्चात् पनि उक्त व्यक्तिको नाममा गर्नुपर्ने "संस्कारकर्म" हरू र अन्य धार्मिक कार्य आदि सबै कार्यमा धर्मगुरुको हैसियतले वज्राचार्यले गर्दछन् । यस कार्यलाइं बोलीचालीमा जजमानीकार्य भन्ने गर्दछन् । यसरि वज्राचार्यले धर्मगुरुको भूमिका निर्वाह गर्दै आइराखेका छन् ।

जजमानले पनि वज्राचार्य धर्मगुरुको निर्देशनमा सम्पूर्ण धार्मिक कार्य गर्दै यजमानको भूमिका निर्वाह गर्दै आईराखेका छन् । प्रत्येक जजमानको परिवारको आ–आफ्नो गुरुजु अर्थात् पारिवारिक धर्मगुरुको परम्परा छ । जजमानले धार्मिक कार्यको प्रकृति अनुसार आवयक परेको अवस्थामा अन्य विशेषज्ञ गुरुजु एवं गुरुजुहरूलाई पनि धर्मगुरुका रूपमा आमन्त्रण गर्ने गर्दछ ।

शाक्यहरूले जजमान कार्य गर्दैन तर आ–आफ्नो विहार आदि स्थानमा धर्मगुरुको हैसियतले वज्रयानी पूजाआजा गर्न सक्दछ । त्यस्तै जनमानसमा धर्म–कथा भन्ने आदि गर्दै आई आईराखेका छन् । जजमानहरू वाट पनि दान प्राप्त गर्दै आईराखेका छन् । त्यसैले शाक्यलाई पनि गुरुजु शव्दले संवोधन गर्दै सम्मान दिदै आई राखेका छन् । त्यसर्थ वज्राचार्यलाई पूर्णकालीन धर्मगुरु र शाक्यलाई आंशिक धर्मगुरु भन्नु उपयुक्त देखिन्छ ।

जजमानहरू विभिन्न पेशामा आवद्ध छन् । ती विभिन्न पेशाबाटै उनीहरूको जात(cast) को रूपमा परिचित छन् । "सिके-वुके" अर्थात् मर्दा-पर्दा क्रियाकर्म (Rituals) गर्न का लागि आमन्त्रण गरिने धर्मगुरु (पुरोहित) को आधारमा उक्त समाजको धर्म छुट्याउने (Identify) गर्ने एक प्रविधि (Identification tools) लाई नेपालमण्डलका वज्रयानी समाज परिचित गराउने मूख्य आधार मान्नुपर्ने हुन्छ ।

उपरोक्त प्रविधि अनुसार जुन जुन समाजमा मर्दा-पर्दा क्रियाकर्मका लागि नेपालमण्डलका वज्रयानका आचार्य वज्राचार्यलाई धर्मगुरुका रूपमा आमन्त्रण गरिन्छ । उक्त समाजलाई नेपाल मण्डलका वज्रयानी समाज भनेर परिचित गराइन्छ ।

नेपालमण्डलको वज्रयानी समाज भित्र पनि सवै समाजलाई विभिन्न जाति थरमा विभक्त गरिएकोमा पनि स्थान विशेपले विभिन्न उपथरहरू पनि भएकाले मूल स्थान अनुसार ती वज्रयानी समाजलाई परिचित गराइन्छ ।

नेपालमण्डलमा प्रमुख तीन नगरहरू क्रमश कान्तिपुर, ललितपुर र भक्तपुर लगायत मध्यपुरका वज्रयानी समाजका विभिन्न जातिहरू निम्नानुसार छन् ।

कान्तिपुरमा बौद्ध समाजका विभिन्न जातिको रूपमा तल उल्लेखित वर्ग र जाति पर्दछन् । उराय् वर्गमा रहेका जातिहरूमा उराय् (तुलाधर), स्थापित, तमो (ताम्राकार), कौ (नर्कर्मि, लोहाकार) कसा (कंशाकार), सिखराकार, वन्या (वनिया), ल्वहंकर्मि (शिलाकार), सिकर्मि (शिल्पकार), मधिकर्मि (शिलालिक), शिन्दुराकार र मधिकर्मि (राजकर्णिकार) पर्दछन् । त्यस्तै नै ज्यापु वर्गमा डंगोल, महर्जन, व्यञ्जनकार, दुवाल, प्रजापति, पुनुवार, सुवाल, सिंह र अवाल हुन् । मध्यपुरका वज्रयानी समाजको रूपमा परिचित ज्यापु वर्ग र जातिको रूपमा निम्नानुसारका हुन् । धौवन्जा (चकधर), कुमा: (प्रजापति), शखद्या (शंखदेव), आवा: (अवाल), दंगु (डंगाल), कौ (नर्कर्मि, लोहाकार), नौ (नापित), सायमि (मानन्धर), पुं (चित्रकार), दुल्या (राजवाहक, राजथला), छिपा (रंजितकार), स्यस्य: (श्रेष्ठ), मासिमा, प:मा (प्रधान), गोर्खाली आदि ।

यसै प्रकारले भक्तपुरका वज्रयानी समाजको रूपमा परिचित वर्गहरूमा उराय् (तुलाधर), पुं (चित्रकार), छिपा (रंजितकार), सायमि (मानन्धर) र ज्यापु (कृषक) वर्गहरूमा मारिखु, छुस्यावाग, प्याथ:, प:छि, त्यात:, ज्यापुवैद्य, वासी, लागे, मुस्याख्वा:, कोजू, व्याञ्जु, गोसाइं, सिथुखु, मुस्याख्वा, त्वायना, सुवाल, दुवाल, कुमा (प्रजापति) आदि ।

त्यस्तै नै ललितपुरका वज्रयानी समाज भन्नाले पुं (चित्रकार), खुश (तण्डुकार), अवाले, डंगोल, महर्जन, राजकर्णिकार, व्यञ्जनकार, ताम्राकार, ल्वहँकमि (शिल्पकार), सिकमि, न्याछ्र्यों (श्रेष्ठ), वाराही (श्रेष्ठ), गथु (मालाकार), नौ (नापित), कौ (लोहाकार, नकर्मि), त्यपे, श्रेष्ठ आदि ।

## ५.२ नेपालमण्डलको वज्रयानी समाजको जीवनपद्धति

जीवनमा शारीरिक तथा मानसिक परिवर्तनहरू भई रहन्छन् । ती परिवर्तनका पनि क्रमश चरणहरू हुन्छन् । ती चरणवद्ध परिवर्तक स्वाभाविक छन् । मानव समाजले आ–आफ्नो, काल र परिस्थिती अनुसार ती परिवर्तनका चरणहरूलाई सामाजिकीकरण गरिएको छ । कालान्तरमा विकाश भएका विभिन्न धर्म–दर्शन मध्ये कुनै धर्म दर्शनले ती चरणहरूलाई अस्विकार गरी त्यसको विपरित जीवन पद्धति वनाए भने कुनै कुनै धर्म–दर्शनले ती परिवर्तनका चरणहरूलाई स्विकारी धार्मिकीकरण गरे । एउटै धर्म–दर्शनको निकाय (sect)ले ती चरणहरूलाई अस्विकार गरे भने अर्को निकायले स्विकारी ती चरणहरूलाई मान्यता अनुरूप उद्देश्यमूलक वनाउने र व्यवस्थित वनाउन

विधि निर्माण गरे । ती विधिमा व्यवस्था भए बमोजिम जीवनमा ती चरणहरूलाई निरन्तरता दिँदै आए ।

बौद्ध धर्म–दर्शन अनुसार जन्म र मृत्यु जीवनको शुरू र अन्त होईन वरू जीवन–चक्र हो । उक्त जीवनचक्र भित्र धेरै चरणहरू छन् । बौद्ध धर्म-दर्शनका एक निकाय स्थविरवादले जीवन चक्रलाई निर्वाणको वाधकको रूपमा लिन्छन् भने अर्को निकाय महायानले जीवनचक्रको माध्यमवाट निर्वाण साधन गर्दछन् । जीवनचक्रको विपरित गई निर्वाण साधन गर्दछन् । महायानको पछिल्लो विकसित रूप वज्रयानले त संसार र निर्वाण एक अभेद रूप मान्दछ । वज्रयान अन्तरगतका गृहस्थ बौद्ध भिक्षु तथा आचार्य परम्पराले जीवनचक्रका चरणहरूलाई आत्मसात् गरि व्यवस्थित गरेका छन् । गृहस्थ वौद्ध भिक्षु तथा आचार्य परम्पराले वज्रयानको मूल लक्ष्य सम्यक्सम्वुद्धत्व प्राप्तिका लागि जीवनचक्र एक माध्यम भएकाले जीवनचक्रका प्रत्येक चरणलाई बौद्ध धर्म–दर्शनको दृष्टिकोणवाट संपादन गर्ने क्रियाविधि ( ritualistic process को व्यवस्था गरेको छ ।

ती विधिहरूले नेपालमण्डलको वज्रयानी समाजमा निकै ठूलो प्रभाव पारेको छ। नेपालमण्डलमा चलि आइराखेका विधिहरूलाई नेपालमण्डलको वौद्ध जन–जीवन पद्धति भन्ने चलन छ । ती विधिलाई चरणहरूलाई मूल रूपमा दुई खण्डमा वर्गिकरण गर्न सकिन्छ ।

### ५.२.१ गर्भाधान देखि मृत्युपूर्व सम्मका चरणहरू

#### *५.२.२.१ दशकर्म : गर्भाधान देखि पाणिग्रहणकर्म*

नेपालमण्डलको वौद्ध जन जीवनमा गर्भाधान देखि पाणिग्रहण सम्म गर्नु पर्ने संस्कारकर्महरू र तत्संवम्धि पूजाविधिहरूको संख्याहरू दशवटा प्रशिद्ध छन् । उक्त दशवटा कर्महरूको नाम नै दशकर्मको नामले चिनिन्छ । ती दशकर्मको नामहरू निम्नानुसार हुन् ।

**१. गर्भाधानकर्म**

नेपालमण्डलको वोद्ध समाजमा स्त्रीजातिको पहिलो पटक रजस्वला भएमा वा हुनु अगाडि विजोड वर्ष प्राय: ११ वा १३ वर्षको उमेरमा शुभमुहूर्त (माईन) मा वौद्ध विधिवत् पूजा-आजा सहित एउटा कोठामा वाह्रदिन सम्म राखिन्छ र बाह्रौं दिनमा विधिवत् रुपमै निकालिइ पूजा-आजा गरिन्छ । यो क्रियालाई नेपाल भाषामा "वाधा(ह्रा) तयेगु" र "वाह्रा पिकायेगु" भनिन्छ । उक्त क्रियालाई संस्कृत भाषामा भन्नु पर्दा "गर्भाधानकर्म" भन्ने चलन छ ।

गर्भाधानकर्म गर्दा निम्न मंगल गाथा "**ओं सर्वतथागतअभिषेकसमभिर्ययेत्यादि**" अर्थात् सवै तथागतहरूको अभिषेक (ज्ञान) लागोस् भन्ने भावले पढेर प्रथम

रजस्वला भएकी केटीलाई कलशाभिषेक (कलशबाट टाउकोमा पानी खन्याउनु) दिइन्छ ।

२. **पुंसवन**

महिलाले गर्भाधारण गरेको तेश्रौ महिनामा बौद्ध विधिवत पूजा गरिन्छ । यो क्रियालाई "पुंसवनकर्म" भनिन्छ ।

पुंसवनकर्म गर्दा गर्भवती महिलालाई **"यत्मङ्गलं सकलसŒवेत्यादि, यथाहिजातमात्रेण स्नापिता सर्वतथागतेत्यादि"** मंगल गाथा पढेर वज्रसत्व (पंचबुद्धको संगठितरूप) को ज्ञान र सबै बुद्धहरूको अभिषेक लागोस् भन्ने भावले कलशाभिषेक दिइन्छ ।

३. **सीमन्तोनयनकर्म**

गर्भधारण गरेको छैठौं वा आठौं महिनामा पुनः बौद्ध विधिवत् पूजा-आजा गरिन्छ । उक्त अवसरमा गर्भवती महिलालाई इच्छाभोजन - मन लागेको खाना विशेष गरेर दहि-चिउरा, फलफूल, भुटेको गेडागुडि आदि खुवाइन्छ । यसरी पूजा गर्ने र खुवाउने चलनलाई नेपाल भाषामा "धौवजी नके" शव्दले प्रशिद्ध छ । यस क्रियालाई संस्कृतमा "सीमन्तोपनयनकर्म" वा "सीमन्तोन्नयनकर्म" पनि भनिन्छ ।

सीमन्तोपनयन कर्म गर्दा पनि उपरोक्त मंगल गाथा पढेर सबै बुद्धहरूको अभिषेक लागोस् भन्ने भावले कलशाभिषेक दिइन्छ ।

४. **जातकर्म**

शिशु जन्मिएको कम्तीमा चौठौं दिनमा वा अनुकुलता अनुसार जोड दिनमा बौद्ध विधिवत पूजा-आजा गरिन्छ । यस क्रियालाई नेपाल भाषामा "मचावुव्यन्के" भनिन्छ । यो क्रियालाई संस्कृत भाषामा "जातकर्म" भनिन्छ ।

जातकर्म गर्दा **"यत्मङ्गलं सुरनरासुरपूजितस्येत्यादि"** मंगल गाथा पढेर नवजात शिशुलाई नैरात्म्य (पुद्‌गल नैरात्म्य र धर्म नैरात्म्य) ज्ञान बुझ्ने होस् भन्ने भावले कलशाभिषेक दिइन्छ ।

५. **नामाकर्म**

जातकर्म कै दिनमा बौद्ध विधिवत् पूजा-आजा गरेर शुभ मुहूर्तमा नवजात शिशुलाई नाम पनि दिइन्छ । यसक्रियालाई "नामकर्म" भनिन्छ ।

नामकर्म गर्दा "यः **सत्वरत्नवरधर्मसकर्मवज्रेत्यादि**" मंगल गाथा पढेर शिशुलाई वैरोचनबुद्धको ज्ञानलाभ होस् भन्ने भावले कलशाभिषेक दिइन्छ ।

### ६. अन्नप्राशन

बालिका भए पा"च वा सात, बालक भए छ वा आठौं **महिनामा शुभ** मुहूर्तमा बौद्ध विधिवत् शिशुलाई पहिलो पटक विभिन्न परिकार **सहित भात** खुवाइन्छ। यस क्रियालाई नेपाल भाषामा "मचा जन्कोयाये" र "जानके" पनि भनिन्छ। उक्त क्रियालाई संस्कृत भाषामा "अन्नप्राशनकर्म" भनिन्छ।

अन्नप्राशनकर्म गर्दा "**यत्मङ्गलं सकलसत्वेत्यादि**" मंगल गाथा पढेर शिशुलाई वज्रसत्वको ज्ञानलाभ होस् भन्ने भावले कलशाभिषेक दिइन्छ।

### ७. चूडाकर्म

केटा मान्छे अलि हुर्केपछि विजोड वर्षको उमेरमा प्रायः ११, १३, **वा १५** औं वर्षको उमेरमा शुभ मुहूर्तमा बौद्ध विधिवत् टुपिको भाग वा"की **राखी** वा"की सबै कपाल काटिदिने गरिन्छ। यस क्रियालाई नेपाल **भाषामा** "बुस"खाय्" अर्थात् जन्मेदेखि भएको कपाललाई पहिलो चोटि काट्ने **भनिन्छ।** यसवेला कानमा प्वाल पारेको जस्तो गरि सुन-चा"दिको सियोले छुवाउने आदि पनि गरिन्छ। समग्रमा यी सबै क्रियालाई संस्कृत **भाषामा** "चूडाकर्म" भनिन्छ।

चूडाकर्म गर्दा "**यत्मङ्गलं कमलपाणित्यादि**" मंगल गाथा पढेर अभिताभ वुद्धको ज्ञानलाभ होस् भनेर कलशाभिषेक दिइन्छ। चूडाकर्म कै अन्तर्गत कपाल खौरिसकेपछि पुनः कुलपुत्रलाई "**यत्मङ्गलं मणिभृतस्येत्यादि**" मंगल गाथा पढेर रत्नसंभवको ज्ञानलाभ होस् भन्ने भावले कलशाभिषेक दिइन्छ।

### ८. व्रतादेशनकर्म

चूडाकर्म अन्तर्गतको सबै विधि सम्पन्न गरिसकेपछि **सो** केटालाई कयता (गुप्ता" छोप्ने विशेष वस्त्र) लगाइदिन्छ, धोति पनि लगाइदिन्छ, धनुष, तीर आदि सामाग्रीहरु भिर्न लगाइन्छ। केटा वावु-आमाको स्विकृति लिएर अध्ययनको लागि घरवाट प्रस्थान गरेको जस्तो पाराले घरवाट वा कुलदेवताको मन्दिर परिसरवाट निस्कन्छ। वुवा- आमा लगायत आफन्तहरुले स्थान गणेश (आ-आफ्नो क्षेत्रको सिमाना अवस्थित गणेशको मन्दिर) वा कुलदेवताको परिसरसम्म आएर विदा पनि दिन आउ"छन्। यस क्रियालाई नेपाल भाषामा "कयतापूजा" भनिन्छ, संस्कृत भाषामा "व्रतादेशनकर्म" वा "व्रतवन्धनकर्म" पनि भनिन्छ।

व्रतादेशनकर्म गर्दा कुलपुत्रलाई "**ओं सर्वतथागतअभिषेक समश्रियेत्यादि**" भन्ने पाठ पढेर (अध्ययनको लागि जानलागेकोलाई) सबै वुद्धहरूको अभिषेक (ज्ञान) लाभ होस् भन्ने भावले कलशाभिषेक दिइन्छ।

## ९. व्रतमोक्षणकर्म

अध्ययन पश्चात् घर फर्केको छोरालाई मामाले समाउन ल्याएर टोपी लगाइदिएर घरमा भिœयाउने जस्तो गरी घरको वा कुलदेवताको परिसरको मूल ढोका सन्मुख उभ्याइन्छ , केहि अन्य क्रिया पछि घरमा भिœयाइन्छ । यस क्रियालाई नेपाल भाषामा "लिगनेगु" भनिन्छ, संस्कृतभाषामा "व्रतसमावर्तनकर्म" वा "व्रतमोक्षणकर्म" भनिन्छ । तर आजभोलि चूडाकर्म, व्रतादेशनकर्म र व्रतसमावर्तनकर्म तीनैवटा समयानन्तरमा नगरि एकै दिनमा गरिन्छ । यसैलाई समग्रमा नेपालभाषामा "कयनापूजा" र संस्कृतभाषामा "व्रतवन्धन" नामले प्रशिद्ध छ ।

चूडाकर्म, व्रतादेशन र व्रतसमार्वतनकर्म यी तीनैवटा कर्महरू चूडाकर्म गर्ने दिन मै एकपछि अर्को गर्ने चलन छ । व्रतसमावर्तनकर्म शिक्षा अध्ययन पूर्ण भएपछि पुनः गृहस्थिमा प्रवेशको भाव हो । यसकर्मको कुनै अभिषेक दिइएको दिने गरेको भेटाउन सकिएन ।

## १०. पाणिग्रहण

वालिका अलि हुर्केपछि विजोड वर्षको उमरेमा प्रायः ५, ७, वा ९ वर्षको उमेरमा वौद्ध विधिवत् "इहिपतासि" (गुप्ताङ्ग छोप्ने विशेष वस्त्र) लगाउन दिइन्छ । अन्य केहि विधि अपनाइ सकेपछि वुवाले छोरीको हात समाति कन्यादानका लागि संकल्प गराइन्छ । यी दुवै क्रियालाई समग्रमा "इहिकर्म" भनिन्छ ।

हुर्केको छोरालाइ केटी खोज्ने, वौद्ध विधिवत् विवाह गरिदिने गरिन्छ । यस क्रियालाई नेपालभाषामा "व्याहा याना वियेगु" भनिन्छ । त्यस्तै हुर्केकी छोरीलाई वौद्ध विधिवत् विवाह गरी पठाउने गरिन्छ । यस क्रियालाई नेपालभाषामा "पयनं वियाछ्वये" भनिन्छ । केहि विधि अपनाई सके पछि दुलहाको घरमा दुलहा र दुलहीले एकले अर्काको हात समाउन लगाई दुलहा र दुलहीको टाउको एक आपसमा जुधाउन लगाइन्छ । यस क्रियालाई नेपाल भाषामा "भौमचा ह्वंन्के" भनिन्छ । संस्कृतमा "पाणिग्रहणकर्म" भनिन्छ ।

पाणिग्रहणकर्ममा वर र वधू दुवैलाई **"यद्वज्रलाश्यवरमात्यसंगीतनृत्येत्यादि"** मंगल गाथा पढेर पूजादेवीहरूको अभिषेक दिइन्छ । तत्पश्चात् अष्टवोधिसत्वहरूको प्रतीक अष्टमंगल र अष्टमंगल गाथा पढेर वज्रसत्वको, वुद्धको, नैरात्म्य ज्ञानको शाक्यमुनि वुद्धको धर्मको र संघको अभिषेक दिइन्छ ।

### *५.२.१.२ वृद्धोपनयनकर्म : भीम, देव तथा महारथारोहण कर्म*

गर्भाधान, पुंसवन, सीमन्तोन्नयन, जातकर्म, नामकर्म, अन्नप्राशन, चूडाकर्म, व्रतादेशन, व्रतमोक्षण र पाणिग्रहण स्वाभाविक कर्महरू हुन् जसलाई

सामाजिकीकरण गरियो, धार्मिकीकरण पनि गरिएको चर्चा अगाडि भई सकेको छ ।

प्राणिमा जरता आउनु, रोगी हुनु, सहाराको जरूरत हुनु, जीविकाका लागि कार्य गर्न असमर्थ हुनु, आयु क्षीण हुँदै जानु पनि स्वाभाविक धर्म हो । छोटकरीमा भन्नुपर्दा वृद्ध–वृद्धा हुनुपनि स्वाभाविक धर्म हो । उक्त वृद्ध–वृद्धावस्थालाइ विभिन्न मानव समाजमा विभिन्न किसिमले सामाजिकीकरण एव धार्मिकीकरण गरेको छ । नेपालको वज्रयानी बौद्ध धर्मले उक्त वृद्ध–वृद्धावस्थालाइ पनि नेपालभाषामा "ज्या जन्को" वा "ज्याथजिथि जन्को वा वुहा वुही जन्को" नामले बौद्ध धार्मिकीकरण गरेको छ ।

वृद्धावस्थालाई पनि तीन खण्डमा विभाजन गरेका छन् । ७८ वर्षको उमेरलाइ पहिलो अवस्था, ८९ वर्षलाई दोश्रो अवस्था र १०० वर्षको अवस्थालाइ तेश्रो अवस्था गरि तीन खण्डमा विजन गरेका छन् ।

उपरोक्त तीन वृद्धावस्थामा वृद्ध–वृद्धालाई तीन भिन्ना भिन्नै "रथारोहण" गराईन्छ । ती हुन् भीमरथारोहण, देवरथारोहण र महारथारोहण । ती रथारोहण क्रियालाई वृद्धोपनयन पनि भनिन्छ ।

## १. भीमरथारोहण

नेपालको वज्रयानी समाजमा वृद्ध–वृद्धाहरू ७८ वर्ष लागेको अर्थात् ७७ वर्ष, ७ महिना, ७ दिन, ७ घडि र ७ पला पुगेको सुअवसरमा ती वृद्ध–वृद्धालाइ प्रथम पटक रथारोहण गर्न लगाईन्छ । त्यस रथारोहणलाई भीमरथारोहण भनिन्छ । पञ्चरक्षादेवी सहितको ग्रहमण्डल पूजा र ग्रहदान भीमरथारोहणका प्रमुख पूजा हुन् । वृद्ध–वृद्धाको ग्रहदशाहरू पन्छाउनु र आरोग्यता प्राप्तिको उद्देश्यले भीमरथारोहण गरिन्छ । वुबाको भीमरथारोहण छोराहरूद्वारा गरिन्छ ।

## २. देवरथारोहण

वृद्ध–वृद्धाहरू ८८ वर्ष, ८ महिना, ८ दिन, ८ घडि र ८ पला पुगेको अवसरमा पुन दोश्रो पटक रथारोहण गराईन्छ । यो रथारोहणलाई देवरथारोहण भनिन्छ । उल्लेखित उमेर भित्र वृद्ध–वृद्धाले एक हजार भन्दा बढि पूर्णिमा दर्शन वा पार गरिसकेका हुन्छन् । त्यसैले उक्त रथारोहण पूजालाई सहश्र चन्द्र (१०००) दर्शन पूजा पनि भन्ने गर्दछन् । उल्लेखित उमेर नपुगेता पनि सहश्र चन्द्र दर्शन पार गर्नासाथ अर्थात् ८३ वर्ष नाघ्ना साथ पनि देवरथारोहण गर्ने प्रचलन पनि छ । वसुन्धरामण्डलपूजा र १६ वटा चन्द्रमा दान देवरथारोहणका प्रमुख पूजा हुन् । वृद्ध–वृद्धाको र विशेष गरेर अर्थलाभ अर्थात् जीविकालाई आर्थिक दृष्टिकोणले सुगम वनाउने मूल उद्देश्यले

देवरथारोहण गर्दछ । यो रथारोहणमा विशेष गरेर रथ तान्ने कार्यहरू नातिहरूद्वारा गरिन्छ ।

### ३. महारथारोहण

वृद्ध–वृद्धा ९९ वर्ष, ९ महिना, ९ दिन, ९ घडि र ९ पला पुगेको सुअवसरमा ती वृद्ध–वृद्धालाई पुन तेश्रो पटक रथारोहण गर्न लगाइन्छ । त्यस रथारोहणलाई महारथारोहण भनेर भनिन्छ । उष्णिष विजयाको मण्डलपूजा, यज्ञक्रिया र अन्य दानादिकर्म प्रमुख पूजाहरू हुन् । मनुष्य जीवन अति दुर्लभ छ । मनुष्य जीवन एक मात्र जीवन हो जसले प्रयत्न गरे सम्यकसम्बुद्धत्व लाभ गर्नसक्छ । बोधिसत्व चर्याका लागि अपरिमितायु अर्थात् दीर्घायु अत्यन्त जरूरी छ । त्यसर्थ वृद्ध–वृद्धाको अपरिमितायु कामनाको उद्देश्यले महारथारोहण गर्दछ । जिजु बाज्ये बज्यैको महारथारोहण पनातिहरूद्वारा गरिन्छ ।

उपरोक्त रथारोहणका लागि दम्पती मध्ये श्रीमान् उल्लेखित उमेर पुगेको र श्रीमतीको उमेर नपुगेता पनि दम्पती दुवैलाई संगै भीमरथारोहण गराईन्छ । तर अविवाहित तथा विधवा स्त्री भएमा माथि उल्लेखित उमेर पुग्नु जरूरी छ । प्रत्येक रथारोहणमा यज्ञक्रिया, अधिवासन मण्डल(पञ्चबुद्धमण्डल) पूजा, नवप्रतिमा प्रतिष्ठा, शय्या(मानव जीवनलाई नभई नहुने वस्तुदेखि ओछ्यान समेत) दान, परिवार देखि आफन्त सबैबाट रथारोहण गरेका वृद्ध–वृद्धाको सम्मान रथमा बसाएर देश परिक्रमा अनिवार्य एवं सामान्य (Common) कुराहरू हुन् ।

रथारोहण संस्कारमा वृद्ध–वृद्धाका लागि पनि जीवनका पुरूषार्थ अर्थ, धर्म, काम र मोक्ष प्राप्ति गराउने, उद्देश्य निहित छ । रथारोहणले वृद्ध–वृद्धा अर्थात् आमा–बुबा, बाज्ये–बज्यै आदि पुर्खा प्रति सन्तानका उत्तरदायित्व बोध गर्ने, वृद्ध–वृद्धाको देवतासमान उत्सव एवं जात्रा गर्ने संस्कारलाई स्थापित गरेको छ ।

## ५.२.२ मृत्यु देखि मृत्यु उपरान्तका चरणहरू

मृत्यु देखि मृत्यु उपरान्तका चरणहरूलाई पनि दुई उपखण्डमा विभाजन गर्न सकिन्छ ।

क) मृत्युकर्म (Death ritual)

क) मृत्यु उपरान्तकर्म (Ritual after death)

सामाजिकीकरण गरियो, धार्मिकीकरण पनि गरिएको चर्चा अगाडि भई सकेको छ।

प्राणिमा जरता आउनु, रोगी हुनु, सहाराको जरूरत हुनु, जीविकाका लागि कार्य गर्न असमर्थ हुनु, आयु क्षीण हुँदै जानु पनि स्वाभाविक धर्म हो। छोटकरीमा भन्नुपर्दा वृद्ध–वृद्धा हुनुपनि स्वाभाविक धर्म हो। उक्त वृद्ध–वृद्धावस्थालाई विभिन्न मानव समाजमा विभिन्न किसिमले सामाजिकीकरण एवं धार्मिकीकरण गरेको छ। नेपालको वज्रयानी बौद्ध धर्मले उक्त वृद्ध–वृद्धावस्थालाई पनि नेपालभाषामा "ज्या जन्को" वा "ज्याथजिथि जन्को वा वुढा वुढी जन्को" नामले बौद्ध धार्मिकीकरण गरेको छ।

वृद्धावस्थालाई पनि तीन खण्डमा विभाजन गरेका छन्। ७८ वर्षको उमेरलाई पहिलो अवस्था, ८९ वर्षलाई दोश्रो अवस्था र १०० वर्षको अवस्थालाई तेश्रो अवस्था गरि तीन खण्डमा विजन गरेका छन्।

उपरोक्त तीन वृद्धावस्थामा वृद्ध–वृद्धालाई तीन भिन्ना भिन्नै "रथारोहण" गराईन्छ। ती हुन् भीमरथारोहण, देवरथारोहण र महारथारोहण। ती रथारोहण क्रियालाई वृद्धोपनयन पनि भनिन्छ।

## १. भीमरथारोहण

नेपालको वज्रयानी समाजमा वृद्ध–वृद्धाहरू ७८ वर्ष लागेको अर्थात् ७७ वर्ष, ७ महिना, ७ दिन, ७ घडि र ७ पला पुगेको सुअवसरमा ती वृद्ध–वृद्धालाई प्रथम पटक रथारोहण गर्न लगाईन्छ। त्यस रथारोहणलाई भीमरथारोहण भनिन्छ। पञ्चरक्षादेवी सहितको ग्रहमण्डल पूजा र ग्रहदान भीमरथारोहणका प्रमुख पूजा हुन्। वृद्ध–वृद्धाको ग्रहदशाहरू पन्छाउनु र आरोग्यता प्राप्तिको उद्देश्यले भीमरथारोहण गरिन्छ। वुबाको भीमरथारोहण छोराहरूद्वारा गरिन्छ।

## २. देवरथारोहण

वृद्ध–वृद्धाहरू ८८ वर्ष, ८ महिना, ८ दिन, ८ घडि र ८ पला पुगेको अवसरमा पुन दोश्रो पटक रथारोहण गराईन्छ। यो रथारोहणलाई देवरथारोहण भनिन्छ। उल्लेखित उमेर भित्र वृद्ध–वृद्धाले एक हजार भन्दा बढि पूर्णिमा दर्शन वा पार गरिसकेका हुन्छन्। त्यसैले उक्त रथारोहण पूजालाई सहस्र चन्द्र (१०००) दर्शन पूजा पनि भन्ने गर्दछन्। उल्लेखित उमेर नपुगेता पनि सहस्र चन्द्र दर्शन पार गर्नासाथ अर्थात् ८३ वर्ष नाघ्ना साथ पनि देवरथारोहण गर्ने प्रचलन पनि छ। वसुन्धरामण्डलपूजा र १६ वटा चन्द्रमा दान देवरथारोहणका प्रमुख पूजा हुन्। वृद्ध–वृद्धाको र विशेष गरेर अर्थलाभ अर्थात् जीविकालाई आर्थिक दृष्टिकोणले सुगम बनाउने मूल उद्देश्यले

देवरथारोहण गर्दछ । यो रथारोहणमा विशेष गरेर रथ तान्ने कार्यहरू नातिहरूद्वारा गरिन्छ ।

### ३. महारथारोहण

वृद्ध–वृद्धा ९९ वर्ष, ९ महिना, ९ दिन, ९ घडि र ९ पला पुगेको सुअवसरमा ती वृद्ध–वृद्धालाई पुन तेश्रो पटक रथारोहण गर्न लगाइन्छ । त्यस रथारोहणलाई महारथारोहण भनेर भनिन्छ । उष्णिष विजयाको मण्डलपूजा, यज्ञक्रिया र अन्य दानादिकर्म प्रमुख पूजाहरू हुन् । मनुष्य जीवन अति दुर्लभ छ । मनुष्य जीवन एक मात्र जीवन हो जसले प्रयन्त गरे सम्यकसम्बुद्धत्व लाभ गर्नसक्छ । बोधिसत्व चर्याका लागि अपरिमितायु अर्थात् दीर्घायु अत्यन्त जरूरी छ । त्यसर्थ वृद्ध–वृद्धाको अपरिमितायु कामनाको उद्देश्यले महारथारोहण गर्दछ । जिजु बाज्ये बज्यैको महारथारोहण पनातिहरूद्वारा गरिन्छ ।

उपरोक्त रथारोहणका लागि दम्पती मध्ये श्रीमान् उल्लेखित उमेर पुगेको र श्रीमतीको उमेर नपुगेता पनि दम्पती दुवैलाई सगै भीमरथारोहण गराइन्छ । तर अविवाहित तथा विधवा स्त्री भएमा माथि उल्लेखित उमेर पुग्नु जरूरी छ । प्रत्येक रथारोहणमा यज्ञक्रिया, अधिवासन मण्डल (पञ्चबुद्धमण्डल) पूजा, नवप्रतिमा प्रतिष्ठा, शय्या (मानव जीवनलाई नभई नहुने वस्तुदेखि आंक्षान समेत) दान, परिवार देखि आफन्त सबैबाट रथारोहण गरेका वृद्ध–वृद्धाको सम्मान रथमा बसाएर देश परिक्रमा अनिवार्य एवं सामान्य (Common) कुराहरू हुन् ।

रथारोहण संस्कारमा वृद्ध–वृद्धाका लागि पनि जीवनका पुरूषार्थ अर्थ, धर्म, काम र मोक्ष प्राप्ति गराउने, उद्देश्य निहित छ । रथारोहणले वृद्ध–वृद्धा अर्थात् आमा–बुबा, बाज्ये–बज्यै आदि पुर्खा प्रति सन्तानका उत्तरदायित्व बोध गर्ने, वृद्ध–वृद्धाको देवतासमान उत्सव एवं जात्रा गर्ने संस्कारलाई स्थापित गरेको छ ।

### ५.२.२ मृत्यु देखि मृत्यु उपरान्तका चरणहरू

मृत्यु देखि मृत्यु उपरान्तका चरणहरूलाई पनि दुई उपखण्डमा विभाजन गर्न सकिन्छ ।

क) मृत्युकर्म (Death ritual)

ख) मृत्यु उपरान्तकर्म (Ritual after death)

### ५.२.२.१ *कान्तिपुरका बज्रयानी समाजमा प्रचलित मृत्यु र मृत्युउपरान्त संस्कारगत पूजाहरू*

शाक्य र बज्राचार्य र उराय् जातिमा मृत्यु हुने वित्तिकै मृत्युको घोषणा नगरिकन मृतकको नाममा उत्क्रान्तियोग गराईन्छ । उत्क्रान्ति र तत्सम्वन्धि अन्य पूजा सम्पन्न भएपछि मात्रै मृत्युको घोषणा गरि समाधिमुद्रामै मृतकको शवयात्रा हुन्छ । मृतकलाई समाधिमुद्रामा दाहसंस्कार गरिन्छ । सो दाहसंस्कार विशेष विधि अपनाएर गरिन्छ । त्यसपछि "लिक्व पिण्ड" अर्थात् त्रिपिण्ड प्रदान गरिन्छ । आजकल उपरोक्त उत्क्रान्तियोग र यज्ञविधि अपनाएर गरिने दाहसंस्कार दीक्षा प्राप्त व्यक्तिहरू वीच मात्रै सिमित छ । तिनीहरू मध्ये पनि ऐच्छिक रूपमा मात्रै गरिन्छ । वर्तमान समयमा यो असाध्यै सिमित तथा लोपोन्मुख अवस्थामा छ ।

दाहसंस्कार पछि मृतकको "अस्थिधातु" (मृतकको विभिन्न अंगका हाड अवशेष) संकलन गरिन्छ । तेश्रौं दिनमा दुर्गतिपरिशोधनमण्डल लेखिन्छ र पूजा गरिन्छ । त्यस्तै पांचौं र सातैं दिनमा पनि उक्त मण्डलपूजा गरिन्छ । मण्डलपूजा संगसंगै "अस्थिसिले" अर्थात् अस्थिप्रक्षालन (अस्थिलाई धुने) पूजा पनि हुन्छ ।

शाक्य र वज्राचार्य जातिमा मृत्युकै दिन देखि सातौं दिनसम्ममा एघार वटा पिण्ड प्रदान गरिन्छ । उक्त पिण्डलाई एकादश पिण्ड भनिन्छ । उराय् जातिमा मृत्युभएको दिन देखि दशौं दिनसम्म दशपिण्ड प्रदान गरिने प्रचलन छ । यो दशपिण्ड वा एकादश पिण्ड प्रदान पनि लोपोन्मुख अवस्थामा छ ।

आजकल सामान्यतया त्रिपिण्ड प्रदान गरि दाहसंस्कार गरिन्छ । तेश्रौं दिनमा दुर्गतिपरिशोधनमण्डल लेखिन्छ र पूजा गरिन्छ । त्यस्तै पांचौं दिनमा फेरी मण्डलपूजा गरि मण्डल विसर्जन गरिन्छ । मण्डलका रजलाई तीर्थ (खोला)मा लगि पानीमा वगाईन्छ । यसलाई रजप्रवाह भनिन्छ । शाक्य र वज्राचार्य जातिमा उहि दिन "दूव्यन्के" अर्थात् तीर्थमा गई चोख्याउने कार्य गरिन्छ । घरमा "घसु" अर्थात् गृहसुद्धि–हस्तसुद्धि यज्ञ गरिन्छ । आठौं दिनमा "निमो" अर्थात् पुनः नुहाई कलशार्चन एवं मामकी पूजा सहित "जाप्यं" अर्थात् लोकोत्तर पिण्ड प्रदान गरिन्छ । आठौं दिनको कार्य पछि प्रत्येक महिनामा निश्चित तीर्थमा क्रमशः बाह्रौं महिनासम्म "लय्प्यं" अर्थात् मासिक लौकिक पिण्ड प्रदान गरिन्छ । तीर्थमा नगईकन घरैमा पनि मासिक लौकिक पिण्ड प्रदान गरिन्छ । "मुखःपूजा" अर्थात् मुकुट सहितले लोकोत्तर पिण्ड प्रदान गरिन्छ । तीर्थमा गएर मासिक लौकिक पिण्ड प्रदान गर्ने चलन धेरै पछिको चलन भनिन्छ । घरमा लोकोत्तर पिण्ड प्रदान गरेमा आ–आफ्नो

विहारमा प्रेतशिलामा पिण्ड विसर्जन गरिन्छ। तीर्थमा लौकिक पिण्ड प्रदान गरेमा तीर्थ मै पिण्ड विसर्जन गरिन्छ।

उराय् जातिमा दशौं दिनमा चोख्याउने कार्य गर्छ। बाह्रौं दिनमा गृहशुद्धि–हस्तशुद्धि यज्ञ गरिन्छ। पैंतालिसौं दिनमा "लत्या" अर्थात् त्रिपाक्षिक लोकोत्तर पिण्ड प्रदान गरिन्छ। छयालिसौं दिनमा प्रथम महिनाको मासिक पिण्ड प्रदान गरिन्छ।

शाक्य र वज्राचार्य जातिमा मासिक पिण्ड प्रदानको अतिरिक्त "स्वला" अर्थात् त्रैमासिक लोकोत्तर पिण्ड प्रदान गरिन्छ। त्यसपछि "खुला" अर्थात् षाण्मासिक लोकोत्तर पिण्ड प्रदान गरिन्छ। बाह्रौं महिनामा वार्षिक लोकोत्तर पिण्ड प्रदान गरिन्छ। वार्षिक लोकोत्तर पिण्ड प्रदान पूर्व, बाह्रौं महिनामा भित्र यज्ञविधि अपनाइकन "लयप्यं धून्के" अर्थात् मासिक पिण्ड प्रदान पूर्णा गरिन्छ। उराय् जातिमा त्रैमासिक लोकोत्तर पिण्ड प्रदान गरिन्दैन। मृतकको अस्थिधातु लिएको खण्डमा उराय् जातिमा त्रिपाक्षिक लोकोत्तर पिण्ड प्रदानको एक हप्ता अगाडि पञ्चबुद्धहरू प्रत्येकको गरि जम्मा पाँचवटा मण्डल लेखि मण्डलपूजा र अस्थिप्रक्षालनपूजा सात दिनसम्म गरिन्छ। अस्थि गर्भमा राखि बालुवा तथा माटोका स–साना चैत्यहरू पनि बनाईन्छ। मृतकको नाममा एकवर्षिय पूजा पछि अनुकूल समयमा कुनै पर्वत वा तीर्थमा "अस्थि चुयंकेगु" अर्थात् अस्थिप्रवाह (अस्थिलाई हावामा उडाउने तथा खोलामा बगाउने) गर्दछ। कसैकसैले अस्थि गर्भमा राखि ठूलो प्रस्तर चैत्य पनि निर्माण गरेका छन्। यो अस्थि सम्बन्धि कार्य पनि लोपोन्मुख अवस्थामा छ।

दोश्रो वर्ष पुनः "निदंया तिथि" अर्थात् द्वितीय वर्षिय लोकोत्तर पिण्ड प्रदान गरिन्छ। त्यसपछि प्रत्येक वर्षमा "तिथि" वर्ष सम्वत्सर्गिक लोकोत्तर वा लौकिक पिण्ड प्रदान गरिन्छ।

मृतक अभिषेक प्राप्त भएमा पञ्चशाली नामक गुह्यपूजा एवं चर्यागीति सहित त्रिपाक्षिक, त्रैमासिक, षाण्मासिक र वार्षिक पिण्ड प्रदान गरिन्छ। अन्यथा कलशार्चन एवं मार्मकि पूजा सहित पिण्ड प्रदान गरिन्छ। हाल पिण्डप्रदानमा चर्यागीति ऐच्छिक रूपमा मात्रै गाउँदै आइराखेका छन्।

त्रैमासिक वा षाण्मासिक वा वार्षिक पिण्ड प्रदान अवसरमा "किला" अर्थात् लोकोत्तर क्रिया गर्ने गर्दछ। एकै दिनमा कलशार्चन, मार्मकि एवं यज्ञविधि अपनाएर लौकिक, लीन तथा लोकोत्तर पिण्ड प्रदान सहित अन्य लोकोत्तर पूजा हुन्छ। उपरोक्त मासिक पिण्ड प्रदान र लोकोत्तर क्रिया ऐच्छिक रूपमा चलि आइराखेको छ।

शाक्य, बज्राचार्य र उराय् जाति बाहेक अन्य बज्रयानी समाजका जातिहरूमा मृत्यु र मृत्यु उपरान्त संस्कारगत पूजाहरूको सम्बन्धमा धेरै समानता पाइन्छ ।

सर्वप्रथम त्रिपिण्ड प्रदान गरि दाहसंस्कार गरिन्छ । दशौं दिनमा चोख्याउने कार्य हुन्छ । बाह्रौं दिनमा गृहशुद्ध–हस्तशुद्ध यज्ञ हुन्छ । तेह्रौं दिनमा पिण्ड प्रदान गरिन्छ । पैंतालिसौं दिनमा त्रिपाक्षिक पिण्ड प्रदान गरिन्छ । छयालिसौं दिनमा प्रथम महिनाको मासिक पिण्ड प्रदान गरिन्छ । त्यसपछि प्रत्येक महिना देखि एघारौं महिनासम्म मासिक पिण्ड प्रदान गरिन्छ । ती मासिक पिण्ड अतिरिक्त छैठौं महिनामा षाण्मासिक पिण्ड प्रदान गरिन्छ । बाह्रौ महिनामा बार्षिक पिण्ड प्रदान गरिन्छ । तर वार्षिक पिण्ड प्रदान पूर्व बाह्रौं महिनाभित्र यज्ञविधि अपनाएर मासिक पिण्ड पूर्णा गरिन्छ । दोश्रौं बर्षमा द्वितीय बर्षिय पिण्ड प्रदान गरिन्छ । त्सपछि प्रत्येक वर्षमा पनि पिण्ड प्रदान गरिन्छ ।

"ज्यापु" अर्थात् महर्जन, डंगोल, प्रजापति, आदि जातिमा त्रिपाक्षिक, षाण्मासिक, बार्षिक, द्वितीय वर्षिय पिण्ड प्रदान गर्ने अवसरमा लोकोत्तर पिण्ड प्रदान गरिन्छ । ज्यापु जातिमा पनि एक बर्ष भित्रमा "किला पिण्ड" अर्थात् एकै दिनमा यज्ञ सहितको लौकिक , लोकोत्तर पिण्ड प्रदान कार्य गरिन्छ । सो पिण्ड प्रदानलाई तिनीहरू "भिंक प्यं थये" तथा "न्ह्येचू खंके" पनि भन्ने गर्दछ । तर यो क्रिया आजकल असाध्यै सिमित छ ।

मानन्धर जातिमा भने त्रिपाक्षिक, षाण्मासिक र बार्षिक पिण्ड प्रदान कार्यमा यज्ञविधि पनि अपनाइन्छ ।

उपरोक्त सम्पूर्ण प्रकारका पिण्ड प्रदान कार्यपछि पनि ऐच्छिक रूपमा अन्य विभिन्न देवस्थल जस्तै नमोबुद्ध (पनौति) तथा विभिन्न तीर्थस्थलमा गएर पनि पिण्ड प्रदान गर्ने कार्य गरिन्छ । पिण्ड प्रदान कार्य "श्राद्ध" नामले पनि जनबोलिमा प्रसिद्ध छ ।

मृत्यु पश्चात् पिण्ड प्रदानका अधिकांश कार्यहरू दुर्गतिपरिशोधन तन्त्रोक्त विधि अनुसार गरिन्छ । पिण्ड प्रदानको सिलसिलामा मृतकको नामको पिण्डलाई पञ्चबुद्धको अभिषेक अर्थात् पञ्चाभिषेक दिने गर्दछ । मृतक सम्पूर्ण अंग प्रत्यंगले पूर्णभई पुनर्जन्म होस्, पुनः स्व–कुलमै जन्म होस्, अर्थ, धर्म, काम र मोक्ष प्राप्ति होस् भन्ने उद्देश्यले पिण्ड प्रदान कार्य हुन्छ । पिण्ड प्रदान कार्य भनेको मृतकको सद्गतिमा जन्महोस् भन्ने कामना र जहाँ जन्म भयो त्यहाँ उसको सद् जीवनका लागि पुण्य परिणामना कार्य हो ।

### ५.२.२.२ ललितपुरका बज्रयानी समाजमा प्रचलित मृत्यु र मृत्यु उपरान्त गरिने संस्कारगत पूजाहरू

ललितपुरका शाक्य र बज्राचार्य जातिमा मृत्यु पश्चात् दाह संस्कारको लागि श्मशान लैगिन्छ । श्मशानमा लाने क्रममा (शवयात्रामा) पाँचजना गुरु बज्राचार्यहरूबाट भूमिशोधन गराई लगिन्छ । शवयात्राको क्रममा पाँच गुरुजुहरू मध्ये चारजनाले क्रमशः पानीको धारा, दुधको धारा, पंचगव्य धारा पाटन गरी, धुप बाली र मूलाचार्यले दुर्गतिपरिशोधन पाठ गरी जानुलाई भूमिशोधन भनिन्छ । शवयात्रामा आउने अन्य व्यक्तिहरूले पनि दुर्गति परिशोधन धारणी पढ्ने गर्दछ ।

मृत्यु भएको सातौं दिनमा घर तथा शरीर चोख्याउने कार्य गरिन्छ । उक्त चोख्याउने कार्यलाई *दूब्यके* भनिन्छ । तत्पश्चात् घरमा कलश पूजा गरी यज्ञ गरिन्छ । उक्त पूजालाई *घःसू* अर्थात् गृहशुद्धि, हस्तशुद्धि यज्ञ भनिन्छ । आठौं दिनमा मृतकका परिवारका सबै व्यक्तिहरू नुहाइ पुन चोखो पार्ने कार्य गरिन्छ । जसलाई बोलीचालीमा *नीमो* भनिन्छ ।

लत्या अर्थात् मृत्युभएको पैंतालिसौं दिनमा त्रिपाक्षिक पिण्ड प्रदान गरिन्छ । यस दिन बागमतीमा गइ नुहाइ घरमा समान पिण्ड प्रदान गरिन्छ । मृतकको पिण्डलाई उ भन्दामाथिका तीन पुस्ता सम्मका स्वर्गीय व्यक्तिहरूको नाममा पिण्ड विभाजन गरी प्रदान गर्नुलाई समान पिण्ड प्रदान गर्नु भनिन्छ । त्यसैदिन मन्त्राभिषेक प्राप्त व्यक्ति भएमा मृतकले प्राप्त गरेको मन्त्र गुरुले मृतकको घरको आगममा गई सामान्य पूजागरी फिर्ता गरिन्छ । त्यसलाई बोलचालीमा *न्हिकं लित तयेगु* भनिन्छ । त्यसपछि चैत्य पूजा गरी दान गरिन्छ ।

छयालिसौं दिनमा तीर्थमा गई पिण्ड प्रदान गरिन्छ । त्यस दिन देखि प्रत्येक महिना विभिन्न १२ वटा तीर्थहरूमा गई मासिक पिण्ड प्रदान गरिन्छ । जयतीर्थमा गई यज्ञ सहित पिण्ड प्रदान गरी मासिक पिण्ड पूर्णा गरिन्छ । छैठौं महिनामा *खुला* अथवा षड्मासिक पिण्ड प्रदान साथै चैत्य पूजा गरिन्छ । बाह्रौं महिनामा वार्षिक पिण्ड प्रदान गरिन्छ । त्यस समय पिण्ड प्रदान गर्नुका साथै चैत्य पूजा गरिन्छ ।

दोस्रौ वर्षमा पनि *निदंया तिथि* अर्थात् द्वितीय वर्षीय पिण्ड प्रदान गरिन्छ । त्यसबेला पनि चैत्यको पूजा गरिन्छ । तेस्रो वर्षमा विषेश प्रकारले पिण्ड प्रदान गरिन्छ यसलाई लोकोत्तर पिण्ड भनिन्छ । यसरी पिण्ड प्रदान गर्ने बेलामा गीतार्चन पूजा पनि गरिन्छ । तर यो प्रकिया हाल लोप हुँदै गइरहेको छ । लोकोत्तर पिण्ड प्रदान गरी सकेकाहरूले प्रत्येक वर्ष सामान्य पिण्ड

प्रदान गरिन्दैन् हाल प्रायः जसोले लोकोत्तर पिण्ड प्रदान नगरी आगममा गई सामान्य पूजा मात्र गरीआएको छ ।

ललितपुरमा शाक्य र वज्राचार्य जाति बाहेक अन्य बौद्ध जातिमा मृत्यु भएको दशौ दिनमा दूव्यंके र बाह्रौ दिनमा घःसू गरिन्छ । नेह्रौ दिनमा *नीमो* गरिन्छ । पैंतालिसौं दिनमा *लत्या* अर्थात् त्रिपाक्षिक पिण्ड प्रदान गरिन्छ । त्यसबेला चैत्य पूजाको साथै दान दिने कार्य हुन्छ । अन्य बौद्ध जातिहरूमा पनि यदि मृतक मन्त्र प्राप्त भएमा माथि उल्लेख भए बमोजिम मन्त्र फिर्ता गर्ने कार्य गर्नुपर्दछ ।

त्रिपाक्षिक पिण्ड प्रदान गरेको दिनको भोलिपल्ट मासिक पिण्ड प्रदान गरिन्छ । मासिक पिण्ड ऐच्छिक रूपमा गरिन्छ । मासिक पिण्ड प्रदान नगरेमा निसला (चिउरा, फलफूल, रोटी, अदुवा, नून र चामल) प्रत्येक महिना दिइन्छ । मासिक पिण्ड प्रदान गर्ने कार्य समाप्त भएपछि वार्षिक श्राद्ध गरिन्छ ।

दोस्रो वर्षमा *निदंया तिथि* अर्थात् द्वितीय वर्षीय पिण्ड प्रदान गरिन्छ । पिण्ड प्रदान कार्य सकिएपछि चैत्य पूजा गरिन्छ । त्यसपछि मृतकको नाममा प्रत्येक वर्ष पिण्डप्रदान गरिन्छ ।

### *५.२.२.३ भक्तपुरका बज्रयानी समाजमा प्रचलित मृत्यु र मृत्युउपरान्त संस्कारगत पूजाहरू*

शाक्य र वज्राचार्य जातिमा मृत्यु हुँदा अभिषेक प्राप्त व्यक्तिको शवयात्रामा कलशार्चन गरेर श्मशानमा लगिन्छ । त्यसरी शवयात्रा गर्दा दोबाटो, चौबाटो स्थानमा ताः (ताल) बजाईन्छ । श्मशानमा दाहसंस्कार गर्नु अघि "लिक्व पिण्ड" अर्थात् त्रिपिण्ड प्रदान गरिन्छ । यसरी त्रिपिण्ड गराउने चलन चित्रकार जातिमा पनि समान छन् ।

शाक्य र वज्राचार्य जातिमा अभिषेक प्राप्त व्यक्ति भएमा वा परिवारले इच्छा गरेमा दाहसंस्कारको क्रममा मृतकको "अस्थिधातु" संकलन गर्ने चलन छ । तेश्रो दिनमा दुर्गतिपरिशोधनमण्डल लेखिन्छ र तेश्रो,पाँचौं र सातौं दिनमा पूजा गरि पूजा संगै "अस्थिसिले" अर्थात् अस्थिप्रक्षालन (अस्थिलाई धुने) पूजा पनि गरि मण्डल विसर्जन गरिन्छ । मण्डलका रजलाई तीर्थ (खोला)मा लगि पानीमा बगाईन्छ । यसलाई रजप्रवाह भनिन्छ ।

शाक्य र वज्राचार्य जातिमा मृत्युभएको दिन देखि सातौं दिनमा खोलामा गएर दश पिण्ड प्रदान गरिन्छ । उहि दिन "दूव्यन्के" अर्थात् तीर्थमा चोख्याउने कार्य गरिन्छ । घरमा "घस्" अर्थात् गृहसुद्धि–हस्तसुद्धि यज्ञ गरिन्छ । त्यसको लगत्तै कलशार्चन एवं मासकी पूजा सहित "लत्याप्यं" अर्थात् त्रैपाक्षिक लोकोत्तर पिण्ड प्रदान गरिन्छ ।

त्यसपछि इच्छा भएमा प्रत्येक महिनामा निश्चित तीर्थमा क्रमशः बाह्रौं महिनासम्म "लय्प्य" अर्थात् मासिक पिण्ड प्रदान गरिन्छ। कुनै कुनैले मासिक पिण्ड प्रदान नगरिकन चैत्यको अगाडि "जलदान" मात्रै पनि गर्ने चलन छ। "

शाक्य र वज्राचार्य बाहेक अन्य वज्रयानी बौद्ध जातिहरूमा मृत्यु र मृत्यु उपरान्त संस्कारगत पूजाहरूको सम्बन्धमा धेरै समानता पाइन्छ। दशौं दिनमा चोख्याउने कार्य गर्छ। सो दिन खोलामा गएर दशपिण्ड प्रदान गरिन्छ। एघारौं दिनमा फेरी खोलामा गएर अघिल्लो दिनको स्थान भन्दा फरक स्थानमा पिण्ड प्रदान गर्दछ। सो पिण्ड प्रदान गर्ने कार्यलाई स्थानीय भाषामा "स्वम्वल्हुये" भनिन्छ। बाह्रौं दिनमा घरमा गृहशुद्धि–हस्तशुद्धि यज्ञ गरिन्छ। पैंतालिसौं दिनमा "लत्या" अर्थात् त्रिपाक्षिक पिण्ड प्रदान गरिन्छ। तर आवश्यकता परेमा तेह्रौं दिनमा वा एक्काइसौं दिनमा नै "लत्या" अर्थात् त्रिपाक्षिक पिण्ड प्रदान गर्ने चलन पनि छ। छैठौं महिनामा षाण्मासिक पिण्ड प्रदान गरिन्छ। तर मानन्धर जातिमा भने कुनै कुनैले "खुला"मा गरिने पिण्ड प्रदान गरिन्दैन। त्यसरी खुला नगर्ने कार्यलाई उनीहरू स्थानीय भाषामा "खुला खुये" भनिन्छ। बाह्रौं महिनामा वार्षिक पिण्ड प्रदान गरिन्छ। दोश्रौं वर्षमा द्वितीय वर्षिय पिण्ड प्रदान गरिन्छ। त्यसपछि प्रत्येक वर्षमा षोदश पिण्ड (सोह्श्राद्ध) मात्रै प्रदान गरिन्छ।

शाक्य र वज्राचार्य जातिमा "खुला" अर्थात् षाण्मासिक लोकोत्तर पिण्ड प्रदान गरिन्छ। मृतकको अस्थिधातु लिएको खण्डमा षाण्मासिक लोकोत्तर पिण्ड प्रदानको भोलि पल्ट पनौति नमोवुद्ध वा च्वंगापाको चैत्यको अगाडि पिण्ड प्रदान गरेर अस्थिप्रक्षालनपूजा गरेर मृतकको नाममा "अस्थि पइंकेगु" अर्थात् अस्थिप्रवाह (अस्थिलाई हावामा उडाउने) गर्दछ। यो "अस्थि काय्गु" र "अस्थि पुइंकेगु" कार्य पनि लोपोन्मुख अवस्थामा छ। बाह्रौं महिनामा वार्षिक लोकोत्तर पिण्ड प्रदान गरिन्छ। दोश्रो वर्षमा पुनः "निदंया तिथि" अर्थात् द्वितीय वर्षिय लोकोत्तर पिण्ड प्रदान गरिन्छ। त्यसपछि प्रत्येक वर्ष "तिथि" सम्वत्सरीक लोकोत्तर वा लौकिक पिण्ड प्रदान गरिन्छ। घरमा लोकोत्तर पिण्ड प्रदान गरेमा आ–आफ्नो विहारमा प्रेतशिलामा पिण्ड विसर्जन गरिन्छ।

उपरोक्त सम्पूर्ण प्रकारका पिण्ड प्रदान कार्य बाहेक पनि ऐच्छिक रूपमा अन्य विभिन्न देवस्थलमा (नमोवुद्ध–पनौति) तथा विभिन्न तीर्थस्थल–गोकर्ण, मातातीर्थ आदि स्थानमा गएर पनि पिण्ड प्रदान गर्ने कार्य गरिन्छ।

### ५.२.२.४ मध्यपुरका बज्रयानी समाजमा प्रचलित मृत्यु र मृत्यु उपरान्त संस्कारगत पूजाहरू

वज्राचार्य र शाक्य जातिमा मृत्यु भएपछि शवयात्रा गरी श्मशान पुगे पछि दाहसंस्कार गर्नु अगाडि "लिक्वय् प्यंथय्" अर्थात् त्रिपिण्ड प्रदान गरिन्छ। यदि मृतक दीक्षा प्राप्त व्यक्ति भएमा "वासं पूजा" नामक पूजा गरिन्छ। यो पूजा गर्दा त्रिरत्न मण्डल बनाई, तीनवटा कलश स्थापना गरी, मामकी स्थापना गरी, मोहनी फयगु अर्थात् अञ्जन पूजा गरिन्छ। वर्तमान समयमा यो पूजा पनि ऐच्छिक रूपमा मात्रै गरिने हुनाले लगभग लोपोन्मुख अवस्थामा नै पुगी सकेको छ।

दाहसंस्कार पछि मृतकको "अस्थिधातु" अर्थात् मस्तकको हाड एक टुक्रा "किसली" अर्थात् (माटोको पालामा अक्षता र सुपारी पैसा राखेको)मा राखी अर्को "सली" अर्थात् (माटोको पाला) ले छोपी सेतो शुद्ध कपडामा पोका पारी, भष्म प्रवाह गर्दा, उक्त अस्थि भएको किसलीलाई खोला मुनि पुरिन्छ। यदि मृतक परिवारले मृतकको "अस्थि" लिने इच्छा गरे, एक टुक्रा अर्को मस्तकको हाडा घर लगिन्छ। "अस्थि" लिएमा दुर्गति परिशोधन मण्डल अनिवार्य रूपमा लेख्नु पर्दछ। अस्थि लिई दुर्गतिपरिशोधन मण्डल लेख्दा यम कलश, र दिगीकलश स्थापना गर्नु पर्दछ तर दुर्गतिपरिशोधन मण्डल मात्र लेख्दा यम कलश मात्रै राखिन्छ। दुर्गतिपरिशोधन मण्डल दाहसंस्कार गरेको भोलिपल्ट लेखिन्छ र पूजा तेश्रौं दिन मात्र गरिन्छ। त्यस्तै पांचौं र सातैं दिनमा पनि उक्त मण्डलपूजा गरिन्छ। मण्डलपूजा संगसंगै "अस्थिसिले" अर्थात् अस्थिप्रक्षालन (अस्थिलाई धुने) पूजा पनि हुन्छ। वर्तमान समयमा यो असाध्यै सिमित तथा लोपोन्मुख अवस्थामा छ।

मृत्यु भएको सातौं दिनमा "दूव्यन्के" अर्थात् तीर्थमा चोख्याउने कार्य गरिन्छ। दुर्गतिपरिशोधन मण्डल लेखिएमा सातौं दिनमा मण्डल विसर्जन गरी मण्डलको रजलाई तीर्थमा लगि बगाइन्छ। साथै तीर्थमा दशपिण्ड प्रदान गरिन्छ। घरमा"घसु" अर्थात् गृहशुद्धि - हस्तशुद्धि यज्ञ गरिन्छ। आठौं दिनमा "निमो" अर्थात् पुन: नुहाई कलशार्चन एवं मामकी पूजा सहित "जाप्यं" अर्थात् लोकोत्तरपिण्ड प्रदान गरिन्छ। तर अहिले आएर आठौं दिनको क्रिया पनि सातौं दिनमा गरेको देखिन्छ। निमो क्रिया पछि मासिकको दिन यहि गर्नु पर्छ भन्ने वाध्यता छैन। मृतकको परिवारको गच्छे र इच्छा अनुसार मासिक क्रिया गरिन्छ। कसै कसैले मासिकको दिन निसला मात्र दिइन्छ भने कसैले जलदान पनि गरिन्छ। धेरै कम संख्यामा मात्र तीर्थमा गई "लय्प्यं" अर्थात् मासिकपिण्ड प्रदान गर्नेहरू छन्। तीर्थमा "कचिप्यं" अर्थात् लौकिक पिण्ड प्रदान गर्नमा तीर्थ मै पिण्ड विसर्जन गरिन्छ।

यहाँ त्रिपाक्षिक, त्रिमासिक पिण्ड प्रदान गर्ने परम्परा छैन । एकैचोटि "खुला" अर्थात् षाण्मासिक लोकोत्तर पिण्ड प्रदान गरिन्छ । "अस्थि" लिएको खण्डमा षाण्मासिक पछि अनुकूल समयमा नमोबुद्ध (नमुरा) मा गई "अस्थि पुइकेगु" अर्थात् अस्थिप्रवाह गर्दछ । भक्तपुरको च्वंगापाखा (सल्लाघारी)मा गई अस्थि पुइकेगु" कार्य गरेको पनि सुन्न आएको छ । बाह्रौं महिनामा वार्षिक लोकोत्तर पिण्ड प्रदान गरिन्छ ।

दोश्रो वर्षमा पुनः "निदंया निंथि" अर्थात् द्वितीय वर्षीय लोकोत्तर पिण्ड प्रदान गरिन्छ । त्यसपछि प्रत्येक वर्ष "निंथि" वर्ष सांवत्सरिक लोकोत्तर वा लौकिक पिण्ड प्रदान गरिन्छ ।

मध्यपुरमा वज्राचार्य र शाक्य जाति बाहेक अन्य वज्रयानी समाजका जातिहरूमा मृत्यु उपरान्त संस्कारगत पुजाहरूको सम्बन्धमा धेरै समानता पाइन्छ । अन्य वज्रयानी जातिहरूमा दशौं दिनमा चोख्याउने कार्य हुन्छ । बाह्रौं दिनमा गृहशुद्ध-हस्तशुद्ध यज्ञ हुन्छ । तेह्रौं दिनमा पिण्डप्रदान गरिन्छ । पैंतालिसौं दिनमा "लत्या" अर्थात् त्रिपाक्षिक पिण्डप्रदान गरिन्छ । मध्यपुरका प्रजापति जाति वज्राचार्य गुरुजुबाट घसुकार्य गरिन्दैन । तर घसु पछिको त्रिपाक्षिक, षाण्मासिक, वार्षिक, द्वितीय वार्षिक र पछि वर्ष सांवत्सरीक पिण्ड प्रदानकार्य वज्राचार्यहरूद्वारा नै गराइन्छ । घसु कार्य पछि नगरदेशका ज्यापू जातिले मासिक पिण्ड प्रदान गर्दै आएको छ भने थिमिमा प्रजापति जातिले मासिकको दिन जलदान मात्रै दिंदै आएको छ । अरू जातिको हकमा वढि जसोले मासिकको दिन सिद्दा वा निसला दान गरेको पाइन्छन् । यहाँ सबै वज्रयानी समाजका जातिकहरूमा त्रिपाक्षि, षाण्डमासिक, वार्षिक र द्वितीय वार्षिक गरिन्छ । सो कार्यमा लौकिक पिण्ड प्रदान गरिन्छ ।

●

अध्याय ६

# नेपालमण्डलको बज्रयानी समाजमा बौद्ध अभ्यास

नेपालको वज्रयानी वौद्ध धर्ममा भिक्षुहुने, आचार्यहुने, विभिन्न प्रकारका अभिषेक लिने विभिन्न समाधि–योग अभ्यास गर्ने विषयमा चर्चा भईसकेको छ। जन्मदेखि मृत्यु उपरान्त सम्मका संस्कारकर्महरूको पनि उल्लेख भईसकेको छ । उपरोक्त सवै अभ्यास तथा संस्कार सम्वन्धि अभ्यास अतिरिक्त पनि अन्य सयौं प्रकारका अभ्यासहरू हुने गर्दछ । ती सवै पूजाको प्रकारका अभ्यासका अध्ययन पश्चात् ती अभ्यासहरूलाई मुख्यतया सात भागमा विभाजन गर्न सकिन्छ ।

## ६.१ न्हिकं

नेपालमण्डलको वज्रयानी वौद्ध समाजको दैनिक जीवन वौद्ध धार्मिक कार्यवाट शुभारम्भ हुन्छ । प्रत्येक घरको माथिल्लो तल्लामा "द्यकुथि" हुन्छ । जहां देव-देवीहरूको प्रतिमा स्थापित भइराखेको हुन्छन् । नेपाल भाषाको शव्दमा "द्य" को अर्थ देवता हो भने "कुथि"को अर्थ कोष्ठ वा कोठा हो । वौद्ध समाजका वज्राचार्य, शाक्य तथा उराय् वर्गमा द्यकुथि भन्दा पनि "आग" शव्द वढि प्रचलित छ । अभिषेक प्राप्त प्रत्येक वौद्धले प्रत्येक विहान "द्यकुथि"मा वसेर ध्यान–योग गर्दछन्, पूजा गर्दछन् । यसरि प्रत्येक विहान द्यकुथिमा वसेर ध्यान–योग तथा पूजा गर्ने कार्यलाई नेपालभाषामा "न्हिकं" भनिन्छ । न्हिकं गरि सकेपछि मात्र जीवनका अन्य दैनिक कार्यहरू गर्ने गर्दछन् । भोको पेटले न्हिकं गर्नु र न्हिकं गरि सकेपछि मात्रै विहानको खाजा (चियापान) खानु नेपालमण्डलको वज्रयानी वौद्धधर्मको विशेषता हो । न्हिक गर्नको लागि कम्तिमा पञ्चाभिषेक र मन्त्राभिषेक प्राप्त हुनु पर्दछ । न्हिकंको स्वरूप भने व्यक्ति विशेषले पाएका अभिषेकहरू, मन्त्रहरू ध्यान–योगहरूमा निर्भर रहने गर्दछ । सामान्यतया निम्न स्वरूपका "न्हिकं" हरू पाईन्छ ।

१) सामान्य न्हिकं

२) न्यास सहित न्हिकं

३) गुरुमण्डलार्चन सहित न्हिकं

४) समाधि सहित न्हिकं

५) सिथार सहित न्हिकं

६) योग–समाधि सहित न्हिकं

माथि उल्लेखित न्हिकंहरू एकको अपेक्षित अर्को ठूलो मानिन्छ।

### ६.१.१ सामान्य न्हिकं

चकुथिमा प्रवेश गरि सकेपछि देवतासम्मुख बसि आचमनादि सामान्य शुद्धिकरण कार्य हुन्छ। त्यपछि त्रिरत्न अर्थात् बुद्ध, धर्म संघका प्रतीकका रूपमा तीन मुठ्ठि चामल त्यसपछि पञ्चबुद्ध अर्थात् वैरोचन, अक्षोभ्य, रत्नसम्भव, अमिताभ र अमोघसिद्धिका प्रतीक स्वरूप पाँच मुठ्ठि चामल मण्डलाकारमा राखि मन्त्रजाप गर्ने गरिन्छ। अन्तमा मण्डल विसर्जन गरि सम्बन्धित केहि स्तोत्र पढिन्छ। यो एक प्रकारको सामान्य "न्हिकं" हो। पञ्चाभिषेक र मन्त्राभिषेक प्राप्त व्यक्तिहरू यसरि न्हिकं गर्दछन्।

### ६.१.२ न्यास सहित न्हिकं

पञ्चाभिषेक र मन्त्राभिषेक अतिरिक्त "दीक्षा" अर्थात् चक्रसम्वर आदि गुह्यदेवताहरूको अभिषेक प्राप्त व्यक्तिले मात्रै न्यास सहितको न्हिकं गर्दछ। "न्यास" संस्कृत शब्द हो जसको अर्थ राख्नु हो। न्हिकंको सन्दर्भमा न्यासको अर्थ प्राप्त अभिषेक अनुसार हस्त–शोधन र अंग न्यास गर्नु हो। "न्यास" एक किसिमले समाधिको छोटकरी रूप हो। त्यसर्थ न्यास अन्तरगत केहि देव–देवीहरूको मण्डल भावना आदि पनि आउँदछ। न्हिकं गर्दा आचमनादि सामान्य शुद्धिकरण पछि "न्यास" कार्य गरिन्छ। त्यसपछि मात्रै सामान्य न्हिकं प्रकृयामा बनाए झैं क्रिया अगाडि बढाईन्छ।

गुरुमण्डलार्चन सहितको न्हिकं गर्ने व्यक्तिले पुष्पभाण्ड संकल्प पछि "न्यास" गर्ने गर्दछ। त्यसपछि मात्रै गुरुमण्डलार्चनका अन्य क्रिया अगाडि बढाईन्छ। त्यसरी न्यास सहितको न्हिकलाई नेपालभाषामा "न्यास याना न्हिकं याये" भनिन्छ।

### ६.१.३ गुरुमण्डलार्चन सहित न्हिकं

"गुरुमण्डलार्चन" यो एक नेपालमण्डलको वज्रयानको एक आधारभूत पूजाविधि हो। "गुरुमण्डलार्चन"को शब्दार्थ गुरुहरूकोमण्डल अर्थात् समूहलाई पूजा भन्ने हुन्छ। वज्रयानमा बुद्ध, धर्म, संघ र वज्रधरलाई गुरु भनिन्छ। ती गुरुहरूलाई पुजकले आफ्नो कायमण्डल, वाकमण्डल र चित्तमण्डलले अर्चना गर्नु अर्थात् पूजागर्नुलाई "गुरुमण्डलार्चन" भनिएको हो। गुरुमण्डलार्चन पूजा क्रममा सर्वप्रथम पूजाभाण्ड संकल्प गरिन्छ। पञ्चेन्द्रिय अर्थात् आँखा, कान,

नाक, मुख र शरीरबाट पञ्चविषय अर्थात् रूप, शब्द, गन्ध, रस र स्पस्टब्यसग सम्पर्क भईसकेपछि तृष्णा वा घृणा उत्पन्न हुने तद्नुरूप वा राग द्वेषादि उत्पन्न हुने हुंदा आफूले ती सबै पञ्च विषयहरूलाई त्यागदछु र ती सबै विषयहरू अर्काको तृष्णा तृप्त गराउन (बोधिसत्वचर्या गर्न) प्रयोग गर्दछु भन्ने भावको पूजाभाण्ड संकल्प गर्दछ । त्यसपछि गुरुमण्डलार्चन अन्य चरणहरू क्रमबद्ध अगाडि बढाइन्छ । गुरु बुद्ध, धर्म, संघ र बज्रधरलाई काय वाक् र चित्तले रत्नमण्डल अर्पण गर्दछ ।

त्यसपछि गुरुको समिपमा सप्तविधानुत्तर पूजा हुन्छ । वन्दना, पुजना, पापदेशना, अनुमोदना, अध्येषणा, बोधिचित्तोत्पाद र पूण्य परिणाम यी सात अंगले युक्त पूजालाई सप्तविधानुत्तर पूजा भनिन्छ । यस पूजालाई मानसिक पूजा पनि भनिन्छ । यस पूजाको अन्तिम लक्ष्य "जगतहितका लागि बुद्ध बन्न सकूं" भन्ने हो । उपरोक्त पूजा पछि दिग्पाल देवताहरूलाई आह्वान गरेर तिनीहरूलाई सन्तुष्टि पार्ने कार्य हुन्छ । यस कार्यलाई बल्यार्चन भनिन्छ । गुरुमण्डलार्चन क्रम मै मन्त्रजाप गर्दछ । यसरी गुरुमण्डलार्चन सहितले न्हिकं गर्नुलाई नेपाल भाषामा "गुरुमण्डल दना न्हिकं याये" भनिन्छ ।

### ६.१.४ समाधि सहित न्हिकं

समाधिको अर्थ कुनै एक आसनमा बसेर निश्चित विधि अनुसार मौन तथा एकाग्र रहि समाधिष्ठ हुनु हो । तर न्हिकंको सन्दर्भमा समाधिको अर्थ समाधिलाई ध्यानात्मक वा योगात्मक रूपमा सम्पादन नभई क्रियात्मक सम्पादन (Ritualistic Performence) हो । गुरुमण्डलार्चन पछि समाधिको क्रिया अगाडि बढाईन्छ । प्राय: गरेर चक्रसम्वरको समाधि प्रयोग हुन्छ । समाधिको एक चरणमा मन्त्रजापको कार्य हुन्छ । बल्यार्चनबाट समाधि सम्पन्न हुन्छ । अन्तमा मण्डल विसर्जन हुन्छ । यसरी समाधि सहितको न्हिकं समाप्त हुन्छ । चक्रसम्वरको दीक्षा प्राप्त व्यक्ति मात्रै समाधि सहितको न्हिकं गर्न योग्य मानिन्छ । चक्रसम्वरको दीक्षा प्राप्त व्यक्ति धेरै भएतापनि समाधि सहितको न्हिकं गर्ने व्यक्तिहरू थोरै मात्रामा पाईन्छन् । यसरी समाधि सहितको न्हिकं गर्नुलाई नेपालभाषामा "समाधिदना न्हिकं याये" भनिन्छ ।

### ६.१.५ सिथार सहित न्हिकं

कांसको थालमा विशेष काष्ठरंगले लेपन गरि बज्रसूचिले लेखेको मण्डललाई "सिथार" भन्ने गर्दछ । सिथार पनि विभिन्न देवताहरूको मण्डल अनुसार बनाउन सकिन्छ । एक भन्दा बढि सिथार राखेर पनि न्हिकं गर्ने प्रचलन छ । प्राय बज्रबाराहीको सिथार सहित न्हिकं गर्ने चलन बढि प्रशिद्ध छ । बज्रबाराहीको सिथारलाई रहस्यमण्डल पनि भनिन्छ । तान्त्रिक-बैद्य अर्थात् मन्त्रद्वारा रोग निदान गर्नेहरू ध्यान–योगको दृष्टिकोणले भन्दापनि

मन्त्रसिद्धिका लागि यसरी न्हिकं गर्ने गरिन्छ । यो एक गुह्यविधि हो । गुरुमण्डलार्चन पछि उपरोक्त सिथार विधि अपनाईन्छ । यसरी सिथार सहित न्हिकं गर्नुलाई "सलाइं तया.न्हिकं याये" पनि भनिन्छ ।

### ६.१.६ समाधि–योग सहित न्हिकं

क्रियात्मक समाधि–योग सहितको न्हिकंको अतिरिक्त ध्यानात्मक वा योगात्मक समाधि–योग सहितको पनि न्हिकं गर्ने प्रचलन छ । समाधि–योग भनेको मनको विषय हो । मनको एकाग्रता नै समाधि–समाधिको सफलताका लक्षण हुन् । बुद्धधर्म त्यो जुनसुकै निकायमा किन नहोस, समाधिबाट प्राप्त प्रज्ञा मात्रै वास्तविक प्रज्ञा हो । त्यसर्थ एक बौद्धले समाधिको अभ्यास दैनिक गर्नु पर्दछ । प्रातःकालमा समाधि–योगाभ्यास गर्नु पनि एक प्रकारको "न्हिकं" नै हो । वज्रयानमा समाधि–योगाभ्यासका लागि "दीक्षा" न्यूनतम योग्यता हो । दीक्षा प्राप्त व्यक्तिले पुनः गुरुपरम्परामा रहि समाधि–योगविधि लाभ गर्दछ र समाधि–योगाभ्यास सहित न्हिकं गर्दछ ।

बज्रयानका विभिन्न समाधि–योगहरू मध्ये नेपालमण्डलमा सिमित वर्ग मै भएपनि चक्रसम्वर समाधि, वज्रबाराही समाधि, चण्डमहारोषण समाधि, उत्क्रान्तियोग, चण्डाली योग, अपरिमितायु योग आदि प्रचलित छ ।

उपरोक्त विभिन्न प्रकारका न्हिकंहरू एकको अपेक्षा अर्को ठूलो अर्थात् माथिल्लो स्तरको मानिन्छ । कोहि–कोहिले गुरुमण्डलार्चन न्यास क्रियात्मक समाधि, सिथार एवं समाधि–योग सहितले न्हिकं गर्ने गर्दछ । "न्हिकं" अभिषेक हो र अभिषेक प्राप्तिको चिन्ह पनि हो । न्हिकं समाधिको अभ्यास हो । बोधिसत्व चर्याका लागि सिद्धिप्राप्तिका शाधन पनि हो ।

## ६.२ पूजा

नेपालको बज्रयानी समाजमा असाध्यै प्रचलित तथा लोकप्रसिद्ध बौद्धअभ्यासको एक स्वरूप "पूजा" हो । पूजा यति प्रचलित छ कि जसले गर्दा अन्य प्रकारका बौद्ध अभ्यास गौण भएको देखिन्छ । पूजालाई बज्रयानको एकमात्र स्वरूप मान्नेहरू पनि धेरै छन् । वास्तवमा बज्रयानको "क्रिया" नै नेपालमण्डलको बज्रयानी समाजमा "पूजा" शब्दले प्रसिद्ध भएको हो । त्यसर्थ "पूजा" क्रियाको पर्यायवाची भन्न सकिन्छ ।

नेपालमण्डलका प्रचलित सम्पूर्ण पूजाहरूलाई मोटामोटी दुई खण्डमा बाँड्न सकिन्छ ।

### ६.२.१ संस्कार सम्बन्धि पूजा

जीवनचक्र अर्थात् गर्भाधान देखि मृत्युपूर्व मृत्यु र मृत्यु उपरान्त मृतकको नाममा गरिने सम्पूर्ण क्रियाहरूलाई संस्कार सम्बन्धि पूजाको वर्गमा राख्न सकिन्छ। ती पूजाहरू सम्बन्धि माथिल्ला अध्याय "नेपालमण्डलको बौद्ध जीवनपद्धति"मा उल्लेख भईसकेको छ।

### ६.२.२ संस्कारसंग असम्बन्धित पूजा वा अन्य पूजा

संस्कारसंग असम्बन्धित पूजाहरूलाई अन्यपूजाको वर्गमा राख्न सकिन्छ। उपरोक्त संस्कार सम्बन्धि पुजा बाहेक अन्य धेरै पूजाहरू छन्। ती पूजाहरू विभिन्न स्वरूपका छन्। ती सबैलाई सर्वप्रथम "संस्कारसंग असम्बन्धित पूजा वा अन्य पूजा"को वर्गमा राख्नु जरूरी छ। त्यसपछि ती सबैलाई पूजाको उद्देश्य तथा स्वरूप अनुसार निम्नानुसार उपविभाजन गर्न सकिन्छ।

#### *६.२.२.१ नित्यपूजा*

नेपालमण्डलको वज्रयानी समाजमा प्रत्येक दिन विहान सबेरै विहारमा, देवस्थलमा तथा घर घरमा पूजा गरि आ-आफ्ना दिनचर्या शुरू गर्दछन्। यसरी प्रत्येक दिन विहान हुने पूजालाई नित्यपूजा भनिन्छ। आ आफ्ना साँघिक नियमानुसार विहारहरूमा र देवस्थलमा पूजा हुन्छन्। प्रत्येक घरमा पनि आ-आफ्ना देवकोष्ठमा पूजा आजा हुन्छन्। यस किसिमको पूजा भनेको दर्शनार्थ पूजाका लागि विभिन्न बौद्ध मन्दिरहरूमा जाने (Temple visit) पनि गर्दछन्। तर अभिषेक प्राप्त वज्राचार्यहरू प्रत्येक दिन विहान विशेष प्रकारले पूजाआजा गर्दछन्। उक्त पूजाआजा लाई नेपालभाषामा न्हिकं भनिन्छ। विहार, मन्दिर र घरघरमा गरिने दैनिक पूजालाई नित्यपूजा भनिन्छ भने न्हिकं भनिन्दैन। तर अभिषेक प्राप्त भएकाले गरिने विहानको विशेष प्रकारको दैनिक पूजालाई नित्यपूजा तथा न्हिकं भनिन्छ। न्हिकंमा मन्त्रजाप एक अभिन्न अंग हो। न्हिकं नगरिकन खानु हुँदैन भन्ने लोकोक्ति छ। न्हिकं के हो ? र कति प्रकारका छन् आदि विषयमा अघिल्ला अध्यायमा चर्चा भईसकेको छ।[1]

#### *६.२.२.२ रक्षा वा शान्ति पूजा*

जीवनमा विभिन्न किसिमका समस्याहरू आईपरि रहन्छन्। ती समस्याहरू मध्ये कुनै कुनै आफूबाट श्रृजित नभईकन पर अर्थात् अरूबाट श्रृजित हुन सक्दछन्। आफूसंग भएको राग, द्वेष, मोह, काम, क्रोध, लोभ आदि क्लेशबाट उत्पन्न समस्याहरूलाई आफूबाटै श्रृजित समस्याहरू भन्न

---

[1] द्रष्टव्य अध्याय सात।

सकिन्छ । तर आफूप्रति अन्मंग भएको क्लेशको कारणले पनि आफूलाई समस्या आई पर्दछन् त्यस्तोलाई पञ्चकभयं भनिन्छ । त्यस्तै नै अमनुष्य अर्थात् पशु, पन्छि, यक्ष यक्षणी, भूतप्रेत आदि बाट पनि समस्या आउन सक्नेमा विश्वास गरिन्छ । अन्तरिक्षमा रहेका ग्रह–नक्षत्रबाट पनि समस्याहरू अर्थात् ग्रहदशा आउनेमा पनि विश्वास गर्दछन् । प्राकृतिक प्रकोप भयमा त सबैले विश्वास गर्दछन् नै । ती समस्या समाधानका लागि जे जति पूजा हुन्छन् ती सबै पूजालाई जनबोलिमा शान्ति–स्वस्ति पूजा भनिन्छ । ती सबैपूजाको उद्देश्य "रक्षागर्ने" भएकोले ती सबै पूजालाई "रक्षापूजा" अन्तर्गत गर्नु उपयुक्त देखिन्छ ।

ग्रहदशा शान्तिका लागि जन्मदिनको अवसरमा नवग्रह पूजा गर्दछन् । ग्रहदशा शान्तिको लागि "ग्रहयज्ञ" नामक पूजाको पनि व्यवस्था छ । घर–घरमा आइपरेका भूत, प्रेत आदि शान्तिका लागि विभिन्न प्रकारका "बौ बिये" अर्थात् बल्याचंन (बलिपूजा) पूजाहरू गर्दछन् । नवनिर्मित घरमा पनि भूतादि शान्तिका लागि पनि बल्याचंन पूजा गरिन्छ । अनावृष्टि जस्ता समस्याका शान्तिका लागि जलयज्ञ गरिन्छ । नागदोष शान्तिका लागि विभिन्न नागपूजा गरिन्छ ।

*६.२.२.३ भाकलपूजा*

नेपालमण्डलका वज्रयानी समाजमा कार्यसिद्धिका लागि, रोग शान्तिका लागि वा कुनैपनि समस्या समाधानका लागि वा ती समस्या समाधान भएमा अमुक देवतालाई अमुक पूजा गर्नेछु भनेर अठोट गर्ने प्रचलन पनि छ । आफूले चिताए अनुसार कार्य भएपछि अठोट गरे अनुसार पूजा गर्दछन् । यस्ता खालका पूजालाई भाकल पूजा भन्ने चलन छ ।

नेपालमण्डलको वज्रयानी समाजमा स्वयम्भूको हारती मन्दिरमा यस किसिमको भाकलपूजा दिनमा "छ्वहायके पूजा" अर्थात् "बल्याचंन पूजा" र राती "चा पूजा" अर्थात् "रात्रि पूजा"को रूपमा गर्ने चलन प्रसिद्ध छ । महाकाल र पालाच्चो आदि देवस्थलमा भाकल गरेर "पात्रपूजा" गर्ने बढि प्रचलन छ । त्यस्तै नै आ-आफ्नो आगमघर (गुह्यदेवस्थल) मा पनि भाकलपूजा गर्ने प्रचलन छ । चोभारको करूणामय लगायत अन्य करूणामय मन्दिरमा पनि भाकलपूजा गर्ने चलन छ । त्यस्तो करूणामयको देवस्थलमा प्राय: सप्तविधानुत्तर पूजा गरिन्छ , पीठदेवता (अष्टमातृका) आदि देवस्थलमा यस्ता भाकलपूजाहरू हुने गर्दछ ।

## ६.२.२.४ *स्थापत्यपूजा*

नेपालमण्डलको वज्रयानी समाजमा देव प्रतिमा (मूर्ति), चैत्य, देवालय (मन्दिर) र विहार निर्माण तथा स्थापना गर्नु पनि बौद्ध अभ्यास हो । चैत्य, देवगृह र विहार निर्माण गर्नलाइं निर्माण पूर्व तथा निर्माणको दौरानमा क्रमशः विभिन्न पूजाहरू गर्दछन् । ती पूजाहरूलाई स्थापत्य पूजा भन्न सकिन्छ ।

विहार निर्माणका लागि सूत्रपाटन, पादस्थापना तथा चूडिका स्थापना पूजाहरू प्रमुख पूजाहरू हुन् । चैत्य निर्माणका लागि सूत्रपाटन, पादस्थापना, रत्नन्यास, चूडिका स्थापना पूजाहरू प्रमुख पूजाहरू हुन् । दशभूमि, दशपारमिता, दशवशिता र दशधारणी स्वरूपको चालिस किल्ला गाडि महावैरोचन मण्डल (एक प्रकारको वज्रधातुमण्डल) स्वरूपको एक्कासि कोष्ठ वनाइं सूत्रपाटन पूजा गरिन्छ, चुडिका स्थापना गरिन्छ । महावैरोचनमण्डल कै भित्री परिधि स्वरूपको तेह्रकोष्ठ वनाइं रत्नन्यास पूजा गरिन्छ । ती पूजाहरू पछि मात्रै प्रतिष्ठा पूजा गरिन्छ । प्रतिष्ठा पूजा सम्पन्न भएपछि मूर्ति तथा चैत्य देवत्व प्राप्त गरि देवता कहलिन्छ । पटचित्र (कपडामा लेखिएको चित्र)ले पनि देवत्व प्राप्त गरि पटभराण्डो (पौभा) कहलिन्छ । ती देवता तथा पटभराण्डो पूजनीय हुन्छन् । तिनीहरूलाई पूजा गरे पूण्य तथा ज्ञान प्राप्त हुन्छ, अनुत्तरसम्यक्सम्वोधि शाधनाका लागि ती मूर्ति तथा पटचित्रहरू माध्यम हुन्छ भन्ने वज्रयानी विश्वास छ ।

माटोको मूर्ति तथा पटचित्र वनाउँदा रंगाधिवासन, देवता विशेषले वीजाधिष्ठान र न्यास विधि सहितले दशकर्मादि प्रतिष्ठा गरिन्छ । काष्ठ, धातु तथा प्रस्तर मूर्तिहरूमा वीजाधिष्ठान, न्यास विधि अपनाइन्छ । त्यसपछि प्रतिष्ठा सम्पन्न गरिन्छन् । प्रतिष्ठा पूजापनि कम्तीमा तीन प्रकारका छन् ।

### १. दशकर्मादि प्रतिष्ठा

योनिसंशोधन (गर्भाधान) कर्म, पुंसवनकर्म, सीमन्तोपनयनकर्म, जातकर्म, नामकर्म, अन्नप्राशनकर्म, चूडाकर्म, व्रतादेशनकर्म, व्रतमोक्षणकर्म र पाणिग्रहणकर्म लाइं दशकर्म भनिन्छ । ती कर्महरू सम्पन्न गरि सकेपछि प्रतिष्ठाकर्म गरिन्छ । त्यसपछि पञ्चाभिषेक, गुह्याभिषेक तथा प्रज्ञाज्ञानाभिषेक दिइन्छ । यति विधि दशकर्मादि प्रतिष्ठा विधिले प्रसिद्ध छ । चैत्य आदि वाह्यदेवता (मूर्ति) हरूको दशकर्मादि प्रतिष्ठा गर्दा कलशार्चन पूजा तथा यज्ञ विधि अपनाइन्छ । आगमदेवता आदि गुह्यदेवता (मूर्ति) हरूको प्रतिष्ठा गर्दा गुह्यपूजा तथा शिराहुति विधि अपनाइन्छ ।

## २. संक्षिप्त प्रतिष्ठा

मूर्तिलाई दशकर्ममध्ये जातकर्म र नामकर्म सम्म मात्रै सम्पन्न गरि प्रतिष्ठा गर्ने विधिलाई संक्षिप्त प्रतिष्ठा विधि भनिन्छ। जातकर्म अन्तरगत नाभिच्छेदन विधि, बीजाधिष्ठान विधि, दृष्टिदान विधि, घृतमधुप्राशन विधिहरू पनि सम्पन्न गरिन्छन्। अक्षोभ्य तथागत र वैरोचन तथागतको अभिषेक दिईन्छन्। त्यसपछि प्रतिष्ठा विधि र अभिषेक विधि अपनाईन्छ। चैत्यलाई चूडिका स्थापना पछि जातकर्म र नामकर्म मात्रै सम्पन्न गरि राख्नुलाई पनि संक्षिप्त प्रतिष्ठा भनिन्छ।

## ३. "ये धर्मा" प्रतिष्ठा

प्रसिद्ध बौद्धगाथा "ये धर्मा हेतु प्रभवा ......... महाश्रमण" त्यहि वाचन गरेर सम्पन्न गरिने प्रतिष्ठालाई "येधर्मा प्रतिष्ठा" भनिन्छ। ये धर्मा प्रतिष्ठामा दशकर्म सम्पन्न बिना नै प्रतिष्ठा विधि एवं अभिषेक कर्म अपनाईन्छन्।

मूर्ति, पटचित्र तथा चैत्य निर्माण बाहेक पाटी–पौवा, कुंवा, पोखरी आदि निर्माणमा पनि सूत्रपाटन र पादस्थापना पूजा हुन्थ्यो। कुंवा र पोखरी निर्माण क्रममा जलयज्ञ पनि गरिन्थ्यो। निवास स्थान (भवन) निर्माणमा अद्यापि पादस्थापन देखि चूडिका स्थापना (छाना छाउने) पूजा पनि गरिन्छन्।

### *६.२.२.५ जीर्णोद्धारपूजा*

प्रतिष्ठा गरिएका देव प्रतिमा, चैत्य, पटभराण्डो आदि कुनैपनि प्रकारले जीर्ण भएमा जीर्णोद्धार गरिन्छ। जीर्णोद्धार गर्नको लागि जीर्णोद्धार पूर्व, जीर्णोद्धार क्रममा र जीर्णोद्धार पछि विभिन्न पूजाहरू गरिन्छन्। ती सबै पूजाहरूलाई जीर्णोद्धार पूजा भन्न सकिन्छ।

जीर्णोद्धार पूर्व सर्वप्रथम क्षमा पूजा गरिन्छ। त्यसपछि "न्याम–लिकाये" पूजा अर्थात् "न्यास" (प्राण) एक कलशमा सार्ने पूजा गरिन्छ। जीर्णोद्धार गर्नु पर्ने वस्तुलाई गाईद्वारा भत्काउन लगाईन्छ। यति कार्य गरि सकेपछि मात्रै दकर्मि वा कलाकारबाट मर्मत वा निर्माण कार्य गराईन्छ। निर्माण कार्य सम्पन्न भई सकेपछि "न्यासलुयेगु" अर्थात् कलशमा सारिएको न्यास पुनः जीर्णोद्धार गरिएको वस्तु (मूर्ति आदि) मा सारिन्छ। त्यसपछि संक्षिप्त प्रतिष्ठा गरिन्छ। अनुकूल समयमा दशकर्मादि प्रतिष्ठा गरिन्छन्। माटाका मूर्ति तथा पटचित्र जस्ता रंग लगाउनु पर्ने वस्तुका लागि रंगाधिवासन, बीजाधिवासन आदि पूजा गरिन्छन्। चैत्य विहार आदि जीर्णोद्धार कार्यमा पुनः सूत्रपाटन र पादस्थापन पूजा गरिन्दैन।

### ६.२.२.६ *वर्षवन्धन पूजा*

देव प्रतिमा, चैत्य, विहार र पाटि–पौवा आदि निर्माण गरि प्रतिष्ठा तथा जीर्णोद्धार गरिएको दिनको उपलक्ष्यलाइं सम्झेर प्रत्येक वर्ष सोहि तिथिमा पूजा गरिन्छ । त्यतिमात्रै होईन देवदेवीलाइं प्रताप, छत्र लगायत गर–गहना आदि वस्तुहरू चढाएको दिनको उपलक्ष्यलाइं सम्झेर पनि प्रत्येक वर्ष सोहि तिथिमा पूजा गरिन्छ । यस्तो पुजालाइं वुसाधं अर्थात् वर्षवन्धन पूजा भनिन्छ । ती पूजा गर्दा सामान्य रूपका कलशार्चन विधि अपनाईन्छ भने यज्ञ विधि पनि अपनाईन्छन् ।

### ६.२.२.७ *चाड पर्वपूजा*

नेपालमण्डल विश्वमै एक मात्र देश होला जहां धेरै चाडपर्वहरू मनाइन्छन् । नेपालमण्डलको वज्रयानी समाजमा मनाइने चाडपर्वहरू कुनै चोखै वौद्ध पृष्ठभूमिमा आधारित छन्, कुनै हिन्दूपृष्ठभूमिमा आधारित छन् । वौद्ध पृष्ठभूमिमा आधारित वौद्ध चाडपर्वहरू वौद्ध विधि अनुसार मनाईन्छन् भने केहि हिन्दू चाडपर्वहरू पनि वौद्ध मान्यता भित्र वसेर वौद्ध विधि अपनाएर मनाइन्छन् । कुनै कुनै यस्ता चाडपर्वहरू पनि मनाईन्छन् जुन न त वौद्ध हो न हिन्दूको हो । कुनै चाडपर्व मौसम (ऋतु) परिवर्तनको सुवसरसंग सम्वन्धित छन् , कुनै स्वास्थ्यसंग सम्वन्धित छन् । ती सवै चाडपर्वहरू नेपालमण्डलका सवै नेवारहरूले मनार्उदछन् । ती सम्पूर्ण चाडपर्वहरू मध्ये जुन चाडपर्व वौद्धहरूले मानि आईराखेका छन् त्यसको विवरण अर्को अध्यायमा प्रस्तुत गरिएका छन् । ती चाडपर्वहरूको उपलक्ष्यमा गरिने पूजालाइं चाडपर्व पूजा भन्न सकिन्छ ।

शाक्य, वज्राचार्य र कान्तिपुका उराय् जातिमा चाडपर्वपूजाको रूपमा कम्तिमापनि गुरुमण्डलपूजा, लयसिवाज्वलंपूजा (मामकिपूजा सहित गुरुमण्डलपूजा) गरिन्छन् भने ठूलोमा पञ्चशालीपूजा, महावलि(महावल्यार्चन) पूजासम्म पनि गरिन्छन् ।

### ६.२.२.८ *धर्म पूजा*

नेपालमण्डलको वज्रयानी समाजमा उपरोक्त संस्कारपूजा, पितृपूजा, रक्षापूजा, पर्वपूजा, भाकलपूजा, स्थापत्यपूजा, जीर्णोद्धारपूजा वाहेक पनि अन्यपूजाहरू छन् जुन पूजाको उद्देश्य संस्कारलाइं निभाउने, पितृऋणतिर्ने, आफ्नो रक्षागर्ने, उत्सव मनाउने र स्थापना गर्ने नभइकन चोखै धर्म अर्थात् पुण्य आर्जन संग सम्वन्ध छ । धर्म अर्थात् पुण्य आर्जनसंग सम्वन्धित पूजा गर्नु पर्यो भने "धर्मयाये" अर्थात् धर्मगर्ने भन्ने चलन छ । त्यसर्थ ती पूजाहरूलाइं धर्मपूजा भन्न सकिन्छ । ती धर्म पूजाहरूलाइं पनि सर्व साधारणलाइं देखाउन हुने

र नहुने दृष्टिकोणले वाह्यपूजा र अभ्यन्तरपूजा गरि दुई वर्गमा वर्गीकरण गर्न सकिन्छ।

६.२.२.८.१ **प्रचलित वाह्यपूजाहरू**

१. **सत्वपूजा**

पारमितायानमूखी महायानको सप्तविधानुत्तर पूजा अर्थात् वन्दना, पूजना, पापदेशना, अनुमोदना, अध्येषणा, वोधिचित्तोत्पाद र पुण्य परिणामना आदि पूजा जुन मानसिकपूजाको नामले पनि चिनिन्छ त्यो पूजालाई वज्रयानले क्रियात्मक ढंग (Ritualistic way) बाट सम्पादन गर्ने गरियो। उक्त क्रियात्मक ढंगवाट सम्पादन गरिने सप्तविधानुत्तर पूजा नेपालमण्डलका वज्रयानी समाजमा सत्वपूजा नामले प्रसिद्ध छ।

सत्वपूजा चतुर्महाभूत अर्थात् पृथ्वी, आप, तेजो र वायुधातु र पञ्चेन्द्रियका पांच विषयहरू अर्थात् रूप, शव्द, गन्ध, रस र स्पर्श, वोधिसत्वका प्रतीकहरू अष्टमंगलचिन्ह अर्थात् श्रीवच्छ, पुण्डरीक, ध्वज, कलश, चामर, मत्स्ययुग्म, छत्र र शंख आदिको पूजा हुन्छन्। देवता विशेषको पनि पूजा हुन्छ। सप्तविधानुत्तर पूजामा ध्यान पनि गरिन्छ। सप्तविधानत्तर पूजा मुद्रा (हस्तमुद्रा) ले मुद्रित सो पूजाको अन्तमा अष्टवोधिसत्वको अभिषेक स्वरूप अष्टमंगल चिन्ह जजमानहरूलाई प्रदान गरिन्छन्।

सत्वपूजा विहारमा, मन्दिरमा, घरमा र अन्य जतातत गरिन्छ। यो एक अति लोक प्रसिद्ध पूजा हो। यस पूजामा चतुर्महाभूत तथा पञ्चविषयहरूका प्रतीक स्वरूप गुल्पा(पिण्डपात्र), देवा (दियो), तिंचा (पालामा पानी र कुसुम हालेको), सत्तु (भुनेको गहुंको पिठोबाट निर्मित एक वस्तु) १०८ वा ३६० वा १०००को संख्यामा राखिन्छन्। त्यहि संख्या अनुसार आवश्यक संख्यामा गुरुहरूलाई सो पूजाको लागि निम्त्याइन्छ। त्यहि संख्या अनुसार सप्तविधानुत्तर पूजामा हस्तमुद्रा मुद्रित गरिन्छ।

२. **यज्ञपूजा**

सर्वप्रकारं जगतो हिताय अर्थात् जगतहितका लागि सवै प्रकारका उपायहरू मध्ये यज्ञ अर्थात् होम पनि वज्रयानले स्विकारेको एक प्रकारको उपाय हो। माथि उल्लेखित संस्कार, पितृ, पर्व, भाकल, स्थापत्य, जीर्णोद्धार आदि गर्दा पनि यज्ञ हुन्छ। ठूलो तथा लामो अवधिको पूजाको सम्पूर्णता वा समाप्ति गर्ने हेतुले पनि यज्ञ गरिन्छ। त्यसलाई नेपालमण्डलको वज्रयानी समाजमा "**पूर्णा याये**" तथा "**धुन्के**" अर्थात् समापन गर्ने शव्दले परिचित छ।

उपरोक्त पूजाको उपलक्ष्यमा गरिने यज्ञपूजा बाहेक पनि पूण्य आर्जनको दृष्टिकोणले गरिने अन्य यज्ञपूजाहरू पनि प्रचलित छन् । जुन निम्नानुसारका छन् :

ती यज्ञहरू भनेको सहश्राहुतियज्ञपूजा, अयुताहुतियज्ञपूजा र लक्ष्याहुतियज्ञपूजा हुन् । सहश्राहुतियज्ञपूजामा एक हजार आहुति दिईन्छन् भने अयुताहुतियज्ञपूजामा दशहजार आहुति दिईन्छन् र लक्ष्याहुतियज्ञपूजामा एकलाख आहुति दिईन्छन् । यी यज्ञपूजाहरू एक दिनभन्दा बढि दिनहरू लगाएर गरिन्छन् ।

**३. पताछापूजा**

नेपालभाषाको "पता" को अर्थ प्रताप हो भने "छा" को अर्थ चढाउनु हो । त्यसर्थ "पताछापूजा"को अर्थ प्रताप चढाउने पूजा हो । पताछापूजालाई संस्कृत भाषामा प्रतापारोहणपूजा भनिन्छ । प्रताप भनेको एक प्रकारको लामो कपडा हो जुन मन्दिरको गजुरदेखि भुईसम्म लत्काई चढाईन्छ । कालान्तरमा धातुका प्रतापहरू पनि चढाउन थालियो ।

देवता तथा मन्दिरमा पताछापूजा गर्नु पनि नेपालमण्डलको वज्रयानी समाजमा प्रचलित एक पूजा हो । कपडाको पता वुन्नुलाई कपास, धागो, वुन्ने औजार, वुन्ने व्यक्तिको हात आदि विधिवत् पूजा गर्ने चलन छ । पता वुन्ने वेलामा खालि पेटले वुनिन्छ । अन्तमा पताछापूजा गरि पता चढाईन्छन् । यो पूजा कलशार्चन पूजा तथा यज्ञविधि अपनाएर गरिन्छन् ।

ठूलो तथा लामो अवधिको पूजाको समाप्ति पूर्णा गर्ने उपलक्ष्यमा पनि ऐच्छिक रूपमा पताछापूजा गरिन्छ ।

**४. वाहाः पूजा**

वाहा:को अर्थ विहार हो । क्रमशः विहारहरू घुमी घुमी पूजा गर्नुलाई "वाहा:पूजा" अर्थात् विहार पूजा भनिन्छ । नेपालमण्डलमा कति प्रकारका विहारहरू छन् भन्ने विषयमा माथिल्लो अध्यायमा चर्चा भईसकेका छन् ।

नेपालमण्डलको वज्रयानी समाजमा एकै दिनमा धेरै विहारहरू चिन्ने, घुम्ने उद्देश्यले ठूलो समूह जम्मा भई प्रमुख विहारहरू, शाखा विहारहरू आदि र केहि वौद्ध देवस्थलहरू स्थानीय परम्परागत गाजावाजा सहित भ्रमण गर्ने चलन पनि छ । भ्रमणगर्ने क्रममा एक अनुभवी गुरुजुले वाटो देखाउन्छन् भने मूल गुरुजुको निर्देशनमा मूल जजमानले त्यहां स्थित देवतालाई अर्घ दिने र अन्न आदि सामाग्री चढाउने गर्दछ । सहभागी हुने प्रत्येक व्यक्तिहरूले पनि आ-आफ्नो स्वेच्छाले केहि न केहि सामाग्रीहरू चढाउंछन् । यसरी वाहापूजा जांदा कतिवटा विहारहरू घुम्ने भन्ने विषय तीनीहरूको योजनामा निर्भर

रहन्छ । वाहा:पूजा एक प्राचीन परम्परा हो । यो एक लोक प्रसिद्ध वौद्ध अभ्यास हो ।

आजकल एक दिनमा एउटा विहारमा मात्र जाने र पूजा गर्ने, धर्मश्रवण गर्ने र दानप्रदान गर्नुका साथ साथै बौद्ध भजन गाउने पनि चलन छ । अर्को कुनै दिन अर्को विहारमा जाने एवं रितले निश्चित दिनमा निश्चित वाहा: भ्रमण गर्ने र पूजा गर्ने खालको वाहा:पूजा पनि प्रसिद्ध हुँदै आएको छ ।

## ५. चैत्यपूजा

नेपालमण्डलमा चैत्य स्थापना गर्नु बौद्ध अभ्यास हो । यहाँ यति धेरै चैत्यहरू छन् कि जस्को लेखाजोखा गर्न नै गाह्रो छ । कतिपय चैत्यहरू जीर्ण अवस्थामा छन् भने कति नवनिर्मित छन् । स्वयम्भू चैत्य, खास्ति (बौद्ध) चैत्य र धनदो चैत्य जस्ता प्राचीन चैत्यहरू पटक पटक जीर्णोद्धार भइसकेका छन् ।

चैत्यलाई "जिनालय" अर्थात् वुद्धहरूको निवासस्थान भनिन्छ । दार्शनिकरूपमा वज्रधातुचैत्य र धर्मधातुचैत्य गरि दुई प्रकारका चैत्यहरू छन् भनिन्छ । आकार-प्रकारका दृष्टिकोणले धेरै प्रकारका चैत्यहरू छन् , कति प्रकारका छन् भन्ने विषयमा सबैको एकमत छैन ।

चैत्य स्थापनाको पृष्ठभूमिको आधारमा एक थरिका प्राचीन चैत्यहरूलाई मूल चैत्य भन्ने गरेका छन् । वाहा:पूजा झैं ती मूलचैत्यहरूलाई चिन्ने, भ्रमण गर्ने, पूजा गर्ने पनि परम्परा छ । त्यस कार्यलाई मूल चैत्यपूजा भन्ने चलन छ ।

कुनै चैत्य प्राचीन भएकाले, कुनै चैत्य बौद्ध जातक अवदान आदि संग सम्वन्धित भएकाले, कुनै चैत्य ऐतिहासिक भएकाले, कुनै चैत्य उल्लेखनीय तथा चीर स्मरणीय व्यक्ति विशेषले स्थापना गरेका भएकाले आदि अन्य उल्लेखनीय पृष्ठभूमिका आधारमा ती चैत्यहरूलाई मूलचैत्य भनिएका हुन् । ती मूल चैत्यहरू सूचिकृत छन् ।

## ६. करूणामय वा लोकेश्वर पूजा

करूणामय, लोकेश्वर, अवलोकितेश्वर, आर्यावलोकितेश्वर आदि वोधिसत्वका पर्यायवाची शव्दशरू हुन् । ती वोधिसत्वहरू पनि विभिन्न समूहमा बाँडिएका छन् । उदाहरणका लागि अष्टवोधिसत्व अर्थात् आठ वोधिसत्वहरू, षोडस वोधिसत्व अर्थात् सोह्र वोधिसत्वहरू, एकसयआठ वोधिसत्व, तीनसयसाट्ठी वोधिसत्व आदि । ती बोधिसत्वहरूको समूह सम्वन्धित मण्डलमा निर्भर रहन्छन् ।

नेपालमण्डलमा वोधिसत्वहरू करूणामय तथा लोकेश्वर नामले बढि चिनिन्छन् । उपरोक्त वोधिसत्वका समूह अतिरिक्त पनि नेपालमण्डलमा

वज्रयानी समाजमा "प्यम्ह(चार) करूणामय" अर्थात् चार वोधिसत्वहरू, "मच्छि व च्याम्ह करूणामय" अर्थात् एकमयआठ वोधिसत्वहरू र "स्वस व ख्वीम्ह करूणामय" अर्थात् ३६० वोधिसत्वहरूको समूहको रूपमा प्रसिद्ध छन् ।

ललितपुरको पद्मपाणि लोकेश्वर, कान्तिपुरको श्रीमद्आर्यावलोकितेश्वर ( अमोघपाश लोकेश्वर), चोभारको आनन्दादि लोकेश्वर, नालाको शृष्टिकान्ता लोकेश्वर यी लोकेश्वरहरू "प्यम्हकरूणामय" अर्थात् चारलोकेश्वरको समूहमा पर्दछन् । ललितपुरको पद्मपाणि लोकेश्वर बुंगद्यो तथा रातो मच्छिन्द्रनाथले लोक प्रसिद्ध छ । कान्तिपुरको श्रीमद्आर्यावलोकितेश्वर सेतो मच्छिन्द्रनाथले प्रसिद्ध छ । अन्य एकसय आठ र तीनसय साठ्ठी लोकेश्वरहरूको निश्चित मन्दिरहरू छैन । उपरोक्त चार करूणामय चिन्ने, भ्रमण गर्ने, पूजा गर्ने र त्यहांको माहात्म्य सुन्न गुरुको नेतृत्वमा जजमानहरूको समूह पछि लाग्दछन् ।

नेपालमण्डलका वज्रयानी समाजको वस्तीमा विहारहरू तथा चैत्यहरू स्थापित हुनु एक सामान्य तथा आधारभूत कुरा हुन् । त्यस्तै कुनै न कुनै करूणामयको स्थापना हुनु पनि वज्रयानी समाजको लक्षण हो । त्यसैले ती पुराना वज्रयानी समाज भक्तपुर मध्यपुर र संखपुरमा पनि करूणामयको स्थापना गरिएका पाईन्छन् । सकेसम्म ती सबै करूणामयहरू चिन्ने, भ्रमणगर्ने, पूजागर्ने र तत्सम्बन्धि इतिहास माहात्म्य तथा अन्य अवदान जातकादि धर्म श्रवणगर्ने पनि लोक प्रसिद्ध छ ।

## ७. योगिनी पूजा

योगिनी अर्थात् वज्रयानका गुह्यदेवीहरू पनि नेपालमण्डलमा स्थापना भइराखेका छन् । योगिनी देवीहरूको संख्या धेरै छन् । योगिनीहरू विभिन्न समूहमा बाँडिएका छन् । (ती योगिनी देवीहरू मध्ये कम्तीमा कुनै एक योगिनी प्रत्येक विहारको आगम कोष्ठमा स्थापना गरिएको हुन्छ ।) उदाहरणको लागि भन्नुपर्दा चतुर्योगिनी अर्थात् चार योगिनी, षड्योगिनी अर्थात् ६ योगिनी, चतुर्षष्ठि योगिनी अर्थात् चौसठ्ठी योगिनी आदि ।

डाकिनी, लामा(रामा), खण्डारोहा, र रूपिणी यी चार योगिनीहरू हुन् । वज्रवाराही, यामिनी, मोहिनी, संचारिणी, मंत्रासिनी र चण्डिका यी ६ योगिनी हुन् । एवंरितले चौसठ्ठी योगिनीहरूको पनि नामहरू छन् । उपरोक्त चतुर्योगिनी आदी समूहको अतिरिक्त पनि नेपालमण्डलमा अन्य चार योगिनीहरू प्रसिद्ध छन् । ती हुन् नैरात्मा योगिनी, विद्याधरी योगिनी, खड्गयोगिनी र वज्रयोगिनी ।

नेपालमण्डलको वज्रयानी परम्परामा अभिषेक प्राप्त व्यक्तिहरू गुरुको नेतृत्वमा ती चार योगिनी स्थलहरू चिन्ने, भ्रमण गर्ने, त्यहाँ योग गर्ने आदि विभिन्न दृष्टिकोणले जान्छन् । त्यहाँ प्रायः अभ्यन्तर पूजा गर्दछन् र त्यस स्थलको माहात्म्य सुन्छन् ।

नैरात्मा योगिनी वर्तमानमा "गुह्येश्वरी" नामले प्रसिद्ध छ । विद्याधरी योगिनी "वेसद्यो" तथा विज्येश्वरी नामले चिनिन्छ । खड्गयोगिनी साँखुमा विराजमान छिन् भने वज्रयोगिनी फर्पिंगमा विराजमान छिन् । यी चार योगिनी मन्दिर तिब्वतिहरूका लागि पनि प्रसिद्ध स्थल हुन् ।

## ८. महादीप प्रज्वलन पूजा

महादीपको अर्थ ठूलो वत्ति हो । नेपालको वज्रयानी समाजमा विशेष प्रकारको ठूलो वत्ति वनाई देवताहरू सम्मुख गुरुद्वारा पूजा गर्न लगाई बाल्ने प्रचलन छ । सो वत्ति बाल्दा सुगन्धित पनि हुने हुन्छन् । उक्त वत्ति अहोरात्र अर्थात् एक दिन एक रात अखण्ड अर्थात् अटुट् रूपमा वालिन्छ । वत्ति खण्डित नहोस् भनेर मानिसहरू कुरूवा पनि वस्दछ । भोलिपल्ट विसर्जन पूजा सहितले उक्त महादीपपूजा समाप्त हुन्छ । वाँकि रहेको महादीपको ठूटोलाई तीर्थ अर्थात् खोलामा प्रवाह गरिन्छ । ठूलो तथा लामो अवधिको पूजाको समाप्ति गर्ने उपलक्ष्यमा र रथारोहणपूजामा पनि महादीप प्रज्वलन पूजा गरिन्छ ।

### ६.२.२.८.१ अभ्यन्तरपूजा

नेपालमण्डलको वज्रयानी बौद्ध समाजमा प्रचलित अभ्यन्तर पूजा गरेर दीक्षाप्राप्त व्यक्तिहरू मात्रै सम्मिलित भएर सम्पन्न गरिन्छ । यस प्रकारका पूजाहरू मध्ये कुनै कुनै अभ्यन्तर पूजामा वज्रयानका विशेष प्रकारका चर्यागीतिहरू गाइन्छन् । कुनै कुनै अभ्यन्तर पूजामा "पोंगा" वाजा बजाएर चर्या नृत्यहरू समेत गरिन्छ । पयृता वाजा भन्नाले पाँच प्रकारका वाजाहरू हुन् । ति निम्नानुसारका छन् । "खि" अर्थात् मृदंग, "कोता" अर्थात् मुरज:, "ता:" अर्थात् तालवजाउने वाजा, "वभूचा" अर्थात् ताल वजाउने चेप्टो वाजा र "पयृता" अर्थात् फुकेर वजाउने वाजा हुन् । विशेष चर्यागीतिमा वजाइने यो पञ्चताल वाजाको तालमा र रागमा चर्यानृत्य गरिन्छ । यस प्रकारको अभ्यन्तर पूजामा पूजागर्ने मूलगुरु, चर्यागीत गाउने गुरुहरू, पञ्चताल वजाउने गुरुहरू, चर्यानृत्य गर्ने गुरुहरू, जजमानहरू लगायत अन्य दर्शकहरूको रूपमा दीक्षा प्राप्त स्त्रि र पुरुषहरू सहभागी हुन्छन् । यसप्रकारका अभ्यन्तरपूजामा गणचक्र भोजन (विशेष प्रकारको भोजन) गरिन्छ । यस्तो अभ्यन्तर पूजा विशेषत रातमा गरिन्छ । तापनि आजकल

दिनमा पनि गर्ने चलन वद्दै छ । यस्ता अभ्यन्तर पूजा वज्रयानी बौद्ध विहार, जजमानहरूको घर र विभिन्न अनुकूल मन्दिर आदि स्थानमा पनि गर्दछ ।

## ६.३ पाठ

बौद्ध ग्रन्थ पाठ गर्नु पनि एक प्रकारले बौद्ध अभ्यास हो । बौद्ध ग्रन्थ पाठ गर्नु भनेको बुद्धवचनलाई वाचन गर्नु हो । बुद्धवचनलाई पाठमात्रै गर्दापनि विपुल पुण्य प्राप्त हुन्छ भन्ने महायानको मान्यता छ । धर्मको यो मान्यता महायान बौद्ध समाजमा व्यापक छ । महायानवाट प्रभावित सवै देशहरूमा महायान सूत्रहरू मात्रै होईनन् वज्रयानका तन्त्रहरू , तन्त्रपरक सूत्र एवं धारणी पनि पाठ गर्ने प्रचलन छ । विभिन्न उद्देश्यले सम्वन्धित बौद्ध ग्रन्थहरू (सूत्र, धारणी एवं स्तोत्र र तन्त्र) पाठ गरिन्छ । विहारहरूमा पनि सांघिक नियमानुसार पाठ गर्न लगाईन्छ । पाठ गर्न लगाउन इच्छित जजमानले गुरु (वज्राचार्य) हरूलाई निमन्त्रणा गरि वहाँहरूद्वारा सम्वन्धित बौद्ध ग्रन्थ पाठ गर्न लगाईन्छ । जजमानले आफूले चाहेको स्थान वा अनुकूल पर्ने स्थानमा पनि पाठ गर्न लगाईन्छ । विभिन्न अवसर तथा उद्देश्यले पाठ गर्न लगाईन्छन् । पाठ गर्ने गुरुहरूको संख्या ग्रन्थको आकार तथा संख्या एवं समयमा निर्भर रहन्छ । साना साना ग्रन्थ वा थोरै संख्या भए थोरै नै गुरुजुहरू र ठूला ग्रन्थ वा धेरै संख्या भए धेरै गुरुहरू निमन्त्रणा गरिन्छन् । जजमानले सामान्यतया धारणीहरू र साना साना सूत्रहरू तथा तन्त्रहरू गुरुहरूद्वारा गुरु कै निवासस्थानमै पाठ गर्न लागाईन्छ । कुनै कुनै विहारहरूमा पाठ मात्रै गर्ने गुरुहरूको पनि व्यवस्था गरेको पाईन्छ ।

विहारहरूको आ आफ्नो सांघिक नियमानुसार प्रतिदिन वा विशेष तिथिहरूमा, प्रातः वा शायनकालमा आ आफ्नो विहारमा विभिन्न बौद्ध स्तोत्रहरू पाठ गरिन्छन् । विशेष गरेर नामसंगीति, भद्रचरिप्रणिधान, पड वा दशपारमिता स्तोत्र आदि पाठ गर्दछन् ।* यसरी पाठ गर्नुलाई स्थानीय भाषामा "ततः व्वनेगु" अर्थात् स्तोत्र गर्ने भनिन्छ ।

ग्रहदशाभय, रोगभय, राजभय, चौरभय, अग्निभय, परचक्रभय, भूतप्रेत, अमनुष्य आदि भय लगायत प्राकृतिक प्रकोप भय आदि शान्तिको लागि पञ्चरक्षासूत्र, प्रत्यंगिरासूत्र र महाकालतन्त्र, चण्डमहारोषणतन्त्र आदि ग्रन्थहरू पाठ गरिन्छन् । दीर्घायु र आयु-आरोग्यताका लागि अपरिमितायुसूत्र, आर्यनागशतनामस्तोत्र आदि ग्रन्थहरू पाठ गरिन्छन् । ती ग्रन्थहरूको पाठ जजमानहरूले आफ्नो जन्मदिनको अवसरहरूमा उहि दिन वा अनुकुल दिनमा

---

* विभिन्न पाठहरूका लागि द्रष्टव्य कुनैपनि बौद्ध स्तोत्र संग्रह ।

वा विना कुनै अवसरमा पनि पाठ गर्न लगाईन्छन् । नवनिर्मित गृहशान्तिका उद्देश्यले पनि उपरोक्त ग्रन्थहरू मा गृहमै पाठ गर्न लगाईन्छन् ।

चैत्य, विहार आदि निर्माणका विभिन्न चरणमा प्रज्ञापारमितादि, नवग्रन्थ सूत्रहरू वाचन गर्ने प्रचलन छ । गुंलापर्व (कृष्णादिना श्रावण शुक्ल प्रतिपदा देखि भाद्र शुक्ल प्रतिपदा) भित्र विहार, गृह आदि स्थानमा प्रज्ञापारमितादि नवग्रन्थ[३] तथा अन्य ग्रन्थहरू पनि पाठ गर्न लगाईन्छन् । गुंला बाहेक अन्य दिनहरूमा पनि प्रज्ञापारमितादि नवग्रन्थ एवं अन्य ग्रन्थहरू पाठ गर्न लगाईन्छन् । नवग्रन्थहरूमा प्रज्ञापारमिताग्रन्थ पाठ बढि प्रचलित छ ।

मध्यपुर (ठिमी)मा गुंलाभरि प्रतिदिन नामसंगीति आदि बौद्धस्तोत्रहरू पाठ गर्दछन् र अन्तिम दिनमा ती बौद्धस्तोत्र पाठ गर्दै नगर परिक्रमा गर्दछन् ।

भक्तपुरमा गुंलागा: अर्थात् कृष्णादिना भाद्र कृष्ण प्रतिपदा वा द्वितीयाका दिन लस्कद्यो (लोकेश्वर) जात्रा गर्ने क्रममा नामसंगीति लगायत बौद्ध स्तोत्र आदि पाठ गर्दै नगर परिक्रमा गर्दछन् ।

ललितपुरमा मच्छिन्द्रनाथको जात्रा अवधिभर नै मच्छिन्द्रनाथको सन्मुख प्रत्येक दिन विभिन्न जनसमुदायले नामसंगीति र अन्य विभिन्न बौद्ध स्तोत्र पाठ गर्दछन् । विहारहरूमा, जन्मदिनमा र विभिन्न भयहरूको शान्ति गर्न अलावा विभिन्न बौद्ध देवताहरूको जात्रामा पनि स्तोत्र पाठ गरिन्छ ।

त्यस्तै कुनै व्यक्तिको मृत्यु हुँदा मृतकको सद्गतिका लागि शवयात्रामा र अन्य दिनहरूमा पनि दूर्गतिपरिशोधन धारणी पाठ गरिन्छ । मृतकको नाममा दूर्गतिपरिशोधन तन्त्र पनि पाठ गर्दछन् ।

कान्तिपुरमा "जंला" अर्थात् भाद्र शुक्ल द्वादशी तिथिका दिन मृतकको सद्गतिका नाममा नामसंगीति लगायत विभिन्न बौद्ध स्तोत्र पाठ गर्दै नगर परिक्रमा गरिन्छन् । यसरी परिक्रमा गर्नेलाई स्थानयी भाषामा "उपाकु जुवने" भनिन्छ ।

## ६.४ व्रत

नेपालमण्डलको वज्रयानी समाजमा प्रचलित विभिन्न प्रकारका अभ्यासहरू मध्ये "व्रत" एक लोक प्रसिद्ध तथा लोकप्रिय बौद्ध अभ्यास हो । व्रत धेरै प्रकारका छन् । व्रत बस्ने तिथि र व्रतमा आराध्य देवता विशेषको नामले ती व्रतहरूको नामाकरण भएको पाईन्छ । शुक्लपक्षको प्रतिपदाको दिन श्री आर्यताराको व्रत बस्ने भएकोले "प्रतिपदा व्रत" तथा "आर्यतारा व्रत" दुवै

---

[३] दशभूमिकसूत्र, प्रज्ञापारमिता, सद्धर्मपुण्डरिकसूत्र, ललितविस्तरसूत्र, सुवर्णप्रभाससूत्र, गण्डव्यूहसूत्र, लंकावतारसूत्र, तथागतगुह्यकसूत्र र समाधिराजसूत्र ।

नामाकरण गरिएको छ । कृष्णपक्ष तृतीयाका दिन श्री वसुन्धरा देवीको व्रत बस्ने भएकोले उक्त व्रत "तृतीयाव्रत" तथा "वसुन्धराव्रत"को नामले प्रसिद्ध छ। शुक्लपक्ष पञ्चमीका दिन मञ्जुश्रीको व्रत बस्ने भएकोले उक्त व्रत "पञ्चमीव्रत" तथा "मञ्जुश्रीव्रत"को नामले चिनिन्छ । शुक्लपक्ष अष्टमीका दिन करूणामय अर्थात् अमोघपाश लोकेश्वरको व्रतमा बस्दछ) । त्यसर्थ उक्तव्रत "अष्टमीव्रत" तथा "करूणामयव्रत"को नामले प्रसिद्ध छ । अरू व्रतहरूको तुलनामा यो व्रत बढि प्रचलित छ । कृष्णपक्षको चतुर्दशीका दिन महांकालको व्रत बस्ने चलन छ। त्यसर्थ उक्त व्रत "चतुर्दशीव्रत"ले परिचित छ । पूर्णिमाका दिन श्री धर्मधातु वागीश्वरमण्डल व्रत बस्ने भएकोले उक्त व्रत "पूर्णिमा व्रत" तथा "धर्मधातु व्रत"ले पनि चिनिन्छ । श्री स्वयम्भूलाई धर्मधातु वागीश्वर पनि भनिएकाले धर्मधातु व्रतलाई "श्री स्वयम्भू धर्मधातु व्रत" पनि भनिन्छ ।

ती व्रतहरूमा अनिवार्यरूपमा देवताविशेष मण्डल, त्रिरत्न मण्डल, चैत्य तथा गुरुमण्डल पूजा हुन्छन् । दश अकुशल कर्महरू व्याख्या गरि ती अकुशलकर्म नगर्ने निर्देशन दिई अष्टशील पालना गराइन्छन् । त्यस्ता व्रतहरूमा सम्बन्धित व्रतमाहात्म्य तथा जातक-अवदान आदि धर्मश्रवण गराईन्छन् । गुरुहरूलाई दान-प्रदान गरिन्छन् । यस्ता व्रतहरूमा एकपटक (एकदिन) मात्रै पनि व्रत बस्ने चलन छ । त्यस्तै प्रत्येक महिनामा एकपटक व्रत बस्ने गरि वर्षदिन, दुईवर्ष, तीन वर्ष अर्थात् स्वेच्छाले निश्चित अवधि सम्म व्रत बस्ने चलनपनि छ । कुनै एक निश्चित ठाउं जस्तो कि घरमा, विहारमा, मन्दिरमा व्रत बस्न सकिन्छ भने विभिन्न ठाउं जस्तो कि विहारहरूमा, मन्दिरहरूमा, तीर्थहरूमा, वैतरागहरू आदिमा भ्रमण गर्दै पनि व्रत बस्ने चलन छ ।

उपरोक्त व्रतहरू अतिरिक्त पञ्चरक्षाव्रत र वज्रधातुव्रत पनि व्रतहरूको नामावलिमा उल्लेख छन् ।

महाकालको व्रतबाट भय-संकट निवारण तथा यक्ष-यक्षणी सिद्धिलाभ, धर्मधातु तथा वज्रधातु व्रतबाट शुविशुद्धधर्मधातु ज्ञानलाभ, पञ्चरक्षा व्रतबाट ग्रहदशा भय, महाभय आदि निवारण हुने विश्वास छ । छोटकरीमा भन्नु पर्दा अर्थ, धर्म, काम र मोक्ष प्राप्ति नै व्रतको लक्ष्य हो ।

गुंला महिनाभरिमा मांचोमा ढालेर कालोमाटोको सवा लाख चैत्यहरू बनाउने, पूजागर्ने, चैत्य विसर्जन गर्ने पनि एक प्रकारको व्रत हो । यसलाई "लखचैत्य व्रत" वा "लक्ष्यचैत्य व्रत" भनिन्छ ।

व्रतको एउटा मूल लक्ष्य अष्टशील पालन हो भने जीवनका आधारभूत आवश्यकता लौकिक तथा लोकोत्तरफल प्राप्ति गर्ने अर्को मूल लक्ष्य हो ।

आर्यताराव्रतबाट आरोग्यता, भय संकट निवारण, वसुन्धराव्रतबाट अर्थशाधन, मञ्जुश्रीव्रतबाट धीः, स्मृति, प्रज्ञा लाभ, अष्टमीव्रतबाट बोधिचित्तोत्पत्ति हुन्छ भन्ने विश्वास छ।

## ६.५ दान

दान बुद्धधर्मको एक प्रमुख अभ्यास हो। दानबाट अर्काको उपकार हुने र आफूलाई पुण्य सम्भार बृद्धिहुने हुन्छ। बोधिचर्याका लागि दान अपरिहार्य कर्म हो। नेपालमण्डलको वज्रयानी समाजमा दानकार्यलाई सामाजीकरण गरि दानकार्य नगरि नहुने बनाइदिएको छ। त्यसैले नेपालमण्डलमा दानगर्नु ऐच्छिकमात्रै होईन निभाउनु पर्ने एक संस्कृति पनि हो। देवस्थल आदि स्थानमा माग्न बसेका दीन, दुःखी, गरिब असहायहरूलाई दिर्नादिनै दान गर्दछन्। त्यस्तै पूजनीय गुरु (पुरोहित)हरूलाई दान गर्ने गर्दछन्। त्यस्तै सबैलाई सार्वजनिक रूपमा दानगर्ने पनि गर्दछन्। आजभोली भिक्षुहरूलाई पनि दान दिने क्रम बढ्दो छ। दानकार्य पछि गुरुहरूलाई भोजन पनि गराउंदछन्।

दान दिवंगतहरूका नाममा पनि दिइन्छन्। सतजीवहरूका नाममा पनि दान दिइन्छन्। देय वस्तु दानको प्रकृतिमा निर्भर रहन्छ। दीन,दुःखी,असहाय तथा गरिबहरूलाई तीनीहरूका आवश्यकता अनुसार वा दाताको इच्छा अनुसार जे पनि दान गर्दछन्। उक्त दानार्थ कुनै निश्चित तिथिमिति हुन्दैन। स्वेच्छाले कुनैपनि वस्तु तथा कुनैपनि अवसरमा दान गर्दछन्। गुरु (पुरोहित वज्राचार्य तथा शाक्य)हरूलाई आ-आफ्ना गच्छे अनुसार दान दिने कार्य निश्चित पर्वहरूमा गर्दछन्। त्यस्तै सबैलाई सार्वजनिकरूपमा केहि निश्चित पर्वहरूमा पनि दान दिईन्छन्।

गुरुहरूलाई दिईने देयवस्तु दानको प्रकृतिमा निर्भर रहन्छ। नेपालमण्डलमा चलेका दानका प्रकार वा प्रकृतिको अध्ययन गर्दा कम्तिमा चार प्रकारका दानहरू छन्।

### ६.५.१ समान्यदान

पिण्डपात्र अर्थात् चामल, पैसा तथा अन्य सामान्य वस्तुहरू वा दाताको ऐच्छिक कुनैपनि वस्तुहरू दान गर्ने प्रकृतिको दानलाई सामान्यदान भन्न सकिन्छ। कुनैपनि दिन वा कुनैपनि अवसरमा जस्तै जन्मदिन आदिको अवसरमा यस्ता ऐच्छिक रूपमा दान गर्ने गर्दछन्।

### ६.५.२ पञ्जरां पञ्चदान

ललितपुरमा प्रत्येक वर्ष श्रावनशुक्ल अष्टमीका दिन र अन्य सबै ठाउँमा श्रावनकृष्ण त्रयोदशीका दिनमा दान दिने परम्परा छ। उक्त दान "पञ्जरा"

नामले पशिद्ध छ । आजकल धेरै ले पञ्चदान भन्न थालेको छ । संस्कृत शब्द पञ्चदानको अपभ्रश "पञ्जरा" हो भन्नेहरू पनि छन् । पञ्जरां भनेर चामल, गहुं, नून, पैसा, खीर आदि दान गर्दछन् ।

ती दिनहरू अतिरिक्त स्वेच्छाले कुनै पनि अवसरमा निश्चित संख्यामा गुरुहरूलाई पञ्जरा दिने चलन छ । कसै कसैले दान कार्य पछि गुरुहरूलाई भोजन पनि गराउंदछन् । त्यसरि दान दिने देयवस्तुलाई परम्परागत रूपमा "पञ्जरा ज्वलं" अर्थात् देय सामाग्री भनिन्छ । ती देय सामाग्रीहरू निम्नानुसारका हुन्छन् ।

| | |
|---|---|
| १. चामल | १०. औषधी |
| २. गहुं | ११. सियो |
| ३. धान | १२. धागो |
| ४. नून | १३. डोरी |
| ५. गेडागुडि | १४. सख्खरको झोल (पेय) |
| ६. खीर | १५. खरि (कलम) |
| ७. पैसा | १६. पानीको भांडो |
| ८. पीठो | १७. दन्तकाष्ट आदि |
| ९. सागसब्जी | |

### ६.५.३ नरां पञ्जरां

दाताको स्वइच्छाले दानपर्वकालमा वा अन्य कुनै दिनमा विशेष प्रकारका मञ्च, दानशाला निर्माण गरि विहानदेखि वेलुकीसम्म आएका गुरुहरू सबैलाई दिईने दानलाई "नरां पञ्जरां" भनिन्छ । माथि उल्लेखित पञ्जरां सामाग्रीका साथ साथै सबभन्दा पहिले दान लिन आउने गुरुलाई सके घर, खेत, नोकर चाकर, आदि समेत दान दिइन्छ भने, नसके प्रतीकात्मक रूपमा ईंटा, माटो, समेत तथा अन्य सामाग्रीहरू दान दिईन्छन् ।

### ६.५.४ सम्यक्

सम्यक्को अर्थ राम्रो हो । तर दानको सन्दर्भमा सम्यक्को अर्थ विशेष प्रकारको दान हो । देश भरिका सम्पूर्ण दीपंकर तथागतका प्रतीमाहरूलाई निमन्त्रणा गरि, देशभरिका विहारहरूका संघ अर्थात् वज्राचार्य तथा शाक्यभिक्षु संघ सम्पूर्णलाई सार्वजनिक निमन्त्रणा गरि पञ्जरां सामाग्री सहितले भोजन समेत दान गर्ने गर्दछ । दानको प्रकृति हेर्दा यो "संघ भोजन दान" भन्न सकिन्छ ।

यस प्रकारको सम्यक् क्षत्रिय स्तरमा मात्रै पनि गर्ने चलन छ। भक्तपुरमा भक्तपुरका सबै दीपंकर तथागत तथा संघहरूलाई मात्रै, ललितपुरमा ललितपुरका सबै दीपंकर तथा संघहरूलाई मात्रै निमन्त्रणा गरेर पनि सम्यक् गर्न सकिन्छ।

भक्तपुरमा एक गुठि अन्तरगत प्रत्येक वर्ष माघ संक्रान्तिका दिन क्षत्रिय स्तरमा सम्यक् मनाउने परम्परा छ। ललितपुरमा प्रत्यक पाँच वर्षको एक चोटि फाल्गुन शुक्ल चौथिका दिन सम्यक् मनाउने परम्परा छ। उक्त सम्यक्लाई "इल्हने सम्यक्" भनिन्छ। इल्हने सम्यक्मा भक्तपुर र कीर्तिपुरका दीपंकर तथागतका प्रतिमाहरूलाई पनि निमन्त्रण गरिन्छ। कान्तिपुरमा प्रत्येक वाह्वर्षको एकचोटी माघ संक्रान्तिका दिन स्वयम्भूको भुईखेलमा क्षत्रिय स्तरमा सम्यक् मनाउने परम्परा छ। सम्यक्मा दीपंकर तथागतका प्रतिमा अलावा केहि अन्य देव-देवीहरू पनि निमन्त्रणा गरिन्छन्। प्रव्रजित भईसकेका सम्पूर्ण शाक्यभिक्षु तथा वज्राचार्यहरू मात्रै उपरोक्त पञ्जर्रा, नर्रा पञ्जरा र सम्यक्मा दान ग्रहण गर्ने योग्य मानिन्छन्।

## ६.६ सिवा/सेवा

नेपालको वज्रयान समाजमा माथि उल्लेखित विहार, चैत्य, करूणामय, योगिनी-देवस्थल भ्रमण गर्ने अतिरिक्त अन्य स्थलहरू जस्तै तीर्थ, उपतीर्थ, पर्वत, गुफा, पीठ आदि पनि भ्रमण गर्ने चलन छ। यसरी तीर्थ आदि भ्रमण गर्न जानुलाई पूजा शव्द जस्तो की तीर्थपूजा प्रयोग नगरिकन सिवा तथा सेवा प्रयोग गर्दछन्। जस्तै तीर्थसिवा वा तीर्थसेवा, पीठसिवा वा पीठसेवा आदि। जनवोलिमा सिवा वा सेवा दुवै प्रचलित छन्। दुई मध्ये कुन पूर्वरूप हो छुट्याउन गाह्रो छ। यहाँ उप्रान्त सिवा शव्द प्रयोग गरिन्छ। यहाँ प्रचलित केहि सिवाहरू निम्नानुसारका छन्:

### ६.६.१ द्वादश तीर्थसिवा

नेपालमण्डलभित्रका नदी संगमस्थलहरू मध्ये वाह्वटालाई मूख्य तीर्थस्थलहरूको रूपमा गणना गरिएका छन्। ती वाह्वटा तीर्थहरूको समूहलाई द्वादश तीर्थ भनिन्छ। ती तीर्थहरू चिन्ने, भ्रमण गर्ने, त्यहाँ पुष्प विशेषले स्नान गर्ने, विशेषवस्तु दानगर्ने, ती तीर्थमा निवासी विशेषमा नागलाई पूजा गर्ने, स्थान विशेष मातृका देवीलाई पूजा गर्ने, तीर्थको माहात्म्य तथा अवदान, जातक आदि वुद्धवचन कथा श्रवण गर्ने गर्दछन्। त्यस्तै जलकुण्डहरूलाई पनि तीर्थको रूपमा नै मानिन्छन्। द्वादश तीर्थ निम्नानुसारका छन्। गोकर्णमा पूण्यतीर्थ, गुह्येश्वरीमा शान्ततीर्थ, त्यस्तै शंकरतीर्थ, राजतीर्थ, मनोरथतीर्थ, निर्मलतीर्थ, निधानतीर्थ, ज्ञानतीर्थ, चिन्तामणीतीर्थ, प्रमोदतीर्थ, शुलक्षणतीर्थ, जयतीर्थ र प्रमोदतीर्थ।

### ६.६.२ अष्टवैतराग तीर्थसिवा

नेपालमण्डलभित्र तीर्थका अलावा आठवटा यस्ता स्थानहरू छन् जसलाई वैतराग भनिन्छ । ती प्रत्येक वैतरागमा एक एकजना बोधिसत्वहरूले आ-आफ्ना चिन्ह ढुंगामा छोडेर गएको माहात्म्य पाईन्छन् । उक्त स्थानमा बस्दा रागादि क्लेश, सत्कायदृष्टि आदि मिथ्यादृष्टि नाशभई सम्यक्दृष्टि लाभगरि वीतराग अर्थात् निक्लेश हुने विश्वासले ती स्थानहरू वैतरागले प्रसिद्ध छन् । ती वैतरागहरू चिन्ने, भ्रमणगर्ने, पुण्य विशेषले स्नान गर्ने, विशेष वस्तु दान गर्ने, सो स्थानमा निवासित नागलाई पूजा गर्ने, स्थान विशेषको माहात्म्य तथा अवदान-जातकादि श्रवण गर्ने गर्दछन् । अष्ट वैतरागहरू निम्नानुसारका छन् :

गोकर्णेश्वर, मणिलिङ्गेश्वर, कीलेश्वर, कुम्भेश्वर गर्तेश्वर, फणिकेश्वर, गन्धेश्वर र विक्रमेश्वर आदि ।

### ६.६.३ गुफासिवा

नेपालमण्डलभित्र विभिन्न गुफाहरू पनि छन् । योग-समाधिका लागि गुफाहरू उपयुक्त मानिन्छन् । ती गुफाहरूमा योग-समाधि गरेर सिद्धि लाभगरेका प्रसिद्ध आचार्यहरू इतिवृति पनि सुन्न पाइन्छन् । अभिषेक प्राप्त व्यक्तिहरू गुरुको नेतृत्वमा ती गुफाहरूमा गई पूजा सहित योग–समाधिमा बस्दछन् ,मन्त्रश्रवण गर्दछन्, सम्बन्धित गुफाको माहात्म्य श्रवण गर्दछन् । उक्त क्रियाकलापलाई गुफासिवा भनिन्छ । गुफासिवा पनि नेपालमण्डलको वज्रयानी समाजमा प्रचलित महत्वपूर्ण बौद्ध अभ्यास हुन् । गुफासिवाका लागि जाने प्रचलित गुफाहरू निम्नानुसारका छन् : ध्याकोपाक्व (नागार्जुन पर्वत) चर्खुनि बर्खुनि (चोभारमूनि), सूर्यगुफा (माहामण्डप पर्वत) आदि ।

### ६.६.४ पीठसिवा

नेपालमण्डललाई वज्रयानीहरूले देवता विशेष मण्डलका रूपमा कल्पना गरेका छन् । उनीहरू आफ्ना जीवन (शरीर) लाई अध्यात्म पीठ र आफू बसेको जगत (देश) लाई बाह्यपीठ मान्दछन् । बाह्यपीठादि गमन (भ्रमण) बाट देह (शरीर) शुद्धि हुने र योगाभ्यासबाट चित्तशुद्धि हुनेमा विश्वास गर्दछन् । त्यसैले व्यक्तिहरू गुरुको नेतृत्वमा अभिषेक प्राप्त मण्डलाकार ती पीठहरू चिन्ने, भ्रमणगर्ने, योगाभ्यास गर्ने, गुरुबाट स्थान विशेष देवताको मन्त्र श्रवण गर्ने आदि कार्य गर्दछन् । ती कार्यलाई पीठसिवा भनिन्छ । त्यसलाई वज्रयानी ग्रन्थमा पूर्वसेवा भनि उल्लेख गरेको छ ।

### ६.६.५ पर्वतारोहण

नेपालमण्डल पर्वत श्रृंखलाले घेरिएका छन् । केहि पर्वतहरू नेपालमण्डल निर्माण घटनासंग सम्वन्धित भएको विश्वास गरिन्छ । केहि पर्वत अतीतका वुद्ध-वोधिसत्व, भिक्षुहरूले पाइला टेकेको, त्यहाँ केहि समय निवास गरेको विश्वास गरिन्छ । ती पर्वतहरूमा चिन्नु, विशेष दिनमा आरोहण गर्नु, भ्रमण गर्नु आदि पनि एक प्रकारले लोकप्रिय धर्म अभ्यास हुन् । यसरि ती पर्वतारोहण गर्नुलाई नेपालभाषमा "जामाचो वनेगु/गयेगु", "सिफुच्चो वनेगु/गयेगु" आदि भनिन्छ । ती शव्दलाई संस्कृतमा अनुवाद गर्दा अमुक पर्वतारोहण हुन आउँछ । अन्यत्र झैं सिवा वा सेवा प्रयोग हुँदैन । यसरि पर्वतारोहणका लागि प्रचलित पर्वतहरू निम्नानुसारका छन् :- जामाचो (जातमात्रोच्च पर्वत), सिफूचो (संखोदक पर्वत), फूचो (फुल्लोच्च पर्वत), ध्यनाचो (ध्यानोच्च पर्वत), नमुरा (नमोवुद्ध, गन्धमाण्डव पर्वत-पनौटी) र मणिचूडपर्वत आदि ।

## ६.७ धर्म श्रवण

वौद्ध धर्ममा संघको प्रमूख कार्य नै वहुजन हित र वहुजन सुखका लागि घर-घर, गाउं-गाउँ र शहर-शहर आदि मानव वस्ती भएको स्थानमा गएर वुद्धका उपदेशहरू सुनाउनु हो । यसरी वुद्ध धर्मको उपदेश वा धर्म भन्ने व्यत्तिलाई धर्मभाणक भनिन्छ ।

नेपालमण्डलको वज्रयानी समाजमा संघको रूपमा वज्राचार्य तथा शाक्यभिक्षुहरूको समूहलाई मानिन्छ । ती वज्राचार्य तथा शाक्यभिक्षु, संघका सदस्यहरूले गर्नुपर्ने विभिन्न कार्यहरू मध्ये धर्मभाणक भइ वुद्धवचनहरू सुनाउनु पनि एक प्रमूखकार्य हो । त्यसैले वज्रयानी समाजमा यसरी धर्म भाणक भई धर्म श्रवण गर्नु र गराउनु पनि एक वौद्ध अभ्यास हो । धर्म श्रवण कार्य विभिन्न अवसरमा गर्दछन् । व्रत, सिवाका अवसरमा कोहि दिवगत हुँदा तथा पर्वकाल तथा विशेष महिनाको अवसरमा धर्म श्रवणकार्य गर्नु प्रचलन छ । वौद्ध धर्मको सवै किसिमको व्रतमा तत्सम्वन्धि धर्म श्रवण कार्य अनिवार्य रूपमा गर्दछन् । यस वाहेक सिवा र देवस्थल, तीर्थस्थलहरू चिन्नको लागि सो स्थलमा भ्रमण गर्दा त्यहाँ तत्ससम्वन्धि माहात्म्य वा वुद्धवचन (धर्म) श्रवण गर्ने कार्य गरिन्छ । यो धर्म श्रवण कार्य सो भ्रमणको अभिन्न अङ्ग नै हुन्छ ।

धर्मश्रवण कार्य गुंला अर्थात् श्रावणशुक्ल देखि प्रतिपदा भाद्रशुक्ल प्रतिपदा सम्म एकमहिने पर्वकालमा लक्ष्यचैत्य व्रतका आयोजना गरिन्छ । त्यस अवसरमा चैत्य, चैत्यपूजा र चैत्यपूजाको फल आदि सम्बन्धित लक्ष्य चैत्यको धर्म श्रवण कार्य गर्दछ । व्रत सिवाका अतिरिक्त क्षयमास, अधिकमास आदि समयका साथै अन्य समयमा पनि धर्म श्रवण कार्य गर्दछ । वौद्ध समाजमा धर्मश्रवण कार्य कुनै विहार कुनै चोक लगायत कुनै दाता, संस्थाले महिना भरि, चतुरमास भरि वा निश्चित अवधिका सम्मका लागि आयोजना गर्ने चलन पनि छ । यस्तो समयमा धर्मश्रवणको आयोजना गर्दा स्वयम्भू पूराण जस्ता स्थानीय वौद्धग्रन्थ लगायत वुद्ध वचनका विभिन्न शुत्र, अवदान, जातक, र नवग्रन्थ आदि विषय वारे धर्मश्रवणको आयोजना गरिन्छ । यसरी धर्मश्रवणको आयोजना गरेर त्यसको पूर्ण गर्दा अन्तिम दिनमा गुरुद्वारा विशेष पूजा गराई धर्म ग्रन्थलाई खतमा राखेर जात्रा गरेर धर्मभाणकगुरुलाई श्रद्धासाथ दान प्रदान गरेर स-सम्मान घर सम्म पुऱ्याईन्छ ।

वज्रयानी समाजमा कुनै व्यक्तिको दिवंगत हुँदा पनि त्यस समयमा मृतकको घरमा दुर्गतिपरिसोधन तन्त्रमा उल्लेखित दूर्गतिपरिशोधन सम्वन्धि धर्मश्रवण कार्य हुन्छ ।

●

अध्याय सात

# नेपालमण्डलको बज्रयानी समाजमा चाडपर्वहरु तथा अन्य कृयाकलाप

नेपालमण्डलका वज्रयानी समाजमा विभिन्न चाडपर्वहरू मनाउँदै आइराखेका छन् । ती मध्ये कुनै कुनै चोखै वौद्ध धर्मदर्शनको पृष्ठभूमिमा आधारित छन् भने कुनै कुनै हिन्दू धर्म दर्शनको पृष्ठभूमिमा आधारित छन् । कुनै कुनै लोकधर्म, देशधर्म, ऋतु परिवर्तन आदि पृष्ठभूमिमा आधारित छन् । महायान-वज्रयान उपायकौशल्य प्रधान धर्म हो, त्यसैले जुन कुनै दर्शन वा पृष्ठभूमिको आधारमा स्थापित भएको चाडपर्व होस्, त्यसलाई वहुसंख्यक जनताहरूले स्विकार गरि मनाउन्दै आइसकेको लाई यहांका वज्रयानी समाजले पनि स्विकार गरी मनाउन्दै आएका छन् । ती चाडपर्वहरू वज्रयान दर्शन अनुरुप मनाइन्छन् । उदाहरणको लागि दशैंलाई लिन सक्छौ । दशैं चाड हिन्दू पृष्ठभूमिको आधारमा स्थापित, नेपालको देशधर्म हुन् । उक्त दशैं चाडलाई नेपालमण्डलको वज्रयानी समाजले पनि मान्छन् । हिन्दू समाजमा दशैं मान्न पशु वलि दिन्छन् भने वज्रयानी समाजमा वज्रयान दर्शन अनुरूप पञ्चइन्द्रियजन्य क्लेश- राग, द्वेष, मोह, मात्सर्य लाई हिंसा अर्थात् नाश गर्न पूजा गरिन्छ । यसरी नै लोकधर्मको उदाहरणमा म्ह पूजालाई लिन सकिन्छ । म्हपूजा मान्ने परम्परा कुन दर्शन अनुरूप हुन् भन्ने कुरा अहिले सम्म स्पष्ट भएको देखिन्दैन । नेपालमण्डलका सम्पूर्ण नेवार जातिहरूले म्हपूजालाई मनाउँदै आइरहेका छन् । नेपालमण्डलका हिन्दू अनुयायीहरूले हिन्दू दर्शनको आधारमा "यम पञ्चक" को चौथो दिनको रूपमा म्हपूजा मानिन्छन् भने वौद्ध अनुयायीहरूले "म्हपूजा" अर्थात् शरीर पूजा गर्ने परम्परा छ । नेपालमण्डलको वज्रयानी समाजमा म्हपूजा गर्दा काय् (शरीर), वाक् (वचन र चित्त (मन) शुद्धि गर्ने उद्देश्य राखी पूजा गरिएको हुन्छ । म्हपूजा गर्दा काय्, वाक, चित्तको प्रतिकको रूपमा मन्द: अर्थात् मण्डल वनाई पूजा गरिन्छ ।

## ७.१ बैशाख महिना

### ७.१.१ खाई सन्हू

बैशाख महिनाको १ गतेलाई नेपालमण्डलको स्थानीय भाषमाा "खाई खायु सन्हू" भनिन्छ। याहाँका बासिन्दाहरूले उक्त दिन "खायु क्वाति" (एक प्रकारको तीतो क्वाति) खाने चलन छ। खायु क्वातिले गर्मीलाई पचाउँछ भन्ने विश्वास रहेको छ । यसरी खाई क्वाति खाने दिन भएकोले उक्त दिनलाई खायु सन्हू भनिएको हो ।

यसै दिन याहाँका बासिन्दाहरू याहाँ रहेको चारवटा पर्वतहरू जामाच्व (नागार्जुन पर्वत), सिफुच्व (शिवपुरी पर्वत), फुच्व (फुलचोकी पर्वत) र ध्यानच्व (चन्द्रागिरी पर्वत) मा गई पूजा आजा गर्छन् । स्वयम्भू पुराणमा उल्लेख भए अनुसार पौराणिक कालमा बन्धुमती नगरबाट विपश्वि तथागत याहाँ आउनुभई चैत्र पूर्णिमाको दिन जामाच्वबाट नागवासदहमा कलम बीउ रोप्नु भएको थियो । यसरी नै क्षेमावती नगरबाट ककुछन्द तथागत याहाँ आउनुभई सिफुच्वमा चार वर्णका मानिसहरूलाई प्रवज्या संवर प्रदान गर्नुभएको थियो । महाचीनबाट महामञ्जुश्री गुरु आफ्नो श्रीमतीद्वय वरदा र मोक्षदा साथ याहाँ आउनुभई, उनीहरूलाई फुच्व र ध्यानच्वमा राखी, चन्दहास खड्गद्वारा वर्तमानको दक्षिणकाली पछाडि पर्ने कांपोतल (कोदुवाल) पर्वत छेदनगरी, दहको रूपमा रहेको नेपालमण्डललाई वस्तीयोग्य बनाउनु भएको थियो । स्वयम्भू पुराणमा उल्लेखित यी घटनाहरूको वर्णनको कारणले गर्दा नेपालमण्डलमा रहेका बासिन्दाहरूले ती चार पर्वतहरू तीर्थस्थलको रूपमा मानीआएका हुन् । उक्त दिन विक्रम संवत्को नव वर्ष पनि मनाइन्छ ।

### ७.१.२ बुंगद्यो न्हवं

वैशाख कृष्ण पक्ष प्रतिपदाको दिन "बुंगद्यो न्हवं" अर्थात् बुङ्गमलोकेश्वर महास्नान पर्व पर्दछ । नेपालमण्डलको चार प्रसिद्ध करूणामयहरू मध्ये बुङ्गमलोकेश्वर एक हुन् । याहाँको स्थानीय भाषामा उक्त लोकेश्वरलाई "बुंगद्यो" भनिन्छ । यस लोकेश्वरको अनुहार रातो वर्णको भएकोले, रक्तावलोकितेश्वर तथा रातोमच्छेन्द्रनाथ नामले पनि प्रशिद्ध छ ।

ललितपुरको त:बाहामा वैशाख कृष्णपक्ष प्रतिपदाको दिन बज्राचार्य र पांजुहरूले बुंगमतीबाट ल्याएको जल स्थापना गरी कलशपूजा गर्दछ । त्यसपछि बुङ्गमलोकेश्वरको मूर्तिलाई त: बाहाबाट खतमा राखी लगनखेलसम्म जात्रा गरी लगिन्छ । लगनखेलमा बुङ्गमलोकेश्वरको विधिवत रूपमा महास्नान कार्य गरिन्छ । उक्त महास्नान कार्य हेर्नको लागि विभिन्न स्थानबाट श्रद्धालु भक्तजनहरू यहां भेला हुन्छन् । उक्त दिनलाई एक ठूलो पर्वको रूपमा नै मनाउन्छन् ।

बुङ्गमलोकेश्वरलाई महास्नान गरेको दुई हप्ता पछि वैशाख शुक्लपक्ष प्रतिपदाको दिन ललितपुरको न:बाहा देखि पुल्चोकसम्म खतमा राखी जात्रा गरी लगिन्छ। त्यसपछि पुल्चोकमा नयाँ बनाइ राखेको रथमा लोकेश्वरलाई विराजमान गराईन्छ।

### ७.१.३ मांयागु ख्वा: स्वयेगु (आमाको मुख हेर्ने)

वैशाख कृष्णपक्ष औंसीको दिनलाई नेपाली समाजमा आमाको मुख हेर्ने पर्वको रूपमा मनाइन्छ। उक्त दिन शतजीवी आमालाई छोराछोरीहरूले पूजा गर्छन् साथै सगुनका साथ मिठाई, फलफुल, लुगा आदि प्रदान गर्छन्। आमाले पनि आफ्ना छोराछोरीहलाई आर्शिवाद दिन्छन्। आफ्ना आमा दिवंगत भएका छाराछोरीहरूले आफ्नो श्रद्धा अनुसार पारिवारिक पुरोहित गुरु वज्राचार्य गुरुलाई सिद्दा वा निसला दान गर्छन्। त्यस्तै उक्त दिन मातातीर्थमा ठूलो मेला लाग्छ। आमा दिवंगत भएका छोराछोरीहरूले मातातीर्थ गई, स्नान गरी वज्राचार्य गुरुलाई आफ्ना दिवंगत आमाको नाममा दान प्रदान गरिन्छ। कोहि कोहिले तीर्थमा नै आफ्ना दिवंगत आमाको श्राद्ध पनि गर्छन्।

### ७.१.४ अक्षय तृतीया

वैशाख शुक्लपक्ष तृतीयालाई अक्षय तृतीया पनि भनिन्छ। उक्त दिन नेपाली समाजमा "साख:ति" अर्थात् सखरको सर्वत ख्वाउने परम्परा रहेको छ। साथै यो दिनलाई महान तिथिको रूपमा मानी सस्कार जन्य शुभ कार्यहरू - मचा जंको, इहि (बेलविवाह), प्रव्रज्या संवर, व्रतबन्ध, पाणिग्रहण (शुभ विवाह), बुढा जंको (भीमरथारोहण) आदि सम्पन्न गर्छन्। यी शुभकार्य सम्पन्न गर्न अन्य दिन भएमा ज्योतिष शास्त्र अनुसार शुभदिन र शुभ मूहुत हेर्नु पर्ने हुन्छ। तर यस दिन यी शुभकार्यहरू सम्पन्न गर्न शुभ मूहुत हेर्नु नपर्ने सामाजिक मान्यता रहेको छ।

उक्त दिन नेपालमण्डलका वज्रयानी समाजका धेरै जसो जातिका मानिसहरूले देवालि पूजा पनि गर्छन्। मध्यपुरका वज्राचार्यहरूको देवालि यसै दिन मनाउने परम्परा रहेको छ।

### ७.१.५ स्वायाँपुन्हि

वैशाख शुक्लपक्ष पूर्णिमालाई नेपालमण्डलको स्थानीय भाषामा स्वांयापुन्हि पनि भनिन्छ। स्वांयापुन्हि अर्थात् वैशाख पूर्णिमाको दिन भगवान बुद्धको जन्म, सम्बोधि प्राप्ती र महापरिनिर्वाण भएको पालि बौद्ध साहित्यमा उल्लेख छ। बुद्धको जीवनमा तीन सयोग जुडेको उक्त महान दिनलाई सम्पूर्ण विश्वका बौद्ध अनुयायीहरूले आ-आफ्नो परम्परा अनुरूप वैशाख पूर्णिमा मनाउने गर्छन। यसरी नै नेपालमण्डलमा पनि यहांका वज्रयानी समाजमा आफ्नै परम्परा अनुसार स्वांयापुन्हि मान्छन्। स्वांयापुन्हिको दिन स्वयम्भू

महाचैत्यमा गई पूजा गर्ने परम्परा छ । यसरी नै कोहि कोहि अनुयायीहरूले आ-आफ्नै बिहारमा सत्वपूजा अर्थात् सत्वविधानुत्तर पूजा पनि गरिन्छ ।

स्वाँयापुन्हिलाई बुद्ध जयन्तिको रूपमा बुद्धप्रतिमालाई नगर परिक्रमा गर्ने परम्पराको बिकास वि.सं. २०१३ सालमा धर्मोदय सभाको आयोजनामा नेपालमा सम्पन्न भएको चतुर्थ विश्व बौद्ध सम्मेलन पश्चात भएको देखिन्छ । यसरी वि.सं. २०१३ साल पश्चात नेपालमा बुद्ध जयन्ति राष्ट्रिय पर्वको रूपमा नै मनाउने परम्पराको विकास भएको देखिन्छ । उक्त दिन नेपाल अधिराज्यभर सार्वजनिक विदा दिइयो र श्री ५ महाराजाधिराज सरकार स्वयम्भूको आनन्दकुटी विहारमा रहेको बुद्धको अस्थिधातु दर्शन गर्न सवारी हुने परम्पराको पनि थालनी भयो ।

## ७.२ जेष्ठ महिना

### ७.२.१ थिमि करुणामय न्हवं

जेष्ठ शुक्लपक्षा प्रतिपदाको दिन मध्यपुर (थिमि) मा अवस्थित पद्मपाणी लोकेश्वर (करुणामय)को न्हवं अर्थात् महास्नान गर्छ । ललितपुरको परम्परा अनुसार नेपालमण्डलमा महिनाको एक एक गरी वाह्र महिनाको वाह्र जना करुणामय भएको स्थानमा गई उपोसथ व्रत वस्ने परम्परा छ । यी वाह्र करुणामयहरू मध्ये एक करुणामय मध्यपुरको पनि लिन्छ ।

मध्यपुरमा रहेको करुणामयलाई महास्नान गर्दा यहाँका चार कवलका थकालिहरूको उपस्थितिमा जिस्वाँ वाहाका वज्राचार्य गुरुले पूजा सम्पन्न गर्छ र महास्नान पछि मूर्तिलाई सेतो कपडाले छोपी, जिस्वां वाहामा लग्छ । त्याहाँ करुणामयको मूर्तिलाई "लाय्पूं छाय्गु" अर्थात् रङ्गरोगन गरिन्छ । जेष्ठ शुक्लपक्ष पञ्चमीका दिन करुणामय मूर्तिलाई दशकर्म प्रतिस्था विधि सम्पन्न गरी, भोलिपल्ट कुमार षष्ठीको दिनभरी प्रदर्शन गरी, राती जात्रा गरी हिरण्यवर्ण महाविहारमा लगिन्छ ।

### ७.२.२ सिथि नख

जेष्ठ शुक्लपक्ष षष्ठीको दिनलाई नेपाली समाजमा "सिथी नख:" भनिन्छ । उक्त दिन कुमारलाई पूजा गरिन्छ । यो पर्वमा विशेष गरी व (बारा), सत्तु, वनाउने चलन छ । यो दिन पछि वर्षा ऋतुको प्रारम्भ हुन्छ । नेपालमण्डलमा खेतीपातीको शुरुपनि यहि समय देखि हुन्छ । खेतीपातीमा व्यस्त हुने समयमा याहाँ कुनै चाडपर्व मनाउन्दैन । लगभग दुई महिना पछि श्रावण कृष्णपक्ष चतुर्दशी गथा:मुग:चऱ्हे अर्थात् घण्टाकर्ण देखि मात्र पर्व प्रारम्भ हुन्छ । सिथि नख: पछि लामोसमय कुनै पर्व नमनाउने भएकोले यस

पर्वलाई स्थानीय भाषामा "फु नख:" भन्ने पनि चलन छ । उक्त दिन पानीको मुहान जस्तै इनार कुवा: पनि सफा गरिन्छ ।

## ७.३ असार महिना

### ७.३.१ वर्षा दिशि

नेपालमण्डलका वज्राचार्य, शाक्य र उराय् जातिमा आषाढ कृष्णपक्ष दशमीको दिन वर्षा दिशि मान्ने परम्परा रहेको छ । यो पर्वलाई नक्वा दिशि पनि भनिन्छ । यो पर्वमा हेवज्र नैरात्मालाई पूजा गरिन्छ । यो पर्व वर्षा ऋतुमा परेकोले "वर्षा दिशि" पनि भनिएका हुन् ।

### ७.३.२ गुरु पुन्हि

आषाढ पूर्णिमालाई गुरु पूर्णिमा पनि भनिन्छ । उक्त दिनलाई नेपाल भाषामा गुरु पुन्हि भनिन्छ । यस दिन शिष्यहरूले आफ्ना अभिषेक गुरु, दीक्षा गुरु कहाँ गई गुरुलाई पूजा गर्दछन् । गुरुले पनि आफ्ना शिष्यहरूलाई आशिर्वाद दिन्छन् ।

पालि साहित्यमा भगवानबुद्धको जीवनमा आषाढ पुन्हिको दिन पाँचवटा ( गर्वप्रवेश, महाभिनिष्क्रमण, धर्मचक्रप्रवंतन, यमकप्रातिहार्य, अभिधर्मदेशना) संजोग परेको उल्लेख छ । उक्त दिन देखि नै भिक्षुहरूको वर्षावास प्रारम्भ हुन्छ । वर्तमान नेपालमा स्थविरवादको अगमन भएपछि आषाढ पुन्हिको दिनमा धर्मचक्र प्रवर्तन दिवसको रूपमा मान्ने परम्पराको विकास भयो ।

## ७.४ श्रावण महिना

### ७.४.१ गथां मुग चह्रे (घण्टाकर्ण)

श्रावण कृष्णपक्ष चतुर्दशी (चन्हे)का दिन "गथांमुग:" अर्थात् घण्टाकर्ण पर्व मनाइन्छ । नेपालमण्डलका बासिन्दाहरूले (विशेष गरेर नेवार समुदाय यो पर्वलाई "कायमचा नख:" पनि भन्ने गरिन्छ । सिनाज्या (खेतीपतीको कार्य) पछि गथांमुग: आउँछ । गथांमुग: देखि नै नेपालमण्डलमा पुन: पर्वको आरम्भ हुन्छ ।

गथांमुग:को दिन घरघरमा शान्ति स्वास्तिको लागि बल्यार्चन पूजा गरी "वौवाय्" अर्थात् भूतप्रेतादि पन्छ्याउने कार्य गरिन्छन् । उक्त दिन कोहि कोहिले संजोग परेमा नव निर्मित घरहरूमा पनि बलीपूजा गरि शान्ति स्वस्ति गरिन्छ । साथै उक्त दिन शान्ति स्वस्तिको लागि जन्त्र ठोक्न लगाउने र धूप बाल्ने पनि प्रचलन छ । उक्त दिन टोल टोलमा नरकटको गथामुग: ( घण्टाकर्ण) बनाई, खोलामा लगेर फाल्ने गरिन्छ ।

### ७.४.२ गुंला

श्रावण शुक्लपक्ष प्रतिपदाका दिन गुंला प्रारम्भ हुन्छ । यो गुंला पर्व एक महिना मनाउने गरिन्छ । गुंला महिना भित्र गर्ने धार्मिक कार्यलाई गुंलाधर्म पनि भनिन्छ । यो महिना प्रमूखरूपमा स्वयम्भू महाचैत्यमा मेला लाग्दछ । यस्तै नेपालमण्डल भित्र रहेका विहार विहारमा पनि विहान सवेरै नामसंगीति आदि स्तुत: अर्थात् बौद्ध स्तोत्रहरू पढ्ने, राती पनि स्तुत: पढ्ने, भजन गर्ने गरिन्छ । साथै विहान गुंला बाजा, न्यकू बाजा अर्थात् श्रृङ्गभेरी बजाई देश परिक्रमा गरिन्छ । विशेषरूपमा यो महिनामा बजाउने बाजा भएकोले गुंला बाजा भनेको हो । यो समयमा स्वयम्भू महाचैत्यमा दिवंगत व्यक्तिहरूका नाममा परिवारका सदस्यहरूले न्यकू बाजा बजाउन गाउने परम्परा पनि छ । गुंला महिनामा "लख: चैत्य थायेगु" भनि चैत्यको साँचोबाट स-साना सवालाख चैत्य निर्माण गर्ने परम्परा पनि छ । यसरी एक महिना भित्र सवा लाख चैत्य निर्माण गरेकालाई गुंला पछि विसर्जन पूजा गरी, पाटनको हिरण्यवर्ण महाविहारमा गुंला एक महिना "माय् अपसं" अर्थात् एक महिना उपोसथ बस्ने चलन पनि छ ।

### ७.४.३ नागपञ्चमी

श्रावण शुक्लपक्ष पञ्चमीको नागपञ्चमी पनि भनिन्छ । उक्त दिन नागको पूजा गरी नागको छापा, घरको मूलढोकामाथि टाँस्ने चलन छ ।

बौद्ध साहित्यको अध्ययन गर्दा बौद्ध धर्ममा नागको ठूलो भूमिका रहेको ज्ञान हुन्छ । सिद्धार्थ गौतमको जन्म हुन्दा नन्द र उपनन्द नामक नागराजाहरूले उष्ण र शित्तल जलबाट नुहाई दिएका थिए । त्यस्तै बुद्धत्व प्राप्ती पछि ध्यानमा लीन भएको वेला भयानकरूपमा भएको वर्षाबाट बचाउन मुर्चलिन्द नागराजाले छहारी दिएको थियो ।

यसरी नै नेपालमण्डलमा बस्ति स्थापना हुनु अगाडि ठूलो दह थियो । यो दह "नागह्रद" दहको नामले प्रसिद्ध छ । यो स्थल नागहरू को वास मानिन्छ । नेपाली समाजमा नागलाई पानीको देवता मानिन्छ । स्वयम्भू पूराणमा उल्लेख भए अनुसार राजा गुणकामदेवको शासनकालमा नेपालमण्डलमा अनावृष्टी भई ठूलो हाहाकार मचिएको थियो । त्यतिवेला शान्तिकराचार्य गुरुले नेपालमण्डलका प्रमूख नवनागको साधना गरी, तिनीहरूको छात्तीको रगतले नागमण्डल लेखि दशकर्म प्रतिष्ठा विधि सम्पन्न गरी उक्त नागमण्डललाई शान्तिपुरमा राखिएको थियो । यो कार्य पछि नेपालमण्डलमा वृष्टि भई महकाल शुरू भएको उल्लेख छ । यी कारणहरूले नेपाली वज्रयानी समाजमा नागको स्थान पूजनिय छन् । वर्तमान समयमा मुचलिन्द नागराजाले बुद्धलाई

छहारी दिइरहेको चित्र लेखिएको छापालाई मूल ढोका माथि टाँस्ने नयाँ परम्पराको थालनी भएको छ ।

### ७.४.४ यल पञ्चदान

श्रावण शुक्लपक्ष अष्टमीको दिन ललितपुरमा पञ्चदान पर्व मनाइन्छ । ललितपुरमा मात्र यो दिन पञ्चदान दानशाला बनाई गुरु वज्राचार्य र शाक्य भिक्षुहरूलाई दान दिइन्छन् । कान्तिपुर, भक्तपुर र अन्य स्थानका वज्राचार्य र शाक्यभिक्षुहरू पनि उक्त दिन ललितपुरमा गई पञ्चदान लिन जान्छन् ।

### ७.४.५ वहीद्यो ब्वय्गु

श्रावण शुक्लपक्ष द्वादशीका दिन नेपालमण्डल भित्रका विहारहरूमा रहेका दीपंकर बुद्धको प्रतिमालाई वाहाको दलान कोठामा प्रदर्शनको लागि राखिन्छ । यसरी प्रदर्शन गर्ने कार्य भएकोले स्थानीय भाषामा "वहीद्यो ब्वय्गु" पनि भनिन्छ । याहाँ "वहिद्यो"को अर्थ विहारको देवता र "ब्वय्गु"को अर्थ प्रदर्शन गर्नु हो । साधारणतया दीपंकर बुद्धको प्रतिमा नौ दिनसम्म प्रदर्शन गरिन्छ । तर अहिले पूरा अवधि प्रदर्शन गरेको देखिन्दैन ।

### ७.४.६ बहिद्यो स्ववनेगु

गुपुन्हिका दिन नेपालमण्डलको कान्तिपुर, ललितपुर, भक्तपुर, मध्यपुर आदि स्थानका बौद्धविहारमा स्थानीय व्यक्तिहरू "वहीद्यो स्ववनेगु" भनि विहारमा परिक्रमा गर्न जान्छन । त्यो दिन नौ प्रकारका गेडागुडीको क्वातीमा पानी रोटी पकाई खाने चलन छ । क्वाति खाने भएकोले यो पर्वलाई "क्वाति पुन्हि" पनि भन्ने गरिन्छ । यसरी नै साँखुको मणिचुड पर्वतमा पनि मेला लाग्दछ ।

## ७.५ भाद्र महिना

### ७.५.१ मतःया

भाद्र कृष्ण पक्ष द्वितीयाको दिन मतःया पर्व मनाइन्छ । मतःयाको अर्थ नेपाली भाषामा दीप यात्रा हुन् । यो पर्व ललितपुरमा मात्र मनाइन्छ ।

मतःया पर्व बौद्ध दर्शनको आधारमा स्थापना भएको पर्व हुन् । यस पर्वमा ललितपुरको लगभग पूरा क्षेत्र भित्रको विहार, चैत्य, स्तूप, धर्मधातु र अन्य बौद्ध देवताहरूलाई पूजा गरिन्छ । यसरी पूजा गर्ने देवताहरूको संख्या हजार भन्दा वढी रहेको छ । यो पर्व सञ्चालन गर्न ललितपुरको दश टोलका बासिन्दाहरूले पालो पालो लिई सञ्चालन गर्दै आएको छ ।

मतयाको दिन पालो परेको टोलका आफ्नो वज्राचार्य गुरुलाई पुजा गराई मतयाको पारम्भ हुन्छ । यस यात्रामा हजारौं नरनारीहरूले भाग लिएका हुन्छन् । टोलटोलवाट एकै प्रकारको भेषभूषामा सहभागी भई आफ्नो इच्छा अनुसार दीप, धुप, पैसा, खाद्य सामान, किताव आदि चढाउन्छन् । यो पर्व पालो लिइएको टोलमा एक विशेष प्रकारको वाजा सिकाइन्छ जसलाई "नव वाजा" वा "दमोखिं" भनिन्छ । मतयाको दिन दमोखिं मंगलवजार कृष्ण मन्दिर अगाडि वजाइन्छ । गुंला महिना भरीमा चार विशेष स्थानहरूमा यो वाजा वजाइन्छ ।

आमावावु दिवंगत भई एक वर्ष भित्र पनि आफ्नो दिवंगत आमावावुको नाममा मतयामा भाग लिने गर्दछ । यो पर्व ललितपुरमा मात्र आयोजना गर्ने भएता पनि नेपालमण्डल वरिपरिका वासिन्दाहरू सहभागी भएको पाइन्छ । मतया नेपालको एक प्रशिद्ध यात्राको रूपमा स्थापित भईसकेको छ ।

**७.५.२ पञ्चदान**

भाद्र कृष्णपक्ष त्रयोदसिको दिन नेपालमण्डलको कान्तिपुर, भक्तपुर, मध्यपुर, वन्देपुर (भोंत/वनेपा), पनौति आदि स्थानमा (ललितपुर वाहेक) पञ्चदान पर्व मनाउन्छन् । यो पर्वको दिन गुरु वज्राचार्य र शाक्य भिक्षुहरूलाई दीपंकर वुद्धको सर्वसंघको रूपमा दान प्रदान गरिन्छ । वौद्ध अवदानमा श्रावण कृष्ण पक्ष त्रयोदशीको दिन सत्ययुगको उदय भएको उल्लेख छ । तसर्थ उक्त दिन दान गरेमा सत्ययुगमा दान गरेको फल प्राप्त हुन्छ भनि वर्णन गरिएको छ । यो पर्वमा विशेषगरी पांच प्रकारको वस्तुहरू पूजा सामाग्री, भोजन, पान, औषधी र दैनिक जीवनमा उपयोगी सामाग्रीहरू दान दिने गरिन्छन् । यसरी पांच प्रकारको वस्तुहरू दान दिने भएकोले यो पर्वलाइ "पञ्चदान" भनिएका हुन् भन्नेहरू छन् । यो पर्वमा खीर भोजन पनि गराइन्छ ।

यो पर्वमा दान दिने दानपतिले आफ्नो निवास स्थानमा वा सामुहिकरूपमा विहार, चोकमा दानशाला वनाई वौद्ध पौभा चित्र, दीपंकर वुद्ध वा वुद्धको मूर्तिहरू समेत प्रदर्शित गरी, आफ्नो पुरोहित वज्राचार्यवाट दान दिने वस्तुहरू सवै संकल्प गराई, सर्वप्रथम दीपंकर वुद्ध स्वयम्भु महाचैत्य, क्वापाद्यो आदिलाई पुजागरी भाग समेत राखिन्छ । त्यसपछि गुरु वज्राचार्यलाई दान दिन्छन् अनि मात्र अरु वज्राचार्य गुरु र शाक्य भिक्षुहरूलाई दान दिन्छन् ।

नेपालमण्डलको अन्य स्थानहरूमा वज्राचार्य गुरु र शाक्य भिक्षुहरू एक्लै एक्लै पनि वा सामुहिक रूपमा पनि दानपतिको घरमा पञ्चदान लिन जान्छन् । तर भक्तपुरमा त्यहांभएका पांच जना दीपंकर वुद्धको प्रतिमा अगाडि

राखी सबै वज्राचार्य गुरुहरू र शाक्य भिक्षुहरू पछि पछि लस्कर लागेर पञ्चदान लिन जान्छन् ।

### ७.५.३ बाबुको मुख हेर्ने

भाद्र कृष्णपद औंशीको दिनलाई नेपाली समाजमा बाबुको मुख हेर्ने पर्वको रूपमा मानिन्छ । यो दिन शतजीवी बाबुलाई पुजा गर्छन् माथै मिठाई, फलफुल आदि प्रदान गर्छन् । बाबुले पनि आफ्ना छोराछोरीहरूलाई आर्शिवाद दिन्छन् । आफ्ना पिता दिवंगत भएका सन्तानहरूले आफ्नो श्रद्धा अनुसार कुल वज्राचार्य गुरुलाई सिद्धा वा निसला दान गर्छन् । त्यस्तै यो दिन गोकर्ण तीर्थमा ठूलो मेला लाग्छ । बाबु दिवंगत भएका छोराछोरीहरू गोकर्ण तीर्थमा गई, स्नान गरी वज्राचार्य गुरुलाई आफ्ना दिवंगत पिताको नाममा दान प्रदान गरिन्छ । कोहि कोहिले तीर्थमा नै आफ्ना बाबुको श्राद्ध पनि गर्छन् ।

### ७.५.४ गुँला धर्म क्वचाइगु

श्रावण शुक्लपक्ष प्रतिप्रदाको दिन प्रारम्भ भएको "गुँला धर्म" भाद्र शुक्लपक्ष प्रतिपदाको दिन मात्र समाप्ति हुन्छ । गुँला एक महिना भित्र गरेको धार्मिक कार्यलाई यस दिन समापन गरी, यहि उपलक्ष्यमा भोजको व्यवस्था गर्ने परम्परा छ । कान्तिपुरमा रहेका बौद्ध अनुयायीहरूले स्वयम्भू महाचैत्य गई स्नानमा समापन कार्य गरिन्छन् । यस दिन स्वयम्भू महाचैत्य परिसर दिननभरी नै गुँला बाजा बजाई रहेका समूहहरूको भिड हुन्छन् । यसरी नै मध्यपुरमा गुँला एक महिना गुँला बाजा बजाई नगर परिक्रमा गरेको र विहारमा नामसंगति पाठ गरेको समापन गर्न वाहा पूजा गरी समापन गरिन्छ । वाहा पूजामा सहभागी भएका सम्पूर्ण महानुभावहरूलाई पालुज्वलं (प्रसाद) बाजं खलः ले दिने परम्परा छ ।

### ७.५.५ चथाः

भाद्र शुक्लपक्ष चौथीको दिन नेपाली समाजमा चथाः पर्व मनाउन्छ । चथाः पर्वमा राती चन्द्रमाको प्रकाशमा भएको ठाउँ कौसी वा बार्दलीमा लिटपोट गरी त्याहाँ सुकुन्दा राखी पूजा गरिन्छ । पूजामा काको र बम्पति (आरूको बीयाँ भित्रको बस्तु)को साथै भुटेको गेडागुडी चढाउन्छ । स-परिवारले पनि भुटेको गेडागुडी, काको र बस्पतिको भोजन गर्छन् । यो पर्व रातीको समय मनाइन्छ । नेपाली समाजमा यो पर्व मनाउन्दा "मुचुक्यगु" अर्थात् लुक्ने भनि चन्द्रमाको प्रकाश नै नदेख्ने गरी झ्याल ढोका बन्द गरी कोही कोही लुकेर बस्छ । यसरी लुकेर बसेकाहरू टोलमा रहेको गणेश मन्दिरको घण्टा बजाएपछि मात्र निस्कन्छन् । यस दिनको चन्द्रमाको दर्शन गर्नाले चोरीको अपवाद लाग्छ भन्ने विश्वास गर्नेहरू लुक्ने गर्छन् ।

### ७.५.६ उपाकु उवनेगु

भाद्र शुक्लपक्ष द्वादशीको दिन यो पर्व मनाइन्छ । यो पर्व कान्तिपुरका वज्रयानी समाजले मात्र मनाइन्छन् । आफ्नो परिवारका कोहि सदस्य दिवंगत भएमा, उनको स्मृतिमा कान्तिपुरको थँने (माथिल्लो क्षेत्र)को थँहिटि देखि (तल्लो क्षेत्र)को क्वःहिटि सम्म साँझपख स्तुतः नामसंगीति अर्थात् बौद्ध स्तोत्र पढेर परिक्रमा गरिन्छ । वज्राचार्य, शाक्य र उराय् जातिले स्तुतः वा नामसंगीति पढेर परिक्रमा गर्छन् भने ज्यापु र सायमि जातिले "दाफा खिं" बजाइ परिक्रमा गर्छन् । अन्य जातिका मानिसहरूले पाल्चा (एक प्रकारको दियो) बाटो भरि दीप, धूप बाली पनि परिक्रमा गर्छन् ।

### ७.५.७ क्वने कुमारी सालिगु/डागिं वनिगु

भाद्र शुक्लपक्ष चतुर्दसिको दिन यो पर्व मनाइन्छ । कान्तिपुरमा मात्र मनाइने यो पर्वमा जिउँदो देवी कुमारीको रथ जात्रा गरी मनाइन्छ । मल्ल राजा जय प्रकाश मल्लले बौद्ध गुरु वज्राचार्य वा शाक्य भिक्षुका पुत्रीलाई कुमारीका रूपमा स्थापना गरी यो जात्रा चलाएका हुन् । यो क्वने (वसन्तपुर देखि तल्लो क्षेत्र) क्षेत्रमा कुमारीको रथ तान्ने जात्रा हुन्छन् ।

यहि दिन दिवंगत भएका आफ्ना परिवारको नाममा कान्तिपुरका वासिन्दाहरू "डागि वनेगु" भनि कुमारी रथ जात्रा गर्ने सम्पूर्ण क्षेत्रको परिक्रमा गर्छन् । कुमारीको रथ तान्न सकेपछि "डागिं" (इन्द्रको मुकुण्डो लगाएका व्यक्ति जसलाइ स्थानीय भाषामा डागिं भनिन्छ)को पछि पछि मरुको भुतिसत्तलबाट प्रारम्भ गरी सोहि स्थानमा नै समापन गर्न आउन्छन् । यसरी डागिं जानेवेलामा व्रीहि (शतवीज) छर्ने गरिन्छन् ।

## ७.६ आश्विन महिना

### ७.६.१ सोह्र श्राद्ध प्रारम्भ

आश्विन कृष्ण पक्ष प्रतिपदा देखि आश्विन कृष्णपक्ष औंसीसम्म सोह्र श्राद्ध गरिन्छ । यो पर्व हिन्दू दर्शनको आधारमा स्थापित परम्परा हो । तर नेपालमण्डलमा हिन्दू र बौद्ध दुवैले आफ्नै लोकधर्म सम्झी पितृको नाम सोह्र श्राद्ध गर्दै आएकाछन् । सोह्र श्राद्ध गर्दा दिवंगत माता, पिता, पितामहको नाम मात्र होइन, चिने जानेका सम्पूर्ण ज्ञाती बन्धुको नाममा पिण्ड दान गरिन्छ । वरु "निदं तिथि" अर्थात् द्वितीय वर्ष श्राद्ध नसकेको दिवंगत व्यक्तिको नाममा पिण्ड दान गरिन्दैन । सोह्र श्राद्ध तीर्थमा गइ वा घरमा पनि गरिन्छ ।

### ७.६.२ गातीला ब्रत वनेगु (बसुन्धरा ब्रत)

आश्विन कृष्ण पक्ष तृतीयाको दिन गातिला ब्रत पर्व मनाउन्छ । यो पर्वमा वसुन्धरा देवीको ब्रत बसिन्छ । बसुन्धरा पृथ्वीको अनेक नाम मध्ये एक नाम हो । भूमि, धरनी, मही, धरणी, बुधा, बसुमति, बसुन्धरा आदि शब्द पृथ्वी कै पर्यायवाचि शब्दहरू हुन् । पृथ्वी कै प्रतिकात्मक स्वरूपको बसुन्धरालाई पृथ्वीमाता, वसुन्धरादेवीको रूपमा लिइन्छ । बसुन्धराको ब्रत भाद्रकृष्ण पक्ष तृतीयाको दिन प्रारम्भ गरी प्रत्येक महिनाको कृष्ण पक्ष तृतीयाको दिनमा पनि ब्रत बसी श्रावण कृष्ण पक्ष तृतीयाको दिन समापन गर्ने परम्परा छ । यसरी तृतीयाको दिन बाह्रै महिना ब्रत बस्ने भएकोले यसलाई द्वादशमास बसुन्धरा ब्रत पनि भनिन्छ । तर वढिजसो ब्रतालुहरूले भाद्रकृष्ण पक्ष तृतीयाको दिनलाई नै महत्वपूर्ण दिन मानि उक्त दिन वसुन्धराको ब्रत लिने गरिन्छ ।

### ७.६.३ मोहनि (दशैं)नःख

आश्विन शुक्लपक्ष प्रतिपदा देखि दशमीको दिनसम्म नेपाली वज्रयानी समाजमा मोहनी नःख मनाइन्छ । आश्विन शुक्लपक्ष प्रतिपदाको दिन "नःला स्वनेगु" अर्थात् जमरा राख्ने गरिन्छ । यो पर्व हिन्दू दर्शनको आधारमा मान्दै आएको पर्व हो । यो दिन दशैंको प्रारम्भ दिनको रूपमा लिइन्छ । दुर्गा भवानीले महिषासुर दैत्यलाई दमन गरेको, रामले रावणलाई विजय गरेको उपलक्ष्यमा विजया दशमी मानेको हिन्दू शास्त्रमा उल्लेख छ । यस्तै हिन्दू धर्मका एक दशमहाविधा नामक सम्प्रदायको दर्शन अनुसार नवरात्री मान्ने परम्परा चलेका हुन् । तर नेपालमण्डलमा वज्रयानी समाजमा पनि यो परम्परालाई मान्ने चलन छ । नेपाली वज्रयानी समाजमा यस पर्वलाई "मोहनि नःख" मानिन्छ । हिन्दू धर्म अनुसार मान्ने "दशैं" र "मोहनि नःख" एकै होइनन् । वज्रयानी समाजमा पनि आगम कोठामा "नःलास्वनेगु" भनेर यस दिन जमरा राखिन्छ ।

आश्विन शुक्लपक्ष अष्टमीको दिन हिन्दू समाजमा महाअष्टमी मनाइन्छ भने नेपालमण्डलमा "कूछिभ्वय्" अर्थात् दुईमाना (एक कुरुवा) चिउरा राखी भोज खाने चलन छ । कूछि भ्वय्मा विभिन्न परिकारका साथ मानाले एक करुवा चिउरा, केराको पातमा राखी भोज खाने परम्परा छ ।

आश्विन शुक्लपक्ष नवमीको दिन हिन्दूसमाजमा महानवमी मनाइन्छ भने त्यही दिनलाई नेपालमण्डलमा "स्याको त्याको" भनि प्राणीलाई बलि दिइ यो पर्व मनाइन्छ । तर नेपालमण्डलको वज्रयानी समाजमा स्याको त्याकोको दिनमा वज्रयान दर्शन अनुरूप हिंसाको रूपमा पञ्च इन्द्रिय-जन्य क्लेश, राग, द्वेष, मोह, मात्सर्य आदिलाई नामगर्न आगममा अभ्यन्तर पूजा गरिन्छ । कुनै कुनै विहारमा त महावल्याचन अभ्यन्तर पूजा पनि गरिन्छ ।

अश्विन शुक्ल पक्ष दशमीका दिन हिन्दू समाजमा बिजयको प्रतिक बिजया दशमी मनाइन्छन् भने नेपालमण्डलका बज्रयानी समाजमा आगमकोठामा स्थापना गरेको पूजा सामाग्रीहरू "स्वां क्वकायगु" अर्थात् बिसर्जन गरिन्छन् । स्वां क्वकायेगु किया गरिसके पछि घरको थकालिबाट टीका लगाई जमरा दिने चलन पनि छ ।

नेपालको बज्रयानी समाजमा मोहनी नःख मान्नेमा एक रूपता भएको देखिन्दैन ।

### ७.६.४ कतिंपून्हि

आश्विन शुक्लपक्ष पूर्णिमाका दिनलाई नेपालमण्डलमा कतिंपून्हि पनि भनिन्छ । कान्तिपुरको नःघः टोलमा रहेको श्रीघः चैत्य (शान्तिघट चैत्य)मा रहेका बुद्धको प्रतिमालाई राती बाजा-गाजाका साथ उक्त दिन जात्रा गरिन्छ । उक्त दिन श्रीघः पून्हि नामले पनि प्रख्यात छ । उक्त दिन भक्तपुर मध्यपुरमा रहेको बदुसंख्यक चैत्यहरूको बुसाःधं अर्थात् बार्षिक पूजा गरिन्छन् । उक्त दिन स्थविरबादी विहारहरूमा वर्षबासको समापन गरिन्छन् ।

## ७.७ कार्तिक महिना

### ७.७.१ स्वन्ति नखः

कार्तिक कृष्ण औशीका दिन लक्ष्मी पूजा मनाइन्छ । यस दिन घरमा लितपोत गरी साँझ लक्ष्मी पूजा गरिन्छ । लक्ष्मी पूजा गर्नु अघि घरको मूलढोका बाहिर रहको "पिखालखु"बाट लक्ष्मी देवी रहेको स्थान ढुकुटीसम्म रातोमाटोले पोतिन्छ । यसलाई नेपालमण्डलको स्थानीय भाषामा "लक्ष्मी द्या दुकायगु" भनिन्छ ।

नेपालमण्डलको बज्रयानी समाजमा लक्ष्मीपूजा गर्दा बसुन्धरादेवीलाई धनलक्ष्मीको रूपमा मानिन्छ । साथै यस पूजामा धनपती कुवेर पनि पूजिन्छ । लक्ष्मी पूजा गर्दा लक्ष्मीको रूपमा स्थापित मूर्ति वा छापाको अगाडि मण्डल बनाई फलफूल, मिठाई र विभिन्न व्यञ्जन राखी भोज समेत चढाउन्छ । यो दिन घरभरी मूलढोका देखि झ्याल र ढोकाहरूमा पालामा तेल राखी बत्ती बाल्छन् । अहिले आएर पाला बत्तीको सत्तामा मैनबत्ती तथा बिजुलि बत्ति पनि बालिन्छ ।

कार्तिक शुक्लपक्ष प्रतिपदाको दिन नेपालमण्डलका बासीहरूले "म्हपूजा" अर्थात् शरीर पूजा गर्ने परम्परा छ । नेपालमण्डलको बज्रयानी समाजमा म्हःपूजा गर्दा काय् (शरीर), वाक् (बचन र चित्त (मन) शुद्धि गर्ने उद्देश्य राखी पूजा गरिएको हुन्छ । म्हःपूजा गर्दा काय्, वाक, चित्तको प्रतीकको रूपमा मन्दः अर्थात् मण्डल बनाई पूजा गरिन्छ । पूजा गर्दा गुरुमण्डलार्चन गरी पूजा

गरिन्छ । म्ह:पूजा गर्दा आफूलाई मात्र पूजा नगरी, दैनिक जीवनमा प्रयोग भइरहेका वस्तुहरू जस्तै :- पानी राख्ने घैंटो, नाइलो, कुचो आदिलाई पनि मन्द: वनाई पूजा गर्छन् । म्हपूजा गर्नु अगाडि "घोयान धल दक्यगु" भनि आगम कोठा, विहारको क्वापाद्यो, चैत्य आदिलाई पनि मन्द: बनाई पूजा गरिन्छ । म्हपूजा गर्दा मण्ड:पूजा सकेपछि "खे" र "न्या" अर्थात् अण्डा र माछाको सगुन लिन्छ ।

शंखधर साख्वाल नामक व्यक्तिले ई.सं.८७९ अक्टुवर २०मा राजा राघवदेवले शासन गरिरहेको वेला सम्पूर्ण नेपालीहरूलाई ऋण मुक्त गरि देशको नाममा "नेपाल संवत्" चलाए । उक्त संवत्को संवत्सर म्ह पूजाको दिनमानै हुन्छ । वर्तमान समयमा नेपालमण्डलका वासिन्दाहरूले नेपाल संवत्को नयाँ वर्ष विभिन्न कार्यकम गरि हर्ष उल्लासका साथ मनाउछन् ।

कार्तिक शुक्लपक्ष दुतियाको दिन "किजा पूजा" अर्थात् भाइ टीका गरिन्छ । नेपालमण्डलको वज्रयानी समाजमा दिदीले भाइलाई पूजा गरिन्छ । यसरी पूजा गर्दा म्ह:पूजामा जस्तै मण्डल वनाई पूजा गर्छन् । किजा पूजामा दिदीले भाईलाई पूजा सकेपछि अण्डामाछा दिई सघं दिइन्छ । त्यसपछि भाइले पनि आफ्नो गच्छे अनुसार दिदीलाई लुगा दिन्छ ।

### ७.७.२ मुख: अष्टमी

कार्तिक शुक्लपक्ष अष्टमीको दिन नेपालमण्डलमा मुखअष्टमी भनिन्छ । यो दिनमा करुणामयको उपोसथ व्रत वसिन्छ नेपालमण्डलको प्रसिद्ध चार करुणामयहरू बुंग द्यो (बुङ्गम लोकेश्वर), जनबा:द्यो (आर्यावलोकितेश्वर), चोभा करुणामय (आनन्दादिलोकेश्वर) र नाला करुणामय (सृष्टिकान्ता लोकेश्वर) जाने गरिन्छ । वर्षभरी उपोसथ व्रतको आयोजना गर्नेहरू वा अष्टमीव्रत वस्नेहरूले यहि दिन देखि व्रतको शुभारम्भ गरिन्छ ।

### ७.७.३ सकिमिला पुन्हि

कार्तिक शुक्लपक्ष पूर्णिमाको दिन सकिमिला पुन्हि पर्व मनाउन्छ । यो दिन पिडालु र सखरखण्ड उसिनेर खाने चलन छ । राती विहार, चैत्य स्थानमा स्तुत: (बौद्ध स्तोत्र), दाफा भजन गरी "हलिमलि व्वयगु" गरिन्छ । भजन वा स्तुत: बाचन गरेको स्थानमा वा चैत्यको अगाडि भुटेको गेडागुडी, पिडालु, सखरखण्ड, मूला, रोटी आदि प्रदर्शन गर्छन । यो प्रदर्शनमा गेडागुडीका विभिन्न वौद्ध चिन्हहरू जस्तै कलश, आदि बनाइन्छ । यसरी प्रदर्शन गर्नेलाई नै हलिमलि व्वयगु भनिन्छ ।

## ७.८ मार्ग महिना

### ७.८.१ योमरीपुन्हि

मार्ग शुक्लपक्ष पूर्णिमाको दिन यो पर्व मनाइन्छ। पर्वमा नयाँ वालीवाट आएको धानको पिठोवाट "योमरी" वनाइन्छ। योमरी एक विशेष प्रकारको परिकार हो। चामलको पिठोको एकतिर टुप्पो वनाई भित्र चाकु र तिल मिसाएको झोल राखि वाफमा पकाइन्छ। योमरीको साथ साथ चामलको पिठोको, कुवेर, लक्ष्मी र गणेशको मूर्ति पनि वनाई कुथि (धानको भण्डार) मा स्वनेगु भनेर योमरीका साथ यी मूर्तिहरू समेत ढकीं (वाँसको चोयावट वनेको वाटा जस्तो भाँडो) मा राखी चार दिन सम्म दिन सम्म राखिन्छ।

## ७.९ पौष महिना

### ७.९.१ दिशिपूजा

पौष कृष्ण पक्ष दशमीका दिन नेपालमण्डलका वज्रयानी समाजमा विशेष गरेर, वज्राचार्य, शाक्य र उराय् जातिहरूले दिशीपूजा पर्व मनाइन्छ। यो पर्व वौद्ध दर्शनको आधारमा मनाउने पर्व हुन्। स्वयम्भू पुराण अनुसार पौराणिककालमा नेपालमण्डल दह भइरखेको समयमा महाचीनवाट वोधिसत्व यहाँ आउनुभई वस्ति वसालेको थियो। त्यसपछि मञ्जुश्री र उहाँका दुई श्रीमती वरदा र मोक्षदा समेतले पौष कृष्णपक्ष नवमीका दिन शान्त तीर्थमा स्नान गरी रहस्यमय गुह्यादि गुह्य पूजा गरेका थिए। पूजा गरेको भोलि पल्ट पौष कृष्णपक्ष दशमीका दिन मञ्जुश्री गुरुलाई हेवज्र संवर र नैरात्मा देवीले दर्शन दिएका थिए। यहि घटनाको फलस्वरूप नेपालमण्डलमा दिशि पुजाको परम्परा चलेका हुन्। दिशि पूजाको दिन दीक्षा प्राप्त व्यक्तिहरू मात्र वसी रहस्यमय अभ्यन्तर पूजा गरिन्छ। यस्तो पूजामा सिन्दुरात्मक पूजा प्रसिद्ध छ।

### ७.९.२ जनवाद्यो न्हवं

नेपालमण्डलमा विशेष रूपमा चार करुणामयलाई मान्ने परम्परा छ। यी चार करुणामय मध्ये जनवाद्यो (सेतो मत्स्येन्द्रनाथ) पनि एक हुन्। यहाँको करुणामयलाई आर्यावलोकितेश्वर वा जमल लोकेश्वर पनि भनिन्छ। यो करुणामयको न्हवं अर्थात् महास्नान पौष शुक्लपक्ष प्रतिपदाको दिन गरिन्छ।

## ७.१० माघ महिना

### ७.१०.१ घ्यो चाकु सन्हु

यो पर्व सौर मासको आधारमा मनाइन्छ। माघ एक गतेलाई नेपालमण्डलको स्थानीय भाषावाट घ्यो चाकुसन्हु भनिन्छ। विशेष रूपमा

माघ एक गते घ्यू र चाकु, तरुल, पालुङ्गोको साग खाइन्छ । यो दिन आफ्नो पारिवारिक पुरोहित गुरु वज्राचार्यलाई भिक्षा दान पनि गरिन्छ । आमाले आफ्नो सन्तानहरूलाई मासको गेडा गर्मी पकाएको तेल टाउकोमा लगाई दिने चलन पनि छ ।

यहि दिन कान्तिपुरमा स्वयम्भुको भुइखेलमा प्रत्येक बाह्रवर्षको एक चोटि सम्यक महादान हुन्छ भने भक्तपुरको जयकीर्ति महाविहार (थथुवहीः)को परिसर भक्तपुरको पाँचवटा विहारको प्रमुख दीपंकर सहित वज्राचार्य गुरु र शाक्य भिक्षुहरूलाई वर्षेनि सम्यक दान दिन्छन् । नेपालमण्डलमा वर्षै पिच्छे हुने सम्यक दान भक्तपुरमा मात्र हुन्छन् । ललितपुरको नागबाहालमा प्रत्येक पाँच वर्षमा सम्यक दान माघ एक गते नभई फागुन शुक्लपक्ष चौथीका दिन गरिन्छ भने कान्तिपुरमा प्रत्येक बाह्र वर्षको एक पटक हुन्छ ।

### ७.१०.२ श्रीपञ्चमी

माघ शुक्लपक्ष पञ्चमीका दिनलाई श्रीपञ्चमी भनिन्छ । श्रीपञ्चमीको दिनलाई नेपाली समाजमा महान तिथिको रूपमा लिइन्छ । कुनै पनि साइत हेरेर गर्नुपर्ने संस्कार जन्य शुभ कर्महरू श्रीपञ्चमीको दिनमा गरेमा साइतै हेर्न नपर्ने सामाजिक मान्यता छ ।

यस दिन नेपालमण्डलका वज्रयानी समाजमा महामञ्जुश्री गुरुलाई पूजा गर्ने परम्परा छ । स्वयम्भू महाचैत्यको पश्चिम तिर रहेको पर्वतलाई महामञ्जुश्री पर्वत पनि भनिन्छ । श्रीपञ्चमीको दिन यस पर्वतमा रहेको मञ्जुश्री मन्दिरमा मेला नै लाग्छ । यो दिन महामञ्जुश्रीको व्रत पनि बस्ने परम्परा छ । पहिला पहिला वज्रयानी समाजमा आफ्नो कुलपुत्र कुलपुत्रीहरूलाई अक्षराम्भ यहि दिन देखि गराउने चलन छ ।

उक्त दिनमा भक्तपुर तथा मध्यपुरका स्थानीय वासिन्दाहरू महामण्डप पर्वत अर्थात् ल्हासा पाक्वमा महामञ्जुश्री गुरुको पूजा गर्न जान्छन् । स्थानीय लोकोक्ति अनुसार महाचीनबाट महामञ्जुश्री स्वयम्भू ज्योति रूपको दर्शन गर्न नेपालमण्डल आउँदा सो महामण्डप पर्वतमा वास बसेको विश्वास रहेको छ ।

### ७.१०.३ ख्वप दे आचार्य गुथि

माघ शुक्लपक्ष पूर्णिमा अर्थात् सिपून्हिको दिन भक्तपुरका(ख्वप) वज्राचार्यहरूले आचागु मनाइन्छ । भक्तपुरमा रहेका प्रव्रजित सम्पूर्ण वज्राचार्य यहाँ रहेका आचःगुथिका सदस्यहरू हुन् । यहाँ नव प्रवेशीहरूले दश नायकहरूलाई ग्वंयूदा राखी आचाःगुथिको सदस्यता प्राप्त गर्छन् । हाल आएर धेरै जसो भक्तपुरका वज्राचार्यहरूले आचार्य गुथि छोड्दै गएको देखिन्छ । त्यसो भएता पनि अद्यपिसम्म निरन्तररूपमा आचाःगुथि मनाइ रहेको छ ।

## ७.११ फागुन महिना

### ७.११.१ कान्तिपुरको दथुप्वी आचार्य गुथि

चैत्र शुक्लपक्ष पूर्णिमाको दिन कान्तिपुरको दथुप्वीं आचार्य गुथि मनाउने परम्परा छ । कान्तिपुरको अठारवटा बिहारलाई चारवटा "प्वीं" अर्थात् चार वटा समूहमा विभाजित रहेको वर्णन माथि भैसकेको छ । दे आचा:गुथि मनाउन अघि चारवटा समूह भित्र क्षेत्रीय भेला जस्तै आ-आफ्नो समूहका सदस्यहरू भेला भइन्छन् । यसरी क्षेत्रिय भेलाको रूपमा कान्तिपुरका थयुप्वींको आचार्य गुथि फाल्गुण शुक्ल पक्ष द्वादशीको दिन मनाइन्छ । दथुप्वी आचार्य गुथिमा तक्षे बाहा:, जन बाहा:, इटुं बाहा:, मु बाहा:, सबल बाहा:, मखं बाहा: र ते बाहा: का सदस्यहरू भेला भइन्छन् ।

## ७.१२ चैत्र महिना

### ७.१२.१ नाला करुणामय न्हवं/चकं द्यो जात्रा

नेपालमण्डलको चार करूणामय मध्ये नाला ( काभ्रे जिल्ला)को करूणामय पनि एक हुन् । चैत्र कृष्णपक्ष प्रतिपदाका दिन नाला करूणामयको महास्नान हुन्छ । नाला करूणामयको महास्नानको दिन नेपालमण्डलका प्रमूख शहर कान्तिपुर, ललितपुर तथा भक्तपुरका भक्तजहरूको घूईंचो लाग्दछ । श्रृष्तिकान्त लोकेश्वरको नामले पनि नाला करूणामय प्रसिद्ध छ ।

नेपालमण्डलको अधिकांश महाविहारमा दीपंकर वुद्धको प्रतिमाहरू छन् । यो दीपंकर वुद्धको प्रतिमामा भित्र मान्छे वसी चत्रमण गर्न हुने गरी वनाइएको हुन्छ । भित्र मान्छे वसी दीपंकरवुद्धको प्रतिमालाई नगरभित्र चक्रमण गर्ने भएकोले उक्त प्रतिमालाई "चकं द्यो" अर्थात् चंक्रमण देवतापनि भनिन्छ । चैत्र कृष्णपक्ष प्रतिपदाका दिन कान्तिपुरको "थं वहिल" अर्थात् विक्रमशील महाविहारमा रहेको दीपंकर वुद्ध (चंक द्यो) लाई कान्तिपुरको नगर भित्र जात्रा गरिन्छ । यसरी विक्रमशील महाविहारको दीपंकर वुद्ध अर्थात् चकं द्योलाई छत्र ओढ्याई वाजागाजाका साथ ज्याथा, असन, इन्द्रचोक, वसन्तपुर, कुमारीघर, प्याफल, नरदेवी, त्यंग, वांगेमुढा, थँहिति हुन्दै गल्को पाखासम्म जात्रा गरी थंवहिमा नै ल्याई जात्राको विसर्जन हुन्छ । कान्तिपुरको वौद्ध जात्रा मध्ये चकं द्योको जात्रा पनि एक प्रसिद्ध जात्रा हुन् ।

### ७.१२.२ द्विदिवसिये दे आचार्य गुथि

चैत्र कृष्णपक्ष अप्टमीको दिन स्वयम्भूमा "दे आचा:गुथि" देश आचार्य गुथि मनाइन्छ । धेरै समय पहिले नेपालमण्डलका वज्राचार्यहरू सवै

स्वयम्भूमा भेला भई आचार्य गुथि मनाउथे ।[1] पछि विभिन्न कारणले गर्दा ललितपुर, भक्तपुरका वज्राचार्यहरू यहाँ सहभागी नभई आ-आफ्नै स्थानमा आचाः गुथि मनाएको देखिन्छ । यसरी कान्तिपुरका अठार महाविहारका वज्राचार्यहरू मात्र सहभागि भई स्वयम्भूमा आचाः गुथि मनाउने परम्परा आजसम्म निरन्तर छ ।

दे आचार्य गुथिको दिन कान्तिपुरका अठारवटा महाविहारका प्रव्रजित भइसकेका सम्पूर्ण वज्राचार्यहरू स्वयम्भूमा भेला हुन्छन् । यस दिन सर्वप्रथम स्वयम्भू महाचैत्यको पश्चिमाभिमुख अमिताभ तथागतलाई मूलरूपमा मानि कलश पूजा गरिन्छ । यस पूजामा नव प्रवेशी संघका सदस्यहरूले गुरुमण्डल पूजा गरि, अमिताभ तथागल, मूल चक्रेश्वर सहित नौजनालाई ग्वंयदा गर्खी दे आचाः गुथिमा प्रवेश गर्छन् । यहाँ कलश पूजा सकेपछि स्वयम्भू महाचैत्यको फेदमा रहेको “भूइख्यः” मा गणचक्र पूजा गरिन्छ । यसरी उक्त दिन देआचाः गुथि मनाइन्छ ।

चैत्र कृष्णपक्ष अष्टमीका दिन दे आचाः गुथिया छें थाय् अर्थात् देश आचार्य गुथिको घरमा पूजा गरी स्वयम्भू महाचैत्यमा नगई घरमा नै पूजा गरिन्छ । पूजालाई दे आचार्य गुथिको समापन पूजा भनेर मान्न सकिन्छ । उक्त दिनमा पनि कलश पूजा अर्थात् कलशार्चन पूजा गरिन्छ ।

### ७.१२.३ थिमि दे आचार्य गुथि

चैत्र कृष्ण पक्ष चर्तुदशी(पाँहा चऱ्हे) को दिन मध्यपुर (थिमि)का वज्राचार्यहरूले आचागु मनाइन्छ । मध्यपुरमा रहेका प्रव्रजित सम्पूर्ण वज्राचार्य यहाँ रहेका आचःगुथिका सदस्यहरू हुन् । यहाँ नव प्रवेशीहरूले दश नायकहरूलाई ग्वंयूदा राखी आचाःगुथिको सदस्यता प्राप्त गर्छन् । हाल आएर धेरै जसो मध्यपुरका वज्राचार्यहरूले आचार्य गुथि छोड्दै गएको देखिन्छ । त्यसो भएता पनि अद्यपिसम्म निरन्तररूपमा आचाःगुथि मनाइ रहेको छ । यहाँ आचाः गुथि मनाउन्दा कुनै देवस्थलमा नगई पालाको घरमा नै कलशपूजा, गुह्यपूजा गरी मनाइन्छ ।

### ७.१२.४ चौबाहा करुणामय न्हवं

चैत्र शुक्ल पक्ष प्रतिप्रदाको दिन नेपालमण्डलको चार करुणामय मध्ये एक चौवाहा करुणामयको महास्नान गरिन्छ । चोभारमा रहेका करुणामय भएकोले स्थानीय वोलिचालिमा उक्त करुणामयलाई आनन्दादीलोकेश्वरको नामवाट पनि उक्त करुणामय प्रसिद्ध छ ।

---

[1] मदनसेन वज्राचार्य, देआचार्य गुथि, परम्परा व आवश्यकता, (ये गजेन्द्रमान वज्राचार्य, ने स ११११), पृ ।

### ७.१२.५ ल्हुतिपून्हि

चैत्रशुक्लपक्ष पूर्णिमाका दिनलाई नेपालमण्डलमा ल्हुति पून्हि पनि भनिन्छ । नेपालभाषामा अहिलेको बालाजु स्थानलाई "ल्हुति" भनिन्छ । ल्हुति स्थान विशेषमा लाग्ने दिन भएको ले नै उक्त पूर्णिमालाई स्थानीय भाषामा ल्हुति पुन्हि भनिएको हो । स्वयम्भू पुराणमा विपश्वी तथागतले चैत्य पूर्णिमाको दिन जामाचो पर्वत (नागार्जुन डांडा) कमलको बीउ छर्नु भएको उल्लेख छ । यहि घटनाको आधारमा उक्त दिन जामाचो पर्वतमा ठूलो मेला लाग्दछ । जामाचो पर्वत जांदा त्यहां रहेको नागार्जुन गुफामा पनि दर्शन गर्ने परम्परा छ । उक्त दिन बाईस धारा मेलाको नामले पनि प्रसिद्ध छ ।

ल्हुति पून्हिको दिन भगवान बुद्धले धान्यकटक पर्वतमा वज्रपाणीलाई नामसंगीति सूत्रको देशना गर्नुभएको थियो । यसै देशनाको आधारमा चैत्र पूर्णिमाको दिनलाई २०६२ साल देखि नेपाल परम्परागत बौद्ध धर्म संघ नामक संस्थाले "नामसंगीति पर्व" मनाउने कार्यको थालनी गरिसकेको छ ।

## ७.१३ दशमी, चह्रे, औंशी, पून्हि पूजा वा आगं पूजा (आगम पूजा)

नेपालमण्डलको वज्रयानी विहारहरूमा प्रत्येक कृष्णपक्ष चतुर्दशी (चह्रे)को दिन विहारको आगममा चह्रे पूजा भनि गुह्य पूजा अर्थात् अभ्यन्तर पूजा गर्ने परम्परा रहेको छ । वर्तमान समयमा कान्तिपुर, भक्तपुर र मध्यपुरमा नियमित रूपमा चह्रे पूजा भइरहेको देखिन्दैन । ललितपुरको वज्रयानी विहारहरूमा भने नियमित रूपमा आगं पूजा भइरहेका छन् । तर सबै विहारमा आगं पूजा एकै दिन भएको देखिन्दैन । कुनै कुनै विहारमा कृष्णपक्ष चतुर्दशी (चह्रे)को दिन गरिन्छ भने कुनै विहारमा दशमी, औंशी वा पूर्णिमाको दिन गरिन्छ । ललितपुरको न्याःचुकको आगममा दश स्थविरहरूको उपस्थितीमा प्रत्येक कृष्णपक्ष चतुर्दशी दिन, हिरण्यवर्ण महाविहार (क्वाःबाहा)को आगममा दशपारमिता आजुहरूको उपस्थितिमा प्रत्येक औंशी र पूर्णिमाको दिन र यशोधर महाविहार (बु बाहा)मा प्रत्येक कृष्णपक्ष दशमीको दिन द्वादश पारमिताहरूको उपस्थितीमा गुह्यपूजा, गीतार्चन पूजा गरी आगं पूजा सम्पन्न गरिन्छ । नेपालमण्डलका वज्रयानी विहारहरूमा हुने आगं पूजा मासिक नियम अनुसार मान्ने पर्वहरू हुन् ।

●

# उपसंहार

अतीतका बुद्धहरूका आगमन भएको विश्वास गर्ने नेपालमण्डलमा स्वयम्भू ज्योतिलाई "आदिबुद्ध"को रूपमा परिचित गरई बौद्धधर्म भित्रका विभिन्न दार्शनिक अवधारणाहरू मध्ये आदिबुद्धका अवधारणालाई नेपालमण्डलको वज्रयानमा सर्वोत्कृष्ट मान्यता तथा स्थान दिएको छ ।

ऐतिहासिक महापुरुष शाक्यमुनि बुद्धकै जीवनकालमा बुद्धधर्मको जग बसेको नेपालमण्डलमा लिच्छविकालमा महासांघिक भिक्षुसंघ, महायान भिक्षु तथा भिक्षुणीसंघ र वज्रयानको पनि अस्तित्व रहेको थियो भने इशाको छैठौं शताब्दि देखि वज्रयान परंपराको व्यापकता अटुटरूपले निरन्तरता अद्यापि छ ।

नेपालमण्डल सम्बन्धि नेपालमण्डलको वज्रयानको आफ्नै परिकल्पना छ जुन उल्लेखनीय छ । नेपालमण्डलको वज्रयानको धार्मिक क्षेत्र तथा सिमानाको मानचित्र "नेपालमण्डल" हो । उक्त मानचित्र बमोजिम नेपालमण्डलका वज्रयानीहरू उक्त क्षेत्र तथा सिमानासम्म परम्परागत रूपमा अद्यापि धर्म अभ्यासका लागि गईराखेका छन् ।

मल्लकालमा वज्रयानको भौतिकपक्षमा चरमोत्कृष्ट विकाश भए भने दार्शनिक मूल्य र मान्यतामा फितलो आए । गृहस्थ भिक्षु एवं गृहस्थ आचार्य एक परम्परा मात्रै जीवित रहन सफल भएको नेपालमण्डलमा कालान्तरमा सांघिक कृयाकलाप गौण हुँदै गए भने, पारिवारिक धर्मगुरु (पुरोहित) परम्पराको पराकाष्ठासम्म विकाश भए । उक्त पारिवारिक धर्मगुरु परम्परा नेपालको वज्रयानी समाजको संस्कृतिको रूपमा स्थापित भै राखेको छ ।

वज्रयानमा "प्रवज्या" तथा "अभिषेक" एक प्रमूख विषय हो जुन नेपालमण्डलको वज्रयानी समाजमा अद्यापि प्रमूख विषय कै रूपमा जीवितै छ । उक्त प्रवज्या र अभिषेकको परम्परा एक संस्कृतिको रूपमा रूपान्तरित भई प्रमूख संस्कृतिको रूपमा स्थापित छ ।

नेपालमण्डलको वज्रयानी समाज गुरु र शिष्य (पुरोहित र जजमान) को एक संयुक्त संरचना हो । ती दुई वर्गहरू बौद्ध समाजका परिपूरकका रूपमा छन् ।

नेपालमण्डलको वज्रयानी समाजमा विहार देखि घर घरसम्म, दैनिक देखि लिएर वार्षिक, विभिन्न पर्व तथा अवसरमा बाह्य तथा गुह्य पूजा, पाठ,

व्रत दानादि कार्य हुन्छन् । ती सबै नेपालमण्डलको वज्रयानी समाजमा पचलित बौद्ध अभ्यासका स्वरूपहरू हुन् । कुनै कुनै वाह्य तथा गुह्य पूजामा अनिवार्य रूपमा केहि वाद्यवादन, गीत-संगीत, मुकुण्डो सहित वा मुकुण्डो विना नृत्य पनि हुन्छन् । पूजा तथा नृत्यमा पूजा विशेष तथा देवता विशेष मुकुण्डो वस्त्र, आभूषण तथा आयुध आदि पनि प्रयोग हुन्छन् । जीवनका हरेक स्वाभाविक परिवर्तनका चरणहरू बौद्ध दर्शनको आधारमा संपादन गर्ने दशकर्मादि पनि नेपालमण्डलका उल्लेखनीय संस्कृति हुन् ।

नेपालमण्डलमा विहार स्थापना तथा वास्तुकलाको विकाशमा वज्रयानको योगदान अद्वितीय छ । मैत्री, करुणा, मुदिता र उपेक्षामुखी देखि लिएर आनन्द, परमानन्द, वीरमानन्द र सहजानन्दमुखी, सौम्य देखि क्रोध, रौद्र भयानक, अद्भूतमुखी, दिव्यवस्त्र अलंकार देखि नग्न एवं युगनद्धमा रहेका वज्रयानका वाह्य तथा गुह्य आराध्यदेव-देवीहरूको मूर्ति र ती मूर्तिले सूशोभित विहार तथा मन्दिरहरू नेपालको सांस्कृतिक सम्पदाका रूपमा स्थापित छन् ।

उपरोक्त बौद्ध पूजा, पाठ व्रत, दानादि, गीत, संगीत, मुकुण्डो, वस्त्र, आभूषण, नृत्य, कला, वास्तुकला, जीवन पद्धति आदि नेपालमण्डलको वज्रयान संस्कृतिका विविध पक्षहरू हुन् ।

नेपालमण्डलको वज्रयान समाजले स्वधर्म संस्कृति मात्र होइन, समयसापेक्ष सिद्धान्त, चतुब्रह्मविहार अर्थात् मैत्री, करूणा, मुदिता र उपेक्षा सिद्धान्त, सर्वप्रकारं जगतो हिताय सिद्धान्त र सह–अस्तित्वको सिद्धान्त अनुसार केहि लोकधर्म तथा देशधर्मलाई पनि अंगिकार गर्दै आएका छन् ।

मानव सभ्यता र पर्यटकीय दृष्टिकोणले पनि महत्वपूर्ण नेपालमण्डलको वज्रयानी संस्कृति नेपाल राष्ट्र पहिचान [National Identity of Nepal] को एक प्रमुख विषय हो । त्यसर्थ उक्त संस्कृतिका मूर्त तथा अमूर्त पक्ष सबैलाई समयमै अभिलेखीकरण [Documentation] गर्नु उचित हुनेछ ।

बौद्धदर्शन तथा आचरण विपरित केहि विकृति, विसंगतिले युक्त नेपालमण्डलको वर्तमानको वज्रयानी संस्कृतिलाई परिशुद्ध गर्न सकेमा र समयसापेक्ष केहि परिवर्तन गर्न सकेमा वज्रयानको एकमात्र मूल परम्परा "नेपालमण्डलको वज्रयान संस्कृति" विश्वको एक प्रमूख सम्पदाको रूपमा चीरस्थायी रहिरहने छ ।

•

# सन्दर्भ ग्रन्थहरु


१. किमुरा, न्युकान - अ हिस्टोरीकल स्टडी अफ् दि टर्मस् हिनयान एण्ड महायान अण्ड दि ओरिजिन अफ् दि महायान बुद्धिज्म, पाटलिपुत्र : इण्डोलोजिकल बुक कर्पोरेशन , १९७८

२. चक्रवर्ति, चिन्ताहरण (सं)- श्रीगुह्यसमाजतन्त्रप्रदीपोद्योतनटिकापट्कोटिव्याख्या, पटना : काशी प्रसाद जायसवाल अनुशीलन संस्था १९८४

३. तिवारी, महेश - महावग्गो प्रथमो भागो, दिल्ली : बौद्ध विद्या विभाग, १९८२

४. द्विवेदी, वज्र वल्लभ - ठिनलेराम शाशनी (सं), बौद्धतन्त्रकोश भाग १, सारनाथ : दुर्लभ बोद्धग्रन्थ शोध योजना, केन्द्रीय उच्च तिब्बति शिक्षा संस्थान, १९९०

५. नेगी, ठाकुरसेन - वज्रयानी अनुत्तरयोग, सारनाथ : दुर्लभ बोद्धग्रन्थ शोध योजना, केन्द्रीय उच्च तिब्बति शिक्षा संस्थान, १९९९

६. नेपाल, ज्ञान मणि - नेपालको पूर्वमध्यकालको इतिहास, कीर्तिपुर : नेपाल र एशियालि अनुशन्धान केन्द्र, त्रि.वि.वि, २०५४

७. वज्राचार्य, अमोघवज्र (सं) - कलशार्चनादिहोमविधान, काठमाडौं : श्रीमती नंदकुमारी वज्राचार्य

८. ......... (सं) - गुरुमण्डलार्चनपुस्तकम्, कान्तिपुर : श्रीमति नन्दकुमारी वज्राचार्य, ने.सं. १०९४

९. वज्राचार्य, धनवज्र, मल्ल, कमलप्रकाश (सं)- गोपालराज वंशावली, काठमाडौं : नेपाल रिसर्च सेन्टर, १९८५

१०. वज्राचार्य, धनवज्र - लिच्छविकालका अभिलेख, काठमाडौं : नेपाल एशियाली अनुसन्धान केन्द्र, २०५३

११. वज्राचार्य, दिव्यवज्र (सं.) - चःतुस्तवः, काठमाडौं : अखिल नेपाल महायान बौद्ध समाज, २०४३

१२. ......... (सं.) - अद्वय परमार्थ नामसंगीति, काठमाडौं : भूषण प्रकाशन

१३. वज्राचार्य, नरेश मान (सं), वद्रीरत्नकृतभाष्योपतः नागार्जुनपादविरचितः धर्मसंग्रह : प्रथमो भागः, काठमाडौं : त्रिरत्न प्रकाशन, वि.स. २०६२

१४. वज्राचार्य, नरेश मान - समाधि संग्रह भा. १ महेन्द्र संस्कृति विश्व विद्यालयमा बुझाएको शोध ग्रन्थ (अप्रकाशित)

१५. वज्राचार्य, नरेश मान (सं)- पञ्चबुद्ध, काठमाडौं : तुल रत्न वज्राचार्य, पद्म केशरी वज्राचार्य, वि.सं. २०६०

१६. बज्राचार्य, नरेश मान (स) - बद्रीरत्नकृतः चर्यागीतिविशुद्धिसंग्रहः, काठमाडौं : प्रेम कुमारी बज्राचार्य, ने सं ११२३

१७. बज्राचार्य, नरेश मान - बुद्धिज्म इन नेपाल, दिल्ली : इष्टर्न बुक डिष्ट्रिब्युटर्स, १९९८

१८. बज्राचार्य, भद्ररत्न (सं) - धनवज्र वज्राचार्यको ऐतिहासिक लेखसंग्रह भाग १, नेपाल : ललित रिसर्च सेन्टर, २०५६

१९. वज्राचार्य, मदनसेन - देआचार्य गुथि, परम्परा व आवश्यकता, ये : राजेन्द्रमान वज्राचार्य, ने. सं. १११९

२०. वज्राचार्य, वद्री रत्न - अमोघपाश लोकेश्वर त्रिसमाधि, काठमाडौं : कुलरत्न वज्राचार्य, २०५०

२१. वज्राचार्य, वद्री रत्न - स्वयम्भु पुराण, यें : सानुमाया तुलाधर, नेसं. ११०३

२२. वज्राचार्य, वद्री रत्न (सं) - प्रसिद्ध वज्राचार्यपिनिगु संक्षिप्त परिचय, काठमाडौं: हिरा शोभा तुलाधर, नेंसं. ११०९

२३. वनारसीलाल (सं) - आर्यमञ्जुश्रीनामसंगीतिः, सारनाथ : दुर्लभ वोद्धग्रन्थ शोध योजना, केन्द्रीय उच्च तिव्वति शिक्षा संस्थान, १९९०

२४. वैद्य, पि.एल. (सं.) - महायानसूत्रसंग्रहः प्रथम खण्ड, दरभंगा : मिथिला विद्यापीठ, १९६१

२५. वैद्य, पि.एल (सं.) - दशभूमिक सूत्रम्, दरभंगाः मिथिला विद्यापीठ, १९६७

२६. वैद्य, पि.एल (सं.) - अवदान-शतकम्, दरभंगा : मिथिला विद्यापिठ, १९५८

२७. वैद्य, पि.एल (सं.) महायान सूत्र संग्रह -२ : मिथिला विद्यापिठ, १९६४

२८. भण्डारी, प्रकाश (अनु) - धर्म स्वामिको जीवनी, काठमाडौं लुम्बिनी फाउन्डेशन, २००४

२९. भट्टाचार्य, वेनायतोश (सं) - अद्वयवज्रसंग्रह, वरोडा : ओरियन्टल इन्स्टिच्यूट, १९२७

३०. भट्टाचार्य, वेनायतोश - एन इन्ट्रोडक्सन टु वुद्धिष्ट एसोटेरिज्म, दिल्लीःमोतिलाल वनारसीदास, १९८०

३१. भट्टाचार्य, वेनायतोश (सं) - निष्पन्नयोगावली, वरोदा : ओरिन्टल इन्स्टिच्यूट, इ.सं १९७२

३२. ग्पिांछे, समदोंग, द्विवेदी, वज्रवल्लभ (सं.) - महामायातन्त्रम्, वाराणसी : दुर्लभ बौद्ध ग्रन्थ शोध योजना, केन्द्रीय उच्च तिव्यति शिक्षा संस्थानम् , १९९२

३३. रग्मी, डिल्ली रमण - मेडियभल नेपाल भाग ३, कलकत्ताः फिर्मा के. एल. मुखोपाध्याय, १९९६)

३४. वाङ्देल, लैनसिंह - इन्भेन्टोरी अफ स्टोन स्कल्पचर अफ द काठमाडौं भ्यालि, काठमाडौं : रोयल नेपाल एकेडेमी, १९९५

३५. वाङ्देल, लैनसिंह - स्टोलन इमेजेज अफ नेपाल, काठमाडौं : रोयल नेपाल एकेडेमी, १९८९

३६. स्नेलग्रोभ, डि.एल. - दी हेवज्रतन्त्र, लण्डन : अक्सफोर्ड युनिभर्सिटि प्रेस , १९८०

३७. सत्य हो - स्वयम्भु, काठमाडौं : अ सत्य हो बुक पब्लिकेशन, १९८५

३८. सांकृत्यायन, राहुल - पुरातत्व निबन्धावली, इलाहावाद : किताब महल, १९५८

३९. शाशनी, ठिनलेराम (सं) - बौद्धतन्त्रकोश भाग २, सारनाथ : दुर्लभ बौद्धग्रन्थ शोध योजना, केन्द्रीय उच्च तिब्बति शिक्षा संस्थान, १९९७

४०. शास्त्री, द्वारिकादास (सं) - श्रीगुह्यसमाजतन्त्रम्, वाराणसी : बौद्ध भारती, १९८४

४१. शाक्य, मीन बहादुर, वज्राचार्य, शान्तहर्ष (अनु.) - स्वयम्भु पुराण, ललितपुर: नागार्जुन बौद्ध अध्ययन संस्थान, नेसं. ११२१

४२. शाक्य, सुरेशज्योति - ख्वपदेया वाहावहीया जात:, ख्वप : कुन: पिकाक, ने.स. ११२०

४३. शाक्य, हेमराज - स्वयम्भु महाचैत्य, स्वयम्भू : स्वयम्भू विकाश मण्डल, ने.स. १०९८

४४. त्रिपाठी, रामशंकर ठाकुरसेन नेगी (सं) - हेवज्रतन्त्रम् , सारनाथ दुर्लभ बौद्धग्रन्थ शोध योजना ,केन्द्रीय उच्च तिब्बति शिक्षा संस्थान, २००१

४५. सेकोद्देशटीका

४६. .........., तत्वज्ञानसंसिद्धी : महासुख प्रकाशिका (टीकासहित), (काठमाडौं धर्मोदय सभा, वि.सं. २०१३)

४७. .........., नेपालमण्डलया बौद्ध संस्कृति सम्मेलन-१११९, छगू प्रतिवेदन, ललितपुर : लोटस रिसर्च सेन्टर, २०५६।

### पत्रिका

४८ प्रधान, भूवनलाल - भिन्छेबाहा:या इतिहास : जिगु मिखाय् मयूरवर्ण महाविहार ज्ञानमाला संघ स्वर्ण जयन्ती विशेषाङ्क, ललितपुर : मयूरवर्ण महाविहार ज्ञानमाला संघ, २०५५

४९. शर्मा, योगेश राज - भक्तपुरको हालसम्म अप्रकाशित सर्वप्राचीन बौद्ध अभिलेख, पाशुका, वर्ष २, अंक ११

५०. वज्राचार्य, दिव्यवज्र - मन्त्रयान, विश्वशान्ति, वर्ष २, अंक २ ललितपुर : विश्व शान्ति पुस्तकालय, बु.सं. २५३६

### पाण्डुलिपि

५१. महावैरोचन सूत्र

५२. मञ्जुश्रीमूल कल्प

५३. कारण्डव्यूह

५४. संवरोदयतन्त्र

५५. मजिफम निकाय

५६. सुमेरूवर्णन

५७. सम्वरोदयतन्त्र

५८. करवीर तन्त्रम्

५९. रत्नमण्डलपूजा

**त्रिरत्न प्रकाशनबाट प्रकाशित ग्रन्थहरु:**

१. वज्राचार्य, नरेश मान, वज्रीरत्नभाष्योपेत: नागार्जुनपादविरचित: धर्मसंग्रह, (प्रथमोभाग). वि.सं. २०६२

२. वज्राचार्य, नरेश मान, होम-निर्देश, वि.सं. २०६३

३. वज्राचार्य, नरेश मान, श्रीहेरुकत्रिसमाधि, वि.सं. २०६३